
ISSN 2091-2013

हाम्रो पुरुषार्थ

(त्रैमासिक)



किरण पुस्तकालय तम्घास, गुल्मी
स्थापित:- २०२५

किरण पुस्तकालय
तम्घास, गुल्मी



लुम्बिनी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिञ्चाइ मन्त्री एवं किरण पुस्तकालयका संरक्षक सदस्य डिल्लीराज भुसाललाई २०८३ असार ६ गते पुस्तकालयमा सम्मान ।



किरण पुस्तकालय, गुल्मीमा मिति २०८३/०२/१९ देखि २०८३/०२/२२ सम्म सञ्चालित ५ दिने आधारभूत पुस्तकालय व्यवस्थापन तालिमका सहभागीहरू ।



२१३औँ भानुजयन्तीको अवसरमा मिति २०८३/०३/२९का दिन सम्पन्न कविता वाचन कार्यक्रमका सहभागीहरू

हाम्रो पुरुषार्थ
(त्रैमासिक)


वर्ष : ५३ अङ्क : ४ सम्पूर्णाङ्क : १११ साउन-असोज : २०८३

सम्पादक
शशि पन्थी
सह-सम्पादक
दीन पन्थी
सहायक-सम्पादक
भुवनप्रसाद अर्याल
सहयोगी मण्डल
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
लेआउट
भवीन्द्र पन्थी

मुद्रण
सहारा प्रिन्ट कनेक्सन, काठमाडौं - ९८५१०७४१३३
प्रकाशक
किरण पुस्तकालय तम्घास, गुल्मी
स्थापित:- २०२५
किरण पुस्तकालय
तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६९२९७७८७
सम्पर्क फोन नं. : ०७९-५२०२६०,
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com
मूल्य रु. २००/-

आवरण : गुल्मी जिल्लाको सदरमुकाम तम्घास, लक्ष्मीपुर चिदीचौरवरपरको क्षेत्र ।

हाम्रो पुरुषार्थ(त्रैमासिक)



काठमाडौं प्रतिनिधि

डा. दुर्गाप्रसाद अर्याल
फोन नं. ०१-४८२०५९७
डा. लक्ष्मीकान्त पन्थी
फोन नं. ९८४९१४८३८५
गोविन्दप्रसाद पोखरेल
फोन नं. ९८४१८४९६६६
भानुभक्त मरासिनी
फोन नं. ९८४१७१३३३६
डा. कृष्ण भण्डारी 'मुमुक्षु'
फोन नं. ९८५६०३२४७७

पाल्पा प्रतिनिधि

कमल खत्री
फोन नं. ९८४७३०८९०८

रूपन्देही प्रतिनिधि

गोपाल पन्थी
फोन नं. ९८५७०३३३३८
रुरु शर्मा
फोन नं. ९८४७०९३०११
कविता पन्थी
फोन नं. ९८४७०३३९२४
माधव गौतम
फोन नं. ९८५१०१३२८१

चितवन प्रतिनिधि

पूर्णप्रसाद अधिकारी
फोन नं. ९८५५०६१८६३

दाङ प्रतिनिधि

प्रा.डा. अर्जुनप्रसाद भट्टराई
फोन नं. ९८६८६३०४६१

पोखरा प्रतिनिधि

शङ्कर झवाली
फोन नं. ९८५६०३१४४४

विदेश प्रतिनिधि

महेश आचार्य
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. +१७०२-४२८-५५४०

डा. गोपालप्रसाद शर्मा
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

महेन्द्रकुमार लम्साल
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

शंकरप्रसाद शास्त्री
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

विष्णु शर्मा
पी. डब्लू. डी. कोलोनी
डिफू,कर्बी, एङ्लो, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

हार्दिक श्रद्धाञ्जलि

❑ वेदले भन्छ - हामी पृथिवीका छोरा हौं । पृथिवी हाम्री आमा हुन् । बादल हाम्रा बा हुन् । यिनै बा-आमाले हाम्रो रक्षा गरून्, पालनपोषण गरून् । छोटा र साना अभिप्राय छैनन् यिनमा । मान्छे जति उफ्रे पनि बा-आमाभन्दा अग्ला छैनन्, प्रकृतिभन्दा ठूला छैनन् । बा-आमालाई जिस्काउने काम नगरौं ।

❑ वेदले भन्छ - जल, थल, नभ सर्वत्र शान्ति होस् । खेतीपाती र वनस्पतिमा शान्ति होस् । दूषित नहून् पृथिवी । दूषित नहून् वायु र जल पनि । दूषित न होस् आकाश । दूषित नहून् मान्छेका गिदीहरू पनि । तब बन्नेछ पृथिवी स्वर्गझैं । अर्थात् स्वर्ग झर्नेछ यतै-कतै ।

❑ वेदले भन्छ-सँगसँगै हिडौं । सँगसँगै खाऊँ । सँगसगै काम गरौं । सबै तेजस्वी बनौं । एकले अर्कोप्रति द्वेष नगरौं । साना सन्देश छैनन् यिनमा । विभेद होइन समतातिर लाग्ने सन्देश हुन् यी । वेद पढेर मात्र हुँदैन । वेदका अर्थ बुझ्नुपर्छ, विचार बुझ्नुपर्छ । विचार बुझेर मात्र हुँदैन । विचारलाई आचारमा अनुवाद गर्नुपर्छ ।

❑ हामीले पृथिवीलाई दूषित बनायौं । हामीले आकाश, वायु र जललाई दूषित बनायौं । विकास भनेर दूषित ग्यासहरू बढायौं र पृथिवी, जल र वायुलाई तताय़ौं । पाषाण युगमा पनि मान्छे बसेको पृथिवीलाई अब मान्छे बस्न नसक्ने बनाउँदै छौं । हिमालहरू पग्लदै छन् । टापुहरू डुब्दैछन् समुद्रमा । विकासको विष पिउन विवश छन् निर्दोष मान्छेहरू ।

❑ हिजो मात्र हिमाल पग्लेर बग्यो । भोटे कोशीमा बाढी उर्लेर आयो । भोटे कोशीको बाढीमा जलसमाधिमा विलीन भए हाम्रा बन्धुबान्धवहरू । हेर्दाहेर्दै माटामा विलीन भए हाम्रा आवास र सम्पत्तिहरू । शोकमा डुब्यौं हामी । पृथिवी दूषित पारे अरू कसैले । विपत्ति हामीले भोग्यौं । अब यस्तो विपत्ति नपरोस् भविष्यमा । हामीले त के गर्न सक्छौं र अरू ! विपत्तिमा दिवंगत आत्माहरूप्रति हार्दिक श्रद्धाञ्जलि ।

ooo

कुटुरो फुकाउँदा

कति ? के ? कसको ? कहाँ ?

अन्तर्वार्ता		
१. साहित्य मेरो लागि दुःख बिसाउने . . .	नीलम कार्की 'निहारिका'	१
२. गुल्मीदेखि वृन्दावनसम्म धेरै . . .	दामोदरशरण उपाध्याय	१४१
लेख/आलेख/निबन्ध/समीक्षा/टिप्पणी/संस्मरण/व्यक्तिवृत्त		
१. हाम्रो पुरुषार्थ : तिम्रो पुरुषार्थ	प्रा. डा. नारायणप्रसाद खनाल	२१
२. यात्रा, अन्वेषण र विचारको शब्दचित्र. . .	गोपी मैनाली	२६
३. विचारविश्लेषणको तिख्खर स्वाद . . .	कपिल अज्ञात	४५
४. 'कालध्वनि' मुक्तकसङ्ग्रहको समीक्षा	चरित्रा शाह	५०
५. रेसुङ्गाको वर्णन र महत्त्वको खोजी	गोपालप्रसाद वश्याल	६९
६. अंग्रेजी भाषामा नेपाली शब्दको . . .	राजेन्द्र पन्थी	७५
७. फराकिलो हुँदै महिलालेखन	प्रभा बराल	८५
८. 'निलो गुलाफ' अप्राप्य प्रेमकथा	मदन काफ्ले यायावर	९४
९. अस्ट्रेलिया यात्राका केही अनुभूतिहरू	डा. ईश्वरीराज लौडारी	९९
१०. लोकसेवा आयोगको जन्म-एक संस्मरण.	डा. लक्ष्मीकान्त पन्थी	११२
११. रेसुङ्गा र ऍंसेलु	रमेशमोहन अधिकारी	१२३
१२. बुकाचोगढीमा राष्ट्रनिर्माता	विनोद नेपाल	१३२
१३. रित्तिएको आँगन र नफर्किने पाइला	राम झवाली	१३८
कथा/लघुकथा		
१. भिखारी	मित्र 'उराठी' गौतम	६७
२. सपना	दशराज शाक्य	८२

कति ? के ? कसको ? कहाँ ?

गीत/कविता/गजल/मुक्तक		
१. जुटौं है सहकार्यमा	रुद्र झवाली	३४
२. शिवमहिम्न : स्तोत्रको नेपाली भावानुवाद	कृष्णप्रसाद कोइराला	३६
२. हे मेरो ईश्वर !	जनार्दन खनाल	९७
३. जेब्राक्रस	सरू सुधा	११९
४. महासागरको तटमा उभिएर	हरि पथिक	१२१
६. चोटहरू	हरि भट्टराई	१३६
स्थायी स्तम्भहरू		
१. सम्पादकीय	सम्पादक	iii
२. भेटघाट	राम झवाली	१
३. अनुभव/अनुभूति	शशि पन्थी	१४१
४. पुस्तकालय परिचय	कृष्णप्रसाद दाहाल	१४६
५. किरण पुस्तकालयको पातो	सचिव	१५१
६. नौलो सृष्टि : सानो दृष्टि	दीन पन्थी/अकिञ्चन	१५२
७. यताउताबाट	खबर सिटी, फित्कौली	१६१
८. ५० वर्ष पहिलेको समचार	निष्पक्षध्वनि राष्ट्रिय साप्ताहिक	१६४
८. पाठक-प्रतिक्रिया	चूडामणि पन्थी/लक्ष्मी पन्थी अर्याल	१६६
९. किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको नामावली		१६९
१०. हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली		१७०

सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं ,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

भेटघाट - १२२

साहित्य मेरो लागि दुःख बिसाउने आमाको काख जस्तो भएको छ



✍ **नीलम कार्की 'निहारिका'**

(डा. नीलम कार्की 'निहारिका' (जन्म : ९ अप्रिल १९७५) नेपाली साहित्यकी वरिष्ठ उपन्यासकार, कवयित्री तथा कथाकार हुनुहुन्छ । उहाँ मदन पुरस्कार प्राप्त गर्ने चौथी महिला साहित्यकार हुनुहुन्छ । उहाँको लेखन मुख्य रूपमा नारीवादी दृष्टिकोण, पुरुषप्रधान समाज, जाति, वर्ग, गरिबी, भ्रष्टाचार र ऐतिहासिक विषयवस्तुमा केन्द्रित रहन्छ । उहाँले इतिहासका मौन आवाजहरूलाई आख्यानको माध्यमबाट उजागर गर्ने प्रयास गर्नुहुन्छ ।

नीलम कार्की निहारिका पाल्पाको गोठादी (झडेवा) मा जन्मिनुभएको हो । उहाँले त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए, स्वास्थ्य शिक्षामा एम. एड. र बी. एड. पूरा गर्नुभएको छ भने नेपाल संस्कृत विश्वविद्यालयबाट 'सर्वार्थ योगवाणीमा वैदिक दर्शनको प्रभाव' विषयमा विद्यावारिधिको उपाधि प्राप्त गर्नुभएको छ । उहाँ नर्सिङमा पनि योग्य हुनुहुन्छ । उहाँले केही समय नर्सिङ पेशा गरे पनि पछि पूर्णकालीन लेखनमा समर्पित हुनुभयो । उहाँ लामो समय अमेरिकामा बसोबास गर्नुभएको छ र हाल पनि त्यहाँको नेपाली साहित्यिक गतिविधिसँग जोडिनुहुन्छ । उहाँको साहित्यिक यात्रा १९९० को दशकबाट सुरू भएको हो । बाल्यकालमा ६ कक्षामा पढ्दा 'किसान' पत्रिकामा पहिलो कविता प्रकाशित भएको थियो । उहाँको पहिलो उपन्यास "मौन जीवन" सन् १९९४ मा प्रकाशित भयो । त्यतिबेला तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईबाट उक्त कृति लोकार्पण भएको थियो ।

उहाँका प्रकाशित कृतिहरूमा- उपन्यास : मौन जीवन (१९९४), नियतिको खेल (१९९७), अर्की आइमाई (२०१४), चीरहरण (२०१६), योगमाया (२०१८), द्रौपदी अवशेष (२०२१), राजमाता (२०२६) आदि , कथा संग्रह : बेली, हवन, कागजमा दस्तखत, ४३ कथा आदि , कविता : मस्तिष्क ज्वरो (लामो कविता), नीलम कार्की निहारिकाका कविता आदि रहेका छन् ।

उहाँका कृतिहरूमा चीरहरणले पद्मश्री साहित्य पुरस्कार (२०१६) पायो भने 'योगमाया' ले मदन पुरस्कार (२०७४/२०१८) जित्यो । योगमाया उपन्यास भोजपुरकी क्रान्तिकारी महिला योगमाया न्यौपाने (१८६०-१९४१) को जीवनमा आधारित ऐतिहासिक आख्यान हो, जसले राणा शासनविरूद्धको संघर्ष र महिला अधिकारलाई उजागर गर्छ । यो कृति नेपाली साहित्यमा योगमायालाई मुख्य धारामा ल्याउन महत्त्वपूर्ण मानिन्छ । उहाँले प्राप्त गर्नुभएका पुरस्कार र सम्मानहरूमा मदन पुरस्कार – योगमाया (२०१८), पद्मश्री साहित्य पुरस्कार – चीरहरण (२०१६), योगमाया राष्ट्रिय पुरस्कार (२०२५) र अन्य थुप्रै साहित्यिक सम्मानहरू रहेका छन् ।

*नीलम कार्की निहारिका इतिहासको पुनर्लेखनमा विशेष रुचि राख्नुहुन्छ । उहाँका कृतिहरूमा नारी चरित्रहरूको सशक्त चित्रण, सामाजिक प्रश्न र गहन अनुसन्धान देखिन्छ । उहाँको लोकप्रियता नेपालभित्र मात्र नभई विदेशमा पनि नेपाली समुदायमा व्यापक छ । उहाँले रेडियो नेपालमा पनि काम गर्नुभएको थियो र हाल पनि विभिन्न मिडियामा सक्रिय रहनुभएको छ । प्रस्तुत छ समकालीन नेपाली आख्यानकी तेजस्वी हस्ताक्षर डा. नीलम कार्की 'निहारिका' सँग **हाम्रो पुरुषार्थ**का लागि पाल्पाका साहित्यकार राम ज्ञवालीले गर्नुभएका कुराकानीका अंशहरू - **सम्पादक**)'*

१. पाल्पाको ग्रामीण परिवेशमा हुर्कनुभएकी तपाईंको पहिलो कविता 'किसान' पत्रिकामा प्रकाशित हुँदाको त्यो क्षणले तपाईंको लेखन यात्राको जग कसरी निर्माण गऱ्यो ?

विद्यार्थीको भविष्य निर्माणमा विद्यालय अर्थात् गुरुहरूको महत्त्वपूर्ण योगदान रहने कुरा सर्वविदितै छ । म पाल्पाको झडेवामा भन्ने गाउँमा हुर्किएको हुँ । त्यही स्थानको किसान माध्यमिक विद्यालयबाट आठ कक्षा

सम्मको शिक्षा आर्जन गरेकी हुँ । सोही विद्यालयमा मेरो आमाले अध्यापन गर्नुहुन्थ्यो । त्यस समय मेरो आमा उक्त विद्यालयमा एकमात्र महिला शिक्षिका हुनुहुन्थ्यो ।

किसान मा. वि. मा विभिन्न अतिरिक्त क्रियाकलापहरू हुन्थे । रजत-जयन्तीको अवसरमा विद्यालयले मुखपत्र प्रकाशित गर्ने भएको थियो र त्यसको लागि कविता प्रतियोगिता आयोजना गर्न कविता आह्वान गरिएको थियो । उक्त प्रतियोगिताको सबैभन्दा ठूलो आकर्षण भनेको पुरस्कृत भएका प्रथम, द्वितीय र तृतीय कवितालाई मुख-पत्रमा छापिने कुरा सूचनामा थियो । तत् समयमा गाउँको विद्यालयले पत्रिका प्रकाशित गर्नु भनेको पक्कै पनि निकै ठूलो कुरा थियो ।

विजयी भएमा आफ्नो रचना छापिन पाउने आकर्षणले पनि मलाई भाग लिन उत्सुक बनायो । कविता लेख्न लगायो । त्यसमा मैले भाग लिएँ र छापिने अवसर पनि पाएँ । यो कुरा म कक्षा ६ मा अध्ययन गर्दै गर्दाको हो । त्यसको अलावा ममा साहित्यको बीजारोपण आमाले सुत्ने बेला सुनाउने कथाहरूबाट भएको हो । आमाले अधिकांश रातमा हामीलाई कथा सुनाउनुहुन्थ्यो ।

२. सन् १९९४ मा प्रकाशित पहिलो उपन्यास "मौन जीवन" लेख्नुको पछाडि के प्रेरणा र व्यक्तिगत अनुभव थियो ?

मेरो एउटा बानी थियो । आमाले रातिमा जुन कथा सुनाउनुहुन्थ्यो ती महाभारत, रामायण यस्तै ग्रन्थहरूबाट लिइएको हुन्थ्यो । केही नीतिशास्त्र चाणक्यबाट पनि सुनाउनुहुन्थ्यो । ती सुनेका कथालाई मैले विद्यालय जाँदै गर्दा यहाँ फर्किँदा र खाजाको समय या खाली समयमा साथीहरूलाई सुनाउथेँ । म ग्रामीण परिवेशमा हुर्केकी हुँ । तर त्यस स्थानमा मेरो आमा अध्यापनको लागि बस्नुभएको हुँदा हामीसँग खेती किसानीसम्बन्धी कुनै पनि काम थिएन । एक हिसाबले पढ्ने लेख्नेबाहेक अरू समय फुर्सद्को थियो । तर मेरा बाल्यकालका साथीहरू भने सबैको घरखेत बारी थियो । गोठभरि बस्तु थिए । त्यस कारण किसान सम्बन्धित काम पनि उनीहरूले गर्नुपर्नेहुन्थ्यो ।

म साथीहरूसँग साथसाथै खरबारी जान्थेँ । अथवा उनीहरूले घाँसदाउरा गर्ने ठाउँमा जान्थेँ । उनीहरूले घाँस काटिरहँदा म कथा सुनाइरहेकी हुन्थेँ ।

साथीहरूलाई कथा सुनाउनको लागि पनि कल्पना गरेर पात्र सिर्जना गर्ने ,मस्तिष्कमा कथा कोर्ने बानी हुन गयो । मैले कहिले आमाले भनेको कथालाई तत्कालै जति पनि लम्बाएर सुनाउन सक्थेँ या आफ्नै पनि नयाँ बनाउन सक्थेँ ।

मनोरञ्जनको अहिले जस्तो सिनेमा हेर्न गाउँमा सम्भव थिएन । एकाध पटक विभिन्न परियोजनाले जेनेरेटर चलाएर गाउँमा भूक्षय डकुमेन्ट्री देखाएको मलाई सम्झना छ । होइन भने कहिले सिनेमा नहेरेका साथीहरूलाई मैले त्यसरी दृश्य दिएर वर्णन गर्नु भनेको उनीहरूको लागि पनि ठूलो कौतुहलको विषय थियो । त्यसैले उनीहरू मेरो उपस्थिति रुचाउथेँ । म बाट कथा श्रवण गर्न चाहन्थे । उनीहरूको त्यस रुचिले पनि मलाई पात्र विकास र कथा निर्माणमा सहयोग पुग्यो ।

अर्को कुरा, साहित्य लेख्न फरक हृदय बोकेर मानिस जन्मेको हुँदो रहेछ जस्तो लाग्छ । त्यसैले त अरूले एकपटक हेरेर बिर्सिदिने घटनालाई सर्जकले भने वर्षौंसम्म मन मस्तिष्कमा बोकेर हिँडेको हुन्छ । मैले पनि त्यही हृदयको कारण प्रमाणपत्र पढिरहेको अवस्थामा उपन्यास लेखेँ । वास्तवमा भन्ने हो भने त्यस समय मेरो नर्सिंग क्याम्पस अध्ययनको समय थियो । अस्पतालमा विभिन्न स्थानबाट आएका गरिब र निर्बल दीर्घरोगीहरूसँग साक्षात्कार हुन्थ्यो । अर्थात् उनीहरूको दुःखको त्यो पहाड मेरो आँखा सामुन्ने हुन्थ्यो । म हुनुसम्मको विचलित हुन्थेँ । त्यस्तो अवस्थामा मैले आफू पोखिने माध्यम साहित्यलाई बनाएँ । १७ वर्षको उमेरमा प्रथम उपन्यास लेखेकी थिएँ ।

३. यहाँकी आमा गाउँको एक शिक्षिका हुनुहुन्थ्यो, जसले तपाईँलाई पनि सुरूमा शिक्षक बन्ने प्रेरणा दियो । पछि नर्सिङ पेशा रोज्नुभयो । पेशा र

सृजनाका बीचको त्यो संक्रमणकालीन अवस्था कस्तो थियो ?

हो मेरो आमा विद्यालयमा एकमात्र महिला शिक्षिका हुनुहुन्थ्यो । अलि पछि एक दुई जना अस्थायी रूपमा आउनुभएको थियो । गाउँमा मेरो आमाको उमेरको कोही पनि महिलालाई मैले शिक्षित देखेकी थिइनँ । आमालाई अन्य गुरुहरूदेखि विद्यार्थी, अभिभावक र गाउँले नै मिना दिदी भनेर सम्बोधन आदर गर्नुहुन्थ्यो । सानोमा त अझै यस्तो लाग्थ्यो मेरो आमा मात्रै शिक्षित महिला हो यो दुनियाँमा । निकै गर्व अनुभूति हुन्थ्यो । गाउँमा हुलाक कार्यालय थियो । टाढाटाढा गाउँका चिठी सदरमुकाम तानसेन हुँदै त्यहीँ आउँथे । माध्यमिक विद्यालय पनि धेरै गाउँलाई समेट्ने गरी किसान मा. वि. नै भएकोले टाढाका विद्यार्थीहरू पढ्न आउनेगर्थे । आआफ्नो गाउँका चिठी विद्यार्थीले लगिदिन्थे । विशेष गरेर भारततिर र ब्रिटिसतिर आर्मीमा काममा गएका मानिसले पठाएको पत्र आमाबाट वाचन गरी माग्न कोही त दुई तीन घण्टाको बाटो हिँडेर आउनुहुन्थ्यो । आफ्नै गाउँमा विद्यार्थीले पत्रवाचन गर्न सक्ने भए पनि आमाजस्तो परिपक्व कोही नभएकाले हुनुपर्छ या गोपनीयताको लागि हुनुपर्छ त्यसरी वाचन गराउन र उत्तर लेखाउन उहाँहरू आउने गरेको ।

त्यसरी आउनेहरू कोही त भित्र कोठामा आफ्ना छोरालाई या श्रीमान्लाई मेरो आमाबाट चिठी लेखाउँदा लेखाउँदै भित्र रोइरहेको बाहिरबाट सुनिन्थ्यो । अनि लाग्थ्यो म पनि एकदिन आमाजस्तै गुरुआमा हुन्छु । पछि म बिरामी भएर पाल्पाको मिसन अस्पतालमा पुगेकी थिएँ । आमाको हात भाँचिएर अर्को पटक फेरि त्यहा गएँ । त्यहाँ नर्सले गरेको निःस्वार्थ सेवा देखेँ । त्यसपछि म नर्स बन्छु भन्ने निर्णयमा पुगेँ ।

४. तपाईँले एक अन्तर्वार्तामा 'नर्सिङ पेशाले मलाई मानवीय संघर्ष बुझ्ने समानुभूति प्रदान गऱ्यो' भन्नुभएको छ । अस्पतालका वार्डहरूमा देखिने मृत्यु र पीडा कसरी तपाईँका उपन्यासका अक्षरहरूमा रूपान्तरित भए ?

त्यो कलिलो समयमा मैले दुःख के हो ? भोकको पीडा के हो बुझ्नेकै रहेनछु । मेरो पहाड जहाँ म हुर्किएँ त्यहा श्रम गरेपछि दुई छाक खान

नपाएको भोक देखेकी थिइनँ । मैले जब म नर्सिङ पढ्न गएँ मैले मानिसका भोक, दुःख देखेँ । गरिबीको पराकास्टा देखेँ । शरीर छोप्न नपुगेको अति चिथ्रा लुगा पनि देखेँ । समयमै अस्पताल आउन नसकेकोले जीवन मृत्युमा परिणत भएको पनि देखेँ । त्यसले मेरो किशोर मनलाई दुखाउँथ्यो अनि लेख्थेँ ।

५ रेडियो नेपाल र नेपाल टेलिभिजनमा काम गर्दाको सञ्चार-क्षेत्रको अनुभवले तपाईँको आख्यानको भाषा र शैली निर्माणमा कसरी सहयोग पुऱ्यायो ?

मैले सञ्चारमा काम गर्दा धेरै सिक्ने अवसर प्राप्त गरेँ । रेडियो नेपालको 'साहित्य-संसार' मा आबद्ध थिएँ । रचनाहरू बन्द खाममा जिल्ला जिल्लाबाट आइपुगेका हुन्थे । मुख्य सञ्चालक यज्ञनिधिले चिठी खोलेर प्रसारण गर्न लायक र प्रसारण गर्न नसकिने रचनालाई छुट्टाउनुहुन्थ्यो । मैले दुवैलाई पढ्थेँ । अझ बढी प्रसारण गर्न नसकिने अर्थात् नराम्रो भनिएको रचनालाई पहिला पढ्थेँ अनि राम्रो भनेकोलाई । दुवै पढेर तुलनात्मक रूपमा हेर्थेँ । रेडियो नेपालमा काम गर्दाखेरि नै मैले केही साहित्यकारहरूसँग चिनजानको अवसरमा उहाँहरूबाट पनि सिक्ने मौका प्राप्त गरेँ ।

६. 'मौन जीवन' देखि 'द्रौपदी अवशेष' सम्म आइपुग्दा, एक लेखकका रूपमा तपाईँले आफ्नो वैचारिक र शिल्पगत विकासलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

मैले मौन जीवन १७ वर्षको उमेरमा लेखेकी हुँ । त्यतिबेला मसँग पुस्तकको अध्ययन पनि र समाजका आयामका अध्ययन पनि स्वभावतः कम नै थियो । त्यसैले गर्दा म त्यसलाई मेरो परिपक्व लेखन मान्दिनँ । मैले भन्ने पनि गरेकी छु मेरा अनुजहरूलाई- प्रकाशनको लागि हतार नगर्नू । अध्ययन पनि लेखनकै एक पाटो हो । पहिला अध्ययन गर्नू । फेरि यति भन्दाभन्दै मलाई के लाग्छ भने मैले मौन जीवनबाट मेरो साहित्यको गोरेटो नकोरेको भए म यसरी निरन्तर साहित्य यात्रामा हुँदैन थिएँ कि ? समग्रमा भन्नुपर्दा वैचारिक शिल्पगत विकासलाई म

अपरिहार्य सम्झन्छु ।

७. 'चीरहरण' लेख्दा तपाईँले महाभारतका कथाहरूलाई वर्तमानको बलत्कार र सामाजिक हिंसासँग जोड्नुभएको छ । पौराणिक पात्रहरूलाई आधुनिक परिवेशमा उतार्दा तथ्य र कल्पनाको सन्तुलन मिलाउन कत्तिको कठिन भयो ?

मैले महाभारत पढिरहँदा नै वर्तमान हामी बाँचेको समयसँग तादम्यता के कस्तो छ ? त्यसलाई मनन गर्दै केलाउँदै अघि बढेकी थिएँ र धेरै धेरै घटनाक्रममा समानता पाएँ । त्यसैले गर्दा मलाई त्यति विधि अप्ठ्यारो परेन । मैले पहिला त्यही समयकै आँखाले नारीका भोगाइहरूलाई अध्ययन गरेँ । त्यसपछि वर्तमानमा बसेर तिनका भोगाइलाई मनन गरेँ । त्यसैले गर्दा मलाई सन्तुलन मिलाउन त्यति विधि हम्मे परेन । आज र हिजोका हाम्रा भोगाइहरूमा ठूलो अन्तर नै कति छ ।

८. 'चीरहरण' मा महाभारतको चीरहरण घटनालाई महिला दृष्टिकोणबाट चित्रण गर्नुभएको छ । यसलाई आधुनिक नेपाली समाजको सन्दर्भमा कसरी व्याख्या वा पुनर्लेखन गर्नुभयो ? द्रौपदीको चरित्रले तपाईंलाई कसरी प्रभावित पार्‍यो ?

पार्‍यो नि निकै प्रभाव पार्‍यो । मलाई मैले विभिन्न आख्यानमा लेखेका नारी पात्रमध्ये एक फरक पात्र हो द्रौपदी । त्यसैले त मैले बहुपति प्रथासँग आजको अवस्थालाई बेग्लै अध्ययन गरेर त्यस प्रथामा आधारित द्रौपदी अवशेष उपन्यास लेखेँ । यो पनि हिजोका नारीको भोगाइ र आजको नारीको भोगाइमा समानता के कस्ता छन् हेर्ने एउटा पाटो हो ।

९. 'योगमाया' उपन्यास लेख्नुअघि तपाईँलाई यो पात्रका बारेमा धेरै जानकारी थिएन । तपाईँको टोली भोजपुरसम्म पुगेर गरेको स्थलगत अध्ययनले उपन्यासलाई कस्तो जीवन्तता प्रदान गर्‍यो ? योगमाया लेख्न तपाईंलाई कुन ऐतिहासिक/वैचारिक कारणले प्रेरित गर्‍यो ?

हो जतिबेला मैले योगमाया उपन्यास लेख्ने निर्णय गरेँ त्यतिबेला मसँग लेखनको लागि पुग्ने गरी पात्र, परिवेश घटनाको पूर्ण ज्ञान थिएन ।

त्यसकारण सर्वप्रथम मैले त्यस अगाडि छापिएका केही अनुसन्धानत्मक र वैचारिक लेख रचनाहरूको अध्ययन गरैं । त्यसपछि म स्थलगत अध्ययनको लागि योगमायाको जन्म भएको सिम्ले ,भएको स्थान धोद्ले, उहाँले योग साधना गर्नुभएको मभ्रुवावेशी ,गौडिनी पुगैं । स्वर्गद्वारी गएँ । विभिन्न स्रोत व्यक्तिहरूसँग भेटेर अन्तर्वार्ता लिएँ । जुन काम योगमायाले आजभन्दा १०० वर्ष अगाडि समाजको लागि गर्नुभएको थियो उहाँकै कार्यले मलाई योगमायालाई आख्यानीकरण गर्न अझ बढी प्रेरित गरिरह्यो ।

१०. योगमाया उपन्यासका लागि मदन पुरस्कार जित्नुभयो । योगमाया न्यौपानेको जीवन र उनीको राणा विरोधी संघर्षबारे अनुसन्धान कसरी गर्नुभयो ? यस कृतिले उनलाई मुख्यधारामा ल्याउने उद्देश्य के थियो ?

म अध्ययनपछि निश्चिन्त भएँ अर्थात् आफूलाई कटिबद्ध बनाएँ कि -अब मैले उहाँको जीवनमा आधारित भएर पुस्तक लेख्नै पर्छ । सोचैं अब नगरे ढिलो हुँदैछ । किनकि मैले अध्ययनको क्रममा उहाँलाई देखेका दुई तीन जना मानिस मात्र भेटैं । जसमा निकै सानो उमेरका सम्झनामा धेरै कम कुरा मात्र बाँकी थियो । तर उहाँका अनुयायीका सन्तानहरू पनि वृद्ध भइसकेको पाएँ । त्यसले गर्दा अझै ढिलो भयो भने द्वितीय स्रोत पनि धमिलो हुँदै जाने मनन गरैं । अलि अगाडि नै लेखिन सकेको भए योगमायालाई प्रत्यक्ष देख्ने जान्ने बुझ्ने धेरै मानिसहरूसँग भेट हुन सक्थ्यो होला । तर पनि उहाँका वाणी उहाँले तपस्या गर्ने ठाउँ, प्रवचन दिएको गाउँ,समाधि गर्नुभएको स्थान चाँहि यथास्थानमा छ । केही वर्ष रोकिएपछि पुनः पहिला झैं निरन्तर भजन हुँदै आएको पनि पाएँ । दोस्रो पुस्ता तेस्रो पुस्ताका मानिसहरूसँग भेट्न पाएँ मैले अध्ययनको क्रममा । जुन कुरा लेखनको लागि निकै सहयोगी भयो ।

११. योगमायाले उठाएको जल समाधिको मुद्दालाई कतिपयले आत्महत्या र कतिपयले राजनीतिक विद्रोह भन्छन् । एक लेखकका रूपमा तपाईंले

यसलाई कसरी व्याख्या गर्नुभयो ?

उहाँले धर्मराज्य स्थापनाको लागि पटकपटक राणा सरकारलाई घचघचाउँदा पनि प्राप्त नभएपछि योगमाया स्वयं काठमाडौँ गएर श्री ३ सँग भेटेर आफ्ना माग राख्नुभएको थियो । राणाबाट धर्मराज्य स्थापना हुने वचन पनि पाउनुभएको थियो तर दुई तीन वर्ष पर्खँदा पनि त्यस्तो कुनै छनक नदेखिसकेपछि उहाँले अग्निदाहको लागि प्रयास गर्नुभएको थियो र त्यो अग्निदाहालाई रोकेर श्री ३ सरकारले उहाँ र केही अनुयायीलगायतलाई गिरफ्तार गरेको थियो । कसैलाई नजरबन्द कसैलाई जेल चलान गरेको थियो र सबै जना जेलमुक्त भएपछि योगमायाले राणा सरकारको विरोध गर्दै यी अधर्मीको नाश हुन्छ भन्दै जलसमाधिको लागि योजना बनाउनुभएको थियो । त्यसमा मैले उहाँको सर्वार्थ योगवाणी अध्ययन गरेर हेर्दा ब्रह्मसत्यं जगत् मिथ्या र जे कुराको सृष्टि भयो त्यसको प्रलय अवश्यम्भावी छ भन्ने दर्शनबाट विश्वस्त भएको देखिन्छ । राणा सरकारमा अत्यधिक शोषण, दमन, अत्याचार भएको हुँदा नासको नजिक पुगेको अभिव्यक्ति उहाँले दिएको पाइन्छ ।

जसरी जीवन त्याग्नुभएको भए तापनि दमन, अत्याचारकै कारणले त्यसप्रति विद्रोहको गीत गाउँदै त्यस नतिजामा पुगेको देखिन्छ ।

१३. 'योगमाया' लाई केवल नारीवादी उपन्यास मात्र नभई सामाजिक कुरीति विरूद्धको साझा आवाज भन्न सकिन्छ । तपाईँको विचारमा नारी चेतनाको समग्र रूपान्तरणका लागि साहित्यको भूमिका कस्तो हुनुपर्छ ?

साहित्यले के गर्छ भनेर प्रश्न गर्ने हो भने उत्तरमा यसको कार्यगत आयाम ठूलो छ । हामीले तत्कालै देखाउने गरी नतिजामा यही गर्छ भन्न पनि नसकौंला । तर सामाजिक रूपान्तरमा साहित्यको अहम् भूमिका रहेको सत्य हामी कोहीले नकार्न सक्दैनौँ । सांस्कृतिक संरक्षणले इतिहासलाई पुस्तामा हस्तान्तरण गर्न मद्दत गर्छ । नैतिकवान् बनाउने अभिभारा पनि साहित्यकै छ ।

आज जे जति नारी उत्थानका काम भएका छन् हिजोदेखिका हाम्रा

लोकसंस्कृति, लोकसाहित्य र आज लेखिएका रचनाले भूमिका खेलेको कुरा नकार्न सकिँदैन । साहित्यलाई परिवर्तनको संवाहक भन्न मिल्छ ।

१४. द्रौपदी अवशेष' मा तपाईँले हिमाली क्षेत्रको बहुपति प्रथा र सांस्कृतिक पक्षलाई उठाउनुभएको छ । पौराणिक द्रौपदीको कथा र वर्तमानको यो सामाजिक यथार्थलाई जोड्ने सूत्र के थियो ?

मैले अलिकति कुरा यहाँको माथिको प्रश्नमा पनि उठाएकी थिएँ । मैले द्रौपदी अवशेष यस अर्थमा भनेकी हुँ कि बहुपतिसँग जोडेर मैले प्रतीकात्मक रूपमा शीर्षक उठान गरेकी हुँ । हुन त उच्च हिमाली भेगमा जुन बहुपति प्रथा चलिआएको छ त्यो र महाभारतको द्रौपदीमा पाँच पाण्डवको श्रीमती हुनुमा फरक कारण फरक परिवेश देखिन्छ तर पनि त्यसैगरी बहुपतिको पत्नी हुने नियति एकै भएको हुँदा प्रतीकात्मक रूपमा शीर्षकहरू आउँन गएको हो । यो शीर्षक राख्नुअगाडि मैले त्यही प्रथामा रहनुभएका केही व्यक्तिसँग छलफल पनि गरेकी थिएँ र मानिसहरूबाट सुझाव संकलन गरेकी थिएँ ।

१५, द्रौपदी अवशेष जस्ता कृतिमा महाभारतका पात्रहरूलाई पुनः कल्पना गर्नुको मुख्य उद्देश्य के हो ? पुरुष-प्रधान समाजमा महिलाको पीडा र आघातलाई कसरी प्रतिबिम्बित गर्न खोज्नुभयो ?

बहुपति भन्ने बित्तिकै हाम्रो पहिलो सोच महाभारतकै द्रौपदीमा गएर अडिन्छ । लामो समयसम्म चलेको हुँदा संस्कृति बनेर बसेको यस प्रथामा महिलाहरूका अप्ठ्यारा एकातिर छन् । त्यही समाजका केही व्यक्तिहरू यो हाम्रो संस्कृति हो , जोगाई राख्नुपर्छ भन्ने पक्षमा हुनुहुन्छ । कोही यसको अन्त्य हुनुपर्छ भन्ने सोचका साथ निरन्तरता नदिएर आफू समाजबाटै बाहिरिएका दृष्टान्त छन् । मैले लेख्ने बेला गरेको अन्तर्वार्तामा दुवैथरीका सोच बोकेका अर्थात् व्यवहार गरिरहेका मानिसहरूसँग कुरा गरेँ । आआफ्नै खालका तर्क थिए । जसले कायम हुनुपर्छ भनी वकालत गर्नुभएको देखेँ । त्यसमा कोही आफू भने त्यसप्रथालाई निरन्तरता नदिएको पनि पाएँ । जसले अन्त्य हुनुपर्छ भन्नुभयो उहाँहरूले आफ्नो संस्कृति भनेर निभाएको पनि भेटेँ । तर दुवै थरीले महिलाका अप्ठ्यारा पक्षबारे बताउनुभयो ।

१६. तपाईंले आफ्ना कृतिहरूमा 'अकेली महिला' वा एकल महिलाप्रतिको सामाजिक दृष्टिकोणलाई पनि उठाउनुभएको छ । साहित्यले यस्ता विभेदकारी दृष्टिकोणलाई कसरी चुनौती दिन सक्छ ?

कतिपय मानिसको एकल महिलाका प्रतिको हेराइ अझै पनि स्वच्छ छैन । धेरै अगाडि म एकपटक वीर अस्पताल अगाडिबाट टेम्पो चढेर कतै जाँदै थिएँ । त्यही टेम्पोमा एकजना हेर्दै उहाँ विधवा हो भन्ने पहिरनको पहिचानकी महिला हुनुहुन्थ्यो त्यही टेम्पोमा । त्यसमा सवार सबैका आँखा उहाँमै गएर अडिएको पाएँ । कसैको आँखामा बिचरा जस्ता गहिरो सहानुभूति थियो र कसैको आँखामा डस्ने हेराइ ।

यो दुई दशकभन्दा अघिको कुरा हो । अहिले पहिलाभन्दा केही परिवर्तन भएको छ तर त्यो परिवर्तन जति भएको छ पर्याप्त भएको छैन । सामाजिक विभेदका विरूद्धमा साहित्य बोल्ने गर्छ । यसले परिवर्तनको लागि केही न केही टेवा पुऱ्याएकै हुन्छ ।

१७. तपाईंको कथा 'दोस्रो विवाह' र 'हवन' मा पितृसत्तात्मक समाजले महिलाको शरीर र मनमा पार्ने प्रभावको विश्लेषण गरिएको छ । समकालीन नेपाली समाजमा पितृसत्ताको स्वरूप कसरी परिवर्तन भइरहेको देख्नुहुन्छ ?

शिक्षाको कारणले हुनुपर्छ केही परिवर्तन भएको छ । अर्को कुरा, पितृसत्तासँग अर्थतन्त्रले गहिरो साइनो राख्ने रहेछ । जबदेखि महिलाहरू पनि आफ्नै हातमा स्वआर्जनको रूपैयाँ देखिने गरी आर्थिक रूपमा सफल हुन थाले तबदेखि परिवर्तनका धर्साहरू देखिन थाले ।

सुनिँदै भनिँदै र देखिँदै पनि आएको छ- नारी पहिला विवाहअगाडि बुबा दाजुको अन्डरमा त्यसपछि विवाहपछि श्रीमान्, ससुराको र अलिपछि छोराको अन्डरमा हुन्छन् । त्यो भनाइ केही सत्य पनि रहेछ ।

समाजिक रूपान्तरणको साथसाथै यसमा पनि केही परिवर्तन नभएको होइन । तर आज पनि त्यो मनोविज्ञानले भित्रभित्रै सुरूङ खनेजस्तै काम गरिरहेको हुँदो रहेछ ।

हामी आफै महिलाहरू पनि त्यसबाट ग्रसित छौं । हामीलाई हुर्काउँदा नै त्यसैगरी सिकाइएको हुन्छ । त्यसैले सामान्य मान्दै त्यसलाई दैनिक व्यवहारमा ल्याइदिन्छौं ।

शिक्षा र चेतनाको विकाससँगै यो गलत हो भन्ने कुरा हामीले बुझ्न र व्यक्त गर्न लागेका छौं। आज पनि हाम्रा अस्तित्वलाई स्वीकार गर्न हाम्रा कामहरूलाई जस दिन गाह्रो मान्ने निकै ठूलो जमात हरेक समाजमा छ ।

१८. तपाईंका धेरै कथा कृतिमा महिला संघर्ष, भेदभाव र सामाजिक वास्तविकता प्रमुख छन् । यी विषय छान्नुको कारण के हो ? आफ्नो व्यक्तिगत अनुभव वा समाजको अवलोकनबाट कसरी प्रेरित हुनुहुन्छ ?

मेरा कथाहरू बढीजसो सामाजिक यथार्थको धरातालमा उभिएका छन् । महिला संघर्ष भेदभाव आदि समाजको अङ्ग जस्तो भएर रहेको छ । त्यसैले यस्ता विषय समेटिएका छन् ।

१९. बेली (बाल मनोवैज्ञानिक कथा-संग्रह) जस्ता रचनामा बालबालिकाको मनोविज्ञानलाई केन्द्रमा राख्नुको कारण र उद्देश्य के छ ?

म मेरो ठूलो छोरा हिमांशु जन्मिसकेपछि केही समय बढी नै कार्यव्यस्तताको कारणले लेख्न सकिरहेकी थिइनँ । म नियमित रूपमा प्रज्ञा-प्रतिष्ठान भने जाने गर्थैं । एकदिन त्यसैगरी प्रज्ञा-प्रतिष्ठानमा गएको बेलामा सदस्य सचिव सनत रेग्मी दाजुसंगै डाक्टर तुलसी भट्टराई दाजुसँग भेट भयो । तुलसी दाजुले मलाई सोध्नुभयो - "निहारिकाले आजभोलि के गर्दै हुनुहुन्छ ? पत्रपत्रिकामा त कुनै नयाँ पढ्न पाइएको छैन । " हुन पनि मेरा सिर्जना नछापिएको धेरै समय भएको थियो । म कवि गोष्ठीहरूमा पनि रचना सुनाउनको लागि उपस्थित हुन सक्दिनथैं । मैले भनैं "दाजु मैले अहिले केही लेखिरहन सकेकी छैन । " अनि तुलसी दाजुले भन्नुभयो, "बाल-मनोविज्ञानको कथाहरू लेख्नु तपाईं आमा भएर बाल-मनोविज्ञानको कथा लेख्नु र हामीले लेख्नु फरक हो । " बाल-मनोविज्ञानको कुरा गर्दा जब म आफै आमा भएँ अनि बाल-मनोविज्ञान भनेको अति नै महत्त्वपूर्ण कुरा रहेछ

भन्ने आफैले पनि मनन गरेकी थिएँ । त्यसपछि मैले त्यसमा विषयमा कलम चलाएँ ।

२०. चीरहरणका लागि पद्मश्री साहित्य पुरस्कार र योगमायाका लागि मदन पुरस्कारले तपाईंको लेखन करियर र आत्मविश्वासमा कस्तो प्रभाव पारेको छ ?

जुन विश्वास पाठकले गर्नुहुन्छ त्यो विश्वास मर्न दिनुहुन्न भन्ने कुरामा पनि सर्जक सचेत रहन्छ । पुरस्कारले सर्जकलाई थप सचेत तुल्याउने रहेछ र आत्मविश्वास भनेको निकै ठूलो कुरा हो । त्यसले बढे बढे पहाड उक्लिन र गहिरो खोला तर्न पनि उत्प्रेरित गर्छ । पाठकको विश्वास अपेक्षासँगै लेखकको आत्मविश्वास पनि बढ्छ नै ।

२१. तपाईंका चरित्रहरू (योगमाया, द्रौपदी आदि) सँग कत्तिको भावनात्मक रूपमा जोडिनुहुन्छ ? लेखनपछि यी चरित्रबाट 'मुक्त' हुन कति समय लाग्छ ?

सबैभन्दा पहिला पात्रमा प्रवेश गर्न मुस्किल र पात्रमा प्रवेश गरिसकेपछि निस्किन महा मुस्किल । भावनात्मकरूपमा त यसरी जोडिन्छ कि त्यो समय त्यो घटनाक्रम त्यो युगमा आफै बाँचेको आफैले भोगेको प्रतीत हुन्छ । त्यसैले त आफ्ना पात्र रूँदा आफ्नो हृदय भारी हुन्छ । पात्र हाँस्दा आफू प्रफुल्लित भइन्छ ।

२२. विदेश (अमेरिका) मा लामो समय बसोबास गर्दै नेपाली भाषामा लेख्नु चुनौतीपूर्ण छ कि छैन ? प्रवासी नेपाली साहित्यको क्षेत्रमा तपाईंको योगदान कस्तो रह्यो ?

म नेपालबाहिर रहेर दुईवटा कथा-संग्रह र पाँचवटा उपन्यास लेखेँ । पछिल्लो समय मेरो सम्पूर्ण काम समर्पणका साथ नेपाली भाषा साहित्यको लागि हुने गरेको छ । लेखनमा मात्र नभएर र संस्थागत रूपमा पनि म प्रत्यक्ष संलग्न भएर काम गर्ने गरेकी छु ।

२३. अमेरिकाको व्यस्त जीवनमा तपाईँले 'योगमाया' जस्तो गहन उपन्यास

रातको समयमा लेख्नुभयो । प्रवासमा सृजनाका लागि समय र शान्तिको व्यवस्थापन कसरी गर्नुहुन्छ ?

हो मैले योगमाया नेपालबाहिर बसेर लेखेकी हुँ । मेरो सानो छोरा भएको हुँदा आमाको भूमिका मेरो लागि सबैभन्दा महत्त्वपूर्ण हुने नै भयो । त्यसबाट समय निकालेर मैले लेखन अध्ययन गर्नु पर्ने भएको हुँदा रातको समयलाई उपयोग गर्नुपऱ्यो ।

म अध्ययन अनुसन्धानको लागि नेपाल आएर विभिन्न व्यक्तिसँग भेटघाट गर्ने र स्थलगत अध्ययन गरेँ । त्यो पनि बच्चाहरूको विद्यालय बिदाको समय पारेर गरेकी हुँ । त्यसको लागि परिवारको साथ महत्त्वपूर्ण रह्यो । मेरो लेखनमा मेरो श्रीमान्को साथले गर्दा सम्भव भएको छ । उहाँले दुवै छोराहरूलाई रेखदेख गरिदिनुभयो अनि म अध्ययनको लागि नेपालका विभिन्न स्थानमा हिँड्न सकेँ । सम्पूर्ण सामग्री जुटाउन सकेँ । त्यसपछि बालबच्चा र परिवारलाई असर नपर्ने गरी समय तालिका मिलाएर लेख्न बसेँ ।

२४ प्रवासमा लेखिने नेपाली साहित्यमा प्रायः 'नोस्टाल्जिया' को हाबी हुन्छ तर तपाईँका कृतिहरूमा नेपालको इतिहास र वर्तमानको कठोर यथार्थ बढी देखिन्छ । यो फरक धार कसरी निर्माण भयो ?

जीवनमा जे पर्छ त्यसलाई भोग्नको लागि सधैं तमतयार हुनुपर्ने रहेछ । त्यसैले जहाँ रहे पनि जहाँ बसे पनि मेरो लेखनमा ठूलो असर परेन । बाहिर रहँदा दुःख लाग्छ । चाडपर्वहरू आउँदा झन् बिरह चल्छ । त्यसलाई मैले डायरीमा उतार्ने पनि गरेकी छु । पाठकको लागि मैले पछिल्लो समय हाम्रो मिथक संस्कृति दर्शन र इतिहासलाई मुख्य विषय बनाएकी छु ।

२६. विश्व नेपाली साहित्यको मानचित्रमा डायस्पोरिक लेखकहरूको योगदानलाई तपाईँ कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

बाहिर बसे पनि हामीले धेरैजसो काम हाम्रै भाषा - नेपाली भाषामा गरेका छौं । त्यसैले गर्दा हाम्रो साहित्य विश्व साहित्यमा जान सकेको

छैन । सम्राट् उपाध्याय, मञ्जुश्री थापा जस्ता केही सर्जकले मात्रै अंग्रेजीमा लेख्नुभएको छ । नेपालीमा लेखेर अंग्रेजीमा ट्रान्सलेसन भएका कृतिहरू पनि विश्वसाहित्य बजारको आँखामा परेका छैनन् । संघ संस्थाहरूमा पनि बढीजसो काम नेपाली भाषामै केन्द्रित भएर गरिएको छ । विश्व बजारमा जानको लागि पहिला सबैले पढ्ने भाषामा पुस्तक आउनुपर्छ । त्यसमा बिस्तारै काम हुँदै छ ।

२७. पारिजात, लक्ष्मीप्रसाद देवकोटा (मुनामदन), बीपी कोइराला (सुम्निमा) जस्ता लेखक/कृतिहरूले तपाईंलाई कसरी प्रभावित गर्दछन् ? आफ्नो लेखन शैलीमा यिनको कस्तो प्रभाव परेको छ ?

हामीले लेख्न सिकेको भनेकै अग्रजको साहित्य पढेर हो । मैले त सम्झना भएअनुसार सबैभन्दा पहिला पढेको साहित्यिक कृति नै मुनामदन हो । यस्ता पुस्तकहरूले प्रभावित नपार्ने त कुरै भएन । शैली र शिल्पमा हरेक दृष्टिकोणबाट हेर्दा लेखकको आफ्नो निजत्व हुन्छ । लक्ष्मीप्रसाद देवकोटाका कविता र पारिजात बीपीका आख्यानबाट म ज्यादै प्रभावित छु ।

२८. तपाईंले आफ्नो लेखनमा 'भाषा र कथाको विकासक्रम' लाई महत्त्व दिने बताउनुभएको छ । एउटा राम्रो लेखक हुनका लागि आवश्यक गुणहरू र मापदण्डहरू क-के हुन् ?

जसरी एउटा मिष्ठान्न भोजन बन्नको लागि सम्पूर्ण सामग्रीको आवश्यकता पर्छ । त्यस्तैगरी साहित्य सिर्जनामा पनि अपरिहार्य तत्त्वहरू छन् । ती तत्त्व विधाअनुसार फरक हुन सक्छन् जसरी परिकारअनुसार सामग्री फरक हुन्छन् । यति हुँदाहुँदै पनि केहीमा समानता अवश्य हुन्छ । सबैको उचित प्रयोग भएमा सुन्दर सिर्जना बन्न जान्छ । क्लिष्ट भाषाले मात्रै साहित्य सुन्दर बनाउँछ भन्ने मनोविज्ञानबाट हामी मुक्त हुनुपर्छ ।

२९. तपाईंका धेरैजसो उपन्यासहरूमा महिला पात्रहरू नै केन्द्रीय भूमिकामा छन् । के यो सचेत छनोट हो वा समाजको यथार्थले नै तपाईंलाई यसतर्फ डोऱ्याएको हो ?

अब यसमा त मेरा पाँचवटा पछिल्ला उपन्यासहरू अर्की आइमाई,

द्रौपदी अवशेष, चीरहरण, योगमाया र राजमाता सबैमा केन्द्रीय पात्र नारी नै छन् । त्यसका अलावा अघि लेखेका कथाहरूमा पनि नारी पात्रकै बाहुल्य छ । नारीका सम्बोधन गर्ने विषय धेरै भएर पनि हुनसक्छ मेरो कलमको रोजाइमा ती पर्न गएका ।

३०. नेपाली साहित्यमा महिला लेखकको प्रतिनिधित्व र महिला विषयवस्तुको महत्त्वबारे तपाईंको विचार के छ ? तपाईंको योगदानले यसलाई कसरी अगाडि बढाएको छ ?

हो पहिलो कुरा महिला सर्जक । हामीसँग एक त साहित्य लेखनकै इतिहास त्यति लामो छैन । त्यसमा पनि नारी सर्जकको इतिहास अझ पछाडि गएर जोडिन्छ । पहिलो कुरा हामीहरू पुरुष झैं साक्षर नै थिएनौं । अथवा साक्षरता दर कम भएको हुँदा लिखित साहित्यमा महिलाको उपस्थिति कम हुनु स्वाभाविक नै हो र साक्षर भएर पनि लेख्ने वातावरण महिलाको लागि निकै चुनौतीपूर्ण छ । सम्पूर्ण तालमेल मिलाउँदा मिलाउँदै समय बगिसकेको हुन्छ । त्यसैले पनि महिलाको कलम कम देखिन्छ । तर सन्तोष मान्ने कुरा यो छ कि हिजो-आज महिलाहरू संख्यात्मक र गुणात्मक दुवै रूपमा निकै सशक्त ढङ्गमा आएका छन् ।

अर्को कुरा महिलाको विषयवस्तु । हामी महिलाले बाक्लो गरी कलम नउठाइसकेको बेलामा पनि महिलाबारे नलेखेको भने होइन । पुरुष लेखकले इमान्दारिताका साथ कलम चलाउनुभएको हो ।

यहाँको प्रश्न नारी लेखनमा निहारिकाको योगदान के ? भन्ने जवाफमा त मैलेभन्दा पनि पाठकले र समाजले हेर्ने, मूल्याङ्कन गर्ने कुरा हो । मेरो तर्फबाट भन्नुपर्दा मैले सकेजति यथासम्भव निरन्तर काम गरिरहेकी छु र गरिरहनेछु ।

३१. तपाईंका पात्रहरू निकै गतिशील र बहुआयामिक हुन्छन् । पात्र निर्माणको प्रक्रियामा तपाईं कत्तिको डुब्नुहुन्छ ? के पात्रहरूको पीडाले तपाईंलाई लेखनपछि पनि लामो समयसम्म पछ्याइरहन्छ ?

वास्तवमा पात्र निर्माण एक जटिल काम हो । काल्पनिक नभएर

इतिहासबाटै लिइन्छ भने पनि अध्ययन गरेर त्यसलाई हुबहु चरित्रमा उतार्नुपर्ने हुन्छ । त्यो पनि सयौँ वर्ष अगाडिका पात्रहरू । पात्र निर्माण गर्नु एक मानव जन्माउनु जत्तिकै हो । त्यसकारण यसमा समय खर्चिन्छ नै ।

अर्को कुरा यसरी निर्माण भएका या जन्मिएका पात्र र परिवेशले पछिसम्म पनि सर्जकलाई छाडेको हुँदैन । मैले भर्खरै राजमाता उपन्यास प्रकाशित गरेँ । अझै पनि म मेरा पात्रबाट निस्किन सकेकी छैनँ । अहिलेको काठमाडौँ उपत्यकालाई मैले सयौँ वर्ष अगाडिको काठमाडौँ देखिरहेकी छु । म त्यही समयमा बाँचिरहेकी छु भन्दा अत्युक्ति नहोला ।

३२. तपाईँले आफ्ना कृतिहरूमा प्रयोग गर्ने भाषा सरल तर गम्भीर हुन्छ । मदनमणि दीक्षितको 'माधवी' जस्ता जटिल कृतिहरूबाट प्रभावित हुनुभएकी तपाईँले आफ्नो भाषालाई कसरी परिष्कृत गर्नुभयो ?

आजसम्मको नेपाली आख्यानमा मलाई सबैभन्दा मनपर्ने पहिलो नम्बरको कृति हो मदनमणि दीक्षितको माधवी उपन्यास । विषय, पात्र, परिवेश, शिल्प, भाषा सबै दृष्टिकोणले उत्कृष्ट । अझ भनौँ सर्वोत्कृष्ट । भाषा, घटना, विषयकै कारण मैले चारपटक पढ्नुपरेको थियो । अझै पनि पढूँ पढूँ लाग्छ ।

त्यो कथानकले, त्यो परिवेशले, त्यही भाषा शैलीको माग गरेको छ । त्यसको जटिलताभित्रको सुन्दरता मलाई राम्रो लाग्छ ।

३३. यस्तै कुनै ऐतिहासिक कालखण्ड वा पात्रमा कलम चलाउने सोच बनाउनुभएको छ ?

हो धेरै ऐतिहासिक घटना र पात्रहरू हाम्रा सामुन्ने ल्याइएका छैनन्, आएका छैनन् । ती आउनुपर्छ । त्यसको एक सानो प्रयास हो । मेरो राजमाता । अझ अरूबाट पनि लेखिँदै जानुपर्छ । जीवन्त भएर आख्यान मार्फत भए पनि पाठकसामु आउनुपर्छ । इतिहासलाई आख्यानको रूपमा आउँदा धेरै पाठकमा पुग्ने मेरो अनुभव छ । फेरि पनि आउने उपन्यास

यस्तै समाजको सामु ल्याउनैपर्ने विषयवस्तुमा केन्द्रित हुनेछ । अर्थात् त्यो रिक्ततालाई म केही भए पनि पूरा गर्ने कोसिस गर्नेछु । यही नै भन्ने मनस्थिति बनाइसकेकी छैनँ । म अध्ययनकै क्रममा छु ।

३४. विश्व साहित्यमा नेपाली साहित्यको उपस्थिति अझै पनि कमजोर देखिन्छ । तपाईंका कृतिहरूलाई अङ्ग्रेजी वा अन्य अन्तर्राष्ट्रिय भाषाहरूमा अनुवाद गर्ने प्रक्रिया कहाँ पुगेको छ ?

अनुवाद हुनुपर्छ । म गर्ने सोचमा पनि छु । अहिलेलाई यति भनूँ ।

३६. तपाईं लेखनअघि धेरै अनुसन्धान गर्नुहुन्छ कि लेखनकै क्रममा खोज्दै जानुहुन्छ ?

विषयवस्तु लिइसकेपछि म पहिला अध्ययन गर्छु । मलाई लेखनको लागि अब पर्याप्त हुन्छ भन्ने लागेपछि लेख्न बस्छु । तर त्यसपछि पनि केही कुराहरू बीचबीचमा थप अध्ययन गर्नुपर्ने पनि हुन सक्छ ।

३७. नयाँ लेखकहरूलाई तपाईंको सल्लाह के छ ?

अध्ययनलाई बढाउनुस् । अध्ययन पनि लेखनकै पाटो हो र लेख्दै जानुस् । परिष्कार गर्नुस् । निरन्तरता निकै महत्त्वपूर्ण कुरा हो । हिँडेको बाटोलाई चटक्क छाडेर सुस्ताउने नगर्नुहोस् ।

३८. लेखन गर्दा सबैभन्दा गाह्रो के लाग्छ–सुरूआत, निरन्तरता, कि अन्त्य ?

मैले पछिल्लो समय उपन्यास लेखिरहेकी हुँदा यसले लामो समय लिन्छ । त्यसको लागि आफूलाई मानसिक रूपमा तयार पारेर नै लेख्न बस्ने हो । उपन्यास लेखनले आफ्नो मात्रै होइन परिवारको पनि धैर्य माग्छ ।

लेखनमा सबैभन्दा गाह्रो काम भनेको अन्तिम ड्राफ्टमा काम गरिरहँदा हो । जसरी आमाले गर्भमा सन्तान राखेर जन्मको बेला प्रसव पीडा गाह्रो हुन्छ । त्यसैगरी लेखनलाई अन्तिम रूप दिन निकै गाह्रो हुन्छ । प्रसव पीडालाई शब्दमा व्याख्या गर्न नसके जस्तै पुस्तकलाई अन्तिम

रूप दिँदाका पीडा म शाब्दिक रूपमा व्यक्त गर्न सक्दिनँ ।

४०. लेखनलाई तपाईं साधना मान्नुहुन्छ कि सामाजिक दायित्व ? किन ?

मेरा लागि लेखन एक साधना पनि हो र सामाजिक दायित्व पनि । अझै भन्नुपर्दा लेखन मेरो लागि एउटा ध्यान हो । ओखती हो । मेरो बाँच्ने आधार हो । मेरो साथी हो । मेरो परिवार हो । म एक ठूलो मानसिक सन्तापबाट निकै जटिल परिस्थितिबाट बाहिर आएको साहित्यकै कारणले हो । साहित्य त मेरो दुःख बिसाउने आमाको काख जस्तो हुन गएको छ ।

अझै पनि मलाई लेखनको लागि यस्तै र यही वातावरण चाहिन्छ भन्ने छैन । म आँसु पुछ्दै पनि लेख्न सक्छु । कोलाहलले पनि मेरो पठन लेखनको एकाग्रतालाई भङ्ग गर्न सक्दैन । म महिनौं घरबाट ननिस्केर पनि कोहीसँग कुराकानी नगरेर पनि लेखेको अनुभव मसँग छ । यस्तो लाग्छ मेरो शारीरिक महत्त्वपूर्ण अङ्ग जस्तै अभिन्न मेरो लेखन पनि हो र अर्कोतिर फेरि मसँग पाठकको ठूलो अपेक्षा देख्ने गरेकि छु । त्यसैले गर्दा यो मेरो साधना पनि हो र दायित्व पनि ।

४१. तपाईंको लेखन प्रक्रियाबारे बताइदिनुहोस् - योजना बनाएर लेख्नुहुन्छ कि भावनाको बहावमा ? लेख्दा तपाईंलाई सबैभन्दा कठिन के लाग्छ– विषय चयन, संरचना, कि भाषा ?

म लेखन योजनाबद्ध रूपमै लेख्ने गर्छु । यति समय अध्ययनलाई यति समय लेखनलाई र यति समय परिमार्जनलाई त्यो निर्धारित गरेकी हुन्छु । यतिबेला लेखिसक्छु भन्ने पनि मेरो तालिकाभित्रै पर्छ । यति बजेदेखि यति बजेसम्म भन्ने पनि मैले छुट्टाएकै हुन्छु । लेखन भन्नाले लेखनसँग सँगसँगै पठन पनि आउँछ । योगमाया र राजमाताको विषयगत चयन सुरूमा मेरो एक्लो थिएन । तर अध्ययन गर्दै जाँदा मेरो हुन पुग्यो । विषय मात्र भएर पुगेन अर्थात् कच्चापदार्थ मात्रै भएर पुग्दैन । जसरी घर बनाउँदा रूपरेखा बनाउने नक्सा कोर्ने काम पहिला हुनुपर्छ । अनि गाह्रो भित्ता झ्यालढोका छाना सबैको काम हुन्छ । साहित्य सिर्जनामा त्यही हुन्छ र अन्तिममा सिँगार्ने अर्थात् परिमार्जनको

काम त्यत्तिकै कठिन हुन्छ । लेखन सजिलो काम अवश्य होइन ।

४२. साहित्य समाज परिवर्तनको हतियार हुन सक्छ भन्ने कुरामा तपाईं कत्तिको विश्वस्त हुनुहुन्छ ?

म यसमा १०० प्रतिशत विश्वस्त छु ।

४३. तपाईंको लेखन प्रतिरोधको स्वर हो कि पुनर्निर्माणको आशा ?

दुवै हो ।

४४. अध्ययन, अनुशासन र निरन्तरतामध्ये कुन बढी महत्त्वपूर्ण ठान्नुहुन्छ ?

यी तीनै कुरा सँगसँगै जानुपर्ने हुन्छ । निरन्तरता र अनुशासन एकआपससँग जोडिएको हुन्छ । अध्ययन गर्नु भनेको त लेखनको आधाआधी काम हो ।

४५. अन्त्यमा यहाँले थप केही भन्नु छ कि ?

आफ्ना कुरा राख्ने अवसर दिनुभएकोमा धन्यवाद ।

ooo

राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका

"हाम्रो पुरुषार्थ"

मा विज्ञापन दिई लाभ उठाउनुहोस् ।

समीक्षा

हाम्रो पुरुषार्थ : तिम्रो पुरुषार्थ



✍प्रा. डा. नारायणप्रसाद खनाल

आधा वर्षपछि आज सन् २०२६ को पहिलो दिन 'हाम्रो पुरुषार्थ' त्रैमासिकको वैशाख-असार अङ्क २०८२ शशि पन्थीको सौजन्यमा प्रा. कपिल अज्ञात हस्ते दौहित्र अमभोज अधिकारीसँग सुरक्षित गरिएका प्रति पढ्न पाउँदा यो आधा वर्षको नेपाली पत्र-पत्रिका पठनको रिक्तता पूर्ण भएको अनुभव भएको छ । किरण पुस्तकालय तम्घास गुल्मीको मुखपत्रका रूपमा सम्पूर्णाङ्क १०६ सम्म आइपुग्दा यसले जन्माएका लेखक-विद्वान् र पाठक यी ५२ वर्षमा करोडभन्दा बढी नै पुगेको हुनुपर्छ, त्यसमध्ये एक म पनि हुँ । मेरो पाताल प्रवासको अनध्यायको उपवास तोड्न सफल यस अङ्कका सम्पादक, सह-सम्पादक, सहयोगी मण्डल, लेआउट-मुद्रणकर्ता, प्रकाशक, लेखक-स्रष्टाहरूप्रति एकमुष्ट धन्यवाद ज्ञापन गर्दछु ।

पहिलो नजर सम्पादकीयको 'राजनीति र साहित्य' मा पर्छ, जसमा 'राजनीति वर्तमान मात्र हो । साहित्य त भविष्य पनि बन्छ' जस्ता भावुकताकासाथै यथार्थता व्यक्त भएका छन् । यो पनि अन्तर्वार्ता, भेटघाट, अनुभव र अनुभूति, पुस्तकालय परिचय, किरण पुस्तकालयको पातो, नौलो सृष्टिःसानो दृष्टि, यताउताबाट, पाठक-प्रतिक्रिया, आजीवन र विशिष्ट सदस्यको परिचय र आजीवन ग्राहकको नामावली जस्तै स्थायी स्तम्भ नै हो । यस पटक मच्छेश्वर सापकोटाको अन्तर्वार्ता र बुद्धिकुमारी शेरचनका अनुभूतिले नयाँ स्वाद थपेको अनुभव हुन्छ । कविता, मुक्तक, गजलअन्तर्गत मानमारका टेकनारायण 'कौशिक' रिमालको 'सप्तशूल' अनुष्टुप् नै विशेष

उल्लेख्य लाग्यो, अरू स्थापित स्रष्टाका रचना पनि स्वादिला छन् । लेख-प्रकाशक र क्रेताको मथिङ्गल हल्लने लघुकथाकार लीलाराज दाहालको 'वार्ता' र अरूणबहादुर खत्री 'नदी'को बालक अनमोलले कुकुरसँग गरेको मित्रता, टोकाइ र कुकुरले गरेको पश्चात्तापपछिको मित्रता अङ्कित 'कुकुर पछुतायो' यी दुवै कथा केही कमजोरी रहे पनि स्तुत्य छन् ।

यसअघि हाम्रो पुरुषार्थको १०५ औं अङ्कलाई 'भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क, प्रकाशन भएको र त्यस अङ्कको काठमाडौं, गुल्मी, बुटवल, दाङ र पाल्पामा एकसाथ लोकार्पण गरिएका, लेखहरू शब्दाङ्कुर, साहित्यपोष्ट, अनुगमन म्यागजिन, नवजागृति बुलेटिन, रेडियो रेसुङ्गा र बुटवल टुडेबाट साभार गरिएका समाचार र नारायण शर्मा फुयाँलको पाठक-प्रतिक्रियासमेतका लेखबाट व्यापक जानकारी उपलब्ध भएको तथ्य उल्लेखनीय रहेको अवगत गर्नु जरूरी छ । प्रस्तुत सन्दर्भमा लेखिएका आधिकारिक विद्वान्त्रयमध्ये प्रा.डा. तुलसी भट्टराईको 'हाम्रो पुरुषार्थ : अजर अमर छ', दिव्य गिरीको हाम्रो पुरुषार्थको पुरुषार्थ, प्राडा गोविन्दराज भट्टराईको 'हाम्रो पुरुषार्थको उत्सव काठमाडौंमा' र शरद प्रधानको 'हाम्रो पुरुषार्थ : भारतीय नेपाली साहित्यलाई चिनाउने आँभी भ्याल' लेखले १०५ औं अङ्कका वैशिष्ट्य राम्ररी नियालेका छन् । लाग्छ उदय ठाकुर, डा. सृजना शर्मा, डा. व्यञ्जना शर्मा, ऋषि राई र प्रा.डा. अञ्जना वस्ती भट्टराईका लेख पनि १०५ औं अङ्कका सामग्री हुन्, जो त्यसमा नअटाएर यस अङ्कमा छापिएका छन् । किन्तु पृ. १४० मा सचिवका तर्फबाट १०५ अङ्क बारेको जानकारीकासाथै ११० अङ्क रेसुङ्गा विशेषाङ्क हुने र तत्सम्बद्ध जानकारी पनि दिइएको छ । यसपछिका उल्लेख्य सामग्री भनेका 'महाकविको लक्ष्मी निबन्ध-सङ्ग्रह' को पुनर्पठन अनुभव र 'देवकोटाको आध्यात्मिक चेत' नामका दुई लेख हुन्, जो क्रमशः जयदेव गौतम र कृष्ण ज्ञवालीद्वारा लेखिएका हुन् । जयदेवजीको गुणग्राहितालाई महान् ठान्छु किनकि देवकोटा जस्ता महान् व्यक्तित्वको कृति नेपालको आधिकारिक कृति प्रकाशक साझाले छापेको २०५७ को पन्ध्रौं संस्करणमा कति त्रुटिहरू छन्, २००२ देखिका तमाम संस्करणदेखि हुँदै आएको त्रुटि निराकरण साझाले गर्न सकेको छैन,

यसतर्फ गौतमजीको दृष्टि पुगेन, स्वाभाविक पनि हो, किनकि गुणग्राहिता नै यस लेखको अभीष्ट थियो, बस् यी दुवैका दुवै लेख यस पत्रिकाका लायक छन्, विद्वत्ताले परिपूर्ण छन् । प्रा.डा. मनबहादुर क्षेत्रीजीको 'साहित्य सम्राट् र 'बौलाहा' काव्यसङ्ग्रह एक चर्चा कुँवर देशभक्त सिंहको उपाधि, सृजना, वाङ्मय समाज गठन आदि अनेकता सूचक लेख हो । गिनिज बुक अफ वर्ड रेकर्डसमा नाम लेखाउने व्यक्तिलाई उजागर गरिएको हुँदा पठनीय छ लेख । अटिजम पाठशालाका संस्थापक विष्णुप्रसाद भण्डारीले धेरै जनालाई थाहा हुन नसकेका 'अटिजम यात्रा' मा घुमाएर महत्त्वपूर्ण जानकारी दिएकोमा धन्यवाद, नेपाली साहित्यका विशेषतः कविता क्षेत्रमा खिच्रिङमिच्रिङ सामग्री आउन थालेको धेरै भयो, अनेक नाम दिइएका यस्ता ससाना उद्गारका उद्भावकहरू धेरै छन्, आफूलाई स्वनामधन्य बनाएको स्वीकार गर्नैपर्छ । एक ठाउँमा ध्वनि सिद्धान्तका प्रतिपादक आनन्दवर्धनले काव्यको आन्तरिक तत्त्व पहिल्याउन नसकेका पण्डितहरूले काव्यको सिद्धान्त वा आत्मा अलङ्कार हो अथवा रीति हो भनेका हुन् भन्दै बडो आक्षेप लगाएका छन् तर म चाहिँ उहाँहरूलाई कविता लेख्न नसकेर वा कविताको संरचना थाहा नपाएर त्यसो गरेका हुन् भन्दिन किनकि जब एउटै शब्द काव्य हुन सक्छ भने गुल्मेली कविले उद्भावन गरेको गुलेली किन कविता नहुने ? रोहितप्रसाद ज्ञवालीको प्रयास सार्थक रहोस् । परिचय वा भूमिका र उपसंहार नरहे पनि पहिलो र अन्तिम अनुच्छेदलाई यी दुई अंशको परिपूरक मान्दा तेह्र खण्डमा रचित छापा माध्यमको वर्तमान अवस्था : समस्या र समाधान' शीर्षकको रमेशकुमार बोहराद्वारा लिखित लेख लेखन सर्जन र प्रकाशन आदि कार्यमा निरतवर्गका निम्ति अनमोल सन्देश र चुनौती दुवैले परिपूर्ण लेख हो, विद्युतीय सञ्चारबाट पैदा भएका नवीनतम मूल्यले प्राचीन मान्यता ध्वस्त हुनुहुँदैन भन्ने अवधारणा यसको खास अभिप्रेय विषय हो । यस अङ्कमा समाविष्ट कृति-समीक्षापरक लेख 'चर्किएका घाउ बिर्सिएका पल' प्राध्यापक कपिल अज्ञातद्वारा लेखिएको हो । यसलाई दुई फ्याक गरेर हेर्न सकिन्छ-पहिलो हो निबन्धकार प्रा.डा. नारायणप्रसाद खनाललाई चिनाउन लेखिएको फ्याक र अर्को हो खास कृतिको विवेचना २०५३ साल वैशाख एक गतेदेखि ऐजन चैत मसान्तसम्म लगातार दिन नबिराई लेखिएका ३६६ निबन्धको समष्टिगत व्याख्या-विश्लेषण

गरिएको यो फ्याक लेख हाम्रो पुरुषार्थ १०६ का अन्य लेखभन्दा फरक ढङ्गबाट समीक्षित छ भने एक जना स्रष्टालाई एक जना द्रष्टाले राम्ररी नियाल्नमा कुनै कसुर नराखेको देखिन्छ ।

यस अङ्कमा सृजना-समीक्षा अनेक प्रकारका सामग्री समयसापेक्ष भएर प्रस्तुत भएका छन् तर नेपालमा नाथयोग जस्तो उत्कृष्ट अनुसन्धानात्मक लेख लेखर प्राडा कृष्णचन्द्र शर्माले जुन नाथ परम्परालाई उधिनपत्ताल गरेर देखाएका छन्, त्यो नेपालको जुनसुकै देश-काल-परिस्थितिमा पनि उपयोगी हुन्छ । नेपालमा कसैले नाथलाई पनि दशनामीमध्ये एक मान्छन् तर शङ्कराचार्यको अद्वैत वेदान्तवादी मतका अनुयायी र शृङ्गेरी, जगन्नाथ, द्वारका र ज्योति मठ वा बदरिकाश्रम जस्ता दक्षिण, पूर्व, पश्चिम र उत्तरमठमध्ये कुनै एकका शिष्यत्वमा रहने गिरि, पुरी, भारती, वन, अरण्य, पर्वत, सागर, तीर्थ, आश्रम र सरस्वती दशनामी सन्यासी हुन् तर नाथहरू त्यो भन्दा फरक त नहुनु पर्ने हो । प्रस्तुत लेखमा नवनाथहरू अणिमादि अष्टसिद्धि र पद्मादि नवनिधिका साधक हुन् भन्दै यिनीहरूको राष्ट्रिय-अन्तर्राष्ट्रिय शोधग्रन्थ र तिनीहरूसँग सम्बद्ध गोरक्षनाथीय परम्परामा प्रसिद्ध पूर्वीय ग्रन्थहरूको अध्ययन र अनुसन्धानका आधारमा अत्यन्त परिश्रमका साथ गरिएको लघु परियोजनाको प्रतिवेदन जस्तै बनेको छ । नाथ सम्प्रदायका सर्वश्रेष्ठ व्याख्याता तथा भारतका ठुलठुला नाथ समाम्नायहरूले मानेका वरिष्ठ विद्वान् योगी नरहरिनाथ हुन् तर मैले पितृवचनबाट थाहा पाएका जेठा मत्स्येन्द्रनाथ, यिनका शिष्य गोरखनाथ, यिनका शिष्य चन्दननाथ, यिनका शिष्य उलन्त भैरवनाथ र तिनका शिष्य रतननाथ हुन्, यो कति प्रामाणिक छ, त्यो म भन्न सक्तिन तर योग साधना, आध्यात्मिक अभ्यास र हठयोगका उपदेशक र तपस्वी हुन् यी सबै नाथहरू । पत्रिकाको ज्यादै आकर्षक, उपयोगी, ज्ञानमूलक र नेपालमा नाथ परम्पराको अध्ययनार्थीका लागि हस्तामलक बनेको यस लेखका लेखकप्रति आभार प्रकट गर्नु हाम्रो पुरुषार्थका पाठकको परम कर्तव्य हुन जान्छ ।

अन्तमा अकिञ्चनद्वारा चिरफार गरिएका 'पूर्वविद्यार्थी स्मारिका-२०८०', हरिराज भट्टराईको कथा-संग्रह 'रातको प्रधानमन्त्री (२०८?), हरिप्रसाद ज्ञवालीको 'विविध विधासंहति (२०८?), प्राज्ञ डा. तुलसी भट्टराईको पत्रात्मक

निबन्ध संग्रह 'चिठी-पत्र' (२०८?), पितृवियोगमा परेकी छोरी प्रीति आत्रेयको शोककाव्य 'लाटो साथी' (२०८?), ज्ञाननिष्ठ ज्ञवालीको खण्डकाव्य 'रुरुक्षेत्र' (२०८१), नारायणप्रसाद ज्ञवालीको नियात्रा-संग्रह 'आँखामा कैलाश : अञ्जुलीमा मानस' (२०८१) र लव जोशीको 'शीत काव्य' २०८१ जस्ता साहित्यिक कृति (सचित्र) र कृतिकार हुन् ।

'हाम्रो पुरुषार्थ' १०६ मात्र होइन, अरूअरू अङ्क कसरी कुन आर्थिक स्रोतबाट प्रकाशित हुन्छन् ? विज्ञापन एउटा स्रोत हो । यस अङ्कमा खासै विज्ञापन देखिएन । रंगीन कभर १६२ पृष्ठ कागज ७० ग्राम, डिमाइ साइज, आइएसएस अंकित यस अङ्कमा ३० वटा लेख रचना छापिएका छन् भने १० वटा शीर्षकमा स्थानीय स्तम्भ छापिएका छन् । केही विदेश र स्वदेशका प्रतिनिधिको नामठेगाना अंकित तथा आफ्नै विज्ञापन तर आययोग्य विज्ञापन जम्मा दुईवटा हुनुले हामी बुझिन्छ यो बाउन्न वर्षे जवान अब आत्मनिर्भरताको मैदानमा उत्रिसकेको छ । प्रायः हेरकवर्ष विशेषाङ्कहरूको व्यवस्था गर्नु, लेखक-द्रष्टासितको संवाद र खास खास विषय सम्बद्ध लेखकसँगको लेख-रचना प्राप्ति, लेखकलाई प्रकाशित सामग्री उपलब्ध गराउनु आदिको जुन सम्पादकीय-प्रकाशकीय भूमिका छ त्यो अत्यन्त सबल, सशक्त र सक्रिय रहेको देखिन्छ । यसको नेतृत्व स्वयं संस्थापकले गरिएको हुनाले हार्दिक रूपमा समर्पण हुन सकेकाले नै **हाम्रो पुरुषार्थ**ले तरूणिमालाई कायम राख्न सकेको अनुभव हुन्छ । खासगरी स्वदेश र विदेशका विभिन्न स्थानका निवासी साहित्यकार, साहित्यप्रिय, साहित्यसेवीहरूको अथक योगदानको फलस्वरूप 'हाम्रो पुरुषार्थ'ले एक ऐतिहासिक दिग्विजय गर्दै आइरहेको छ र यसले आफूलाई दीर्घतम राष्ट्रसेवीको रूपमा प्रस्तुत गरिसकेको छ । भाषा, साहित्य, संस्कृति, समाज र सृजनालाई अमरत्व प्रदान गर्ने सन्दर्भमा सम्पादकहरूको विनम्रता, साहित्यिक पत्रकारिताप्रतिका अभिरुचि र लगावले नेपाली साहित्य भण्डारमा **हाम्रो पुरुषार्थ**ले गरेको, गरिरहेको र सुदीर्घकालसम्म यसरी नै जीवित रहने, शान र मानले उच्च छाती र शिर लगाएर चुचुरोमा पुग्ने हिम्मत प्राप्त गर्नेछ साथै नवीनतम ज्ञानका खुराक पस्केर प्रत्येक नागरिकलाई रसपान गराउन तिम्रो पुरुषार्थ सक्षम हुनेछ भन्ने हार्दिक कामनाकासाथ बिदा लिन्छु । जय वाङ्मय ।

मुकाम : चन्द्रागिरि -२, कान्तिपुरी

समालोचनात्मक आलेख

यात्रा, अन्वेषण र विचारको शब्दचित्र : अक्षत अन्टार्कटिका



✍**गोपी मैनाली**

यात्रा गर्ने चाहना आआफ्नै हुन्छन् । यात्राको गन्तव्य चयन पनि व्यक्तिको अभिमुखीकरण र सोचअनुसार हुन्छ । यात्राको तयारी गर्ने तरिका पनि मानिसपिच्छे फरक हुन्छ । जीवा लामिछाने कुनै स्थानको यात्रा गर्ने योजना बनाउँछन्, मनभित्रको यात्रा सकेर गन्तव्यको यात्रा गर्छन् । इन्ड अफ दी वर्ल्ड अन्टार्कटिकाको यात्रा एउटा कल्पना, खुल्दुली र सावधान रणनीतिका साथ गरिएको छ । यो दुःख भुल्न र सुख प्राप्तिका लागि गरिएको यात्रा होइन; यात्राको एउटा बताउन नसकिने अभीष्ट छ, साहसिक, खोजपूर्ण र मानबपदचाप कम परेको, कोलाहलभन्दा पर, शासन र शक्तिले चोखे नलगाएको, स्वार्थको क्रिडास्थल नबनेको, मौन स्वेत शान्त, पृथ्वीका सबै चराचरको साझा वक्षस्थलमा यात्रा गर्ने र त्यसको अद्भुत अनुभव साझा गर्ने अभीष्टसाथ गरिएको यात्रा हो । मौनालप भनिएको उनको अन्तरलापले यस्तै सङ्केत गर्छ ।

यात्रा अनुभव लेख्नु ठूलो कुरा हो । यात्राका स्थान, घटना, अवस्थिति, स्वरूप, सौन्दर्य, विकटता, खतराहरूलाई शब्द अक्षरमा बताउनु ठूलो कुरा हो । मुकुन्दशरण उपाध्यायले भनेझै 'देखेको पोखराभन्दा लेखेको पोखरा मीठो' । कतिपय यात्राहरू गरेपछि सकिन्छन्, गर्नु अघिका मनोस्वादमा साह्रै मीठा हुन्छन् । दृश्यको स्पर्शभन्दा भाव र कल्पनाको स्पर्श अर्थवान् हुन्छ । त्यसैले नियात्राकार पहिला भाव स्पर्शमा छन् र पछि शब्दविम्बमा । त्यो

लेखाइले त्यहाँ भौतिक रूपमा पुग्न नसक्ने कत्तिका लागि जानकारी दिनु, अक्षरका माध्यमबाट त्यहा पुऱ्याउनु, घुमाउनु; रोमाञ्चक, खुल्दुली, डर, ज्ञास, खुसी, दुःख सबै आफै बताएर पाठकलाई समानुभूतिमा पुऱ्याउनु यात्रा साहित्य सर्जकको गुण हो, यसो गर्न नसके यात्रा भए पनि यात्रा साहित्य जन्मन सक्दैन, जन्मे पनि अभिष्टमा पुग्दैन । धेरैजसो यात्राकारहरू स्थान उठाउँछन्, दृश्य उठाउछन्, अनुभूति र संवेग उठाउन सक्दैनन् । जीवा लामिछाने भने यस्ता थोरै नियात्राकारमा पर्दछन् जसले नियात्रा पढ्दा पाठकलाई सादृश्यिक सापेक्ष्यता र संवेग सहानुभूतिमा पुऱ्याउने सामर्थ्य राख्दछ, जस्तो कि उनले स्नोप्लन्जिङ गर्न लाग्दा स्वयम् पाठक त्यही खतरा मोलिरहेको अनुभूति गर्दछ । यसका लागि उनको यात्रा मात्र पर्याप्त थिएन, यात्रा र गन्तव्यका विषयमा अग्रजानकारी, अध्ययन, अनुमान, यत्रापछिका उब्जेका प्रतिक्रिया पनि उत्तिकै पृष्ठकारक बनेका छन् । यात्रापछि यात्रा वर्णन लेख्छु भन्ने मानसिक तयारी पनि थियो । त्यसैले अनुमान, अनुभूति र बुझाइ राखेर अक्षत अन्टार्कटिका सिर्जना भएको छ ।

अन्टार्कटिका यात्राका साहसिक घटनाहरू रोचक ढंगले पस्किएको छ । एउटा प्रसंग सबैभन्दा घतलाग्दो रूपमा प्रस्तुत छ, पोलर प्लन्ज (ध्रुवीय स्नान) । वन्स इन अ लाइफ टाइम इभेन्ट भनिएकोले त्यो अद्भुत अनुभव लिनु नियात्राकार जवर्दस्त साहस निकाल्छन् । डराएका पनि छन् । डराएरै होला प्लन्ज गरिसकेका मानिसहरूको अनुभूति गुगल गरेर लिन्छन् । फ्रष्टबाइटको प्रभाव बुझ्छन् । प्रशिक्षकका निर्देशनमा लीन हुन्छन् । प्लन्जरको संख्या घट्दै गएपछि, आफ्नो पालो नजिकिदै गर्दा झनै डराउँदै जान्छन् । प्लन्ज गरेर आएका साथीलाई सोध्छन् र डर हटाउन खोज्छन् । तलवितल परिहाले पनि ऐया आत्था गर्ने समय नै हुँदैन-द्विविधा हटाउन खोज्छन्, मन दन्हो हुनेगरी कस्न खोज्छन् । ब्रान्डनले स्वीकृति दिएपछि मनभित्रका सबै अन्तर्द्वन्द्वलाई पन्छाएर झ्वाम्म हाम फाल्छन् । प्लन्जको अद्भुत अनुभव हुन्छ । त्यो अद्वितीय अनुभवले नियात्राकारलाई सबैभन्दा रोमाञ्चित गराउँछ । साहसिक रोमाञ्च ! यो अनुभूतिलाई नियात्राकारले सविस्तार बताएका छन् । बढी नै महत्त्व दिएका छन् ।

साहसिक यात्रा गर्नेहरू समुद्रमा उच्च एड्रेनालाइन, पानीमुनि र पानी सतहका खेलहरू खेलेर रोमाञ्चित हुन्छन् । स्कुपा ड्राइभिङ, काइटसर्फिङ,

प्यारासेलिङ, कोष्टारिङ, जेटस्कीइङ, फ्लाइबोर्डिङ्, फ्रिड्राइभिङ, सीकायकिङ, विङ्फोल्डिङ गरेर अनुभव बटुल्छन् । समुद्रमा रमाउनेहरूका लागि यी खेलहरू साह्रै साहिसिक मनोरञ्जनमा पर्छन् । समुद्री मुलुकबाट नेपालजस्ता हिमाल पहाडमा आउनेहरू शिखर/पर्वत आरोहण, बन्जी जम्प, स्काइ ड्राइभ, प्याराग्लाइडिङलगायतका स्पोर्ट एभिएशनमा घत लाग्ला । सँधैभरि गर्न नसकिएका खेलहरू प्यारा हुन्छन्, नगएको ठाउँ राम्रो लाग्छ । संसारका धेरै स्थान र यात्रा घटनाका अनुभव सँगालेका नियात्राकार स्नो प्लन्ज गरेर आफू पनि रमाए, अरूलाई पनि रमाइलो बनाए । रमेश विकलले सात सूर्य एक फन्को र नीलगिरिको छायाँमा संस्कृति, भूगोल, धर्म र पुरातत्त्व बताएका थिए, जीवा लामछिनेले जैविक विविधता, मौन प्रकृति, सेतो पृथ्वी र पेन्गुइन, सीलहरूको वर्णन गरे । वर्णन त आखिर वर्णन नै हो, केले मन छुन्छ र कसरी बताउने भन्ने विषय चाहिँ प्रधान हो ।

जीवा लामिछानेको साविती छ - 'म अलि फरक, नौलो र असामान्य ठाउँ नै घुम्न रुचाउँछु ।' यो उनको मात्र होइन आम पर्यटकको चाहना हो । यस्तै चाहनाले फा सियन, ह्वेन साङ, मन्जुश्री, इचीङ, मार्कोपोलो, भास्कोडिगामा, जेम्स कुक, टुकेवेली, कोलम्बसहरूले सम्बन्ध, सभ्यता, संस्कृति र शासन प्रणालीलाई परिस्कृत बनाएका थिए । नयाँ स्वाद, नयाँ जानकारी र नयाँ अनुभूतिको चाहचेतले मानिसलाई यात्री बनाएको हो । यात्राले मानिसलाई गतिशील बनाएको हो । नियात्राकारको भनाइ सापट लिदा 'एक ठाउँबाट अर्को ठाउँको दौड नै मान्छेको इतिहास हो'। यात्रा मानिसको गतिशीलता हो, संस्कृतिको अन्तरघुलन र सभ्यता विकासको आधार हो । यात्राले मानिस जानकार, साहसी, संयमी र परिस्कारी बनाउँछ । यात्राले उद्दाम रहरहरू पनि सिर्जना गरेर प्रगतिमा डोऱ्याउँछ । जीवा लामिछाने अलि साहसिक यात्रामा रमाउँछन् । सी ह्वाट अदर्स डोन्ट शायद उनको अन्तरचेतमा छ । त्यो नै अन्टार्कटिका यात्राको वास्तविक थीम (आदर्श अभीष्ट) थियो । यात्रा पर्यटनलाई प्राचीन समयदेखि जोड्छन् पनि । उनले यात्रा पर्यटन भने पनि उनी आफैचाही अन्वेषण यात्रा, संस्कृति यात्रा र प्रकृति यात्रा गर्दछन् । अतीतको यात्रा गर्छन्, इतिहास, भूगोल र अन्वेषणमूलक वृत्तचित्रको यात्रा गरेपछि मात्र गन्तव्यको यात्रा थाल्छन् ।

अक्षत अन्टार्कटिकाले नियात्राका साथ खोजी र अन्वेषणको पोया खोल्छ ।

नियात्राअघि नियात्राकार मार्कोपोलो र जेम्स कूक पढ्छन् । पढ्न त इतिहास वा अतीतलाई पढेका हुन्, तर खोजकर्ता यात्रीसँग अन्तरमनको संवाद गर्दछन् । त्यो खोजले, त्यो जोखिमयुक्त यात्राले भविष्यको व्यापार, बजार, कलकारखाना, अर्थतन्त्र र उद्योगको आधार दिएको छ । अझ भनौं सभ्यता र संस्कृतिको क्षितिज उघारेको छ । मानवीय गतिशीलताको साहसिला यात्रा नभएको भए संसार आजको ग्यालेटिक अन्वेषणमा कहाँ पुग्थ्यो र ? मार्कोपालोसंगको संवादमा उनले दिएका उत्तर साहसिक यात्राको अभीष्टको आधार त हो नै, त्योभन्दा बढी कैयन अन्वेषणको सूक्ष्म संकेत हो ।

नियात्राकारको अतीत यात्राले पाठकलाई बताइदिन्छ कि १६१३ देखि १७८५ सम्मको अवधि ग्राण्ड टुर एरा थियो । मार्कोपोलोले सिल्करोड हुँदै २४ बर्ष यात्रामा चीनी सभ्यताका तथ्य-रहस्यहरू बाँकी विश्वलाई बाँडेका थिए । जेम्स कुकले न्यूजिल्याण्ड र अष्ट्रेलियाको चित्राङ्कन गरी बेलायती शासन विस्तारलाई सहज बनाए, अन्टार्कटिका वृत्त काटे, हवाई टापु पुगे । खोज यात्राकै क्रममा आफ्नो जहाज मर्मत गर्न लाग्दा कुकको हत्या भएको थियो । यो इतिहास पढ्दा खोजयात्रा कति जोखिमपूर्ण र भयानक थियो भन्ने अनुमान गर्न सकिन्छ । अझ कति जोखिमका कुरा, विपद् र क्षतिका कुराको रहस्य खोलिन बाँकी नै होलान् । उनले चिनीया खोजकर्ता झेङ ही, अन्य यात्रीहरू क्रिष्ठोफर कोलम्वस, भास्को डि गामाका प्रसंग उठाएर यात्रीहरूलाई पढ्न, अतीत बुझ्न र नियात्राकारलाई गहन बन्न, सुसूचित हुन आग्रह गरेका छन् । यो आग्रह पाठकलाई मात्र होइन, नियात्रा साहित्य लेखक भन्नेहरूलाई गहिरिएर, खोजेर सत्यतथ्य उघार्न परोक्ष चुनौती दिएका छन् । स्थानलाई सामान्य अवलोकन गरेर लेखिएर मात्र नियात्रा अन्तर्यमा भिज्न सक्दैन । उनले अन्टार्कटिकाका सम्बन्धमा अनेकन अध्ययन गरेर मात्र अक्षत अन्टार्कटिका लेखेका छन् । अमेरिकी ह्वेल व्यापारी नथानियल वी पाल्माले १८२०मा यसलाई पत्ता लगाएका रहेछन् (भनाइमा बहस छ), त्यहाँ पदचाप राख्ने पहिलो नेपाली भूवनसिंह विश्वकर्मा (बाग्लुङका भारतीय गोर्खा सैनिक) लाई खुसीका साथ प्रस्तुत गरेका छन् । को महिला पहिला त्यहाँ पुगिन्, त्यस भेगमा जन्मने पहिलो व्यक्ति को थिए भन्ने अन्वेषण गरिएकाले अक्षत अर्न्टाकटिका खोजको कृति जस्तो देखिएको छ । तर 'हजारौं पानी जहाज डुवेपछि र हजारौँ नाविकको मृत्युपछि पृथ्वीको सबैभन्दा दक्षिणी

भूभागबारे संसारलाई थाहा भएको थियो' । यी सत्य पत्ता नलागेसम्म अन्टार्कटिका रहस्य,जिज्ञासा, डर, विश्वास र शंकाको अद्भुत फ्युजनको रूपमा हुर्किरहेयो । नियात्राले अन्टार्कटिकाका विषयमा धेरै रहस्य खोलिदिएको छ, जिज्ञासा उघारिदिएको छ ।

नियात्राकार आफ्नो गन्तव्यको यति प्रशंसा गर्छन् कि त्यसो गर्न आफूसंग शब्द नपुग्दा अरूको शब्द प्रशस्तिलाई साथ लिन्छन् । इन द वाइल्डका लेखक क्राकाबरको भनाइसंग सहमत हुँदै अन्टर्कटिका लागि अद्भुत, विचित्र, अकल्पनीय, अतिसुन्दर, व्याख्यातीत, जादुमयी, मनमोहक चित्ताकर्षक भनेर प्रशंसा गरेपछि पाठकहरू त्यहाँ पुग्न कति लोभिन्छन् होला ? पुग्न नसक्नेका लागि यही पुस्तक पढेर आनन्दित हुनुको विकल्पबाहेक के रह्यो र ? त्यति प्रशंसाले पनि लेखकको धित मर्दैन र भन्छन् 'अन्टार्कटिकालाई स्पर्श गरिसकेपछि थाहा हुन्छ त्यहाँको समग्र विविधतालाई कुनै शब्दमा समेट्न सकिदैन ।' यति भनेर पनि अघाउँदैनन् र एण्ड्रु जेन्टनको शब्द लिएर भन्छन् 'अन्टार्कटिका संगीत हुन्थ्यो भने त्यो शायद मोजार्ट हुन्थ्यो । कला भएको भए माइकल एजेलो र साहित्य भएको भए शेक्सपियर हुन्थ्यो ।' पाठकहरू कल्पनामा थप्दा हुन्, उचाइ भएको सगरमाथा हुन्थ्यो, प्राचीन ज्ञानभूमि भएको भए हिमवत्खण्ड हुन्थो आदि । तर त्यहाँ पुगेपछि नियात्राकारलाई त्योभन्दा माथिल्लो सिर्जना लाग्यो । तब न पाठकले अक्षत अन्टार्कटिका पाए । प्रत्येक नियात्राकार आफ्ना गन्तव्यको स्पर्शमा यसरी नै फुर्नुपर्छ, गहिरिनुपर्छ, रमिनुपर्छ, मुक्त हुनुपर्छ । यो नियात्राकारहरूका लागि मौन चुनौती नै हो । यस्ता काव्यिक चुनौतीले सिर्जनात्मक तनाव दिएर सिर्जनालाई आविष्कारको कोटिमा पुऱ्याइदिन्छ ।

अक्षत अन्टार्कटिका पढेपछि धेरैलाई थाहा हुन्छ अन्टार्कटिका पृथ्वीको साझा भाग हो । भूगोलहरूमा शासकहरूको लोभदृष्टि किन नपरेको होला ? किन यो भूमि शासकीय रूपमा अक्षत रह्यो होला ? आजभोलि अन्तरिक्ष उपनिवेशको यात्रा शुरू भैसक्यो । १९५९ को सन्धिअनुसार यो महादेश पूरै नै विज्ञानसम्बन्धी शोध अध्ययनका लागि साझा घर हो । यहाँ बसेर वैज्ञानिकहरू भौगर्भिक-टेक्नोटिक, मायोमेडिकल, जुलोकीकल, कस्मिक, ग्लासियोलोजिकल अध्ययन गरिरहेका छन् । खोज अन्वेषणमा चाख राख्ने

यात्रुहरूका लागि त्यहाँको यात्रा सर्वाधिक विशिष्ट हुन्छ । तर अन्टार्कटिकाको महत्त्वका लागि निर्वाध पर्यटक यात्रा गराउनु ठीक नभएको चिन्ता पनि नियात्राकारमा छ । ह्वेल, सिलहरूको विनाशमा उनीहरू भएर नियात्राकार बोल्छन् 'मीट अस, डन्ट इट अस' (हामीलाई भेट तर हामीलाई नमेट) ।

अन्टार्कटिकाका स्वरूप र रहस्यलाई शब्दशिल्पमा भावना मिसाएर नियात्राकार भन्छन् 'अन्टार्कटिका यस्तो ठाउँ हो, जहाँ समय र स्थानको अर्थ छैन । कुनै पनि टायम जोनबाट यो माथि छ । यो साझा संसार हो । यहाँ जीवनको हरेक पल अदृश्य र विशाल छ ।' 'अँध्यारोको बेला त्यहाँको आकाशमा रंगका प्रकाशको संयोजनले अरोरा देखिन्थ्यो ।' अन्टार्कटिकालाई बताउन शब्द शक्तिको, शिल्प सौन्दर्यको जति जोहो गरे पनि अझै अपुग भएजसरी वर्णनले पाठकलाई स्वयम् विवेचित-दृश्यित हुने स्पेश कृतिले दिएको छ ।

नियात्राकारमा प्रकृति र यात्रालाई वर्णन गर्ने छुट्टै शैली छ । ब्राण्डनले भने झै पेन्गुइनलाई आदर्श प्राणीका रूपमा चित्रिण गर्दछन् । उनीहरू विस्तारै हिड्छन्, यात्रामा उनीहरूलाई कुनै हतारो छैन, हतारिनु पनि हुन्न, पुग्ने हतारोले यात्रा छुट्न सक्छ । तर प्रयास भने निरन्तर चाहिन्छ । शायद पेन्गुइनको आदर्शले दिएको शिक्षा यही होला ।

अन्टार्कटिका वर्णनमा दुई जीवको अलि खुलेर उल्लेख गरिएको छ । यी दुई जीवको सुन्दर वर्णनले जीव विज्ञान र जीवन चक्रका नखुलेका रहस्यहरू उद्घाटित भएर पाठक रोमाञ्चित हुन्छन् । यी दुईको चरित्र चित्रणमा धेरै असमानता छ, समानता केवल दुवै जीव ढिला छन् । त्यसैले प्रकृतिले पनि त्यहाँको सर्भाइभलका लागि यिनैलाई रोजेको होला । अरू धरै कुराहरू फरक छन् । पेन्गुइनलाई प्रेम गर्न एउटी पोथी भए पुग्छ, सिललई धेरै पोथीसंगको संसर्ग चाहिन्छ । सिल पुन्गुइनलाई आहार बनाउँछ, विचारा पेन्गुइन त्यसो किन गर्नसक्थ्यो ? पोथी पेन्गुइनले अण्डा पारेपछि त्यसलाई न्यानो र सुरक्षित पार्ने जिम्मेवारी भाले पेन्गुइनको हो । पोथीको अनुस्थितिमा भालेहरू अण्ड कोरल्ने गर्छन् । मिलीजुली मातृव्यहार थोरै जीवहरूमा पाइन्छ, अन्टर्कटिकाको जटिल प्रकृतिले यस्तो व्यवहार मागेको होला । जटिल प्रकृतिमा पनि पेन्गुइन असुरक्षित छ, उनीहरूको शत्रु स्कुवाबाट बच्न पेन्गुइनहरू अल्पनिद्रामा रहन्छन् । वास्तवमा जीवन संघर्ष, बाँचुनको संघर्ष,

जीवन चक्रका कठिन परिस्थितिहरू अन्टार्कटिकामा पनि छिपेर रहेको छ । मानव पदचाप परेपछि, ह्वेलको व्यापारपछि मानिस नै खतरा बनेर देखिएका छन् । ह्युमन फुटप्रिन्टले जीवहरू अतिक्रमित छन् । सर्वश्रेष्ठ भैकन पनि मानिसले त्यो श्रेष्ठता कायम गर्न सकेको छैन, सबैभन्दा खतरनाक/संहारक जीव नै मानिस बनेको छ । प्रकृति, पर्यावरण, पारिस्थितिक प्रणालीप्रति अक्षत अन्टार्कटिकाको चिन्ता छ । जे जति अक्षत रह्यो त्यति नै स्वच्छ र पवित्र रहने । तर मानव दृष्टि नपरे त्यो स्वच्छताको स्वाद कसले लिने ? यो मौन प्रश्न उठाएर यात्रामा संयमित सावधानी अपनाउन नियात्राकार लामिछानेले संकेत गरेका छन् । र सन्देश दिन्छन्, विश्वास गर्नुहोस, सबैभन्दा खराव अनुभव पनि लामो समयपछि सबैभन्दा राम्रो संझना बनिदिन्छ । यात्रा भनेको नयाँ ठाउँ हेर्नु मात्र होइन, नयाँ परिवेश र नयाँ विचारहरूको खोजी गर्नु पनि हो । हरेक देशमा यस्ता ठाउँ छन्, जसले तपाईलाई शब्दहीन बनाइदिन्छ । त्यो नै यात्राको सौन्दर्य हो ।

ब्यारी लोपेजको आर्कटिक ड्रिम र जीवा लामिछनेको अक्षत अन्टार्कटिकाले एकै प्रकारको रहस्य, कौतुहल र साहस दिन्छ । पहिलोले सुदूर उत्तरका बहुआयामिक आश्चर्यको अन्वेषण गर्दछ; अनौठा रूपमा स्तब्ध वनहरू, मनमोहक अरोरा बोरेलिस, जमेका समुद्रहरूलाई देखाउछ । दोस्रोले सुदूर दक्षिणको अर्न्टाकटिका, त्यहाँको मौन आकाश, सेतै जमेको समुद्र, समयहीन सुन्दरता र प्रकाश संयोजनले सिर्जना गरेका रंग अरोरा देखाउँछ । लोपेज आर्कटिक यात्रामा जानु अघिका सपना, अनुमान र त्यहाँको साहसिक भ्रमणको चित्रात्मक लेखा प्रस्तुत गर्दछन् । लामिछाने पनि यात्राअगिका कल्पना, यात्राको व्यग्र चाह, रहस्य र यात्रापछि वास्तविकता र साहसिक अनुभवलाई विचार लेपका साथ प्रस्तुत गरेका छन् । लामिछाने र लापेज प्रकृति र भावनालाई समागम गरेर दृश्य टिप्छन् र पाठकलाई अद्भूत रोमञ्चमा पुऱ्याउँछन् । दुबैका अनुभवहरू अद्भुत छन्, दुबैका यात्रा अनौठा छन् ।

यी दुबै यात्राको वर्णन सिल्भा लेभी र टोनी हागेनका नेपाल भ्रमण जस्तै कथा हुन्, फरक कति भने लामिछाने र लोपेज अनुभव, कल्पना र तथ्यको रोमाञ्चक प्रस्तुति गर्दछन्, तर लेभी र हागेन तथ्यलाई भाव नमिसाई एउटा

सिलसिलमा प्रस्तुत गर्दछन् । नियात्रा भन्दैमा यसले न मार्क ट्वीनको 'हक्कलवरी फिन' जसरी आख्यानीकरण पाउनुहुन्छ न एजिबेथ गिल्वर्टको 'इट, प्रे लभ : वन ओमन्स सर्च फर एभ्रिथिङ' जस्तो आत्मकथात्मकतामा मात्र रमाउनुहुन्छ । न अलेक्सी डे टुकेभेलीको 'डेमोक्रसी इन अमेरिका' जस्तो वैचारिक विश्लेणमा नै पोतिनुहुन्छ भन्ने सावधानी लामिछनेले अक्षत अन्टार्कटिकामा राखेका छन् । विधामा स्रष्टा धेरै कुराबाट बचेर त्यही विधाको पवित्रता कायम गर्नुपर्छ । बरू तेञ्जिङ शेर्पा र एडमण्ड हिलारीको सगरमाथा आरोहण र नील आर्मस्ट्रङको चन्द्र अन्वेषणका साहसिक कथालाई जसरी साहित्यिक शब्दशिल्पमा देखाइएको छ । नियात्रामा दृश्य मात्र होइन, दृष्टि पनि छ, साहस मात्र होइन साहित्य पनि छ, शब्दभित्र स्वर र सौन्दर्य पनि छ । फेरि पनि भुल्न नहुने कुरा यो यात्रा मात्र होइन अन्वेषण पनि हो । यसले ज्ञानको भोक, अन्वेषणको कौतुहल र स्थानको चिनारी एकसाथ दिएको छ (@mainaligopi)

-मैनाली निवास, शङ्खमूल
साउने सक्रान्ति, २०८३

ooo

किरण पुस्तकालय तम्घास, गुल्मीलाई आफ्ना गाउँपालिका र नगरपालिकाबाट प्रकाशित सबै प्रकारका राजपत्र, योजना पुस्तिका, पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य प्रकाशनहरू उपलब्ध गराइदिई सहयोग गर्नुहुन अनुरोध छ ।

किरण पुस्तकालय

तम्घास, गुल्मी ।

कविता

जुटौं है सहकार्यमा



✍रुद्र ज्ञवाली

समान चाहना साझा लक्ष्य उद्येश्य साथमा
यै सहकार्य हो बुझ्नु सहकारी यथार्थमा
सबै सदस्यको हुन्छ समान सहभागिता
भने आपसमा त्यै हो विशुद्ध सहकारिता

यो सहकार्य हो यस्मा हुन्छन् निर्णय जे जति
पारदर्शी सबै हुन्छन् गरेर सर्वसम्मति
मताधिकार यौटै छ हुन्नन् कोई ठूला बडा
सदस्य यसका हुन्छन् समान अधिकारका

सबै सदस्यले जम्मा गर्छन् बचतमा धन
लिन्छन् रिन स्वयं आफै पर्दा संकटको क्षण
आफै साहू र आसामी आफै आफ्नो प्रवर्तक
परे आपत त्यो बेला सहकारी छ सेवक

गर्नु बचत काटेर खर्च पकेटका बरू
राख्नु ल्याएर खातामा भुट्की र खुत्रुकेहरू
पाइन्छ ब्याज अफ्ठ्यारो पर्दा त्यो काम लाग्दछ
गरे उद्योग व्यापार भाग्य निश्चय जाग्दछ

गरे फजुलमा खर्च पछि परिन्छ मारमा
पैसा चाहिन्छ शिक्षा र ओखति उपचारमा
नगर्नु है जथाभावी खर्च ऐले हतारमा
सहारा बन्छ त्यो भोलि आफ्नै बुढेसकालमा

बैंक बैंकर्स के भन्नु यी नौला जिमिदार हुन्
जिम्माल मुखियाका यी नवीन अवतार हुन्
आफू मोटाउँछन् कर्जादारको प्राण हर्दछन्
ब्याजको ब्याज हर्जाना भन्दै शोषण गर्दछन्

सहकारी हुँदै हैन फाइनान्स र बैकभैं
हुन्छन् पृथक सेवा र कामका तरिका सबै
हैन है सहकारीको लक्ष्य धेरै कमाउने
लक्ष्य हो सहकारीको सेवा भाव बढाउने

राष्ट्र निर्माणमा नौलो गोरेटो यसले खनोस्
दुःखमा सहकारी यो सहारा सबको बनोस्
नताकी मुख अर्काको मिलाई हात हातमा
नयाँ नेपालको निम्ति जुटौं है सहकार्यमा

- भैरहवा

किरण पुस्तकालय
प्रकाशनमालाको
२१औं पुष्प
डा. हरिराज भट्टराईद्वारा
लिखित उपन्यास
"सन्त प्रेमी"
एक पटक अवश्य पढ्नुहोस्



अनूदित कविता

पुष्पदन्ताचार्यकृत
शिवमहिम्न : स्तोत्रको नेपाली भावानुवाद



✍कृष्णप्रसाद कोइराला

(संस्कृतको विशाल स्तोत्र साहित्य भण्डारमा गन्धर्वराज पुष्पदन्ताचार्यकृत शिव महिम्न : स्तोत्रको स्थान सर्वोपरि छ । यसमा भगवान् शिवको निर्गुण-सगुण दुवै स्वरूपको महिमा गाइएको छ । गहिरो भाव, दार्शनिक बिम्ब र साहित्यिक छटाले युक्त यो स्तोत्रको भाषिक संरचना भने अलि जटिल छ । त्यसैले उसै छन्दमा नेपालीमा यथामति अनुवाद गर्ने प्रयास गरेको छु । -अनुवादक)

नबुझ्नेले गर्दा स्तुति हजुरको तुच्छ गनिए
गरेको ब्रह्माले पनि त अब तुच्छै हुनिभए ।
नमान्नू यो आफ्नो मतिसदृश गर्दा अनुचित
यसैले शम्भो ! यो स्तुति पनि त होला नि उचित ॥

(१)

नखाम्नाले जस्को अगम महिमा शब्द मनले
इशारामा चल्छन् श्रुति पनि निषेधादि विधिले ।
गुणातीतात्माको स्तुति नहुन सक्ला पनि तर
गुणत्मामा कस्को मन वचन गर्दैन रहर ? ।

(२)

सुधा जस्तो मीठो श्रुतिवचन रच्ने ति विधिले
रचेको वाणी के हजुरकन गर्ला र चकित ? ।
म ता आफ्नो वाणी गुण हजुरका गायन गरी
पवित्रै होस् ठानी स्तुति हजुरको गर्छु रचित ॥

(३)

त्रयीविद्याव्यापी त्रिगुणबलले भिन्न तनुमा
रहेकै हो सृष्टि स्थिति लय दिने ईश्वरपना ।
त्यसैलाई केही हतमति कुतर्कादिक गरी
आलाप्छन् व्यर्थैमा कटु पनि मिठो झैं गरिगरी ॥

(४)

विधाता के चेष्टा कुन तन उपायादिक लिई
तथा केमा यस्ता भुवनहरू रच्छन् भनिभनी ।
अहो ! त्यो ईशात्माकन पनि कुनै ती हतमति
गरी शंका नाना जगत विच छर्छन् भ्रम पनि ॥

(५)

अजन्मा हुन्छन् के तनुधरहरू यो जगतमा
हजुर्लाई छाडी जगत अरूमा टिक्छ कसमा ? ।
विना ईशात्मा को जगत रचनामा छ निपुण ?
गरी शंका नाना तर अबुझ बन्छन् ति भ्रमित ॥

(६)

त्रयी सांख्यी योगी शिवपथिक वा वैष्णवमती
सबै दाबी गर्छन् निज पथ छ राम्रो भनिभनी
अनौठा बानीका सब सरल-बाङ्गा पथ लिंदै
तिमीमा नै पुग्छन् जल उदधिमा झैं गति लिंदै ॥

(७)

बुढो गोरू खट्वापग परशु छाला अहि अनि
खरानी तिम्रा यी उपकरण छन् खप्पर पनि ।
कटाक्षैले तिम्रा अमर गण भोग्छन् सुख कति
भने के तृष्णाले स्वसुख तिमिमा लिन्छ र गति ? ॥

(८)

कुनै स्थायी भन्छन् जगत यस उल्टो कतिपय
कुनै उल्टो-सुल्टो उभय गुणले युक्त सकल ।
विवादैले यस्तो मन चकित पर्दा पनि पुन :
मुखाले बन्दै यो स्तुति विमुख भै बस्छु र किन ?

(९)

अहो अग्निज्वाला सम हजुरको स्तम्भतनुमा
हिंडे नाप्छौं भन्दै हरि तल र ब्रह्मा शिखरमा ।
नभेटी फर्केका थकित तिनको त्यो स्तुति सुनी
तिमी निस्क्यौ आफैं शिव ! विनय के हुन्न सफल ॥

(१०)

अनायासै पाई तिन भुवनको राज्य अखिल
जसै व्यर्थै मान्यो भुज सकल आफ्ना दशमुख ।
चढायो पाऊमा सकल शिर कल्पेर कमल
भयो शंभो ! तिम्रै अविचलित भक्ति प्रतिफल ॥

(११)

हजुर्कै सेवाले भुजवन धरी राक्षसवर
गरेथ्यो कैलाशै पनि जब उचाल्ने तरखर ।
हजूरैको पादाङ्गुठ जब दबेथ्यो अचलमा
पुग्यो पातालैमा खल त फँसिहाल्छन् विपदमा ॥

(१२)

थियो देवेन्द्रैको जुन विभव ऐश्वर्य अतुल
त्यसैलाई पारे भुवनपति वाणसुर तल ।
न हो आश्चर्यै यो गिरिशपद-सेवा र विनति
नदेला कस्लाई अतुल फल गर्दा शिरनति ॥

(१३)

तुरून्तै ब्रह्माण्ड- क्षय-भय हुँदा चिन्तित बनी
दया राखी देवासुरकन पिएथ्यौ विष पनि ।
डढेको त्यो घाँटी पनि शिव ! बन्यो भूषण अब
महात्मा त्राताको विकृति पनि मानिन्न अशुभ ॥

(१४)

भएनन् कैल्यै ती सुर असुरमा काम विफल
बनी फर्कन्थे ती मनविच पसी वाण सफल ।
तिमीलाई हान्दा मदन त रह्यो नाम फगत
मनोग्राही जित्ने तरखर सधै हुन्छ विफल ॥

(१५)

तिमी नाच्दा ठोक्छौं जब पयर पृथ्वी डगमग
भुजा चर्को घुम्दा ग्रहगण नि बन्छन् ति विकल ।
जटाको झारैले अमरपुर विक्षोभित हुने
जगद् रक्षा गर्नै त्रिपुरहरले ताण्डव लिने ! ॥

(१६)

नभोव्यापी तारागण छ जसको फेन सदृश
उनै गङ्गा तिम्रो शिरपतित बन्दा कणसम ।
जसै पृथ्वी ओर्ली वलय सरि बन्दै जलनिधि
जगत् टापू पार्छिन् चरित महिमा दिव्य छ कति ? ॥

(१७)

बनायौ पृथ्वीको रथ विधि बनाईकन रथी
बसाल्यौ चक्कामा विधु पनि सुमेरू धनु गरी ।
बनाएथ्यौ चक्री शर सब समर्थै भइ पनि
अहो कस्तो आडम्बर त्रिपुर हान्नैकन पनि ॥

(१८)

हजारैले गर्थे कमल-बलिले पूजन हरि
नपुग्दा यौटा त्यो निज नयन नैं अर्पण गरी ।
हजुर्को भक्ति त्यो फलित हुनगो चक्र अतुल
उनै चक्री गर्छन् भुवनकन रक्षा अनलस ॥

(१९)

तिमी जागा बस्छौ फल दिन भनी यज्ञ सकिंदा
निभेको यज्ञैले फल कसरि दिन्थ्यो तिमी विना ? ।
तिमीलाई देखी मखफल दिने यज्ञपुरुष
धरी श्रद्धा गर्छन् जनहरू डटी कर्म शुभद ॥

(२०)

प्रजास्वामी दक्ष क्रतुपति थिए कर्मकुशल
ऋषी ऋत्विक्मा थे सदसिज बनेथे सुरगण ।
तिमीले भत्कायौ मखफल दिने हौ तर पनि
अश्रद्धाले गर्दा पनि बनेथ्यो दुख दिनी ॥

(२१)

बनी कामी ब्रह्मा पनि रमण गर्ने मन गरी
मृगीरूपा छोरीकन पनि पछ्याए मृग बनी ।
तिमीले छाडेथ्यौ मृगकन ठूलो वाण जसले
नछोडेको देख्छौं नभ विच अझै सम्म त्यसले ॥

(२२)

सुरूपा भन्ठानी धनुष लिइ हान्ने रतिपति
डढेको तिन्कोभैं निज निकट देखेपछि पनि ।
शिवा आधाअंगी-नयन- विचमा स्त्रीरत तिमी
भए शंभो ! मुग्धा युवतिजन छन् खेद छ त नि !

(२३)

स्मशानैमा खेल्ने सहचर त प्रेतादिक गण
चिता भस्मालेपी मनुज -शिरमाला पहिरन ।
भलै होस् तिम्रो त्यो चरित अरूका लागि भयद
तिमीलाई भज्ने जनकन सदा छौ त वरद !

(२४)

बनी प्राणायामी मन विषयदेखी पर गरी
बनेका रोमाञ्ची प्रमदजलने लोचन भरी ।
स्वयं भित्रै देख्छन् अमृतमय त्यो तत्त्व सुखद
तिमी त्यै हौ शंभो ! मुनिजनहरू निम्ति बरद ! ॥

(२५)

तिमी नै सूर्यात्मा विधु पवन पानी र अनल
तिमी आत्मा पृथ्वी अनि पछि महाकाश पनि त ।
भलै मानून् कोही सकल यिनि छन् तत्त्व अलग
सदा मान्छौं हामी तिमी विन कुनै छैन अलग ॥

(२६)

त्रयी तीनै वृत्ति त्रिभुवन तथा तीन विबुध
अकारादि वर्णत्रय जनित छन् तीन विकृत ।
तिमी छौ चौथोमा ध्वनिमय मसीनो स्वर लिने
अखण्डी वा खण्डीकृत पनि तिमी ओं पथ लिने ॥

(२७)

भवः सर्वः रूद्रः पशुपति तथा उग्र र महान्
तथा भीमेशानद्वय सहित छौ आठ कृतिमान् ।
यिनै प्रत्येकैमा प्रविचरण गर्छन् श्रुति कति
सबैका हौ धाम प्रिय हजुरमा गर्छु प्रणति ॥

(२८)

समीपस्थैलाई नम अनि सुदूरस्थ नमन
अति क्षुद्रैलाई नम अनि महान्लाइ नमन ।
बडा बूढालाइ नम अनि युवालाइ नमन
तिमी आफै नै हौ सब अनि सबैलाई नमन ॥

(२९)

रजगुण लिने पैदा गर्दा भवाय नमोनम :
तमगुण लिने सारा हर्दा हराय नमोनम : ।
सतगुण लिने रक्षा गर्दा मृडाय नमोनम :
गुणरहित हुँदा चिद्रूपात्मा शिवाय नमोनम : ॥

(३०)

कृशतर मन मेरो क्लेशले बद्ध काहाँ
त्रिगुण रहित तिम्रो नित्य ऐश्वर्य काहाँ ।
तर चकित मलाई भक्ति लाग्दा अपार
हजुरकन चढाएँ वाक्यपुष्पोपहार ॥

(३१)

गिरिसम मसि होओस् घोलिने सिन्धु पात्र
कलम सुतरूशाखा लेखनी भूमि पत्र ।
बसिकन यदि लेखून् शारदा सर्वकाल
तर पनि गुण तिम्रा पूर्ण हुन्नन् अपार ॥

(३२)

असुर सुर सबैले पूज्य ती धूर्जटीको
ग्रथित महिमलीला निर्गुणी ईश्वरैको ।
गिरिशगणहरूमा श्रेष्ठ यो पुष्पदत्त
स्तुति रुचिर बनायो रम्य छानेर छन्द ॥

(३३)

प्रतिदिन नर जो जो सर्वथा शुद्धचित्त
शिवसित मन जोडी स्तोत्र पढ्ला पवित्र ।
बनिकन शिवलोकी रूद्र झैं पूज्य बन्ला
विभव सहित याहाँ आयु सत्कीर्ति मिल्ला ॥

(३४)

शिव झैं न कुनै देव न महिम्नसम स्तुति ।
अघोर झैं न ता मन्त्र गुरु माथि न तत्त्व छ ॥

(३५)

दीक्षा दान तथा ज्ञान तीर्थ यज्ञादि जत्ति छन् ।
महिम्न पाठको सोह्रौं कला पनि न भेट्दछन् ॥

(३६)

कुसुमदशन नामी एक गन्धर्भराज
शशिधर शिवजीको जो थियो मुख्य दास ।
शिव कुपित हुनाले जो बन्यो शक्तिहीन
स्तवन अनि बनायो भक्तिले दिव्य रम्य ॥

(३७)

सुरमुनि सबबाटै पुज्य यो मोक्षदायी
स्थिरमन जुन पढ्ला भक्तिले हात जोडी ।

शिव निकट उ पुग्ला गाइँदै कीर्तिगीत
स्तुति अचुक हुनाले पुष्पदन्तप्रणीत ॥

(३८)

छ पुण्यमय संपूर्ण स्तोत्र गन्धर्व भाषित ।
पवित्र र मनोहारी शिव ईश्वरवर्णित ॥

(३९)

कस्ता के हौ तिमी शंभो ! म त क्यै पनि जान्दिन ।
जस्ता तिमी छौ भगवन् ! त्यस्तैलाइ नमोनम : ॥

(४०)

जो पुष्पदन्त मुखपङ्कजबाट निस्क्यो
त्यो स्तोत्र भो पशुपति प्रिय पाप झस्क्यो ।
कण्ठस्थ एकमनले जुन पाठ गर्ला
त्यो भक्त भूतपतिको पनि चित्त हर्ला ॥

(४१)

यस्तो यो वाङ्मयी पूजा अर्पन्छु पाउमा भव ।
यसैले हे महादेव ! प्रसन्न हुनुहोस् शिव ! ॥


(४२)

ooo

आफ्ना साना नानी-बाबूहरूलाई
किरण पुस्तकालय
तम्घासमा लिएर गई
पढ्ने बानीको विकास गराउनुहोस् ।

समिक्षा

विचारविश्लेषणको तिख्खर स्वाद : सन्त प्रेमी



✍कपिल अज्ञात

बडा मनोयोगले बुद्धिवर्कत खियाएर पढ्नुपर्ने औपन्यासिक कृति रहेछ -डा. हरिराज भट्टराईको = सन्त प्रेमी (२०८३) । यो किरण पुस्तकालय तम्घास गुल्मीको प्रकाशकत्वमा आएको अनुपम खजना रहेछ । यो सम्पुटबाट थालनी भएर २१ अध्यायमा बुनिएको आख्यानको विशाल कृति हो । आख्यानकार डा. भट्टराईले साहित्य समाजको दर्पण हो भन्ने तथ्यलाई आफ्ना विश्लेषणात्मक भावना र विचारलाई अर्पण गरेर साबित गरिदिएका छन् । आख्यानमा पनि राजनीति , इतिहास ,भूगोल ,समाजशास्त्र , संस्कृति , दर्शन आदिको विश्लेषणात्मक समीक्षा गरेर ज्ञान र सन्देश दुवै प्रवाहित गरिएको यो उत्कृष्टतम कृति रहेछ । अक्षर र अनुभूतिसंग खेल्न खप्पिस भैसकेका डा. भट्टराईको बृहद् ज्ञान र कल्पनाको कलात्मक संश्लेषणको छटा यसमा देख्नबुझ्न सकिन्छ । हल्ला सुनेर होइन विवेकको बत्ती बालेर तथ्यसत्य साक्षात्कार भई स्वर्णिम जिन्दगी बाँच्न सकिन्छ र युगबोध गर्न सकिन्छ भन्ने यस कृतिले स्पष्ट पारेको छ ।

कृतिभित्र सामयिक राजनीतिको घनीभूत विश्लेषण छ । राजनैतिक आयामलाई यति गहिराइसंग विश्लेषण गरिएको कृति बिरलै भेटिएलान् । राजनैतिक परिपाटी दल र तिनका नेताका चरित्रको सूक्ष्म विश्लेषणले हाम्रो मनमस्तिष्कलाई झकझोर पारिदिन्छ । राजनीतिमा हुने गरेका प्रपञ्च र वञ्चनाले हामी कति निरीह बन्न पुगेका रहेछौं आफ्नो धरातल सम्झेपछि हामी आफै झस्किन पुग्छौं ।

राजनीतिलगायत सामाजिक विकृतिविसंगतिका यावत् विषयहरू यसमा वर्णित

छन् । कृति पढ्दा लाग्छ आख्यानकारमा ज्ञान र अनुभवको अथाह सागर छ । त्यो ज्ञान र अनुभवको अथाह भण्डार छ । त्यो ज्ञान र अनुभव विभिन्न पात्रसंगको संवादबाट अभिव्यक्त भएको छ । समाजका विविधपक्ष स्वरूप शैली आदिमा भएका यावत् विकृतिहरूप्रति प्रकाश पारिएको देखिन्छ । यसमा यौनका सन्दर्भ प्रसंगहरू पनि प्रशस्त आएका छन् । संस्कृतनिष्ठ विशिष्ट शब्दको प्रयोग गरेर यौनका अनेक भाव र मुद्राहरूको चित्रण गरिएको छ । यौनविषयक अनेक जानकारी भेटिन्छन् । यौन पनि शिष्ट शालीन र मर्यादायुक्त शैलीमा अति घनीभूत रूपमा चित्रण गरिएको छ । त्यसको अभिव्यक्ति छटा प्रयुक्त शब्दावलि र उक्ति वैदग्ध्यले पनि हामीलाई चकित पार्दछ ।

सन्त प्रेमी भट्टराईको बाह्रौं कृतिहरूमा आठौं आख्यानात्मक कृतिमध्येको यो एक रहेछ । साहित्यमा उत्कृष्टस्तरका एक दर्जन कृति आउनु सामान्य कुरा होइन ।

त्यसमा पनि आख्यानयुक्त आठ कृतिले आख्यान स्रष्टाको विशिष्टता बोध गराउँछ । यसले नेपाली आख्यान साहित्यमा विशिष्ट स्थान रहेको बुझ्न सकिन्छ । नेपाली राजनीति प्रयोगको रूपमा रहेको र देश प्रयोगशाला भएका गूढरहस्यहरू पनि यसमा वर्णित छन् । सिद्धान्तका नाममा भएगरेका आडम्बरमय वृत्तिलाई पनि निरपेक्ष ढङ्गबाट विश्लेषण गरिएको छ । व्यवस्था बुझ्न दल र नेताका गतिविधि र चरित्र बुझ्न यो निकै उपयोगी हुने देखिन्छ । यसमा पुस्तकालयका उपयोगिता र महत्त्वका प्रसङ्ग पनि आएका छन् । यसमा पुस्तकालयलाई सच्चा गुरु पुस्तकलाई असल मित्रको रूपमा पनि हेरिएको छ । नेपालमा के कस्ता पुस्तकालय के कति महत्त्वका छन् को कति पुस्तकप्रेमी छन् तिनको परिचयात्मक जानकारी पनि औपन्यासिक वर्णनका क्रममा बुझ्न सकिन्छ । उर्ध्वचेता सन्तको चरित्रमा केन्द्रित रहेको यस उपन्यासको परिवेश हिमाली संस्कृति रहेको छ ।

उपन्यास पढ्दै जाँदा आख्यानकार प्रजातन्त्रप्रेमी देखिन्छन् । तर राजनैतिक परिदृश्यमा देखा परेका प्रमुख पात्रका दोष गुणलाई निरपेक्ष ढङ्गले विश्लेषण गरेका छन् । उनका तर्क र विश्लेषणमा यति सत्यता र सटीकता छ त्यसमा खण्डन गर्न सकिने स्थिति नै छैन । उनका कथ्यलाई मौन रूपमा बुझ्दै र सहमति जनाउँदै जानुपर्ने स्थिति हुन्छ । उनी तटस्थ भै ब्रह्मविवेकले

ठम्याएर प्रस्तुत भएका तथ्यसत्यहरू उजागर भएकाले कृतिको गुरुत्व र गरिमामा अभिवृद्धि भएको मान्न सकिन्छ । आख्यानका माध्यमबाट युगबोधी परिदृश्य छर्लङ्गसंग आएकाले कृतिमा निहित धनात्मक पक्षबाट पाठक अत्यन्त लाभान्वित हुन पुग्दछ र आख्यानकारप्रति अनुगृहीत बन्न पुग्दछ । एक सच्चा र उत्कृष्ट आख्यानकारको रूपमा उनको जति प्रशंसा गरे पनि कमै होला भन्ने लाग्दछ । आख्यानात्मक आस्वादनभन्दा पनि विचारविश्लेषणको तिख्खर स्वाद, स्वैरकल्पनाको अद्भुत प्रस्तुतिले अनौठो संसारसंग साक्षात्कार गराउँछन् । यसले पाठकीय अनुभवको क्षितिज समृद्ध हुन पुगेको अनुभव गर्न सकिन्छ ।

नेपालको राजनैतिक अवस्था र परिवर्तनको कारण बुझ्न यसै कृतिको नवौं अध्याय कन्दराकक्ष महत्त्वपूर्ण रहेको बुझ्न सकिन्छ । राजनीतिमा लागेकाहरू राष्ट्रसेवक हुनुको सट्टा व्यापारी भए । चुनावी भन्याङ चढेर सत्तामा आए सिद्धान्त विचार र आदर्श मार्ग छोडी गठबन्धन गरेर आलोपालो आफ्नै स्वार्थ र लाभमा केन्द्रित भए । तिनले देश र जनताको भविष्य हेरेनन् । तिनले राजनैतिक खुपियासंग साँठगाँठ गरेर नदीनाला बेचे, कलकारखाना बेचे, साँधसिमाना मिच्दा चुप लागे, खानी बेचे, स्रोतसाधन बेचे, इमान, नैतिकता र स्वाभिमान बेचे, राजनैतिक अपचलन गरे, सांस्कृतिक विचलन गरे । यिनै बेथिति विसंगति र विकृतिका विरूद्ध नेपाली युवा जागृत भए, गाउँगाउँबाट उठे, बस्तीबस्तीबाट उठे, राष्ट्रिय स्वाभिमान र अस्तित्वका खातिर यो परिवर्तन भयो । युवा नेतृत्व उभ्रेर आयो । बालेन सुदनहरू सत्तामा देखिनु यही प्रयोजन हो भन्दै तर्क र विश्लेषणले त्यसको औचित्य पुष्टि गरेका छन् । प्रकान्तरबाट सन्त प्रेमी र सिद्ध योगीहरूले यो राष्ट्रको गरिमा बचाएको कुरा पनि यसमा उल्लेख गरेका छन् । उपन्यास पढ्दा भ्रम र छलहरूबाट हाम्रो होश खुलाउने काम गरेको छ । उत्तिष्ठत जाग्रत प्राप्यवरान्निबोधतः को उक्ति चरितार्थ पारेको छ । चिन्तन, विचार, खोजले समृद्ध आख्यानकारका रूपमा डा. भट्टराई धन्य छन् ।

कृतिभित्र लेखक राजावादी देखिएका छन् । राजालाई साझा राष्ट्रिय एकताका प्रतीक मान्दै उनी भन्छन् - राजालाई एकताको प्रतीक मानौं , हाम्रो छाता ठानौं र संस्कृति र स्वस्थ परम्पराको रक्षक मानौं । देशको अव्यवस्था र अराजकतालाई हेरेर उनको यो निजी दृष्टिकोण मुखरित भएको देखिन्छ ।

उनको यो विचारप्रति पाठक वर्ग वा समीक्षक सहमत हुनै पर्छ भन्ने छैन । राजाकै कारण प्रजातन्त्रमा आघात पुगेको इतिहास साक्षी छ । राजसंस्था खर्चिलो पनि छ । जतिबेला माध्यमिक शिक्षकको तलब तीनचारसय हुन्थ्यो त्यतिबेला राजपरिवारका सदस्यको तलब तीन लाख थियो । त्यस्तै भाइभारदारहरूको पनि ठूलो तलब थियो । त्यो सेतो हात्ती पालेभैँ हो भन्ने सबैले महसुस पनि गरेका थिए । राजाकै आडमा भाइभारदारहरूले अनेक कुकृत्य गरेका पनि अनेक दृष्टान्त छन् । कानुनी राजको सर्वोपरिता नै अहिलेको आवश्यकता हो । शाहराज हुँदैमा सबै विधिसम्मत हुन्छन् भन्ने छैन । हुन त शाहराजभन्दा नेताराज वा गणराजमा भ्रष्टाचार अधिक मौलाएको अवस्था छ

अहिलेको युगमा विधिसम्मत शासकीय व्यवस्था नै श्रेयस्कर छ । राष्ट्रिय एकताको निम्ति राजसंस्था अति नै आवश्यक देखिएमा अस्वीकार्य गर्नुपर्छ भन्ने पनि होइन । जे होस् आख्यानकारले उब्जाएका विधिसम्मत तर्कहरू उल्लेखनीय र मननीय रहेका छन् ।

अन्तमा दुई मुक्तकले यसको कथ्य वा उद्देश्यमाथि प्रकाश पार्दछन् जस्तै :

उत्तर दक्षिणतिरका खुपियाका खुबै आसमा छन्
पुनर्मुषिको भव भएका बाघ हुने प्रयासमा छन्
बडा होसियारसंग कदम चाल ए बाले सरकार
जनता तेरै इमान र नैतिकताको विश्वासमा छन् ॥

उधिन्दै गरेका विशाल खानी पनि बेच्न सक्छन्
हिमाली क्षेत्रका कञ्चन पानी पनि बेच्न सक्छन्
व्यापारीहरूका हातमा सत्ता सुम्पिदै गएपछि
समस्त युवावर्गका जवानी पनि बेच्न सक्छन् ॥

उपन्यासमा वर्णनको उत्कृष्टता छ । प्रस्तुतिको कलात्मक स संश्लिष्टता छ । प्रकृति, परिवेश, संस्कृति र सामयिक युगकथनमा बौद्धिकता र विद्वत्ता छ । विषयमा विविधता छ । शैली संकथनमा पनि सुसंस्कृतता छ । विषयगत ज्ञान, गहन अध्ययन र अनुभवको पृष्ठभूमिबाट औपन्यासिक सृजना गरिएको स्पष्ट हुन्छ । तर विषयलाई सरस आस्वाद्य तुल्याउन यौन प्रसङ्गहरू पनि

समाविष्ट छन् । विषय आफैमा ऊर्जाप्रद, प्रेरणाप्रद र ज्ञानप्रद पनि छ तर पढ्दा उत्कट उत्सुकता सृजित हुँदैन । कारण के होला विचारणीय छ । परिवेश र संवादको अतिशय वर्णनले उत्सुकता जीवन्त राख्ने मूलतन्तु छुटेजस्तो लाग्छ । पाठकले त्यो पक्रिन सकेको हुँदैन । मानूँ वाद्यवादनको एकतन्तु छुटेको छ । स्वैरकल्पना पनि अधिक भित्रिएको छ । आख्यान द्वन्द्व र तर्कको उहापोहभन्दा अक्षर र अनुभूतिसंग अधिक खेल्ने प्रवृत्तिले कौतूहल पक्ष बढी ऋणात्मक हुन पुगेको छ । जे होस् विचारप्रधान यो उपन्यासको उत्कृष्ट कलात्मक प्रस्तुतिलाई मान्नै पर्ने स्थिति आउँछ, अस्तु

०००

किरण पुस्तकालय र हाम्रो पुरुषार्थको आजीवन सदस्य र ग्राहक बन्न चाहने व्यक्तिहरूले क्रमशः रु. १०,०००/- र रु. ५,०००/- गरी जम्मा रु. १५ हजार

रा. वा. बैंक गुल्मीमा रहेको किरण पुस्तकालयको

च.हि.नं. : ३०१०१००३४२७८७००१ खातामा पठाई पुस्तकालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

किरण पुस्तकालय
गुल्मी

समीक्षा

'कालध्वनि' मुक्तकसङ्ग्रहको समीक्षा

✍चरित्रा शाह



नेपाली मुक्तक, गजल तथा नियात्रा लेखनको क्षेत्रमा खगेन्द्र गिरि "कोपिला" को नाम अग्रपंक्तिमा आउँछ । यो नाम नेपाली साहित्यको क्षेत्रमा कुनै नयाँ नाम होइन । आजको समयसम्म आइपुग्दा उहाँका उस्तै उस्तै नदीका उस्तै उस्तै छालहरू (संयुक्त गजल-सङ्ग्रह), व्यग्र चाँदनी, राग वसुन्धरा र अश्रुअर्घ (गजल-सङ्ग्रह), डुबे पनि डुब्दैन घाम, आफ्नै छाल आफ्नै किनारा, अस्वीकृत रहर र कालध्वनि (मुक्तक-सङ्ग्रह), लहरलहर गन्दै, अतीत आमन्त्रण, ऋतुदर्शन र महामुनिका पदचापजस्ता चारवटा नियात्रासङ्ग्रह र गजल सञ्चेतना सन्निधि र मधु प्रदक्षिणा दुईवटा समालोचना गरी जम्माजम्मी चौधवटा साहित्यिक कृति प्रकाशित भइसकेका छन् । कालध्वनि २०८० साल चैतमा प्रकाशित मुक्तक विधाको कृति हो । यस कृतिमा जम्मा २९९ वटा मुक्तकहरू रहेका छन् भने ८० पृष्ठको बाह्य संरचना रहेको छ ।

यस समीक्षामा मुक्तककार खगेन्द्र गिरि "कोपिला"को मुक्तक-सङ्ग्रह कालध्वनिलाई विश्लेष्य विषयको आधार मानेर शक्ति, सामर्थ्य र सीमाहरूलाई प्रस्तुत गरिएको छ ।

मुक्तक कविता विधाको लघुतम रूप हो । भाव वा विचार, भाषाशैली, लय र संरचना मुक्तकका प्रमुख उपकरणहरू हुन् । यिनै उपकरणहरूको आधारमा कालध्वनिमा सङ्गृहीत मुक्तकहरूको विश्लेषण गरिएको छ ।

प्रस्तुत मुक्तकसङ्ग्रहमा सङ्गृहीत विषयगत विविधता पाइन्छ । नीति छन्, अनुभूति छन् र जीवन जगत्प्रतिका आफ्नै दृष्टि छन् । परम्परागत

विषयलाई नवीन शैलीमा व्यक्त गर्ने आफ्नै विधि र प्रविधि छ । यो जीवन जगत्, आपसी सम्बन्ध, माया-प्रेम, मन, मटु र भावनालाई हेर्ने मुक्तककारको आफ्नै दृष्टिकोण रहेको छ र सोही अनुरूपका जीवनसम्बन्धी धारणा व्यक्त गरेको पाइन्छ ।

त्याग र समर्पणको उत्कर्ष नै प्रेम हो भन्ने कविको ठहर छ जसलाई तलका मुक्तकीय हरफबाट पुष्टि गर्न सकिन्छ :

के के लिएँ मैले के के दिएँ हिसाबै गरिन्न
कस्तो भएँ पहिले कस्तो थिएँ हिसाबै गरिन्न
प्रेम र आत्मीयताले हृदय नै भिजिसकेपछि
ऊ निहुरियो कि म निहुँरिएँ हिसाबै गरिन्न ।
(मु.नं.७१ पृ.२४)

मुक्तककारभित्रको देशप्रेम, पारिवारिक आत्मीयता, मातृभूमि प्रेम, सांसारिकताप्रति वितृष्णा र आत्मिक आनन्दप्रति आस्थाको भाव पनि मुक्तकमा पोखिएको छ :

वर्ग र दलभन्दा ठूलो देश हो यो कण्ठ गर्नुहोस्
चर्का नारा लाउने स्वर कृपया मन्द गर्नुहोस्
आफ्नै आङ कन्याइ ,छारो उडाइ जग हसाउने
भयो हजुर भयो अब त यो खेल बन्द गर्नुहोस्
(मु.नं.२९१ पृ.७९)

आफूलाई जित्नेले संसार जित्छ देवकोटा भन्छन्
यहाँ अक्षरभन्दा आँसु नै बिक्छ देवकोटा भन्छन्
सुन खोज्दै ल्हासातिर जाऊँ या नुन खोज्दै काशी जाऊँ
मुनाको काखमा नै आनन्द मिल्छ देवकोटा भन्छन्
(मु.नं. २८, पृ. १३)

वर्तमान मानव स्वभावका सङ्कीर्णता, स्वार्थी प्रवृत्ति र मानवता हराएका चरित्रहरूप्रति व्यङ्ग्य भाव व्यक्त गर्दै समाजसुधारको आग्रह :-

पर्दाले छोपेको थियो अब त पूरै देखियो
तिर्सना मेटिए पनि रहर अधुरै देखियो
गर्न त गर्नुहुन्थ्यो समानताको उद्घोषणा
आखिर हजुरको चित्त पनि त साँगुरै देखियो
(मु.नं. १३० पृ.३९)

पलायन भएको छ मन मान्छेबाटै यो संसारमा
आँसु दिएर हाँसो खोजिरहेछ उपहारमा
आफ्नै सीमा, समस्या र आफ्नै समाधानको नाउँमा
बन्दी भएका छन् मान्छे कुनै न कुनै कारागारमा
(मु.नं.१३१ पृ.३९)

भ्रष्टहरूले पद प्रतिष्ठा प्राप्त गर्ने, अपराधीहरू पुजिने, फूलमालाले स्वागत गर्ने, सम्मान गर्ने, जनताहरूले नाराबाजी र ढुङ्गामुढा गर्नबाहेक अरू केही नजान्ने भन्दै देशको राजनीतिक दुरवस्थाप्रति पीडाको प्रस्तुति यसरी भएको छ :–

तरबार फनफनी घुमिरहेछ अचेल कलमको शिरमा
भ्रष्टहरू कुर्सीमा पुगे अपराधीहरू मन्दिरमा
नारा, ढुङ्गामुडा र गालीभन्दा अरू केही जानेनौं
सके यत्ति लेखिएको रहेछ कि नेपालको तक्दिरमा
(मु.नं.२९० पृ.७९)

जनप्रतिनिधिहरू सीमित स्वार्थमा बिकेकोमा गुनासो व्यक्त यसरी गरिएको पाइन्छ :

हाम्रा बुद्धि, दिमाग र गिदीहरू बिके कौडीको मोलमा
हाम्रा रीति, थिति र विधिहरू बिके कौडीको मोलमा

नयाँ नेपाल बनाउने नारा केवल भित्तामै लेखियो
चुनेका हाम्रा प्रतिनिधिहरू बिके कौडीको मोलमा ।
(मु.नं. २९२ पृ.७९)

गर्छु भन्ने केही नगर्ने, दिन्छु भन्ने उल्टै खोसेर लिनेजस्ता अमानवीय प्रवृत्तिलाई यसरी प्रस्तुत गरिएको छ :–

गरिबको आहारा खोसेर लगे
निर्धाको सहारा खोसेर लगे
उज्यालो ल्याउँछु भन्नेले नै
आकाशका जूनतारा खोसेर लगे ।
(मु.नं. ८४ पृ. २७)

अधिकारमात्र खोज्ने कर्तव्य निभाउन नजान्ने मानवीय प्रवृत्तिमाथि यसरी व्यङ्ग्य गरिएको छ :–

खेत आँगन र बाटो सपनालाई हिँडाउने ठाउँ हुन्
मन्दिर र विद्यालय मानवता सिकाउने ठाउँ हुन्
कति अधिकार ! अधिकार ! ! मात्र भन्नु महोदय !
घर, परिवार अनि देश त कर्तव्य निभाउने ठाउँ हुन् ।
(मु.नं. ८१ पृ. २७)

सम्बन्धमा निकटता ल्याउन व्यवहार र स्नेहमा नवीकरण गरिरहनुपर्छ भन्ने कविको ध्वन्यार्थ रहेको छ :–

खुशीभन्दा पीडाको रङ गाढा भएर मात्रै हुँदैन
रहरहरूको ज्वारभाटा छाडा भएर मात्रै हुँदैन
नवीकरण भइरहनु पर्छ व्यवहार स्नेहको
सम्बन्धमा दूरी आउनु टाढा भएर मात्रै हुँदैन ।
(मु.नं.८० पृ.२६)

राजनीतिक व्यवस्था, नेतृत्वको स्वभाव र कतिपय मान्छेका प्रवृत्तिप्रति असन्तुष्टि व्यक्त गर्दै देश विकासको लागि त्याग र समर्पण हुनुपर्छ भन्ने आग्रह पाइन्छ :–

राजनीति भएको छ आजभोलि केवल छल
भेटिएन आजसम्म कुनै समस्याको हल
रूप फेरियो कि चित्र मात्रै फेरियो खै कुन्नि
सामन्तको झुप्रो देखैं सर्वहाराको महल ।
(मु.न.२२५ पृ.६३)

रोटी माग्दा तपाईं सिद्धान्तको मन्त्र भन्नुहुन्छ
आफ्नै कुरा साँचो अरूको षड्यन्त्र भन्नुहुन्छ
आवश्यकताले यहाँ राणा शासन नै मागिसक्यो
तपाइँ भने अझै लोकतन्त्र लोकतन्त्र भन्नुहुन्छ ।
(मु.नं.२२७ पृ. ६३)

मुक्तककारले प्रेम, जीवन, जगत्, मानवीय स्वभाव र सम्बन्धजस्ता कालातीत र शाश्वत विषयमा कलम चलाइरहदा कतिपय कुराहरूको परम्परित विषयहरू दोहोरिएजस्तो लाग्छ । त्यो स्वाभाविक पनि हो । यही प्रसङ्गमा समालोचक महेश पौड्यालका शब्दहरूलाई सापटी लिदा यी मुक्तकहरूमा विषयको नवीनताभन्दा पनि दृष्टिकोणको नवीनता, उक्तिवैचित्र्य तथा उर्दूमा भनिने अन्दाजेबयाँलाई मूल्याङ्कनको आधार बनाउनुपर्ने देखिन्छ ।

परम्परित विषयवस्तु र सूक्तिहरूलाई नवीन शैलीको प्रयोग गरेर अभिव्यक्तिमा नवीनता ल्याउनु कविको उच्च काव्याभिव्यक्तिकौशल हो । जस्तैः–

कर्मण्येऽवाधिऽकारस्ते मा फलेषु कदाचनमा कर्म गर फलको आशा नगर भनिएको छ भने कर्म गरे पनि फलको भर नहुने अनिश्चितता बोधसँगै निष्काम कर्म योगलाई जीवनको उद्यम भनिएको छ ।

लोकोक्ति वा उखानको पनि सुन्दर र नवीन प्रयोग भएको छ । जस्तै :

दान दिने भिक्षा माग्ने पनि एउटा समय हुन्छ,
आश हुने र रहर जाग्ने पनि एउटा समय हुन्छ
निरर्थक नै हुन्छ लगन बितेपछिको चुरा पोते
अन्न लाग्ने र फल फल्ने पनि एउटा समय हुन्छ ।
(मु.नं. ११६ पृ. ३५)

माथि उद्धृत पङ्क्तिमा जुनसुकै कार्य पनि समयमा गर्नुपर्छ र समय बितेपछि वा असमयमा गरिएको कुनै पनि कार्य निरर्थक हुन्छ भन्ने कुरालाई सूक्तिमय प्रस्तुति दिनका लागि लगनपछिको चुरापोते भन्ने उखानलाई प्रयोग गरिएको छ ।

मृत्युसम्बन्धी परम्परागत धारणाहरू पनि मुक्तकमा अभिव्यञ्जित छन् । मृत्यु अवश्यम्भावी भएर पनि अनिश्चित भएकोमा मुक्तककार सोचमग्न बनेको देखिन्छ :

घडीले कहाँ घण्टी बजाउने हो थाहै छैन
कुन दिन मुटुले ढोका लगाउने हो थाहै छैन
यी रहर र यी तृष्णालाई अलपत्र पारेर
कुन रात अन्तिम रात भएर आउने हो थाहै छैन ।
(मु.नं.८४ पृ.२७)

हजारौँ तारालाई एउटै सूर्यले लुकाइदिन्छ
सयौँ योगदानलाई एउटै त्रुटिले बिर्साइदिन्छ
समयको नित्य क्रिडा यति शक्तिशाली भइदिन्छ कि
मै हुँ भन्ने बलवान्लाई परनिर्भर बनाइदिन्छ ।
(मु.न.२६८ पृ.७३)

'औंला दिँदा हत्केला झिकेर लैजान खोज्छन्' यस पङ्क्तिमा औंला दिए कुहिनो निल्ने भन्ने उखानको प्रस्तुति छ ।

वर्डस्वर्थले लिरिकल ब्यालेड्सको भूमिकामा सरल भाषामा गम्भीर भावहरूको प्रस्तुति साहित्यमा हुनुपर्छ भन्ने धारणा राखेका छन् । यसरी हेर्दा

मुक्तकले पनि सरल भाषाको अपेक्षा गर्छ । समासयुक्त शब्दहरूमा पर्याप्त माधुर्य हुँदैन भन्ने पूर्वीय साहित्यशास्त्रीहरूको पनि मत रहेको छ । यसबाट समासरहित सरल शब्दहरूको अपेक्षा मुक्तकले गर्दछ । यो मान्यतालाई मुक्तककारले पनि अधिकांशतः स्वीकार गरेको पाइन्छ ।

शब्दस्रोतका दृष्टिबाट प्रस्तुत मुक्तकसङ्ग्रहमा सङ्गृहीत मुक्तकहरूको अध्ययन गर्दा धेरै मात्रामा तत्सम शब्दहरूको प्रयोग गरिएको पाइन्छ । जसले मुक्तकमा काव्यात्मक मिठास थपेको छ । अन्य भाषाबाट आयातित शब्दहरू पनि थोरै मात्रामा प्रयोग भएका छन् ।

यस मुक्तकसङ्ग्रहमा सङ्गृहीत मुक्तकहरू कुनै १२ अक्षरका, कुनै १५ र कुनै १८ अक्षरसम्मका संरचनामा मुक्त लयमा लेखिएका छन् । बहर वा छन्दमुक्त स्वतन्त्र लयलाई समातेर अक्षर सङ्ख्यागत एकरूपतालाई अङ्गाली ए-ए-बि-ए को संरचनामा सबै मुक्तक आबद्ध छन् । संरचनात्मक हिसाबले हेर्दाखेरि प्रत्येक मुक्तकका पहिलो दोस्रो र चौथो पङ्क्तिमा काफियाको प्रयोग गर्नुपर्ने र तेस्रो पङ्क्ति स्वतन्त्र रहने मुक्तकको संरचनाको नियमलाई पूर्णतः पालना गरिएको छ । प्रायः जसो मुक्तकहरूका पहिलो, दोस्रो र चौथो पङ्क्तिमा रदिफको पनि प्रयोग गरिएको छ । आलङ्कारिक र वक्रोक्तिमय शैलीलाई अधिकांश मुक्तकहरूले अँगालेका छन् ।

रस परिपाकको दृष्टिले हेर्दाखेरि आचार्य भरतमुनिको नाट्यसूत्रका प्रत्येक चारओटा चरणहरूलाई पछ्याएर विश्लेषण गर्दा केही मुक्तकहरूमा शान्त रस परिपाकको स्थिति देखिन्छ ।

हाम्रै साथी बनिदिन्छ कहिलेकाहीँ मौनता पनि
स्वर बनेर गुन्जिदिन्छ हृदयभित्र शून्यता पनि
नियतिलाई मनसँग एकाकार गर्न सकियो पनि
उस्तै उस्तै देखिन थाल्छ सुख र दुःखको भिन्नता पनि ।
(मु.नं.२७२ पृ ७४)

प्रस्तुत मुक्तकमा यस संसारलाई हेरेर मान्छेमा समभाव वा शान्तभावको अनुभूति भएको छ । यो संसार आलम्बन विभावको रूपमा

आएको छ भने दुःख र सुखलाई सम देख्न उक्साउने उद्दीपन विभावको रूपमा मौनता र शून्यता आएका छन् :–

सुन्दरता पनि एक दिन मैलिएर जान्छ
गाढा रङ पनि आखिर खुइलिएर जान्छ
अजम्बरी केही छैन पृथ्वीको विधानमा
फूलको सौरभ पनि ओइलिएर जान्छ ।
(मु.नं.२२५ पृ. ७३)

प्रस्तुत पङ्क्तिमा सांसारिक क्षणिकताको भाव व्यक्त गर्दैगर्दा पाठकमा भौतिक जगत्प्रति वितृष्णा पैदा भएर वैराग्य भाव उत्पन्न भएको हुँदा शान्त रसको परिपाक भएको छ :–

भेटेर प्यास झन गाढा भएछ भैगो नभेट्ने
समय कति छिट्टै गएछ भैगो नभेट्ने
मिलन सधै उसैगरी मिलन नै भइरहे पो
छुट्टिनु परिहाल्दो रहेछ भैगो नभेट्ने ।
(मु.नं.१६७ पृ ४८)

म शान्त आकाशको तारा झैं मलीन भएर रहने छु
प्रकृति झैं ऋतुको अधीन भएर रहने छु ।
समयले मलाई जेजे गणित सिकाए पनि
म शून्य हुँ शून्यमै बिलीन भएर रहने छु ।
(मु.नं.१६८ पृ ४८)

उत्प्रेक्षा, रूपक, उपमा, दृष्टान्तजस्ता अर्थालङ्कार, वृत्यानुप्रास, छेकानुप्रास, अन्त्यानुप्रास जस्ता शब्दालङ्कार स्वाभाविक रूपमा प्रयोग भएका छन् । जस्तै :

हृदय अधिग्रहण नगरेको पनि धेरै दिन भइसक्यो
सपना अपहरण नगरेको पनि धेरै दिन भइसक्यो

बाडुली आजभोलि नआउँदै कतै हराएर हो कि
सम्झना नवीकरण नगरेको पनि धेरै दिन भइसक्यो ।
(मु.नं.२७४ पृ. ७५)

प्रस्तुतमा अप्रस्तुतको कल्पना गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । यस मुक्तकमा प्रस्तुत विषय हृदय अधिग्रहण नहुनु, सपनामा नआउनु, बाडुल्की नलाग्नु र सम्झना नवीकरण नगर्नुको कारण अप्रस्तुत विषय हराउनु अर्थात् अन्यत्र कतै लागेर हो कि भन्ने कल्पना गरिएको छ ।

'लाग्ने गर्छ यहाँ नारी सिकार हुन् पुरुष सिकारी हुन्' यस मुक्तकमा उपमेय नारीलाई उपमान सिकारसँग र उपमेय पुरुषलाई उपमान सिकारीसँग रूपारोपित गरी अभेद सम्बन्ध देखाइएकाले यहाँ रूपक अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ ।

सुन्दरता पनि एक दिन मैलिएर जान्छ
गाढा रङ पनि आखिर खुइलिएर जान्छ
अजम्बरी केही छैन पृथ्वीको विधानमा
फूलको सौरभ पनि ओइलिएर जान्छ ।
(मु.नं.२२५ पृ. ७३)

दुई भनाइका बीचमा बिम्बप्रतिबिम्बात्मक सम्बन्ध देखिएमा दृष्टान्त अलङ्कार हुन्छ । यहाँ बिम्बका रूपमा रहेको फूल ओइलिनु र सौन्दर्य मैलिनु तथा रङ खुइलिनु प्रतिबिम्बका रूपमा देखा परेकाले यस मुक्तकमा दृष्टान्त अलङ्कारको प्रयोग भएको प्रस्ट हुन्छ ।

सूर्यास्तमा रश्मीहरू मलिन हुन्छन् जसरी
अक्षरहरू अनुभूतिमा लीन हुन्छन् जसरी
मन लाग्छ यदाकदा यसै गरी हराउन
माटोभित्र बीजकणहरू बिलीन हुन्छन् जसरी ।
(मु.नं.२६६ पृ. ७३)

एउटा उपमेयका साथमा अनेक उपमानहरूको प्रयोग भएमा उल्लेख अलङ्कार हुन्छ । यस मुक्तकमा मान्छे हराउन मन लाग्नु उपमेयका साथमा सूर्यास्तमा रश्मि हराउनु, अनुभूतिमा अक्षर हराउनु र माटोमा बीजकण हराउनु भन्ने अनेक उपमानहरू देखा परेकाले यहाँ उल्लेख अलङ्कारको प्रयोग भएको स्पष्ट हुन्छ ।

'मन बनेर मनसँगै गए मनको साम्राज्यमा' यस मुक्तकलाई हेर्दा व्यञ्जन वर्णहरू एकपटक वा अनेकपटक समान वा असमान क्रममा दोहोरिएमा वृत्त्यनुप्रास अलङ्कार हुन्छ । यस मुक्तकमा म्, न् व्यञ्जन वर्ण अनेकपटक र स्, ग् व्यञ्जन वर्ण एकपटक समान क्रममा दोहोरिएकाले यहाँ वृत्त्यनुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

बिम्ब र प्रतीकको प्रयोगमा पनि मुक्तककारको सफलता पाइन्छ । ज्वारभाटा भन्ने बिम्बले महासागरको नियमित प्रक्रियाको सिङ्गो विषयवस्तुलाई समेटेको पाइन्छ । जड्यौरी भन्ने बिम्बले आर्थिक अभावमा पिल्सिएका मानिसको जीवनको प्रतिनिधित्त्व गरेको देखिन्छ । इन्द्रेणी भन्ने बिम्बले बहुरङ्गी संसारको विषयवस्तु प्रस्तुत गरेको भेटिन्छ । बाडुल्की भन्ने बिम्बले परम्परागत मान्यताअनुसार धेरै टाढा भएका आफन्तले सम्झदा व्यक्तिमा देखापर्ने एकप्रकारको मुखबाट निस्किने ध्वनि भन्ने व्यापक विषयवस्तुलाई समेटेको पाइन्छ । चिसो चुलो बिम्बमा अभाव र गरिबीको जीवनचर्या समेटिएको कारुणिक विषयवस्तुको प्रस्तुति देखिन्छ । चन्द्रमा भन्ने बिम्बले प्रायः असम्भव लाग्ने तर मनलाई अत्यन्त आकर्षण गर्ने वस्तुको प्रतिनिधित्त्व गरेको पाइन्छ । पुष्प थुङ्गा भन्ने पदावली कोमल मनको प्रतीक र हृदय ढुङ्गा भन्ने पदावली कठोर आत्माको प्रतीक बनेर आएका छन् । यस्ता खालका बिम्ब र प्रतीकको प्रयोगले मुक्तकलाई भावात्मक एवम् आकर्षक बनाएको पाइन्छ । यसले मुक्तकमा भाषिक मिठास ल्याउनुका साथै मुक्तकलाई ध्वन्यात्मक र वक्रोक्तिमय बनाउन सफल भएका देखिन्छन् ।

राम, कृष्ण, रावण, कुम्भकर्ण, महिषासुर र कंशजस्ता पौराणिक विम्ब र सिद्धार्थजस्ता ऐतिहासिक विम्बहरू पनि मुक्तकमा प्रयोग भएका छन् ।

वैराग्यको गुण सिद्धार्थसित गएर सोध्नू
कर्म बन्धनको भोग पार्थसित गएर सोध्नू

मनको लयलाई प्रश्नले अलमल्यायो भने
जीवनको उत्तर यथार्थसित गएर सोध्नू
(मु.नं. २६३ पृ. ६५)

राजनैतिक व्यवस्था, नेतृत्वको स्वभाव र कतिपय मान्छेका व्यवहारप्रति असन्तुष्टि व्यक्त भएका छन् र देश विकासका लागि त्याग र समर्पणको भाव सबैमा आउनु पर्छ भन्ने आग्रह पाइन्छ । यस कृतिमा ईश्वरप्रति आस्था भाव व्यक्त भएका धेरै मुक्तकहरू छन् । शून्यतामा संसार र कवि रहेको भाव छ । शक्ति र सामर्थ्य सबै आफ्नै मनमा रहेको, आफ्नै मन, जीवन र मस्तिष्कले जीवनको सबथोक भएको कविको तर्क छ ।

समग्रमा हेर्दा मुक्तकका प्रत्येक पङ्क्तिहरूले पाठकलाई स्वतन्त्र चिन्तन गर्ने र आफ्नो तरिकाले अर्थ लगाउने अवसर दिन्छन् । कविले जीवन, जगत्, मन, सम्बन्ध सबैलाई केही दुःखद सङ्घर्षपूर्ण र कहरपूर्ण भएको व्याख्या गरेको पाइन्छ । ज्वारभाटामा आजको मानिस बाँचेको अनुभूति मुक्तकमा यत्रतत्र छन् र पनि ज्वारभाटाबाटै जसोतसो गरी फिनिक्स बनेर बाँच्नुपर्छ, सम्बन्ध अगाडि बढाउनुपर्छ, मनको आकाशमा विचरण गर्न स्वस्थ उडान भर्नुपर्छ भन्ने सन्देश दिन्छन् । मुक्तकका प्रत्येक पङ्क्तिले जीवनको सङ्घर्षशीलता, आशा, विश्वास, सद्भाव वृद्धि गर्न प्रेरणा दिन्छन् । सांसारिक विसङ्गतिबाट मुक्ति प्राप्ति गर्न ज्ञान, कर्म, भक्ति र युगमार्गलाई अङ्गाल्दै आफ्नै मनतिर फर्किनुपर्छ भन्ने पूर्वीय षड्दर्शनको प्रस्तुति छ । मुक्तक पढ्दै गर्दा पाठकहरूलाई अध्यात्मको बाटो उज्यालै उज्यालो छ भन्ने देखाएको आभास हुन्छ । आशावादी हुनु, ईश्वरको अनुकम्पामा आस्था राख्नु कविको आध्यात्मिक व्यक्तित्वको परिचय पनि हो । सोही अनुसार आशावादी, आस्तिक र नैतिकवान् मानवहरूलाई सन्देश दिएको पाइन्छ ।

प्रेमको विषयमा लेखिरहँदा प्रेम के हो भन्ने सुझाइएको छ र प्रेम गर्ने नै हो भने त्याग समर्पण हुनुपर्छ भन्ने सन्देश मुक्तककारको रहेको छ ।

वैचारिक दृष्टिकोणबाट कृतिको मूल्याङ्कन गर्दा पूर्वीय षड्दर्शन र बौद्ध दर्शन आएका छन् भने पाश्चात्य दर्शनहरूमा अस्तित्ववादी र विसङ्गतिवादी चिन्तन यत्रतत्र छन् ।

अस्तित्ववादी दृष्टिकोण :–

सपनाको भरिया बनेर पनि थाक्दैन यो मन
रहरहरू अधुरै रहेर पनि थाक्दैन यो मन
जीवन प्रबन्धहरूको चक्रले थकित बन्छ मान्छे तर
दुःख र पीडा अनेकौं सहेर पनि थाक्दैन यो मन ।
(मु.नं.२४६ पृ. ६८)

बोकेर आआफ्ना कथाहरू जीवन त बिताउनै पर्छ
पोखेर पीडा पीर व्यथाहरू जीवन त बिताउनै पर्छ
हामी बुद्धको बाटो हिडौं अथवा कुबेर नै बनौं
भोगेर सांसारिक प्रथाहरू जीवन त बिताउनै पर्छ ।
(मु.नं.१५९ पृ. ४६)

विसङ्गतिवादी दृष्टिकोण :–

भरोसाको आशमा त्रसित हुन पुगेछु मबाट
केवल दोषी र आरोपित हुन पुगेछु मबाट
म म नै हुन खोज्दा खोज्दै थाहा छैन खै कुन्नि
(मु.नं. १६२ पृ. ४७)

मौनतालाई जोड दिने बौद्ध दर्शन पनि मुक्तकहरूमा आएको छ ।

मनोभावनाको प्रस्तुति हुन्छ नबोलेर पनि
पूजा,आराधना र स्तुति हुन्छ नबोलेर पनि
स्वरभन्दा धेरै बलियो हुँदो रहेछ मौनता
अनेक कुराको अनुभूति हुन्छ नबोलेर पनि ।
(मु.नं. १८४ पृ. ५२)

श्रीकृष्णको प्रेम दर्शन पक्षपाती भएर पनि थुप्रै मुक्तकहरू लेखिएका छन् :–

कसैप्रति मोह जाग्नु कुनै अपराध त हैन
जतनले मुटुमा राख्नु कुनै अपराध त हैन
जुन सत्यको कथा लेख्नु भो भगवान् श्रीकृष्णले
त्यै कथा सम्झिदै बाँच्नु कुनै अपराध त हैन ।
(मु.नं.५६ पृ. २०)

बन्न खोज्ने त्रिशूल र डमरु कोही देखिएनन्
यहाँ के के गर्छु भन्नेहरू कोही देखिएनन्
प्रेमको पक्षमा सदैव अटल भएर उभिने
भगवान् श्रीकृष्णभन्दा अरू कोही देखिएनन् ।
(मु.नं. १५४ पृ. ४५)

प्रश्नहरू (असहमति)/सीमा :–

बोल्ने प्रतिस्पर्धा छ सुन्ने धीरता छैन कसैमा
छिन्ने हतार छ केही दिने क्षमता छैन कसैमा
रहर बोकेर दौडिन बाध्य छन अचेल मान्छेहरू
अस्थिर मन नियन्त्रण गर्ने दक्षता छैन कसैमा ।
(मु.नं.पृ. ४७)

माथि प्रस्तुत मुक्तकका पङ्क्तिहरूमा मानवको अस्थिर स्वभावलाई सामान्यीकरण गरिएको छ । यस कुरालाई सामान्यीकरण गर्न अलि मिल्दैन कि ? बरू 'छैन कतिमा' भनेको भए कोहीकोही वर्तमान मानिसको स्वभाव यस्तो छ भन्ने बुझिन्थ्यो । अस्थिर र अधैर्य मानवका वैयक्तिक गुण हुन् । ती वैयक्तिक गुणहरूमा विविधता पाइन्छ । त्यसकारण यसलाई समग्रतामा भन्नु त्यति उपयुक्त देखिँदैन । अथवा छैन धेरैमा भनेको भए पनि प्रायः आजका मानिसको स्वभाव झल्किन्थ्यो भन्ने मेरो तर्क रहेको छ ।

म त आजसम्म बाध्यताको भारी बोकेर हिडिरहेँ
सद्भावना र आत्मीयताको भारी बोकेर हिडिरहेँ

स्वार्थको जहाज चढ्नेहरू आकाशमाथि कता पुगिसके
म त भुइँमै इमान्दारिताको भारी बोकेर हिडिरहैं
(मु.नं. १७१ पृ. ४९)

प्रस्तुत मुक्तकमा बाध्यताको भारी बोकेर हिड्नु र सद्भावना र आत्मीयताको भारी बोकेर हिड्नु विरोधाभासपूर्ण भयो कि । सद्भावना र आत्मीयता बाध्यताले नभएर स्वतःस्फूर्त आउने कुरा हो । जहाँ आत्मीयता र सद्भावना हुन्छ त्यहाँ बाध्यताको आभास र अनुभूति नै हुँदैन । जहाँ बाध्यता हुन्छ त्यहाँ सद्भावना र आत्मीयता हुँदै हुँदैन । त्यहाँ हुन्छ त केवल औपचारिकता र समाजलाई देखाउने लोकाचार मात्र भन्ने मेरो ठहर रहेको छ ।

रोटी माग्दा तपाईं सिद्धान्तको मन्त्र भन्नुहुन्छ
आफ्नै कुरा साँचो अरूको षड्यन्त्र भन्नुहुन्छ
आवश्यकताले यहाँ राणा शासन नै मागिसक्यो
तपाइँ भने अझै लोकतन्त्र लोकतन्त्र भन्नुहुन्छ ।
(मु.नं.२२८ पृ. ६३)

प्रस्तुत मुक्तकमा आवश्यकताले राणा शासन नै मागिसक्यो भन्नु अलि सान्दर्भिक भएन कि ? बरु स्रष्टा राजतन्त्रात्मक धरातलको मान्छे भएर राजतन्त्र नै मागिसक्यो भनेको भए लेखकको वैचारिक दृष्टिसंग पनि मेल खाने थियो तर जहाँनिया निरङ्कुश राणा शासनको माग हुनु आजको समय सन्दर्भमा हेर्दा स्वाभाविक लाग्दैन :

लिए जस्तो गरौं केही, केही दिए जस्तो गरौं
एकछिन कतै बिसौनीनिर उभिए जस्तो गरौं
फेरि कतै यसै गरी पुनः भेट नहुँदासम्म
आउनुहोस् केही दिन बिर्सिए जस्तो गरौं ।
(मु.नं. २३२ पृ. ६४)

यस्ता परिच्छेदले मानव स्वभाव भेट हुँदा अति नै निकट भएजस्तो गर्ने र टाढा भए बिर्सिने कुरालाई ध्वन्यार्थमा व्यक्त गर्न खोजेको छ तर सोझा पाठकहरूका लागि भने अभिधा अर्थमा बुझ्दा पाठकलाई नाटकीय अभिनय गर्न प्रेरित गर्छ ।

विरोध गर्नेको विरोध र जय गर्नेको जय गरौं
फूल उखेल्नेको होइन फूल रोप्नेको प्रश्रय गरौं
कोही मन बोक्दै आउनु कोही माया बोक्दै आउनु
कोसँग कति शक्ति छ आउनुहोस् निर्णय गरौं ।
(मु.नं.२३४ पृ. ६५)

प्रस्तुत मुक्तकको पहिलो पङ्क्तिले प्रतिशोधको भावनालाई प्रश्रय दिए जस्तो लाग्छ भने चौथो पङ्क्तिमा शक्तिको प्रतिस्पर्धालाई आह्वान गरे जस्तो लाग्छ । कर्म र भाग्यसम्बन्धी विचारहरू पनि विरोधाभासपूर्ण रूपमा मुक्तकमा आएका छन् :–

जसरी हुन्छ बाँच्ने चेष्टा नै त जीवन रहेछ
हाम्रो रून्ने र हाँस्ने चेष्टा नै त जीवन रहेछ
भाग्य र कर्मले जेजे गराउँछ मान्छेलाई
त्यहीँ अनुरूप नाच्ने चेष्टा नै त जीवन रहेछ ।
(मु.नं.९३ पृ. ३०)

जहाँ कर्म र ज्ञानको बाटो जोडिन्छ
जहाँ अर्घसरी पसिना पोखिन्छ
जहाँ मानिन्छ परिश्रमलाई मन्त्र
त्यही नै भाग्यरेखा आफै कोरिन्छ
(मु.नं.९६ पृ. ३०)

माथि उल्लिखित पहिलो मुक्तकमा मान्छेले भाग्य र उसको कर्मले जेजे गराउँछ मान्छेले त्यही अनुरूप गर्छ भन्ने भाव व्यक्त गर्दा भाग्यले कर्म गर्न प्रेरित गरेको देखिन्छ । भाग्यद्वारा कर्म प्रेरित हुन्छ । भाग्यले जे गराउँछ त्यो मानिसले गर्छ भन्ने भाग्यवादी दृष्टि देखिन्छ भने दोस्रो मुक्तकमा परिश्रम र पसिनालाई भाग्यको निर्माताको रूपमा व्याख्या गरिएको छ । यसरी हेर्दा दुईओटा मुक्तकमा विरोधाभासपूर्ण वैचारिक दृष्टि पाइन्छ ।

चिसो चुलोमाथि रित्तो कसौडी तताउन खोज्छु
चन्द्रमामा गुलेलीले निशाना लगाउनु खोज्छु
जागेका मान्छेहरूको चर्तिकला देखेर पनि
सुतेका मान्छेहरूलाई व्यर्थै जगाउन खोज्छु ।
(मु.नं.८८ पृ. २२)

माथि उल्लिखित मुक्तकका पङ्क्तिहरूमा म पात्रको महत्त्वाकांक्षी मनोवृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ तर यस मुक्तकको पहिलो र दोस्रो पङ्क्तिको बिम्ब प्रयोगको सन्दर्भ तेस्रो र चौथो पङ्क्तिसँग असान्दर्भिक र अस्वाभाविक देखिन्छ किनकि चिसो चुलोमा रित्तो कसौडी तताउन खोज्नु र चन्द्रमामा गुलेलीले निशाना लगाउन खोज्नु असम्भव कुराको प्रतीकात्मक अर्थ र जागेका मान्छेका चर्तिकला देखेर पनि सुतेका मान्छेलाई व्यर्थै जगाउन खोज्छु भन्ने प्रसङ्ग अलि सान्दर्भिक भएन । किनकि सुतेका मान्छेहरू सबै एकै नहुन पनि सक्छन् । जागेपछि सबैको कला पृथक्पृथक् हुन पनि सक्छ । सुतेका मान्छेलाई जगाउनु सार्थक पनि हुन सक्छ । त्यसकारण असम्भव कुराको प्रतीकका माध्यमबाट सम्भावित कुराको दृष्टान्त प्रस्तुत गर्नु सान्दर्भिक छैन । यहाँनेर सबै मान्छेहरूलाई सामान्यीकरण गरियो । मान्छेमा प्रकृतिको विशेषता नै विविधता हो । त्यसकारण सुतेका र जागेका मान्छेहरूको सामान्यीकारण सान्दर्भिक छैन भन्ने मेरो तर्क छ अथवा यसैलाई अर्को शब्दमा भन्दा असान्दर्भिक र अतुल्य दृष्टान्त संयोजन भएको पाइयो ।

भन्न त भनिन्छ नारी मन्दिर हुन्, पुरुष पुजारी हुन्
मान्ने त गरिन्छ नारी दाता हुन् पुरुष भिखारी हुन्

तर अवस्थाले भूमिका यस्तो बनाइदिन्छ कि

लाग्ने गर्छ यहाँ नारी सिकार हुन् पुरुष सिकारी हुन् ।

(मु.नं.२८२ पृ ७७)

यी पङ्क्तिलाई आजको सामाजिक यथार्थको सापेक्षतामा हेर्दा समग्रतामा गरिएको सामान्यीकरण भन्न मिल्दैन । जस्तै : लाग्ने गर्छ यहाँ नारी सिकार हुन पुरुष सिकारी हुन् भन्ने पङ्क्तिले सबै नारीहरू सिकार र सबै पुरुषहरू सिकारी हुन् भन्ने बुझिन्छ । नारीवादी दृष्टिकोणबाट हेर्दा नारीको अस्तित्वलाई सिकारको रूपमा र पुरुषको अस्तित्वलाई सिकारीका रूपमा अभेद आरोप गरेर नारीप्रति सहानुभूति देखाउन खोजे पनि यो रूपक लैङ्गिक रूपमा गलत देखिन्छ ।

स्रष्टा आफ्नो भाषाप्रति सचेत भएर आयातित शब्द प्रयोगलाई वर्जित गर्न खोज्दाखोज्दै पनि कहीँ कतै थोरै मात्रामा चिप्लिएको पाइन्छ । जस्तै : फारसी शब्द दङ्गा, याद, गुजारा, बिराना, स्याबास, अरबी शब्द नारा, तक्दिर, कुर्सी, फगत, हिसाब, अङ्ग्रेजी शब्द गेट, भिटामिन, हल, पुर्तगाली शब्द लिलाम, तुर्की शब्द तलास आदिको प्रयोग भएको छ ।

खगेन्द्र गिरि 'कोपिला' को मुक्तकसङ्ग्रह 'कालध्वनि' अनुभव, अनुभूति र दर्शनको सङ्गालो बनेर आएको छ । पाका सर्जकका, पाका अनुभूति र अनुभव, ज्ञान र विवेकबाट सृजना भएका कारणले पनि अधिकांश मुक्तकहरू श्रुतिमधुर र मर्मस्पर्शी छन् । खारिएको विचार परिष्कृत प्रस्तुति, अकाट्य र समानुभूतिजन्य मान्यताहरू मुक्तकमय सूक्ति बनेर आएका छन् । यथार्थको नजिक छन् । तर्क उचित छन् र मान्यताहरू सामान्यीकरण हुन्छन् ।

(ज्ञानोदय क्याम्पस, खजुरा, बाँके–९८४८०–४५८५१)

ooo

लघुकथा

भिखारी



✍मित्र 'उराठी' गौतम

"स्तर नमिल्नेसँग त अप्ठ्यारो पो पर्ला कि?" अलि असजिलो मान्दै भने घनश्यामले ।

"केको अप्ठ्यारो मान्नु, अहिलेको जमानामा पनि ? फेरि उनीहरू त्यस्तो असजिलो पनि छैनन् । खानदानी, सज्जन मान्छे हुन् । केटो हीरा छ । मौका गुमाउनु हुन्न ।" भुवन गुरूले फकाउने भाकामा भने ।

आर्थिक स्थिति कमजोर भए पनि धोतीटोपी गरी घनश्यामले छोरीको पढाइलाई प्राथमिकता दिए । नविनाले पनि बुबाको सपना साकार तुल्याइन् । अब्बल दर्जामा पढाइ पूरा गरि सरकारी जागिरको तयारीमा थिइन् ।

घनश्याम भने राम्रो केटो आएमा विवाह गर्नुपर्छ भन्नेमा थिए । विवाहपछि पनि जागिर गर्न सकिन्छ भनी सम्झाउँथे छोरीलाई ।

भुवन गुरूले केटालाई लिएर घरमै आए ।

दुबै परिवार बीच कुराकानी भयो । केटाकेटीको हेराहेरपछि अलग्गै कुराकानी पनि भयो ।

दुबै परिवार विवाहको लागि मञ्जुर भए ।

"मेरो त सम्पत्ति भनेकै यही छोरी हो हजुर । यसैको पढाइमा जे सक्दो लगानी गरैं । दाइजो दिने हैसियत छैन । पछि फेरि अप्ठ्यारो नपरोस् ।" घनश्यामले हात जोड्दै प्रष्ट कुरा राखे ।

"हामी पनि दाइजो प्रथाको विरोधी नै हौं । त्यस्तो केही दिनु पर्दैन ।" केटा पक्षले आश्वस्त पार्न खोजे ।

भोलिपल्ट गुरु आइपुगे र भने, "दाइजो लिने पक्षमा त छैनन् तर जन्ती आउँदा जमानाअनुसार इज्जत राखिदिनुपर्ला । केटाका दाजुभाइ, जेठाबा, कान्छाबा, नजिकका आफन्तहरूलाई त्यही अनुसार व्यवहार गर्दिनुपर्ला । सम्धेलो गर्दा हजुरले विचार पुऱ्याइहाल्नुहुन्छ, केही भन्नै परेन ।"

घनश्याम बोल्नै लागेका थिए, गुरु पुनः बोले, "अँ साच्चै, लोकलाज बुझाउन पनि केटाको कोठा सजाइदिनुपर्ला । धेरै पर्दैन,एउटा राम्रो पलङ,आजकल चलेको दराज, कार्पेट, कोठा सुहाउँदो टिभी र वासिङ्ग मेशिन भए भैहाल्छ ।"


"नाई बाबा, यो विवाह मलाई मञ्जुर छैन । विवाह गरी लगेर सुताउने पलङसम्म नभएको भिखारीसँग म विवाह गर्दिनँ ।"

गुरुको कुरा सुनिरहेकी नविना मुर्मुरिएर आगो बनिन् ।

अमरपुर - गुल्मी, हाल : तिलोत्तमा -२, रूपन्देही

ooo

नेपालका सुप्रसिद्ध चार धाममध्येको एक
ऐतिहासिक पवित्र तीर्थस्थल
रुरुक्षेत्रको बारेमा विस्तृत
जानकारी प्राप्त गर्न
किरण पुस्तकालयद्वारा प्रकाशित
'हाम्रो परुषार्थ'को
रुरुक्षेत्र विशेषाङ्क
खोजी खोजी पढुनुहोस् ।



यात्रा-स्मरण

रेसुङ्गाको वर्णन र महत्त्वको खोजी



✍गोपालप्रसाद वश्याल

विषय प्रवेश

सिकाइ प्रभावकारिता वृद्धिका लागि विज्ञता–चक्र अर्थात् "खोज, प्रमाण र विज्ञता" को आदर्श मन्त्रबाट उत्साहित प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरू सँगसँगै बसेर तीन दिनसम्म मन्थन गर्ने क्रममा शिक्षणसिकाइसम्बन्धी विधि प्रविधिका साथसाथै रेसुंगा तपोभूमिको अवलोकन, यसको महिमा र पौराणिक मिथकबारे सुन्ने जान्ने र आफूलाई सम्मोहित गर्ने बहुमूल्य अनुभव र अनुभूति २०८३ सालको मध्य श्रावणमा प्राप्त भयो । नेपालका गुल्मी, पाल्पा, रूपन्देही, नवलपरासी, कास्की, काठमाडौ, अर्घाखाँची, प्युठान, बागलुङ, स्याङ्जा जिल्लाका ४५ विद्यालयका १०० भन्दा बढी प्रधानाध्यापक एवम् शिक्षकहरू र एक दर्जन बढी विद्यार्थीहरू कार्यक्रमका प्रत्यक्ष सहभागी थियौं । कार्यक्रमको दोस्रो दिन (१५ गते) सिद्धबाबा माध्यमिक विद्यालय, तम्घासले रेसुंगा तपोभूमिको दर्शन गर्ने चाँजोपाँजो मिलाएको रहेछ । बिहानी एवम् दिवा सत्रका शिक्षासम्बन्धी गहकिला सत्रहरू सिध्याएर रेसुंगा जाने कार्यक्रमबाट सहभागी सबै उत्साहित थियौं । पटकपटकको रेसुंगा यात्रा गरिसकेको यस पंक्तिकारलाई सामूहिक यात्राको रमाइलो, प्राकृतिक सौन्दर्यको आनन्दका अतिरिक्त रेसुंगालाई अझ विस्तृत र गहिराइसम्म चिन्न पाउने जिज्ञासाले गर्दा थप आकर्षित क्षण थियो ।

साउन १५ : खीर खाने दिन

साउन १५ लाई विशेष पर्वको रूपमा मनाउने चलन छ । प्रायः वर्षापछि गाई, भैंसी ब्याउँछन् । कार्यक्रमको अवधिभर सहभागीका लागि खाजा र खाना पकाउने कार्य सिद्धबाबा मा. वि. का होटल व्यवस्थापनमा अध्ययनरत

विद्यार्थीहरूले गर्नुभएको थियो । बिहानको खाजामा खीर तयार गरिएको रहेछ । यसले हामी सबैलाई हाम्रो परम्परागत रिवाजको स्मरण गर्ने, ती चालचलनप्रति सकारात्मक भावना विकास गर्ने र तिनीहरूको महत्त्व चर्चा गर्ने वातावरण तयार पारिदियो । मीठो खीर हामीले थपीथपी खायौं । राम्रो मरमसला, पकाइ र स्वादिलो खीर सबैले थपीथपी खायौं । बिहानीले दिनको संकेत गर्दछ भनेजस्तै त्यो दिन विषयवस्तुमा गहिराइमा पुग्ने अभ्यास धेरै भयो । संस्कार, विनयीशीलता, बौद्धिक इमान्दारिताका चर्चा भए । प्राचीन कालका ऋषिमुनिहरू अध्येता, अन्वेषणकर्ता र विद्वान् गुरुहरू हुनुहुन्थ्यो र शृङ्ग ऋषिको तपस्थलमा बसेर ज्ञानको खोजीका विधि, प्रक्रियाका सन्दर्भमा जम्मा भएका थियौं । यस सन्दर्भमा रेसुंगा जानु र यसका बारेमा जानकारी लिनु पनि एउटा सत्र नै थियो ।

रेसुंगा प्रस्थान

जब सिद्धबाबा मा. वि. का बसहरू हामीलाई राखेर नागबेली सडकमा उकालो लाग्दै थिए, सबैका आँखा सुन्दर तम्घास बजारतिर थिए । केही भने पहिलाका दिनहरू सम्झँदै बाखेछेंडाको उकालोको कुरा गर्दै हुनुहुन्थ्यो । गर्जुरा (गोरु जुधाउने ठाउँ) मा पुगेर बस रोकिए । रेसुंगामा दाउरा घाँस गरेर थकितहरूले भारी बिसाएर पसीना ओभाउने ठाउँ, दिनभर वनमा चरेर फर्किएका गोरु जुधाएर आनन्द लिने ठाउँ, तम्घासदेखि पार गुल्मीतिर जाने बाटाहरूको वनक्षेत्र प्रवेश गर्ने ठाउँ, जहाँ मानिसहरू धकार मेटेर पर वनभित्रसम्म हेर्दै, साथी पर्खंदै वनक्षेत्रमा प्रवेश गर्दथे, आजकल रेसुंगा पार्कमा परिणत भएको छ ।

रेसुंगा पार्क

रेसुंगा पार्कमा पैदलमार्ग, बगैंचा, बाल उद्यान, खेल उद्यान, दुबो रोपेर सुन्दर भुईं, सुन्दर दृश्यका लागि टावर र साहसिक खेल जिप लाइनको समेत प्रबन्ध छ । पिकनिक खानेका लागि घरहरू पनि रहेछन् । यहाँ बिहानी योग तथा शारीरिक व्यायाम गर्नेहरूको भीड लाग्दो रहेछ । यहाँ फिल्म तथा म्यूजिक भिडियोको छायाङ्कन गर्न पनि उपयुक्त देखियो । यही पार्कमै रमाउन मन थियो । तर रेसुंगाले सेतो टोपी लगाएको थियो । अलि

तल भर्खरै वर्षा होला जस्तै अँध्यारिएको थियो । हाम्रो मुख्य उद्देश्य रेसुंगामा पुगेर यसको अवलोकन, दर्शन गर्ने र जानकारी लिने थियो । त्यसैले हामी केही थान तस्वीरहरू मोबाइलमा कैद गऱ्यौं र बसमा चढ्यौं । बस उकालो लाग्यो । परपरसम्मका पहाडी शृङ्खलाहरू हेर्दै स्थानीय साथीहरूले दिनुभएका जानकारी लिंदै बसमा बस्यौं । शान्तिपुरका पाका शिक्षक श्यामलाल गौतमले भजन सुरु गर्नुभयो । तम्घासकी सरस्वती भण्डारीले पनि थप्नुभयो । हामीले पनि थपरी बजाउँदै गाउँदै साथ दियौं । भजनमा रमाउँदै, वनस्पति, हिम तथा पर्वत शृङ्खलाबारे जानकारी लिंदै एकैछिनमा हामी महापोखरी पुग्यौं । बस त्यहीं रोकियो ।

महापोखरी (सिद्धपोखरी)

हामी सरासर महापोखरीको परिक्रमा गर्दै त्यहाँ रहेका २७ धाराहरू र महापोखरीको जलले शिर सेचन गऱ्यौं । रेसुंगा तपोभूमिको एउटा मुख्य ठाउँ महापोखरी हो । यहाँ साउन महिनाभर र हरिबोधनी एकादशीमा विशेष तीर्थाटन हुन्छ । यो पोखरी लक्ष्मीनारायणले चार धामका तीर्थहरूको र अयोध्याको सरयु नदी, काशीको भागीरथी नदी, गया, मुक्तिनाथ र कालीगण्डकीको पवित्र जल ल्याई निर्माण गरेकोले यस पोखरीमा स्नान गर्दा सबै पापहरू पखालिने जनविश्वास रहेको छ ।

सिंढीहरू

तम्घासदेखि करिब १५ मिनेट बसपछि महापोखरी क्षेत्रमा सवारी साधन राखेर पैदल सिंढी चढ्नुपर्छ । रेसुंगाधामको मुख्य स्थान लेकको चुलीमा रहेको छ । त्यहाँसम्म पुग्नका लागि १२७० वटा सिंढीहरू निर्माण गरिएका छन् । समुद्र सतहबाट २३४७ मीटर उचाइ रहेको रेसुंगा चुली उच्च पहाडी क्षेत्रमा पाइने विभिन्न वनस्पतिहरूको बीचबाट सिंढी चढ्दै गर्दा दायाँबायाँका वनस्पतिहरूका विशेषता, औषधीय गुणको चर्चा पनि हुन्छ । उकालो सिंढीहरू चढ्दै गर्दा बीचबीचमा शौचालय र विश्रामस्थल रहेका छन् । स्वच्छता कायम छ । सिंढीहरूमा ढुंगा काटेर सिमेन्टले जोडिएका छन् । बीचमा स्टिल रेलिङ्ग र बीचबीचमा वल्लोपल्लो भागमा जान मिल्ने भएकोले हिडाइ सहजै देखिन्छ ।

रामकुवा

माथि यज्ञशालाभन्दा तल मूल सिंढीको दायाँ करीब ५० मीटरमा राम कुवा रहेको छ । भनिन्छ यो कुवा रामले पानी निकालेर बनाउनुभएको हो । पौराणिक कथनअनुसार राजा दशरथलाई पुत्र लाभका लागि यज्ञ अनुष्ठान गरिदिने ऋषि ऋष्यशृङ्गलाई भेट गर्न भगवान् राम आउनुभयो । ऋषिलाई कुनै अभावको जिज्ञासा राख्नुहुँदा पानीको आवश्यकता रहेको बताउनुभएछ । अनि रामले बाण हानी पानी उत्पन्न गराउनुभयो । अचम्म के छ भने यस कुवामा पानी हिउँद वर्षा बराबर रहन्छ । वर्षामा बढ्ने वा हिउँदमा सुक्ने हुँदैन । अर्को करीब २२५० मीटर उचाइमा पानी पाइनु आफैमा अचम्म छ । त्यसो त रेसुंगा पहाड पानीको ठूलो स्रोत भएको पहाड हो । यसप्रकारको पहाडमा यति धेरै पानीको स्रोत अन्यत्र सायदै होला ।

यज्ञशाला

रेसुंगाधामको मुख्य केन्द्रमध्ये एउटा यज्ञशाला हो । यदुकानन्द स्वामीले यज्ञशाला बनाउनुभएको हो । रेसुंगा चुलीभन्दा केही तल करीब २३०० मीटरको उचाइमा अवस्थित सानो समथर भूभागमा अवस्थित यज्ञशाला प्यागोडा शैलीमा तामाको छाना र सुनको गजुरसहित निर्माण गरिएको छ । यसको बीचमा हवन कुण्ड छ जहाँ अखण्ड धुनी बलिरहेको हुन्छ । आध्यात्मिक शक्तिको विश्वास गरिन्छ । यज्ञशालाको नजिकै तपस्वी पुजारीहरू बस्नुहुन्छ । रेसुंगा संरक्षण समितिको पहलमा अहिले करीब १०० तीर्थालुलाई बासको प्रबन्ध गर्न सकिने गरी आवास पनि निर्माण भएको छ । यहाँ खस्रेटीको धूलो चियापत्तीका रूपमा र खुदो राखेर बनाइएको मीठो चियाले हामी सबैलाई अविस्मरणीय स्वाद दिलायो ।

नागस्थान र सिद्धबाबा मन्दिर

हाम्रो गन्तव्य सिद्धबाबा मन्दिरसम्म थियो । हामीसँग रेसुंगा संरक्षण समितिका अध्यक्ष सुरेश भुसाल साथैमा हुनुहुन्थ्यो । हामी सिद्धबाबा मन्दिर परिक्रमा गर्ने क्रममा मन्दिरको पछाडि रहेको नाग मूर्तिमा पुग्नासाथ अध्यक्ष भुसालले नागको महत्त्वका बारेमा चर्चा गर्नुभयो । नागको आशीर्वादले रिमुवाका शिक्षक शशि घिमिरेको जीवनमा परेको प्रभाव र आफूले पनि उहाँबाट सुझाव लिएर कार्य गर्दा सफल भएको अनुभव सुनाउनुभयो । बालसिद्ध भगवान्को उत्पत्ति भएको स्थानमा सिद्धबाबा मन्दिर बनाइएको हो । उहाँले सिद्धबाबा मन्दिरमा

गरिएको भाकल अवश्य पूरा हुने र मानिसहरूको पूर्ण विश्वास भएकोले रेसुंगा वरपरबाट भक्तजनहरू आउने गरेको बताउनुभयो । पंक्तिकार यहाँका धार्मिक सन्दर्भका कुरा गर्दागर्दै भ्यू टावर जान चाहेन ।

रेसुंगाको विशेष महत्त्व

यज्ञशालामा जम्मा भएर हामीले भजन श्रवण गर्ने, नाच्ने, दर्शन गर्ने गर्दै थियौं । रेसुंगा संरक्षण समितिका अध्यक्ष सुरेश भुसालले यस रेसुंगाधामको पौराणिक मिथकसहितको वर्णन गर्नुभयो । करीब आधा घण्टा लामो प्रवचनमा उहाँले रेसुंगाको सम्बन्ध भगवान् रामसँग रहेको किम्वदन्ती सुनाउनुभयो । संसारका २७ वटा देवगिरिमध्ये एउटा रेसुंगा रहेको जहाँ विमाण्डक ऋषिका छोरा शृङ्ग ऋषिले तपस्या गर्नुभएको तपोभूमि हो । देवभूमि रहेको वैवर्त पुराणमा उल्लेख गरिएको छ । राजा दशरथका सन्तान थिएनन् । ज्योतिषहरूले राजा दशरथलाई पुत्रेष्टि यज्ञ गर्ने सल्लाह दिए र यसका लागि शृङ्ग ऋषिलाई पुरोहित बनाई यज्ञ गरियो । यो यज्ञ सिद्धिएको अन्तिम दिन पायस पैदा भयो । ऋषिले तीन भागमा बाँडेर दिनुभयो । त्यसपछि राजा दशरथलाई चारवटा पुत्र प्राप्त भए । अर्थात् यस धाममा गरिएको भाकल पूर्ण हुन्छ भन्ने आधार तयार भयो ।

शशिधर स्वामी (अर्घाखाँची, वामरुकका मरासिनी) ले रेसुंगामा आई तपस्या गर्नुभयो । १८ औं शताब्दीका शशिधरले बाणोपनिषद् लेख्नुभयो । (यो पुस्तक किरण पुस्तकालय तम्घासबाट २०३३ सालमा छापिएको हो ।) त्यसबेलामै जोसमनि सम्प्रदाय निर्माण गरी जातभात केही होइन भनेर जातिभेद विरोधी व्याख्या गर्नुभयो । शशिधरका छोरा लक्ष्मीनारायण बाल ब्रह्मचारी पनि रेसुंगामा आई तसस्या गर्नुभयो । शशिधरले गाई, गंगा, गणेश, गीता, गायत्रीको संरक्षण गर्नुपर्छ मूर्ति पुजा गरेर मात्र भगवान् पाइदैन भन्नुभयो । शशिधरले भारतका विभिन्न ठाउँमा पीठहरू निर्माण गर्नुभएको थियो । गढवालका नवौं पुस्ताका पीठाधीश विभिन्न रोगले थलिएका बेला सपनामा शशिधर स्वामी देखेपछि खोज्दै आएर रेसुंगाधाममा एक रात बसेपछि उहाँलाई सबै रोगबाट मुक्ति मिल्यो भन्ने उहाँले जानकारी गराउनु भएको रहेछ ।

रेसुंगाको विस्तारित महत्त्व

रेसुंगा पौराणिक, धार्मिक हिसाबले मात्र महत्त्वपूर्ण होइन । रेसुंगा वनमा

गौशाला निर्माण गरिएको छ । त्यहाँ लगभग २०० गाई गोरुको संरक्षण भैरहेको छ । रेसुंगामा २०८० सालमा बनारस, अयोध्या, वृन्दावन, राजस्थानलगायतका विभिन्न भागका सन्तहरू ल्याई सप्ताह सम्पन्न गरिएको छ । यसबाट रेसुंगाको सम्बन्ध अयोध्यामात्र नभै अन्य विभिन्न धामहरूसँग पनि रहेको आभास हुन्छ । वास्तवमा रेसुंगा देवभूमिमात्र होइन सिद्धभूमि हो, तपोभूमि र पुण्यभूमि हो । यसका अतिरिक्त रेसुंगामा पाइने हरेक वनस्पति जडीबुटी हो । यो क्षेत्र धेरै प्रजातिका चरा र वन्य जनावरको वासस्थान पनि हो । अर्थात् यो क्षेत्रलाई धार्मिक पर्यटनका साथै जैविक पर्यावरणीय सम्पदाका रूपमा विकास गरी ती क्षेत्रका अध्ययन अनुसन्धाताका लागि पनि आकर्षण गर्न सकिन्छ । धेरै महत्त्व रहेको रेसुंगाक्षेत्रको अझ व्यापक प्रचारप्रसार गरी धेरै भन्दा धेरै मानव कल्याणका लागि उपयोगी स्थलका रूपमा चिनाउन सबैको सहयोगको आवश्यकता छ । तर व्यावसायिक वा मनोरञ्जनात्मक क्रियाकलापहरूको कुदृष्टिबाट बचाएर पवित्र तीर्थस्थल र जैविक सम्पदाको रूपमा संरक्षण र विस्तार गर्न सम्बन्धित पक्षले चनाखो भैरहनु पर्ने आवश्यकता पनि छ ।

अन्तमा

गुणस्तर शिक्षाको मुख्य अभिलाषा बोकेर गरिएको यस पालाको तम्घासको बसाइमा विज्ञता–चक्रको सिक्रीबाट फुत्त निस्केर रेसुंगा धामको दुई घण्टे विचरणका क्रममा यस भूमिको विहंगम दृष्टिगोचर गर्ने प्रयास भयो । जे जस्तो मिथक एवम् तथ्यहरू ग्रहण गर्न सकियो त्यसले जीवनको दौडाइमा केही समय निकालेर सोंच्न बाध्य पारेको छ । मनमा सोंचाइ परेपछि समाधानको खोजी गर्नुपर्छ । प्रश्नहरू तेर्सिएका छन् । पौराणिक मिथकहरूको पुष्ट्याइँ कसरी गर्ने ? रामकुवाको पानी र शशि घिमिरेको जीवनलाई प्रमाण मान्ने कि ? मैले सुनें कुनै समय राजनीतिमा चुर्लुम्म डुबेका सांसदको उम्मेदवार व्यक्ति पौराणिक मिथकहरूको प्रवक्ता भएर हामीलाई सुनाउनुभयो । यो उहाँको विज्ञताको कदर गर्दै मेरो मनमा पुनः प्रश्न तेर्सिन्छ कि रेसुंगा यात्रा हाम्रा लागि मनोरञ्जनपूर्ण रह्यो कि अर्थपूर्ण ? ती मिथक र संरचनाहरू उट्पट्याङ्ग हुन् कि उत्प्रेरक ? खासमा यस पटकको रेसुंगा यात्रा विज्ञता–चक्रकै एउटा योजक हो भन्ने मैले मानैं ।

ooo

लेख

अंग्रेजी भाषामा नेपाली शब्दको प्रवेश र प्रयोग

✍राजेन्द्र पन्थी



भाषा संस्कृत शब्द हो । यो शब्दको व्युत्पत्ति भाष् धातुमा आ प्रत्यय लागेर बनेको हो । भाष् को अर्थ बोल्नु, भन्नु वा वाणी व्यक्त गर्नु भन्ने बुझिन्छ । मानिसको स्वरयन्त्रबाट निस्किने अर्थपूर्ण आवाजलाई भाषा भनिन्छ । भाषालाई अंग्रेजीमा Language भनिन्छ । यो Language शब्द पनि ल्याटिनको Lingua बाट फ्रेन्चको Language हुँदै १४ औँ शताब्दीमा अंग्रेजी भाषामा भित्रिएको थियो । यो शब्दलाई सुरूमा Langage लेखिन्थ्यो भने पछि बिस्तारै Language लेखिएको थियो ।

भाषा विचार विनिमयको एउटा महत्त्वपूर्ण साधन हो । यो अभिव्यक्तिको महत्त्वपूर्ण माध्यम पनि हो । यो वाक् प्रतीक हो । भाषा यादृच्छिक र व्यवस्थित हुन्छ । भाषा सामाजिक वस्तु हो । मानव जातिको उत्पत्तिसँगै भाषाको उत्पत्ति भएको हो । भाषाविद् र भाषा वैज्ञानिकहरूका अनुसार आदिम मानिसहरूले आफ्नो हात, आँखा, शरीरको हाउभाउ आदिबाट विचार विनिमय गर्थे । मानव विकासको क्रममा जब मानिसको मस्तिष्क ठूलो र सोच्न सक्ने भयो अनि घाँटीको स्वरयन्त्रको विकास भएर भाषाको प्रयोग हुनथाल्यो । वैज्ञानिक अनुसन्धान र पछिल्लो आनुवंशिक तथ्याङ्कहरूका अनुसार मानिसले भाषाको प्रयोग करिब १ लाख ३५ हजार वर्ष पहिलेदेखि गरेको मानिन्छ । पहिलो लिखित भाषा भने सुमेरियन वा इजिप्टियनलाई मानिन्छ । यसको लिखित प्रमाण इसापूर्व ३२०० अर्थात् ५ हजार दुईसय वर्षपहिले आसपासलाई मानिन्छ । भाषाको जन्म भएपछि लिपिको विकास भएको हो । इतिहासकार र भाषाविद्हरूका अनुसार संसारमा अहिले जति पनि लिपिहरू छन्, ती

लिपिहरू आजसम्म आउँदा चित्र लिपि, भाव लिपि, शब्दाक्षर लिपि र ध्वनिमूलक वा वर्णात्मक लिपि गरी विभिन्न चार चरण पार गर्दै आएका हुन् । अहिले संसारमा मुख्य रूपमा अल्फाबेट/वर्णात्मक, सिरिलिक, अक्षरात्मक, एब्जाद, चित्र, तार्किक आदि लिपिहरू प्रचलनमा छन् । भाषासम्बन्धी अनुसन्धान गर्ने संस्था इथ्नोलगका अनुसार सन् २०२६ मा विश्वमा सबैभन्दा धेरै मानिसहरूले बोलिने भाषाहरूमा क्रमशः अंग्रेजी, चिनियाँ, हिन्दी, स्पेनिस, अरेबिक, फ्रान्सेली, बङ्गाली, पोर्चुगिज, इन्डोनेसियन, उर्दू, रसियन, जापानी, नाइजेरियन, मराठी, तेलगू, टर्किस, तमिल आदि रहेका छन् । नेपालमा २०७८ सालको जनगणनाअनुसार १२४ वटा मातृभाषा बोलिन्छन् भने करिब १ करोड ३१ लाख नेपालीले नेपाली भाषा बोल्छन् । विश्वभरिमा करिब ३ करोड मानिसले नेपाली भाषा बोल्छन् ।

अहिले विश्वका २४२ देशमा करिब ७ हजार १ सय ७० भाषाहरू बोलिन्छन् । संसारभरि बोलिने यी हजारौँ भाषाहरूलाई तिनीहरूको ऐतिहासिक उत्पत्ति, व्याकरण र शब्दावलीका समानताका आधारमा भारोपेली (संस्कृत, नेपाली, अंग्रेजी, स्पेनिस, रसियन, जर्मन, फारसी आदि), भोट-बर्मेली (चिनियाँ, तिब्बती, बर्मेली) आग्नेयाली (भियतनामी, खमेर, खासी हो, सोरा, मोन, सन्थाल, मुन्डारी) द्रविड (तामिल, तेलगू, कन्नड, मलायालाम, झाँगड) गरी मुख्य चार भाषा परिवारमा विभाजन गरी अध्ययन गरेको पाइन्छ ।

संसारमा विभिन्न भाषाहरूको विकास र विस्तार हुँदै जाँदा कतिपय भाषाहरू लोप हुँदै गए भने कतिपय भाषाहरू शक्तिशाली र बलिया हुँदै गएका छन् । युनेस्कोको एक अनुसन्धानअनुसार विश्वका कुल भाषाहरूमध्ये करिब ४५ प्रतिशत भाषाहरू अत्यन्तै संकटमा छन् अर्थात् लोपोन्मुख अवस्थामा पुगेका छन् । विश्वका प्रमुख ऐतिहासिक मृत भाषाहरू ल्याटिन, संस्कृत, प्राचीन ग्रिक, सुमेरियन, अक्काडियन, कप्टिक, इयाक, याना, बो आदि हुन् । नेपालमा बोलिने कुसुन्डा, दुरा, हायु, बनकरिया भाषाहरू अति संकट अवस्थामा पुगेका छन् ।

भाषामा स्वाभाविकता, गतिशीलता र उत्पादनशीलता जस्ता विशेषता हुने हुनाले कुनै एउटा भाषा सधैंभरि एउटै रूप र संरचनामा विकास भएको

हुँदैन । भाषामा समयक्रममा स्वाभाविक रूपमा परिवर्तन भइरहन्छन् । कुनै पनि भाषालाई कुनैबेला परिवर्तन गर्छु भनेर त्यो परिवर्तन गर्न सकिँदैन । संसारका कतिपय देशहरूले ती देशमा प्रयोग गरिने भाषाहरूलाई राष्ट्र, राष्ट्रिय, कार्यालयीय, सरकारी र आधिकारिक भाषा भनेर चिनाएका पनि छन् । मानिसहरू मातृभाषी वा एकभाषी मात्र नभएर द्विभाषी र बहुभाषी पनि हुन्छन् । हरेक भाषाका आआफ्नै शब्दहरू हुन्छन् । शब्द भनेका भाषाका सबैभन्दा साना अर्थपूर्ण एकाइ हुन् । अक्षर वा अक्षरको समूहबाट शब्दको निर्माण हुन्छ । राम, घर, म, रातो, अग्नि, घाम, स्कुल, बजार आदि नेपाली भाषाका शब्दहरू हुन् । समयक्रममा कुनै पनि भाषामा कतिपय नयाँनयाँ शब्दहरू थपिने र प्रयोग भएका शब्दहरू लोप हुने कुरा स्वाभाविक रूपमा चलिरहन्छन् । भाषाहरू सामाजिक, राजनीतिक, आर्थिक, शिक्षा, सञ्चार, बसाइँसराइ, प्राविधिक आदि जस्ता विभिन्न कारणहरूले विस्तार र लोप हुन्छन् ।

कुनै भाषा बोल्नको लागि निश्चित भौगोलिक सिमाना नहुने हुनाले वक्ता वा श्रोता भएमा संसारको जुनसुकै ठाउँमा कुनै पनि भाषा बोल्न सकिन्छ । आजको विश्वव्यापीकरणको युगमा त झन् भाषाहरू क्षणभरमा संसारको जुनसुकै ठाउँमा पुग्न सक्छन् । अहिले त विज्ञान,प्रविधि र सञ्चारको द्रुत विकासले गर्दा भाषाका शब्दहरू एकापसमा साटिन र भित्रिन सजिलै सक्छन् । कुनै पनि भाषामा रहेका शब्दहरू स्रोतका आधारमा मौलिक र आगन्तुक हुन्छन् । आफ्नै भाषाका मूल शब्दलाई मौलिक शब्द भनिन्छ भने अर्को भाषाबाट आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ ।

संसारमा रहेका करिब सात हजार भाषाहरूमध्ये नेपाली भाषा भारोपेली भाषा परिवारअन्तर्गतको सतम् वर्गभित्र पर्ने एउटा भाषा हो । यसको सम्बन्ध आर्य इरानेली शाखाको आधुनिक आर्यसँग रहेको छ । नेपाली भाषा संस्कृत, प्राकृत र अपभ्रंश हुँदै विकास भएको हो । नेपाल देशबाट यस भाषाको नाम नेपाली भएको हो । नेपाली भाषाको उद्भव आजभन्दा करिब एक हजार वर्ष पहिले कर्णाली प्रदेशको सिँजामा भएको थियो । यो भाषा खस कुरा, पर्वते भाषा, गोर्खाली भाषा नामले चिनिँदै, विकास र विस्तार हुँदै अहिलेको नेपाली

भाषाको नामले प्रचलित छ । यस भाषाका थुप्रै भाषिका र उपभाषिकाहरू पनि छन् । यो भाषा अहिले खासगरी नेपाल बाहेक भारत, भूटान, बर्मा हुँदै संसारभरि फैलिएको छ । यो भाषा देवनागरी लिपिमा लेखिन्छ । नेपाली बृहत् शब्दकोशको डिजिटल संस्करणअनुसार नेपाली भाषाका एक लाख अट्ठाइस हजारभन्दा बढी शब्दहरू छन् ।

अंग्रेजी भाषा संसारमा सबैभन्दा धेरै मानिसहरूले बोल्ने भाषा हो । सन् २०२६ को पछिल्लो एक तथ्यांकअनुसार विश्वका ५९ भन्दा बढी देशमा अंग्रेजी भाषा आधिकारिक वा पहिलो भाषाका रूपमा बोलिन्छ । यो भाषालाई मातृभाषाका रूपमा अमेरिका, बेलायत, क्यानडा, अस्ट्रेलिया, न्युजिल्यान्ड, आयरल्यान्ड, जमैका, नेदरल्यान्ड, स्विडेन र डेनमार्क जस्ता देशहरूमा बोलिन्छ । पछिल्लो एक तथ्यांकअनुसार विश्वमा करिब १ अर्ब ५३ करोड मानिसले अंग्रेजी भाषा बोल्छन् भनिन्छ ।

अंग्रेजी भारोपेली भाषा परिवारको पश्चिमी जर्मनिक शाखा अन्तगर्तबाट विकास भएको भाषा हो । यसको जन्म इसाको ५ औँ शताब्दीमा बेलायतमा भएको मानिन्छ । जर्मनी र डेनमार्क क्षेत्रबाट आएका एंगल्स (Angles), स्याक्सन (Saxons) र जुट्स(Jutes)ले बेलायतमा आक्रमण गरेपछि यो भाषाको जग बसेको मानिन्छ । एंगल्स जनजातिको नामबाट देशको नाम इङ्ल्याण्ड र भाषालाई एंगलिस(Englisc) भनियो र पछि इङ्लिस(English) भनिएको थियो । आज यो भाषा विश्वमा अन्तर्राष्ट्रिय सम्बन्धको भाषाको रूपमा मान्यता पाएको छ । अंग्रेजी भाषामा करिब १० लाख शब्दहरू रहेको अनुमान गरिएको छ । संसारकै आधिकारिक मानिने अक्सफोर्ड इङ्लिस डिक्सनरीमा अंग्रेजीका करिब ६ लाख शब्दहरू रहेका छन् । अग्रेजीमा भाषामा पनि श्रोतका दृष्टिले शब्दहरू मौलिक र आगन्तुक गरी दुई किसिमकै छन् । मौलिक भनेका एङ्लो-स्याक्सन शब्दहरू जस्तै - Man, House, Water, Father, Go, Eat आदि हुन् भने आगन्तुक शब्द भनेका फ्रेन्च (Government, Crown, Judge), ल्याटिन (Intellect, Legal, Focus), ग्रिक (Psychology, Theater, Biology), अरबी (Algebra, Alcohol, Zero), नेपाली (Guru, Karma, Yoga) आदि श्रोतका शब्दहरू हुन् । अंग्रेजी भाषामा लगभग ३०

प्रतिशत शब्दहरू मौलिक छन् भने ७० प्रतिशत शब्दहरू आगन्तुक छन् ।

नेपाली र अंग्रेजी भाषा भनेका सहोदर दिदीबहिनी वा दाजुभाइ जस्ता भाषा हुन् । आजभन्दा करिब ६ हजार वर्षदेखि ८ हजार वर्ष पहिले संसारमा एउटा प्रोटो-इन्डो-युरोपियन (PIE) भाषाबाट युरोपेली शाखा र आर्य/इरानेली शाखा फैलिएका थिए । युरोपेली शाखामा ल्याटिन,ग्रिक,जर्मेनिक हुँदै अग्रेजी भाषाको विकास भएको हो भने आर्य-इरानेली शाखाबाट वैदिक,संस्कृत हुँदै नेपाली भाषाको विकास भएको हो । अंग्रेजी र संस्कृतका कतिपय शब्दहरूको उच्चारण मिल्छ, जस्तै-मातृ (Mother), पितृ (Father), भ्रातृ (Brother), नाम (Name), त्रि/तीन (Three) आदि ।

नेपाली भाषामा अंग्रेजीका हजारौँ शब्दहरू भित्रिएका छन् वा चलनचल्तीमा छन् । नेपाली भाषाका अंग्रेजी आगन्तुक शब्दहरूमा जस्तै-कम्प्युटर, कोट, कलेज, मोबाइल, इन्टरनेट, डाक्टर, बैंक, स्कुल, ज्याकेट, बस, टिकट, फाइल, पाइप, किचन, भेज, ब्रेकफास्ट, लन्च, डिनर, फ्रेस हाउस, मिसेज, म्यासेज, डायस्पोरा, मिडिया, क्लिन, स्विप, डिस्कोर्स, करिडोर, प्लान्ट, नेटवर्क, डाइभर्सन, होम डेलिभरि, लोडसेडिङ्, अङ्कल, अन्टी, ओके, बाइ, थ्याङ्क यु, सरप्राइज, गिफ्ट,बर्थ डे, ब्वाइ फ्रेन्ड, गर्ल फ्रेन्ड, पेपर, पेन, कलर, जोक्स, डेन्जर, अप्रेसन, डिभोर्स, अन, अफ, डायल, पोलिटिक्स, एनिभर्सरी, कंग्राचुलेसन, सपिङ्ग आदिजस्ता थुप्रै शब्दहरू चलनचल्तीमा छन् ।

नेपाली भाषा मातृभाषाका रूपमा खासगरी नेपाल, भारत, भूटान, बर्मामा मात्र बोलिए पनि वैदेशिक रोजगारी,अध्ययन र बसाइँसराइ आदि विभिन्न कारणले गर्दा आज संसारका एकसय बढी देशहरूमा यो भाषा बोलिन्छ । यो भाषाका वक्ताहरू कतार, साउदी अरब, युएई, कुबेत, मलेसिया, अमेरिका, बेलायत, क्यानडा, जापान आदि देशहरूमा रहेका छन् । आज नेपाली भाषीहरूको नेपाल बाहिरको विस्तारले वा विदेशीहरू नेपालको सहज आवागमनले गर्दा अन्तर्राष्ट्रिय भाषाको रूपमा मान्यता पाएको अंग्रेजी भाषामा नेपाली भाषाका शब्दहरू पनि प्रयोग भएको पाइन्छ ।

अंग्रेजी भाषीहरूले नेपाली शब्दको प्रयोगको इतिहासलाई हेर्दा छिमेकी मुलुक

भारतमा इष्टइन्डिया कम्पनीको शासन कालसम्म पुग्न सकिन्छ । सिमाना जोडिएका दुई छिमेकीका बीचमा भाषाको प्रभाव पर्ने हुनाले ब्रिटिसहरू नेपाली भाषाबाट अनभिज्ञ पक्कै थिएनन् भनेर अनुमान गर्न सकिन्छ । भारतका कतिपय ठाउँहरूमा त मातृभाषाका रूपमा नेपाली भाषा पनि बोलिन्थ्यो । बेलायतीहरूले नेपालीहरूको वीरताबाट प्रभावित भएर वि.सं. १८७२ देखि आफ्नो सेनामा नेपालीहरूलाई भर्ती गर्न थालेपछि त नेपाली शब्दहरू अंग्रेजी भाषामा भित्रिएका देखिन्छन् । त्यसबेला नेपाली भाषालाई गोर्खा भाषा वा खस कुरा भनिन्थ्यो । सबैभन्दा पहिले गोर्खा, खुकुरी, पाण्डा, ऐसेलु, अर्गेली, कुट्की, चिराइतो आदि शब्दहरू अंग्रेजी शब्दकोशमा प्रविष्ट भएका थिए । बेलायती नागरिक राल्फ लिलि टर्नरले सन् १९३१ मा लन्डनबाट A comparative and etymological dictionary of nepali language प्रकाशित गराएपछि नेपाली भाषाका लिपिबद्द शब्दहरू नेपालबाहिर पनि चिनिएका थिए । यसमा २६ हजार बढी शब्दहरू रहेका छन् । यसमा रोमन र देवनागरी दुबै लिपिको प्रयोग गरिएको छ । यो नेपाली भाषाको इतिहासमा एउटा युगान्तकारी कृति मानिन्छ । यसपछि क्रमशः नेपाली भाषाका बारेमा बेलायत, जर्मन र अमेरिकाका स्वतन्त्र अनुसन्धानकर्ता, लेखक र विश्वविद्यालयहरूले अध्ययन र अनुसन्धान गरेका थिए । आज नेपाली भाषाका बारेमा नेपालबाहिर अमेरिकाका Harvard, Cornell, Washington, बेलायतको SOAS university of London, अस्ट्रियाको University of Vienna, जर्मनीको Heidelberg University, क्यानडाको University of british columbia लगायत र भारतका विभिन्न विश्वविद्यालयहरूमा अध्ययन र अनुसन्धान हुन्छ । अमेरिका, क्यानडा र युरोपका विभिन्न देशहरूमा नेपाली नामबाट समुदाय, टोल, रेस्टुरेन्ट, ग्रोसरी स्टोरका नामहरू राखिएका छन् । यसले गर्दा पनि अंग्रेजी भाषीहरूले नेपाली शब्दहरूको प्रयोग गरेको पाइन्छ । नेपाली भाषामा लेखिएका मुनामदन,सुम्निमा,आज रमिता छ, शिरीषको फूल, कर्णाली ब्लुज, सेतो बाघ, बसाइँ, सेतो धर्ती आदि जस्ता निकै लोकप्रिय साहित्यिक कृतिहरू अंग्रेजी भाषामा अनुवाद हुनाले पनि शब्दहरूको प्रचार र प्रयोग भएको देखिन्छ । नेपाली भाषाका गोर्खा, खुकुरी, मम, छुर्पी, ढिँडो, तराई, झारल, घोरल, नमस्ते, गुरु, गाउँपालिका, नगरपालिका, गुन्द्रुक, जनै,

शेर्पा, हिमालय, सगरमाथा, दुकान, सेलरोटी, मुनाल, पान्डा, वनमारा, तितेपाती, धूपी, पञ्चायत, बिघा, कट्ठा, दही, चिउरी, चिउरा, रक्सी, खस, पुस्ताकारी, गुद्पाक, दशैँ, तिहार आदि जस्ता शब्दहरू अंग्रेजी भाषाको शब्दकोशमै प्रविष्ट भएका छन् ।

नेपाली भाषामा अंग्रेजी भाषाको प्रभाव अत्यन्तै बढ्दै जाँदा नेपाली भाषाका शब्दहरू पनि अंग्रेजी भाषामा प्रयोग हुनु सकारात्मक पक्ष हो । पश्चिमी जगत्मा विज्ञान र प्रविधिको नयाँनयाँ आविष्कार हुनु, अंग्रेजी भाषा विश्वव्यापी सञ्चार माध्यम हुनु, कम्प्युटर, स्मार्टफोन, सामाजिक संजाल र इन्टरनेटका अधिकांश कोडिङ तथा सामग्रीहरू अंग्रेजी भाषामा बन्नु, बहुराष्ट्रिय कम्पनीहरू र अन्तर्राष्ट्रिय व्यापारको मुख्य भाषा अंग्रेजी हुनु, विश्व बजारमा राम्रो जागिर पाउन र करियर बनाउन अंग्रेजी भाषालाई एक अनिवार्य योग्यता मानिनु आदि जस्ता विभिन्न कारणले संसारका प्रायः सबै भाषामा अग्रेजी भाषाको प्रभाव तीव्र हुँदै गएको छ ।

आजभन्दा करिब एकसय वर्ष पहिले नै नेपाली भाषामा अंग्रेजी भाषाको प्रभाव परेपछि नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले चिन्ता व्यक्त गर्दै हाइहाइ अंग्रेजी भन्ने शीर्षकमा एक व्यङ्ग्यात्मक निबन्ध लेखेका थिए । आज सय वर्षपछि आउँदा संसारका धेरै देशहरूमा नेपाली वक्ताहरू भेटिनु, नेपाली भाषामा लेखिएका कृतिहरू अंग्रेजी भाषामा अनुवाद हुनु, अंग्रेजी शब्दकोशहरूमा नेपाली शब्दहरूको प्रविष्टिको सङ्ख्या बढ्दै जानु, अंग्रेजी भाषीहरूले नेपाली शब्दहरूको प्रयोग गर्नु, पश्चिमी जगत्का शहरहरूका व्यापारिक महलहरूमा नेपाली भाषाका बोर्डहरू देखिनु, विदेशी विश्वविद्यालयहरूमा नेपाली भाषाको अध्ययन हुनुलाई वाहवाही नेपाली भन्न सकिन्छ ।

(भर्जिनिया,अमेरिका)

२०८३ असोज ९ शुक्रवार(२५ सेप्टेम्बर २०२६)

०००

कथा

सपना



✍दशराज शाक्य

जेठी विजया दिदी ३ जना दिदी बहिनीमा सबभन्दा सुन्दरी थिइन् । गोरी रंग, लालिमा जस्तो भरिएको पुष्ट गाला भएकी हुन् । जब जब उनको सुन्दरताको चर्चा हुनेगर्छ तब तब आमाले नबोलीकन सुख पाउँदिनन् । आमाले भन्छिन्, "विजया तिमी काली भएर पैदा भएकी हौ । तिम्रो काकाले मुख बिगारेर भन्नुभएको थियो कि काली कलुटी केटीलाई जन्म दिएकी थियौ तिमीले.....।"

"फेरि त्यसरी सुन्दरी कसरी भइन् त ?" रश्मिले उत्सुकतापूर्वक सोधिन् ।

"रश्मि ! एकदिन मेरी साथी अनिता आफ्नी बज्यैसँग घर आइन् । सम्झाइन् लक्ष्मीलाई, "छोरीलाई सुन्दरी बनाउने हो भने माछाको तेल दलेर मालिश गर्नुपर्छ ।"

बज्यैले भनेअनुसार आमाले विजयालाई मालिश गर्न थालेकी थिइन् । नाकमाथि मोये कपडा बाँध्थी, कोठामा सुगन्धित धूपबत्ती बाल्थी । तर तेलको चिल्लो बाहिरसम्म फैलिन्थ्यो । बिस्तार बिस्तारै नसोचेको चमत्कार भएछ । विजयाको शरीरबाट कालो रंगको पाप्रा हराएछ । ५ महिना हुँदाहुँदै शरीरको गाला गुलाबी हुन लागेछ । १ वर्षपछि रश्मीले देखिन् त आश्चर्य भावले सोधिन्, "अरे ! उनी विजया नै हो त ? यतिसम्म गोरी कसरी भइन् ?"

थाहा छैन कसरी गोरी भइन् ? विजया सुन्दरी भइन् अरे । अब त १६ वर्षकी तरूणी भइन् । यसै सिलसिलामा आमाले ३ जना छोरीलाई १५ मिटरको कपडा एक थान ल्याएर नाप गरी लुगा सिलाउन लगाइन् । कपडा

सबैको एकै रङ्गको हुन्थ्यो । एक पटक विजयाले भनिन् कि, "मलाई सलवार कुर्ता मनपर्छ, सलवार कुर्ता सिलाउँछु ।"

विजया दिदीको कुरालाई सबैले मान्थे । सलवार कुर्ता तयार भएको बेला विजया दिदीले भनेकी थिइन्, "हेर्नु नि सरला, म तिमी भन्दा अलग फेशन गर्नेछु ।"

विजया दिदीले फेरि भनिन्, "तर मेरो मन त शूटमा गएर अड्किएछ ।"

जब विजया दिदीले शूट लगाइन् । अहो कस्तो सुहाएको रहेछ। एयर-होस्टेस जत्तिकै राम्री देखिइन् । शूट लगाउने सुनौलो अवसर जुरेको छ । विजया दिदीको साथीको बिहेमा शूट लगाएर जाने इच्छा पूरा गर्ने विचार थियो ।

विजयाले आफ्नी आमालाई पनि सँगै लिएर बिहेमा गइन् । अचानक साथीको घर आइपुगे । त्यही बेला विजयाको खुट्टा चिप्लिएर धडाम्म लडिन् र गेटसँगैको काँडेतारमा अड्केर कोट चिर्र च्यातिएछ । सो दृष्य देखेर विजया कराइन् "हे भगवान् ! अब के हुन्छ ?"

चोटले भन्दा कोट च्यातिएको तनावको पीडा दिएछ विजयालाई । आमा चाहिँ हडबडाइन् । हतरपतर घरमा बहिनीलाई विजयाले फोन गरिन् । बहिनी स्कुटरमा आएर दिदीलाई स्कुटरमा नै हालेर घर लगिन् । घरमा च्यात्तिएको शूट फुकालेर साडी लगाइन् हतार हतारले र बहिनीले स्कुटरबाट नै पुऱ्याइदिइन् । आमा आफ्नी छोरी विजयालाई कुरेर उभिरहेकी थिइन् ।

साथीको बिहे भोजमा सरिक भइन् र खाइपाई गरी आमासँगै घर फर्किन् । रातमा विजयालाई निद्रै लागेन शूटको दशाले । त्यत्तिकैमा रात बिताइन् । ३/४ दिन पनि त्यत्तिकै बितेछ आराम गर्दागर्दै । अब कहिल्यै शूट नलगाउने वाचा गरिन् विजयाले ।

२ वर्षपछि विजयाको पनि बिहे भयो एक इञ्जिनियरसित । इञ्जिनियर धनी थियो । बिहेपछि विजयालाई इञ्जिनियरले भारतको दार्जिलिङ घुमाउन लगे । त्यहाँ त्यस्तै २५ दिन जति समय बिताए । कुरै कुरामा इञ्जिनियरले विजयालाई सोधे, "कस्तो रह्यो भ्रमण ?"

"अत्यन्तै रमाइलो लागिरहेछ मलाई । पोखरा घुम्नु र दार्जिलिङ घुम्नु त्यत्तिकै रमाइलो लागिरहेछ ।" मीठो मुस्कानसहित विजयाले जवाफ दिइन् ।

"अरू कुनै इच्छाको कुरा छ कि तिमीमा ?" इञ्जिनियरले विजयाको मन जाँचे ।

"छ नि, एउटा सानो बंगला-घर यहीँ दार्जिलिङमा बनाउन पाए मेरो मीठो इच्छा पूरा हुनेथियो ।" विजयाले अत्यन्तै खुशीसाथ जवाफ दिइन् ।

"लौ त ठीक छ । कुनै दिन समयले साथ दियो भने तिम्रो इच्छा पूरा गरिदिउँला ।" इञ्जिनियरले पनि मीठो मुस्कानसहित जवाफ दिए ।

४५ दिनपछि घर फर्किए दुबै । माइती जान्छु भनेर विजयाले लोग्ने इञ्जिनियरसित वचन मागिन् । इञ्जिनियरले "हुन्छ, जानू" भनेर पठाइदिए । विजया सप्तरंगी (७ रंग) सपनासहित माइत पुगिन् । ४५ दिनपछि विजया आफ्नो माइत आइपुगेको खबर सुनेर घरमा सबै खुशीले गद्गद् भए । विजया दिदीको चम्किलो अनुहार देखेर सबै आश्चर्यचकित भए ।

करीब करीब १० महिनापछि दुई महिनाको गर्भको साथ विजयाको भाग्यको दिन शुरू हुन लागेछ । आमा बन्ने लक्षण कस्तो छ भन्ने विजयाको मनमा खुलदुली भएछ । ९ महिनाको गर्भपछि विजयाले एक छोरो पाइन्, तर विजयाको अत्यधिक रक्तस्रावले (रगत बगेको) दिवंगत भइन् । कस्तो आपत् आइपरेछ यस्तो अवस्थामा । सपनामै नचिताएको यस्तो अवस्थामा लोग्नेमान्छे भएर पनि इञ्जिनियरको आँखामा आँसु बगेछ धरधरी । डाक्टरले राम्रो सल्लाह दिएछ बच्चालाई हुर्काउने अवस्था ।

इञ्जिनियरले विचार गरेर सासू-आमासित सल्लाह गरे ।

बच्चा स्याहार गर्न, सुसार गर्न विजयाकी आमाले रुँदै ज्वाइँ इञ्जिनियरको हातमा आफ्नी कान्छी छोरीलाई थमाइदिइन् । इञ्जिनियरले सामान्य टीका लगाएर कान्छी स्वास्नीलाई आफ्नो घर भित्राए । उनीले नै दिदीको बच्चालाई आफ्नो सम्झी राम्रोसित स्याहार सुसार गर्न थालिन् । जिन्दगीमा एउटा सपना हुन्छ, त्यो सपनालाई साकार पार्न अत्यन्तै गार्हो हुने रहेछ । त्यही सपनालाई सफल पार्न कान्छीले लोग्ने इञ्जिनियरलाई हर तरहले साथ सहयोग गरिरहिन् ।

बालकुमारी, ललितपुर वडा नं. ९
Shakya.dasharaj@gmail.com

ooo

लेख

फराकिलो हुँदै महिलालेखन

✍प्रभा बराल



साहित्यका विभिन्न विधामा पछिल्लो समय महिलाको भूमिका र योगदान प्रशंसनीय बन्दै गइरहेको छ । समयक्रमसँगै प्राप्त हुने चेतनाको इन्द्रेणी झिल्को महिलालेखनमा पनि परेको महसुस प्रशस्त गर्न सकिन्छ । हिजोसम्म भात-भान्छा र घरेलु पीडामात्रै महिलालेखनको विषय हो भन्नेहरूको आरोप प्रतिदिन खुकुलो हुँदै गइरहेको छ । हरेक क्षेत्रमा महिला पछि पर्नुको कारण शिक्षा, अवसरको कमी र चेतनाको अभाव थियो । यी कुरा प्राप्त हुन थालेपछि अरू क्षेत्रजस्तै महिलालेखनको क्षेत्र पनि उज्यालिदै आएको अनुभव गर्न सकिन्छ । पर्याप्त रूपमा हुन नसक्नु आफ्नो ठाउँमा होला तर पनि केही भएको महसुस गर्न पाउनु पनि आशावादितामा रहनु सकारात्मक पाटो हो । पक्कै पनि समयले फड्का मारेपछि महिलालेखन र पुरुषलेखन भनेर हामीले चर्चा गरिरहनु पर्ने छैन । 'लेखन'को साझा विन्दुमा हामी अटाउनेछौं । बस् हामीलाई त्यही दिनको प्रतीक्षा छ ।

१. गुणात्मक र सङ्ख्यात्मकको बहस

सङ्ख्यात्मक उपलब्धिबाट नै गुणात्मक उपलब्धिको फड्को मार्ने कार्य हरेक क्षेत्रको विशेषता हुँदै हो । त्यसको प्रभाव पनि महिलालेखनमा पर्नु स्वाभाविकै हो । लेख्दै लेख्दै गएपछि नै शब्द संयोजन, पदावली विन्यास र वाक्य संरचनाको तरिका थाहा हुन्छ अनि सिक्दै गइन्छ शिल्पका कुरा, विषय छनौटका कुरा र बिस्तारै गुणात्मक लेखनका कुरा । गुणात्मकको प्रश्न महिलालेखनमा मात्रै होइन । जुनसुकै लेखनको पनि अहम् प्रश्न हो । समयले उत्तरआधुनिकताको मध्यबिन्दुमा ल्याए पनि समग्र नेपाली साहित्यलेखन

उत्कृष्ट हुन नसकेको कुरा बहसको विषय बन्दै आइरहेको छ । हामी वर्षौंदेखि सामाजिक यथार्थवादको लेखनमा रमाइरहेका छौं । लेखनको नयाँ शिल्प र बुनोटको लामो 'ग्याप' को रेखा तन्किदै गइरहेको छ । तीसको दशकमा स्वैरकल्पनाको प्रयोग गरेर लेखिएको ध्रुवचन्द्र गौतमको 'अलिखित' उपन्यासले पचास वर्ष काटिसकेको छ । स्वैरकल्पनालाई मूल विषय बनाएर नाटक लेख्ने मोहनराज शर्माको 'वैकुण्ठ एक्सप्रेस', सरूभक्तको 'पागलबस्ती'जस्ता कृति चालीसको दशकमै चर्चामा थिए । कल्पनाशीलता साहित्यलेखनको एउटा महत्त्वपूर्ण पक्ष हो । स्वैरकल्पना कल्पनाको अतिरूप हो र लेखनको अनौठो काल्पनिक शैली पनि । जीवन र जगत्का कुराहरू घुमाउरो पाराले अभिव्यक्त गर्न विश्वका चर्चित साहित्यकार र चित्रकारहरूले पनि स्वैरकल्पनाको सहारा लिन्छन् । नेपाली साहित्यमा अग्रज साहित्यकारले पनि बेलैमा अनुसरण गरेर लेखिएका यी कृतिले पाठकको मनमा महत्त्वपूर्ण स्थान ओगटेका छन् । सञ्जीव उप्रेतीको 'हंस'मा पनि स्वैरकल्पनाको उत्कृष्ट प्रयोग भेटिन्छ । पछिल्लो समय कुमार नगरकोटीले स्वैरकल्पनालाई आफ्नो लेखनको मूल विशेषता बनाउँदै आएका छन् । अध्ययन गर्दै जाँदा यस्ता कृतिहरू अरू पनि भेटाउन सकिएला । लेखनको यति मीठो शैली आजभोलि सशक्त बन्दै जानुपर्नेमा लुप्त हुँदै जानुले साहित्यको गुणात्मकतामाथि चिन्तन कम हुन थालेको अनुभव गर्न सकिन्छ । अझ महिलालेखनमा यस्तो शैली अपनाएर लेखिएका कृति कति होलान् ? कहिलेकाहीं एउटा विचारणीय प्रश्न मनमा आउँछ । म घोरिन पुग्छु । औलामा गन्न सकिने पुस्तकको नाम मात्रै भेट्टाउँछु । शारदा शर्माको 'कम्प' उपन्यास र अर्चना थापाले विज्ञान कथालाई विषयवस्तु बनाएर लेखिएको 'कठपुतला' कथामा स्वैरकल्पनाको प्रयोग देख्छु । शिवानी सिंह थारूको राजनैतिक उपन्यास 'काठमाडौंमा एकदिन' पनि नवीन शैलीको उपन्यास मान्न सकिन्छ । धेरै पाठकले उनको उपन्यासमाथि हलुका टिप्पणी गरेको पाएकी थिएँ । शायद अलिकति फरक ढंगले लेखिनेबित्तिकै महिलाहरूले नबुझी लेखे होलान् भन्ने खालको नजरअन्दाज गरेर महिलाको बौद्धिकतामाथि शंका गरेको हो कि भन्ने पनि ठान्छु ।

पछिल्लो समय उमा सुवेदीको 'परिधि' उपन्यासमा पनि नयाँ प्रयोगशील शैली भेट्न सकिन्छ भने सीमा आभासको 'महायुग'मा पनि स्वैरकल्पनाको मीठो

उडान छ ।

दक्षिण कोरियाकी लेखक हान काङ्को उपन्यास 'द भेजिटेरियन' (नेपाली भाषामा अनुवाद प्रवीण अधिकारी) मा पितृसत्तात्मक समाजमा विद्रोह देखाउनलाई कलात्मक ढङ्गले स्वैरकल्पनाको उच्चतम प्रयोग गरिएको छ । यो पुस्तकले सन् २०१६ को 'म्यान बुकर पुरस्कार' समेत प्राप्त गरेको थियो । यस्ता लेखनले पाठकलाई नयाँ स्वाद दिन्छन् । नेपाली साहित्यमा परम्परागत धारबाट फरक लेख्नेबित्तिकै अनेक खालका आरोपप्रत्यारोपले लेखकलाई थिलोथिलो पारिन्छ । यो पनि लेखनको नयाँ शैली हो, लेखनका सबै मान्यता पूर्ववत् हुँदैनन् भन्ने आग्रहबाट हामी मुक्त हुन सके केही नयाँ लेख्न खोज्नेलाई ऊर्जा मिल्थ्यो । आगामी दिनमा गम्भीरतापूर्वक सोचेर केही नवीन शैलीको प्रयोग गर्दै लेखनसीपको अभिवृद्धि गर्न सके सङ्ख्यात्मकसँगै गुणात्मकलेखन पनि पक्कै सुधार हुने कुरामा आशा गर्न सकिन्छ ।

२. लेखनका विषयमा विविधता

आफ्ना भोगाइ, अनुभूति र विचारको सम्प्रेषणमा महिलालेखनको विषयमा हाल विविधता देख्न सकिन्छ । अस्तित्व चेत लेखनका लागि पारिजात, वानिरा गिरी, देवकुमारी थापा, माया ठकुरी, भागीरथी श्रेष्ठ, मञ्जु काँचुली, बेन्जु शर्मा, पद्मावती सिंह, इल्या भट्टराई, सुलोचना मानन्धर, उषा शेरचन, भुवन ढुङ्गाना, प्रतिसरा सायमी आदि अग्रज स्रष्टाहरूले कोरिदिएको बाटोमा हाल महिलाहरूले निर्धक्क लेख्न थालेका छन् । लेखनको विषय चुलोचौको, घरपरिवार र सीमित परिधिमा खुम्चिएको छैन । केही वर्ष अघिसम्म हिमाली क्षेत्रको लेखनमा महिलाको नामै आउँदैन्थ्यो । अहिले धमाधम नारी स्रष्टाहरूका अनुभूति पाठकसामु आइरहेका छन् । यो सङ्ख्या बढ्दो क्रममा छ । समाज र संस्कारको लक्ष्मण रेखा नाघेर महिला स्रष्टा स्वदेश मात्र होइन विदेशसमेत पुगेका छन् र आफ्ना अनुभूतिलाई मार्मिक रूपमा आफ्नो लेखनीमा चित्रण गरेका छन् । सिङ्नीबाट सानु शर्माले 'सिङ्नी सपना', सिर्जना शर्माको 'गोल्डेन गेट', निरू त्रिपाठीको 'पेरिस्कानो', प्रभा बरालको 'आत्महत्याको जङ्गल' र 'फिलिङ्गो', यसैगरी बेलायतबाट सञ्जु बजगाई, सङ्गीता स्वेच्छा र जया राई, अमेरिकाबाट गीता खत्री आदि यो पङ्क्तिमा अरू थुप्रै महिला लेखकहरू थपिन सक्छन् जसले आफ्नो

लेखनमा विदेशी विषयलाई आफ्नो लेखनमा ल्याए । सङ्गीताले स्वेच्छाले आफ्नो कथासङ्ग्रह 'गुलाफसँगको प्रेम' लाई अङ्ग्रेजी भाषामा अनुवाद गरी बेलायती साहित्यकारमाझ पुऱ्याइन् । यसका अतिरिक्त उनले नेपाली भाषासाहित्यलाई बेलायतीमाझ पुऱ्याउन नेपाली पुस्तकको प्रदर्शनीलगायत अन्य कार्य गरेर नेपाली साहित्यलाई प्रवर्धन गरिरहेकी छन् ।

३. महिलालेखनमा केन्द्रित केही संस्था तथा पत्रपत्रिकाहरू :

गुञ्जन

२०५४ सालमा आख्यानकार पद्मावती सिंहको अगुवाइमा गुञ्जन नारी साहित्य संस्थाको स्थापना भएको हो । गुञ्जनको मूल उद्देश्य महिलासाहित्य लेखनलाई प्रवर्धन गर्नु नै हो । नेपाली साहित्यमा महिला लेखनको अवस्था कमजोर छ भन्ने कुराको खोजी महिलाले नगरे कसले गर्ने भन्ने वैचारिकताले महिला स्रष्टालाई घच्घचाएपछि यो संस्थाको जन्म हुन पुगेको कुरा पद्मावती सिंह बताउनुहुन्छ । २०६९ सालमा गीता केशरी गुञ्जनकी अध्यक्ष हुँदा 'नेपाली महिला साहित्यकार' पुस्तक प्रकाशन गरेर महिला लेखनको इतिहास निर्माण भएको देखिन्छ । लीला लुइटेलद्वारा लिखित यो पुस्तक लेख्नुअघि महिला साहित्यकारको अभिलेखीकरण भएको थिएन । यस पुस्तकमा महिला साहित्यकारको विधागत इतिहास लेख्ने काम भएको छ । महिलाका पुस्तक सार्वजनिक गर्ने, अन्तर्क्रिया गर्ने, विभिन्न साहित्यिक संस्थासँग जोडिएर स्वदेश तथा विदेशमा साहित्यिक कार्यक्रम गर्ने अभियानमा गुञ्जन निरन्तर लागिरहेको छ । समय समयमा कोठेगोष्ठी गरेर साहित्यिक कार्यक्रमको आयोजना गर्ने यसको मौलिक पहिचान हो । हाल जलेश्वरी श्रेष्ठको अध्यक्षतामा गुञ्जन गुञ्जिरहेको छ । उहाँको अध्यक्षतामा गुञ्जनले काठमाडौँभन्दा बाहिर पनि धेरै ठाउँमा कार्यक्रम गरी गुञ्जन महिला संस्थालाई गुञ्जाइरहेको छ । पोखरा, चितवन, हेटौँडा, भैरहवा, पाल्पा र नवलपुर जस्ता ठाउँमा पटकपटक कार्यक्रम गरी संस्थालाई सक्रियतातर्फ उन्मुख गराइरहेको छ ।

अक्षर क्रियसन्स

महिलालेखनलाई प्रवर्धन गर्ने उद्देश्यका साथ २०६७ सालमा अक्षर

क्रियसन्स प्रकाशन गृहको स्थापना भएको हो । यसका प्रमुख डा. अर्चना थापा हुन् । निजी प्रकाशन गृह भईकन पनि व्यवसायिकताभन्दा माथि छ यो संस्था । वार्षिक रूपमा न्यूनतम दुईवटा पुस्तक प्रकाशन गर्ने यो संस्थाले महिला स्रष्टाका लागि उल्लेखनीय कार्य गर्दै आइरहेको छ । यहाँबाट प्रकाशित कृतिमा महिलाको भोगाइका फरक कथाहरू भेटिन्छन् । यी कृतिको उद्देश्य महिला अस्तित्वलाई केन्द्रमा राखेर समानतामूलक समाजको पैरवी गर्ने रहेको हुन्छ । यसका अतिरिक्त फरक लैङ्गिक र यौनिक परिचय, जनजाति, दलित र महिलाका आत्मकथाहरू समेटेर लेखिएका कृतिले महिलालेखनको इतिहास निर्माण गर्न पनि सहयोग पुगेको देखिन्छ । हालसम्म यो प्रकाशकले दर्जनौं पुस्तक प्रकाशन गरेर आफ्नो कामलाई निरन्तरता दिइरहेको छ ।

आह्वान समूह

डा.अर्चना थापाको परिकल्पनामा कुमारी लामा र उमा सुवेदीसमेत रहेर वि.स. २०७२ सालमा आह्वान समूहको गठन गरिएको थियो । यो समूहको प्रमुख उद्देश्य पनि महिला लेखनकै प्रवर्धन गर्ने रहेको देखिन्छ । महिलाका कृतिमाथि परिचर्चा गर्ने, समीक्षा लेख्ने, लेखको सम्पादन गर्न सिकाउने र महिला लेखकका साझा समस्याहरूमाथि बृहत् छलफल गर्ने जस्ता काम गरेर यस समूहले लोकप्रियता हासिल गरेको थियो । तीन जना महिला स्रष्टाहरूकै पहलमा भएको यो समूहले महिलालेखनलाई अगाडि बढाउन प्रशंसनीय प्रयास गरेको देखिन्छ । हाल भने यो समूह केही निष्कृय रहेको देखिन्छ ।

बुकाहोलिक्स

सगुना शाहद्वारा स्थापित बुकाहोलिक्स चकटी बहसले हरेक महिना एउटा कृतिमाथि अन्तर्क्रिया गर्दै आइरहेको छ । यसबाट पठन संस्कृतिलाई अघि बढाउन निकै सहयोग पुगेको देखिन्छ । कोरोनाकालमा लकडाउनका बेला फेसबुक लाइभबाट 'स्रष्टासँग साक्षात्कार' भन्ने कार्यक्रम आयोजना गरेको थियो । एक सयभन्दा बढी स्रष्टाहरूका अनुभूति सबैमाझ पुग्दा यो कार्यक्रमको निकै चर्चा भएको थियो । पछिल्लो समय हरेक महिना महिला लेखकका पुस्तकमाथि अन्तर्क्रिया गरेर महिलालेखनलाई अघि बढाउन

बुकाहोलिक्सले सहयोग पुऱ्याइरहेको थियो । हाल पनि बुकाहोलिक्सले अध्ययन परिचर्चाको कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

आँचल साहित्य कला पुञ्ज

महिलालेखनलाई उकास्ने अभिप्रायले २०६९ सालमा मकवानपुरमा स्थापित संस्था हो आँचल साहित्य कला पुञ्ज । यस संस्थाले थुप्रै महिला साहित्यकार जन्माएको छ । हरेक साल एक दर्जन जति स्रष्टाहरूलाई विभिन्न नामका पुरस्कारद्वारा सम्मानित गरेर हौसला प्रदान गरिरहेको छ भने हेटौडा नगरपालिकासँग संयोजन गरी बृहत् साहित्य महोत्सवसमेत सञ्चालन गरिसकेको छ । हाल यो संस्थाकी अध्यक्ष भावना सापकोटा रहेकी छन् । गत वैशाख १५ गते सम्पन्न पछिल्लो कार्यक्रममा पङ्क्तिकारलाई पनि टीकादत्त-मायादेवी- कुलकुमारी साहित्यिक सम्मान -२०८० प्राप्त भएको थियो । त्यतिबेला हेटौडाका महिला स्रष्टाहरूसँग अन्तर्क्रिया गर्ने मौकासमेत मिलेको थियो । निकै मिहिनेत गरेर कार्यक्तम आयोजना गरिएको थियो । संस्थाको एउटै पोशाकमा सजिएर महिला स्रष्टाहरू कार्यक्रम सफल पार्न मरिमेटेका देखिन्थे । उनीहरूको साहित्यप्रतिको अगाध रुचिले सबैलाई प्रेरणा दिएको अनुभव हुन्थ्यो । मोफसलमा बसेर साहित्यको सेवाको साथै महिलालेखनलाई प्रवर्धन गर्ने यो संस्थाको नेपाली महिलालेखनमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

अपराजिता पारिजातको प्रकाशन

पितृसत्ताको हजारौँ वर्षको शोषण र उत्पीडनबाट महिला पिल्सिरहेका छन् । उनीहरूका भावना र अनुभूति प्रकाशन गर्ने सीमित पत्रपत्रिका छन् । यसै अभावलाई केही मात्रामा भए पनि पूरा गर्ने उद्देश्यले २०७९ असारबाट त्रैमासिक रूपमा 'अपराजिता पारिजात' पत्रिकाको प्रकाशन हुन थालेको छ । यसका सम्पादकमा सुमिना, विभूषणा, बिन्दु चौहान र यमकुमारी ददेल रहेका छन् । महिलालेखनलाई केन्द्रमा राखेर प्रकाशनको लक्ष्य राखिएको यस पत्रिकाका पाँच अंक प्रकाशित भइसकेका छन् । यो पत्रिकामा प्रकाशित लेखहरूले महिलालेखनका क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको कुरालाई नकार्न सकिन्न ।

हाम्रो अस्मिताको प्रकाशन

'विचारशील महिलाको विशिष्ट पत्रिका' भन्ने मूल नारासहित २०४५ सालमा 'अस्मिता' पत्रिका प्रकाशन भएको थियो । सुप्रसिद्ध साहित्यकार पारिजातले यसको नाम जुराएकी थिइन् । अस्मिता पत्रिकाले पितृसत्ता र महिला विषयकेन्द्रित लेख-रचना प्रकाशित गरी वैचारिक बहसका निम्ति अभिव्यक्तिको वातावरण तयार गरेको थियो । निकै वर्षसम्म प्रकाशनमा रहेको यो पत्रिका बीचमा केही वर्ष अवरूद्ध भयो । यस पत्रिकालाई २०८० वैशाखबाट पुनः प्रकाशनमा ल्याइएको छ । हाल अर्धवार्षिक रूपमा प्रकाशन गर्ने लक्ष्य रहेको यो पत्रिकाका सम्पादकमा कुमारी लामा, गीता त्रिपाठी र लक्ष्मी रुम्बा रहेका छन् । यसका दुईवटा अंक 'हाम्रो अस्मिता' नाममा प्रकाशित भएका छन् । यसको पहिलो अंक 'पितृसत्ता र भुईंमान्छे' विशेषाङ्क थियो भने दोस्रो अंक 'महिला उत्पीडन र सत्ता' रहेको छ । त्यसैगरी तेस्रो अंक 'महिला र माटो' विशेषाङ्क थियो भने चौथो अंक 'पारिजात विशेषाङ्क' भाग एक रहेको छ र प्रकाशन कार्य निरन्तर चलिरहेको छ । हाल यस पत्रिकाका सम्पादकमा डा. गीता त्रिपाठी र लक्ष्मी रूम्बा मात्र रहेका छन् । महिलालेखनलाई केन्द्रमा राखेर प्रकाशन गरिएको यो पत्रिका पठनीय रहेको देखिन्छ । हाम्रो अस्मिताको प्रकाशन महिला स्रष्टाहरूका लागि खुसीको कुरा बनेको छ र यसले पक्कै पनि महिलालेखनमा महत्त्वपूर्ण भूमिका प्रदान गर्नेछ ।

४. महिला पुस्तक प्रदर्शनी

महिलालेखनलाई प्रोत्साहन र प्रवर्धन गर्ने उद्देश्यका साथ नेपाल पिक्चर्स लाइब्रेरीले २०८० चैत्र ३ गते महिला पुस्तक मेलाको आयोजना गरेको थियो । यही संस्थाले यसअघि पनि यस्ता कार्यक्रम आयोजना गरेको देखिन्छ । पछिल्लो पुस्तक मेला नेपाल कला परिषद्मा आयोजना भएको थियो । उक्त पुस्तक मेलामा एकसय भन्दा बढी महिला लेखकहरूको उपस्थिति थियो । महिलालेखनलाई सम्मान गर्दै आयोजना गरिएको यो कार्यक्रमले महिला लेखकहरूलाई ठूलो उत्साह मिलेको थियो । महिलाले लेखेको पुस्तकको प्रदर्शनीले पाठकलाई पक्कै पनि बेग्लै उत्साह र रौनक दिन्छ । पुरुषको तुलनामा कति होलान् महिला लेखक भन्ने कुराको सोझो

हिसाबकिताब पनि यस्ता प्रदर्शनीले अलग्गै दिन्छन् । यहीँबाट साहित्यमा महिलाको स्थानलाई पहिचान गर्न पनि सजिलो हुन्छ । नेपालमा पहिलोपटक २०४२ सालमा महिला पुस्तक प्रदर्शनी सम्पन्न भएको थियो । पारिजातको अग्रसरतामा भारतीय पुस्तकालयमा भएको उक्त कार्यक्रमपछि पारिजात स्मृति केन्द्रले नेपाल पर्यटन बोर्डमा पनि गरेको थियो । यही गर्विलो कार्यक्रमलाई विस्तार गर्न पारिजात स्मृति केन्द्रको आयोजनामा २०८१ वैशाख ११ देखि १५ सम्म राष्ट्रिय सभा गृहको सभाहलमा महिला पुस्तक प्रदर्शनी भयो । विभिन्न सत्रहरूसहित सञ्चालित उक्त कार्यक्रममा पारिजातलाई चिनौँ भन्ने मूल ध्येयका साथ पारिजातका समकालीन मित्रहरूको प्रस्तुतिलगायत महिलालेखनसँग सम्बन्धित कार्यक्रमहरू आयोजना गरिएका थिए ।

समग्रमा महिलाको लेखन चुनौतीपूर्ण छ । समय जति बदलिए पनि महिलालाई प्रकृतिले दिएको प्रकृतिप्रदत्त जिम्मेवारी कायमै छ । गर्भधारण, सन्तानको जन्म, तिनलाई हुर्काउने दायित्व महिलाकै काँधमा प्रमुखताका साथ आउँछ । अस्तित्वचेतले आर्थिक उपार्जनका लागि घरबाहिर निस्कन पर्दा महिलाहरू साँच्चै नै मारमा परेका देखिन्छन् । यस्तो अवस्थामा समय निकालेर साहित्य सिजर्नामा लाग्न कति महिलालाई सजिलो होला ? तिनको लेखनले कुन कुन क्षेत्र समेट्न सकेको होला ? यो अध्ययनीय विषय हुन सक्छ । दिनको अठार घण्टा खटिदाँको कथा कहिले लेखेर सकिएला र ? डा. अर्चना थापाले भान्छामाथिको राजनीतिलाई मूल विषय बनाएर 'अग्निगर्भा' नामक उपन्यास लेखेर २०८२ सालमा प्रकाशन गर्नुभएको छ । महिलाको श्रमको महत्त्व नबुझ्नेहरूका लागि यो उपन्यास मानक उपन्यास हुन सक्छ । अब धेरैधेरै भन्दा धेरै दिदीबहिनीले आफ्ना अनुभूति व्यक्त गर्न पनि लेख्न आवश्यक छ । यो प्रेरणा 'अग्निगर्भा' उपन्यासले पनि जगाइदिएको छ । महिलाले पुस्तक लेख्दा उनलाई आत्मविश्वास र साहस त बढ्छ नै अन्य पाठक महिलालाई पनि मेरा पनि यस्ता अनुभव छन् म पनि लेख्न सक्छु भन्ने एकप्रकारको हिम्मत अभिवृद्धि हुन्छ । ज्ञानु अधिकारीको 'संवेदनाको समायोग' निबन्ध-सङ्ग्रह प्रकाशन भएपछि धेरै दिदीबहिनीले यो पुस्तक पढिसकेपछिको प्रतिक्रिया सामाजिक सञ्जालमा थियो, 'म पनि सक्छु, यसरी लेखनमा पोखिन मेरा पनि थुप्रै अनुभव छन् । अब 'म पनि लेख्छु ।' हुन पनि

प्रसव वेदना, मातृत्व, रजस्वला, वात्सल्य र अनेक भूमिकामा छरिदाँको अनुभव पुरुष हस्ताक्षरबाट लेखिदाँ जीवन्त बन्नै सक्दैन । उनीहरूले कल्पना गरेर लेख्नु र महिलाले भोगेर लेख्नुमा आकाश पातालको फरक हुन्छ । यदि यी कुरा महिलाले नलेख्ने हो भने समाजले पढ्न सक्दैन, हाम्रा अप्ठेराहरूको लेखाजोखा गर्न सक्दैन अनि मानवविकासको क्रममा यी सवालहरू आउनै पाउँदैन । महिलाका कृतिमा सामाजिक, राजनीतिक, मनोवैज्ञानिकलगायत विभिन्न पाटाहरू पनि समेटिन थालेका त छन् तर पर्याप्त आउन सकेका छैनन् । बिहानीपख पूर्वमा उदाउने सूर्यको उज्यालो किरणले उज्यालो दिनको पूर्वाभास दिएझैं महिलालेखनले गतिशीलताको अविराम यात्राले आगामी दिन उज्यालो रहेको महसुस हुन्छ । महिला लेखकका कलमबाट रातदिन नभनी सडकमा ड्युटी गर्ने ट्राफिक महिलाको कथा लेख्नै बाँकी छ । वैदेशिक रोजगारमा गएका महिलाले भोगेको दर्जनौं कथाहरू अनुसन्धान गर्ने बाँकी छ । सडकमै मकै पोलेर गुजारा गर्ने, नदीकिनारमा बालुवा चाल्ने, चनाचटपट र पानीपुरी बेच्नेहरूको कथा पनि आंशिक आए होलान् तिनको गहिराइ छिचोल्नै बाँकी छ । तराईका दिदीबहिनीले सामाजिक र सांस्कृतिक नियममा बाँधिदाका दमनका कथा पनि लेखिनै बाँकी छ । अनेकौं सङ्घर्ष गरेर जे जति महिलाहरूले पुस्तक निकालेका छन् तीमाथि पनि पर्याप्त अन्तर्क्रिया र टिप्पणी भएका छैनन् । महिलाले लेखेका पुस्तकहरू कसले पैसा तिरीतिरी किन्छ र भन्ने खालको उपेक्षा र विभेदको कठघरामा महिलाहरू उभिनु परेको छ । तैपनि महिला लेखकहरू हतोत्साही नभई आफूले जानेको कुरा निरन्तर लेखिरहन आवश्यक छ । समयले मूल्याङ्कन गर्ने छ यी सब कुराहरूको । घरको काममा पुरुष र महिला मिलेर मात्रै गरिने हो भने पनि महिलाले केही समय पाउँथिन् र केही समय साहित्य सिर्जनामा लगाउन पाउँथिन् अनि विस्तारै महिलालेखनमा टेवा पुग्ने थियो । यति हुँदाहुँदै पनि उत्तरवर्ती चरणमा महिलालेखनका पाटाहरू खुल्दै गएकाले आगामी दिनमा यसको क्षितिज अझै फराकिलो हुने अपेक्षा गर्न सकिन्छ ।

ooo


समीक्षा

'नीलो गुलाफ' अप्राप्य प्रेमकथा



✍ **मदन काफ्ले यायावर**

नेपाली आख्यान जगत्मा लेखकले आफ्नो परिचय गोप्य राखेर 'यश' नामको छद्मभेषी चौतारीबाट प्रस्तुत गरेको उपन्यास 'नीलो गुलाफ'ले सुरूवातमै पाठकको कौतूहललाई निकै माथि पुऱ्याउँछ । प्रकृतिमा रातो गुलाफले प्रेम र अनुरागको रातो रङ्ग बोक्छ भने सेतो गुलाफले पवित्र मित्रता र समर्पणको सौम्य भाव व्यक्त गर्छ; तर 'नीलो गुलाफ ?' जुन गुलाफ यो दृश्य जगत्मा अस्तित्वहीन छ, अप्राप्य छ र केवल कल्पनाको क्षितिजमा मात्रै फुल्न सक्छ, त्यसैलाई शीर्षकको प्रतीक बनाएर रचिएको यो उपन्यास के केवल एउटा असफल प्रेमको चीत्कार मात्र हो, वा अप्राप्य तृष्णाको दार्शनिक दस्तावेज हो ?



उपन्यासको कथा-शिल्पको थालनी नायक नीरको हृदयमा उब्जिएको पहिलो झन्झनाहट र स्मृति-बिम्बहरूबाट हुन्छ । सुरूमा नीरलाई अत्यन्त अन्तर्मुखी, सङ्कोची र आफ्नै परिधिभित्र गुजुल्टिएको पात्रका रूपमा चिनाइए पनि उसको जीवन-यात्राका उकाली-ओरालीहरूमा उघारिने परिदृश्यहरूले उसको त्यो तथाकथित 'अन्तर्मुखता'माथि अनेकौं प्रश्नचिन्ह खडा गरिदिन्छन् । एसइइ (SEE) को ट्युसन पढ्दाको त्यो गहुँगोरो अनुहारसँग जुधेको आँखा, +२ मा पढ्दा छिमेकी कोठाका दिदीबहिनीको जोडीसँगको आकस्मिक साक्षात्कार, र स्नातक प्रथम वर्षमा विनयसँग कोठा साझेदार गर्दा विनयकी बहिनी गुलाबसँग सुरू भएको पुस्तक साटासाटको अन्तहीन सिलसिला । यी सबै घटनाक्रमहरूले नीरको जीवनमा प्रेम र आकर्षणको तरङ्ग फैलाउँदै

लैजान्छन् ।

फिल्म हेर्न जाने बहानामा विनय, दीप्ति, नीर र गुलाबबीच रचिएको त्यो पूर्वयोजनाबद्ध सरप्राइज, रानीमहलको ऐतिहासिक साक्ष्य साक्षी राखेर विनय र दीप्तिको प्रेम मौलाउँदा, त्यसैको पदचाप पछ्याउँदै नीर र गुलाब पनि एउटा प्रेमिल सम्बन्धको सूत्रमा बाँधिनु उपन्यासको एउटा सुन्दर मोड हो । विनय र दीप्तिको विवाह तय भएपछि नीर आफ्नी प्रेमिका गुलाबलाई भेट्ने ठूलो उत्साह र आतुरता बोकेर विनयको घर पुग्छ; तर त्यहाँ पुग्दा गुलाब बिरामी परेर जन्ती आउन नसकेको खबरले उसलाई स्तब्ध बनाउँछ । त्यही अनौठो र नौलो वातावरणमा एक्लोपन महसुस गरिरहँदा नीरको भेट विनयका मामा अर्थात् गुलाबका बुबासँग हुन्छ र उनीहरूबीच भलाकुसारीमा समय बित्छ । भोलिपल्ट बेहुलीको घरतर्फ जन्तीको गाडी गुड्दा नीरले हिम्मत जुटाएर गुलाबलाई फोन त गर्छ, तर उताबाट अत्यन्त क्षीण र कमजोर स्वरमा आउन नसक्ने जवाफ आउँदा नीर निराशाको भुमरीमा डुब्छ । कस्तो आश्चर्य र नाटकीय मोड, बेहुलीको घर पुग्दा भने नीरले बेहुलीभन्दा पनि रूपवती भएर आउँदै गरेकी तिनै गुलाबलाई अचानक अगाडि देख्छ ! यसरी विनय र दीप्तिको विवाह सम्पन्न भएपछि कथा पुनः कलेज र कोठा सर्ने दैनिकीको नयाँ लयमा फर्किन्छ ।

उपन्यासकारले कथालाई गति दिने क्रममा 'ब्याचलर्स' शीर्षकको कविताबाट नीरले प्रथम स्थान हासिल गर्नु, नाङ्लो रेस्टुरेन्टको केक र मःमको पार्टी, रिया नामकी पात्रको कामुक उपस्थिति र नीरले देखेको सम्भोगात्मक सपना रिया आफैंले पनि देखेको भनी सुनाउनु जस्ता दृश्यहरूमार्फत युवावयको चञ्चलता र शारीरिक आकर्षणलाई सजीव रूपमा उतारेका छन् । भैरव मन्दिरको दर्शन र प्रसादको प्रसङ्ग, एकान्त जङ्गलको चुम्बन, अनि गुलाबको कोठामा रचिएको त्यो नग्न सामीप्य, घरबेटी बजैको ढोकाको किचकिच र खाटमुनि लुक्नुपर्ने विवशता, इन्द्रेणी रिसोर्टको 'ह्वाइट रूम'मा बिनाकुनै व्यभिचार तन्ना नबिगारी फर्कंदा वेटरले देखाएको अचम्म, अनि पुनः 'निलो कटेज'को कोठामा बियरको सुवासँगै साटिएको चरमोत्कर्षको उद्वेग । यी सबै दृश्यहरूले उपन्यासमा आधुनिक प्रेमको शारीरिक र भावनात्मक दोभानलाई उजागर गर्छन् ।

तर, यति धेरै सघन र अति-निकट सम्बन्धका बाबजुद उपन्यासको अन्त्यतिर

आइपुग्दा कथाले जुन दुःखान्त मोड लिन्छ, त्यसले पाठकको हृदयलाई नराम्ररी झस्क्याउँछ । अमेरिकाको पी. आर (PR) भएको केटासँग दाइले बिहे तय गरिदिएपछि बिनाकुनै पूर्वसूचना कोठामा ताल्चा मारेर हराएकी गुलाब, अनि पछि विनयमार्फत आइपुगेको उसको क्षमायाचनायुक्त पत्र–यसले नीरलाई १० दिनसम्म अस्पतालको बिरामी शय्यामा पुऱ्याइदिन्छ । प्रेममा जित र हार स्वाभाविक भए पनि, जसरी नीलो गुलाफ यो संसारमा प्राकृतिक रूपमा पाइँदैन, त्यसैगरी नीरका लागि गुलाबसँगको वैवाहिक परिणति र समर्पण पनि कहिल्यै हासिल हुन नसक्ने एउटा 'नीलो गुलाफ' नै बन्न पुग्छ । यस अर्थमा उपन्यासको शीर्षक चयन र त्यसको साङ्केतिक सार्थकता अत्यन्तै सटीक, कलात्मक र गहिरो प्रतीत हुन्छ ।

तथापि, एउटा गम्भीर समालोचकीय नजरले हेर्दा उपन्यासमा केही प्राविधिक र संरचनात्मक त्रुटिहरू स्पष्ट रूपमा खट्किन्छन् । पहिलो त, लेखकले नीरलाई 'अन्तर्मुखी' पात्र भनेर घोषणा गरे पनि कथाभरि उसले प्रदर्शन गरेको कामुक सक्रियता, साथीहरूसँगको उठबस र सुन्दरीहरूसँगको सहज सामीप्यले उसको अन्तर्मुखी चरित्रलाई विरोधाभासपूर्ण बनाइदिएको छ । दोस्रो र सबैभन्दा महत्त्वपूर्ण कमजोरी भनेको 'समय-खण्ड' (Timeline) को असन्तुलन हो । एसइइ (SEE) को समयमा चिठीपत्र आदानप्रदान गर्ने युग देखाइएको कथामा स्नातक (Bachelor) सम्म पुग्दा मोबाइल बैंकिङ, फेसबुक, म्यासेन्जर र हालसालैका आधुनिक गीतहरूको उपस्थिति देखाइनुले कालखण्डको व्यवस्थापनमा गम्भीर विचलन ल्याएको छ । पुराना र नयाँ प्रविधिको यो अमिल्दो मिश्रणले आख्यानको ऐतिहासिक धरातललाई कतै न कतै कमजोर बनाएको महसुस हुन्छ ।

यी केही प्राविधिक सीमा र समय-संयोजनका त्रुटिहरूका बाबजुद, 'यश'को 'नीलो गुलाफ'ले आधुनिक युवापुस्ताको प्रेम, शारीरिक आकर्षण, समर्पण, र सामाजिक-आर्थिक बाध्यताका अगाडि मरणासन्न हुने प्रेमको कारुणिक कथालाई अत्यन्तै बग्दो र मीठो शैलीमा प्रस्तुत गरेको छ । नीरले अन्त्यमा नबोल्ने प्रण गर्दै लेखेको त्यो अन्तिम कविता र उसको बिदाइसँगै सकिने यो आख्यानले पाठकको मनमा एउटा मीठो टिस र अप्राप्य सपनाको नीलो बास्ना भने गहिरोसँग छाडेर जान्छ ।

ooo

कविता

हे मेरो ईश्वर !



✍जनार्दन खनाल

शरीर आफ्नै आफैंको लागि त्यो बोझ नबनोस्
यो हाम्रो देह घृणाको पात्र कहिल्यै नबनोस्
शरीर हाम्रो पिँजडा भयो यो प्राण चरो भो
निस्केर जाओस् अनन्त यात्रा फर्केर आए भो ॥

फुर्सद छैन मानिसलाई हुँदैछ मेशिन
निर्वाह गर्न हुँदैछ गारो कठीन जीवन
बिरामी हेर्नु कि काम गर्नु यसैमा भिन्नता
के गर्लान् कठै ! आफन्तहरू लाग्दछ खिन्नता ॥

आएको रित्तै जाने हो खाली जाँदैन साथमा
सुकार्य केही गरेको भए समाज बीचमा
विद्वान वर्ग त्यसैले केही चेतना छर्दछन्
राष्ट्रको अनि जनताका निम्ति सुभलो गर्दछन् ॥

जन्मिएपछि नमरी हुन्न अमर को छ र ?
ढिलो वा चाँडो मात्र हो हाम्रो नश्वर शरीर
पूर्वज साथै आफन्तीजन मृत्युको मुखमा
परेको पनि देखिदैं आयो हामी छौं पालोमा ॥

मानव हामी जन्मियौं पनि विविध थरीका
कुनैमा बाँच्ने रहर हुन्छ कसैमा मृत्युका

करोडौँ खर्च गरेर धेरै गर्दछौँ प्रयास
अल्पायुवय भित्रैमा गर्ने जीवन विनाश ॥


संयुक्त प्रथा हुँदामा राम्रो थियौ है पहिले
कामकाजी हुँदा घरमा कोही नहुने अहिले
बिरामीलाई सुसार गर्न धेरैको समस्या
देखिन्छ अहो ! सर्वत्र पनि दुःखद भविष्य ॥

भेटिन्छ कठै ! श्री साथीभाइ सालको मुढोभैँ
इन्तु न चिन्तु भएको देख्दा यो मन कटक्कै
साँच्चिकै यदि दयालु भए हे मेरो ईश्वर !
कसैमा बोझ नपारी मेरो यो मेरो आग्रह ॥

-बकैँया–४, छतिवन

०००

भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा विस्तृत जानकारी प्राप्त गर्नका लागि 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क १०५ पढ्न नबिर्सनुहोस् ।



यात्रा-संस्मरण

अस्ट्रेलिया यात्राका केही अनुभूतिहरू

✍डा. ईश्वरीराज लौडारी



अस्ट्रेलियाका बारेमा धेरै सुन्दै आएको भए पनि त्यस भूमिमा अवतरण गर्ने अवसर मिलेको थिएन । नयाँ देशको यात्रा गर्ने र अनुभव लिने मानवीय उत्सुकता मभित्र पनि छँदै थियो । त्यसमा पनि अस्ट्रेलियाजस्तो विकासको नमूना देश, युवाहरूको सपना र आकर्षणको देश, प्राचीन आत्मा र आधुनिक साहसिक कार्यको देश, विचित्रताको देश आदि विशेषता रहेको भूमिमा एकपटक पुग्न पाए हुन्थ्यो भन्ने चाहना हुनु स्वाभाविकै थियो । तर कुनै निश्चित उद्देश्य र प्रवेश अनुमतिको व्यवस्था नहुन्जेलसम्म त्यस देशको यात्रा गर्ने चाहना पूरा हुन सकेको थिएन । त्यसैबीच नाति सोभित तिमिल्सिनाको एम.ई. ग्रेजुएसन कार्यक्रमको संयोगले यात्राका लागि उपयुक्त वातावरण बन्यो । उनकै आमन्त्रण र व्यवस्थापनमा छोरी शोभा र ज्वाइँ नवराजका साथ अस्ट्रेलियाको मेलबर्न जाने कार्यक्रम बन्यो । त्यसैअनुरूप ४ मे २०२६ देखि २ जुन २०२६ सम्म करिब एक महिनाको यात्रा सम्पन्न गरियो ।

वेस्टर्न अस्ट्रेलिया, नर्थन टेरिटोरी, क्विन्सल्याण्ड, साउथर्न अस्ट्रेलिया, न्यु साउथ वेल्स, भिक्टोरिया र ताजमेनिया रहेको विशाल र वैभवशाली अस्ट्रेलियाको त्यति छोटो समयमा घुमफिर, अवलोकन र अध्ययन गर्नु बिलकुलै सम्भव थिएन । तथापि समय सीमालाई ख्याल राखी भिक्टोरियाअन्तर्गतको मेलबर्न, न्यु साउथ वेल्सअन्तर्गतको सिड्नी र राजधानी क्यानबेराका केही महत्त्वपूर्ण स्थानहरूको अवलोकन-अध्ययन गर्न सकियो । त्यसबेलाका केही संस्मरणहरू यात्रा विवरणका रूपमा प्रकाश पार्नु प्रासङ्गिक ठानेको छु । यसबाट अस्ट्रेलियाका बारे जानकारी लिन चाहने पाठकवर्गका लागि केही मात्रामा भने पनि उपयोगिता मिल्नेछ भन्ने

विश्वासका साथ कलम अगाडि बढाउँछु ।

निर्धारित कार्यक्रमअनुसार ४ मेको बिहान १० बजेतिर काठमाडौँबाट कतार एयरवेजको जहाजमा हामी दोहातर्फ लाग्यौँ । म धेरैपटक दोहा एयरपोर्ट हुँदै यात्रा गरिसकेको हुँदा मेरा लागि त्यो यात्रा खासै नयाँ अनुभव भने थिएन । दोहा एयरपोर्ट उत्रिसकेपछि मेलबर्नका लागि लामो समयसम्मको पट्यारलाग्दो पर्खाइले गर्दा यात्राको उत्सुकता बढ्न सकेको थिएन तथापि त्यहाँको चहलपहल र रङ्गीचङ्गी वातावरणले केही प्रभाव पारेकै थियो । त्यसै बेलुकीतिर एउटा भीमकाय जहाजमा बसेर हाम्रो यात्रा मेलबर्नतर्फ अगाडि बढ्न थाल्यो । झण्डै चौध घन्टाको लामो यात्रामा हामी आफ्नो सिटअगाडिको मोनिटर हेर्दै गर्दा समुद्री भागहरू, अग्ला पर्वतहरू, हिन्द महासागरका भागहरू, मरूभूमि, घनाजङ्गलहरू र आवाद बस्तीहरू पार गर्दै जान्थ्यौँ । नास्ता र खानाको व्यवस्था पनि राम्रो थियो । कहिले झकाउने त कहिले ब्यूँझने गर्दै हामी भोलिपल्ट त्यहाँको स्थानीय समयअनुसार बेलुकीको ५.४० तिर मेलबर्नको टुल्लामेरिन एयरपोर्टमा अवतरण गर्‍यौँ । त्यहाँ हिउँदको समय भएकाले चिसो बढ्न थालेको रहेछ । यताउती आँखा घुमाउँदा अत्यन्त नौलो वातावरण अनुभव हुन थाल्यो । एयरपोर्टबाट निस्केर हामी ब्लेमोर वेको साइड हुँदै मरन्डा भन्ने ठाउँमा नातिनी शिरिषाको घरमा बास बस्न पुग्यौँ । जहाजको लामो यात्रा, चिसोको प्रभाव र नौलो वातावरण भएर होला मलाई त्यस रात स्वास्थ्यमा समेत थोरै असहज भएको थियो ।

मेलबर्न पुगेको भोलिपल्टदेखि अस्ट्रेलिया हेर्ने, घुम्ने मेरो कौतुहलले साकार रूप लिने थियो । हामी बसेको ठाउँमा निकै चिसो थियो, हुस्सु लागिरहेको थियो र बतास चलिरहेको थियो । जताततै हरियाली, एकैनासका जस्ता ससाना घरहरू, सफा सडक र ठाउँठाउँमा पार्कहरू देखिन्थे । सडकमा गाडीहरू गुडिरहेका देखिन्थे । हामीलाई के पनि थाहा भयो भने अमेरिका-इरान युद्धले निम्त्याएको इन्धन सङ्कटका कारण भिक्टोरिया राज्यमा अप्रिल र मे महिनाभर मेट्रो, ट्रेन, बस आदि सार्वजनिक यातायात सबै यात्रुहरूका लागि निःशुल्क गराइएको रहेछ । त्यसबाट मैले मनमनै त्यहाँको सरकारको लोककल्याणकारी प्रयत्नलाई धन्यवाद दिएँ । त्यसै दिउँसो हामी निजी गाडीबाट मेलबर्नका केही ठाउँहरू हेर्नेतर्फ लाग्यौँ । समथर जमिनमा कतै खेतीपाती, कतै गाई, भेडा, घोडापालन खर्कहरू, जताततै सडक सञ्जाल, बजारहरू हेर्दै हामी नाति सोभितका साथी

प्रवीणको नयाँ कार खरिद गर्ने क्रममा रोक्सवर्गको शोरूममा पुग्यौं । कारको विधिवत् पूजाआजा गर्नका लागि साँझमा क्रेजिबर्नको श्री कालिमाता हिन्दु मन्दिरमा पुगेर दर्शन गर्न पाउँदा ज्यादै खुशी लाग्यो । त्यहाँ नेपाली र भारतीय दर्शनार्थीहरूसँग भेटघाट गर्ने र भलाकुसारी गर्ने मौका मिलेको थियो । अर्को दिन ६ मे हाम्रा लागि खासै महत्त्वको र बहुप्रतीक्षित घडी थियो । जसका लागि हामी लामो यात्रा व्यवस्थापन गरेर मेलबर्न पुगेका थियौं । अस्ट्रेलियाको फेडरेशन युनिभर्सिटीअन्तर्गतको माउन्ट हेलेन क्याम्पस बालाराटबाट सोभितले एम.ई. डिग्री हासिल गरेकाले त्यहीं नै ग्रेजुएसन दीक्षान्त समारोहको आयोजना गरिएको रहेछ । त्यस समारोहमा विभिन्न विषय र विधामा ग्रेजुएसन गरेका अनेकौं देशका विद्यार्थीहरू आफ्ना अभिभावकहरूसमेत लिएर उपस्थित भएका थिए । हामीले थाहा पाएसम्म त्यो कलेज विश्वकै उत्कृष्टमध्ये एउटा पर्दो रहेछ । त्यहाँ ठुलो सङ्ख्यामा नेपाली र भारतीय विद्यार्थीहरू पनि अध्ययन गर्दा रहेछन् । बालाराटको चिसो बिहान १०:३० बजे एउटा ठुलो हलमा दीक्षान्त समारोहको भव्य कार्यक्रम सुरू भयो । समारोहको प्रारम्भिक चरणमा त्यस भूमिका आदिवासीप्रति सम्मान अर्पण गरियो । डिडगेरिडो नामक परम्परागत बाजा बजाइयो । त्यसपछि दीक्षान्त समारोह बडो उल्लासपूर्ण वातावरणमा चल्न थाल्यो । आआफ्नो देशका स्कोलरहरूलाई सम्मान गर्दाको क्षणमा ताली र आवाजका साथ हुटिङ गरिएको दृश्य रोमाञ्चक देखिन्थ्यो । नेपाली स्कोलरहरू पनि ढाका टोपीले सुसज्जित भई आफ्नो राष्ट्रिय झण्डासहित सम्मानित हुँदाको अवस्थामा हामी सबै नेपालीहरू हर्षले भावविभोर बनेका थियौं । त्यसबाट उनीहरूको आफ्नो देशप्रतिको अविरल माया र ममताको स्पष्ट झलक मिल्दथ्यो ।

समारोह सम्पन्न भइसकेपछि हामी त्यहाँ राखिएको नास्ता लिएर बालाराट सहर घुम्न लाग्यौं । बालाराटको लेक विन्डबोर, बोटानिकल गार्डेन, सपिङ सेन्टर र सोभितले दुई वर्षभन्दा बढी समय विद्यार्थी जीवन बिताएको ठाउँहरू घुम्दै हामी लारा भन्ने ठाउँमा बास बस्न पुग्यौं । अर्को दिन जिलङ वाटरफ्रन्ट गएर त्यहाँको सौन्दर्यको आनन्द लियौं । समुद्री भागहरू र केही राम्रा दृश्यहरूको फोटो खिच्नेक्रम चलि नै रहेको थियो । त्यसै क्रममा मेलबर्नको उत्तरी क्षेत्रका बासिन्दा वृद्ध दम्पतीसँग भेटघाट र रमाइलो कुराकानी भयो । नेपालको बारेमा सुनेको तर आफूहरू नेपाल पुग्न नसकेकोमा उनीहरूको गुनासो थियो । बेलुकीपख हामी लारा फर्क्यौं र नातिनी शिल्पाकी छोरी शाइनको जन्मदिन बडो खुशीयालीका

साथ पारिवारिक रमाइलो वातावरणमा मनायौँ ।

अस्ट्रेलियाको अर्को प्रसिद्ध एवम् महत्त्वपूर्ण गन्तव्यस्थल सिड्नी जाने हाम्रो कार्यक्रम तय भइसकेको थियो । त्यसैले ९ मेको बिहानै हामी लारा नजिकैको पहाडी क्षेत्र लिनडर्स पिक वाक चढ्यौँ । जहाँबाट भिक्टोरियाको मेलबर्न र अन्य क्षेत्रहरू पनि देख्न सकिने रहेछ । मरन्डा फर्कने क्रममा यु याङ्स रिजनल पार्क, लिनडर्स पिक लुक आउट आदि आकर्षक स्थानहरू, नजिकैका समुद्री तटहरू र वरपरका क्षेत्रका मनमोहक दृश्यहरू हेर्‍यौँ । हामीलाई के थाहा भयो भने अस्ट्रेलियामा समुद्री बीचहरूको (beaches) राम्रो व्यवस्थापन र भरपूर उपयोग गरिएको रहेछ । १० मेको सबेरै हामी नाति सोभितको गाडीमा मरन्डाबाट सिड्नीतर्फको यात्रामा लाग्यौँ । हाइवेमा ११२ कि.मी. प्रतिघन्टासम्म गाडी दगुर्दै गर्दा हामी त्यस वरपरका क्षेत्रहरू हेर्नेतर्फ व्यस्त थियौँ । अधिकांश समथर भूभाग, वनजङ्गल, खोलाखोल्सा र तालतलैया पार गर्दै जाँदा थुप्रै जमिन बसोबास र खेतीपातीविहीन देखिएका थिए । कहीँ कतै भेडा, गाई, घोडालगायतका पशुपालनका खर्कहरू थिए । अनेकौँ प्रजातिका रुखबिरुवा र खर्कहरूमा चर्दै गरेका जनावरहरू हेर्न हामी लोभिएका थियौँ । हामीलाई यात्रा सहज होस् भन्नका लागि सोभितले कहिले अस्ट्रेलियाका महत्त्वपूर्ण पक्षमा जानकारी गराउने, कहिले गाडी रोकेर नास्ता-पानी गराउने त कहिले महत्त्वपूर्ण स्थान देखाउने गर्दैगर्दा सडक दुर्घटनामा मारिएका कङ्गारूहरू पनि देखाउने गर्थे । त्यसै क्रममा हामीले भिक्टोरिया र न्यु साउथ वेल्सको सिमानामा पर्ने लेक ह्युम ड्याम वाटर रिजर्भर हेर्‍यौँ । त्यसबाट पिउने पानी र सिंचाइका लागि पानीको आपूर्ति गरिएको रहेछ । लेक ह्युम ड्याम पर्यटन र मनोरञ्जनका लागि पनि निकै प्रसिद्ध मार्निदो रहेछ । आखिर एघार घन्टाको लामो मात्रा ८०५ कि.मी. को दूरी पार गर्दै अबेर साँझतिर प्यासेन्डेल रोड एड्मन्डसन पार्क नजिक रहेको भान्जा दिपेश चिलुवालको घरमा बास बस्न पुग्यौँ ।

मे ११ देखि केही दिन हामीले सिड्नी र त्यस वरपरका महत्त्वपूर्ण ठाउँहरू घुम्यौँ र केही नयाँ अनुभव लियौँ । पहिलो दिन एड्मन्डसन पार्क स्टेसनबाट ट्रेन चढेर हामी सिड्नी सिटी टुरको कार्यक्रममा व्यस्त रह्यौँ । म्युजियम स्टेसनबाट एनजाक मेमोरियल पुगेर केही समय त्यहीँ बितायौँ । त्यस भवनभित्र भित्तामा प्रथम विश्वयुद्धमा वीरगति प्राप्त गरेका र घाइते भएका अस्ट्रेलियाका लडाकुहरूको नाम अङ्कित गरिएको रहेछ । त्यसपछि हामी सर्कुलर क्वे स्टेसन

हुँदै विश्व प्रसिद्ध ओपेरा हाउस (Opera House) तर्फ लाग्यौं । त्यो भवन सिड्नी हार्वरको किनारमा निर्मित रहेछ । युनेस्कोले विश्वसम्पदा सूचीमा राखेको ओपेरा हाउस बिसौं शताब्दीको प्रसिद्ध र विशिष्ट वास्तुकलामध्येको एक कृति मानिंदो रहेछ । १९३२ इ. मा निर्माण भएको प्रसिद्ध सिड्नी हार्वर ब्रिज विश्वकै सबैभन्दा ठुलो आर्च ब्रिजमध्ये एउटा रहेछ र त्यसलाई अस्ट्रेलियाको पहिचानको महत्त्वपूर्ण प्रतीक मानिंदो रहेछ । हामीले ती दुबै महत्त्वपूर्ण कृतिहरूको अवलोकन गर्नुका साथै फोटाहरू खिच्यौं । त्यसैमा हामी सर्कुलर क्वेबाट फेरी (Ferry) चढेर मेनली बीच पुग्यौं । त्यो सिड्नीको उत्तरी तटमा रहेको प्रसिद्ध समुद्री किनारा रहेछ र त्यसको सर्फिङ (surfing) को ठुलो इतिहास रहेछ । स्मरण रहोस्, फेरीबाट मेनली बीचतर्फ लाग्दै गर्दा हामीले एउटा सानो टापु देखेका थियौं, जसको नाम फोर्ट डेन्सन रहेछ । त्यसको इतिहास निकै रोचक रहेछ । १७८८ इ. पछि त्यो टापु सजाय दिइने कैदीहरू राख्ने ठाउँ रहेछ । कैदीहरूलाई निकै कम खानापानी दिएर यातनासाथ राखिने रहेछ । त्यसैले त्यस ठाउँलाई पिन्चुट पनि भनिंदो रहेछ । मेनली बीचपछि त्यसै बेलुकीपख हामीले सिड्नी सहरको भव्यतालाई एकटकले हेर्दै घुमेका थियौं ।

सिड्नी र त्यस वरपरका केही ठाउँहरू हेर्ने र घुम्ने काममा हामीले पाँच दिन मात्रको समय छुट्याएका थियौं । अर्को दिन हामी ओलङ्गन जाने बाटोमा श्री वेङ्कटेश्वर मन्दिर पुगेर दर्शन गरेपछि अगाडि बढ्ने क्रममा स्टेनवेल पार्क भ्यू प्वाइन्ट पुग्यौं । त्यहाँको दृश्यावलोकनका साथ केही फोटाहरू खिचेर हामी सि क्लिफ ब्रिजतर्फ बढ्यौं । सिड्नीको दक्षिणतर्फ रहेको सि क्लिफ ब्रिज ६६५ मिटर लामो रहेछ र समुद्रको किनारैमा निर्माण गरिएको रहेछ । त्यस ठाउँबाट ह्वेलहरू देख्न सकिन्छ भन्ने पनि सुनियो । त्यस ब्रिज हुँदै हामी ओलङ्गन लाइट हाउस पुगेका थियौं । लाइट हाउसको बारेमा जान्ने जिज्ञासा बढ्दै जाँदा मलाई के थाहा भयो भने ओलङ्गन हार्बरलाई रूसी जलसेनाको आक्रमणबाट बचाउन किल्लाहरूको निर्माणका साथ लाइट हाउसको व्यवस्था गरिएको रहेछ । त्यसै उद्देश्यका साथ लाइट हाउस नजिकै तीनवटा तोपहरू पनि १८८० इ. को दशकमा राखिएका रहेछन् । त्यहाँको मनमोहक समुद्री दृश्यहरूलाई फोटामा कैद गर्दै हामी चिया-नास्ता लिएर फोग्वाङ शान नान टिन बुद्धिस्ट टेम्पल पारामाटातर्फ लाग्यौं । त्यहाँ बुद्ध धर्मको अध्ययनका साथै अन्य शैक्षिक एवम् कलाकौशललगायतका क्रियाकलाप हुँदा रहेछन् । त्यहाँको आध्यात्मिक महत्त्व

साथै भव्यताको सङ्क्षिप्त जानकारी लिएर हामी कियामा ब्लोहोल (Blowhole) हेर्नेतर्फ आकर्षित भएका थियौँ । न्यु साउथ वेल्सको किनाराको कियामा ब्लोहोल पनि पर्यटकहरूको गन्तव्य आकर्षणमध्ये पर्दो रहेछ । त्यसलाई सबैभन्दा ठुलो ब्लोहोल मानिँदो रहेछ । समुद्रमा उच्च छाल, ज्वारभाटा चल्दा त्यस ब्लोहोलबाट ३० मिटरसम्मको उचाइमा ठुलो आवाजका साथ पानीको मुस्लो निस्कँदो रहेछ । प्रकृतिको अनौठो उपहारले मानिसलाई भरपूर मनोरन्जन दिएको पाइयो ।

सिड्नीबाट औपचारिक बिदाइ भई हामीले न्यु क्यासल, अन्ना बे, शोल बे, जेनिथ बीच, नेल्सन बे आदि पर्यटकीय आकर्षणका क्षेत्रहरू हेर्ने काममा दुई दिनको समय बितायौँ । न्यु साउथ वेल्समा पर्ने न्यु क्यासल अष्ट्रेलियाको दोस्रो पुरानो सहर रहेछ । त्यो ठाउँ औद्योगिक सम्पदा, कलात्मक दृश्यहरू र सर्फ बीचका रूपमा प्रसिद्ध रहेछ । न्यु क्यासल म्युजियम पनि एक पटक हेर्न लायकको रहेछ । त्यहाँ विज्ञान, उद्योग, स्थानीय इतिहास र क्षेत्रीय संस्कृतिसँग सम्बन्धी प्रदर्शनीहरूको अवलोकन गर्दा हामी आश्चर्यचकित भएका थियौँ । न्यु क्यासल विश्वको सबैभन्दा ठुलो कोइला निर्यात गर्ने केन्द्र रहेछ । अर्को पर्यटकीय क्षेत्र अन्ना बे न्यु साउथ वेल्स पोर्ट स्टेफेन्स क्षेत्रमा पर्दो रहेछ । बालुवाले ढाकिएको त्यो क्षेत्र ऊँट सफारी, मोटर साइकल राइडिङ, क्वाद बाइकिङ र सर्फिङका लागि प्रसिद्ध रहेछ । पोर्ट स्टेफेन्सको दक्षिणी किनारामा रहेको शोल बे प्रसिद्ध पर्यटक गन्तव्यमा पर्दो रहेछ । त्यसै नेरको टोमरे नेशनल पार्कको पनि निकै महत्त्व रहेछ । मन्द गतिमा बहने सेतो बालुवा भएको शोल बे बीच पौडी खेल्नका लागि निकै उपयुक्त मानिँदो रहेछ । टोमरे नेसनल पार्कको जेनिथ बीचमा पौडी खेल्नका लागि लाइफ गार्ड सेवा रहेनछ । रातो र पहेँलो झण्डा बीचको भागमा पौडी खेल्न सुरक्षित रहेछ । चराचुरूङ्गी, डल्फिन, माछा आदि प्राणीहरू अवलोकनका लागि जेनिथ बे क्षेत्रको ठुलो महत्त्व रहेछ । नेल्सन बे अस्ट्रेलियाको डल्फिन राजधानीका रूपमा प्रसिद्ध रहेछ । त्यहाँ पर्यटकहरूको ठुलो आकर्षण रहेछ । त्यहाँ वर्षभरजसो डल्फिन र ह्वेल हेर्नका लागि सयौँको सङ्ख्यामा क्रुज सिपहरू चल्ने गर्दा रहेछन् । हाम्रो टिमका साथीहरू पनि तोकिएको शुल्क बुझाएर डल्फिन र ह्वेल हेर्ने तीब्र इच्छाका साथ क्रुज यात्रामा सरिक भयौँ । समुद्रमा यत्रतत्र आँखा घुमाउँदै अगाडि बढ्दै जाँदा बडो रोमाञ्चित भएको अनुभव अझै ताजा छ । तर त्यस दिन डल्फिन र ह्वेल देख्ने चाहना पूरा हुन नसकेकाले हामीलाई केही तितो अनुभव भएको थियो । क्रुजका

कर्मचारीहरू पनि डल्फिन र ह्वेल देखाउन असमर्थ भएकाले हामी सबै यात्रुहरूसँग क्षमा माग्दै किनारामा अवतरण गराए ।

अस्ट्रेलिया पुगिसकेपछि राजधानी क्यानबेराको सामान्य भने पनि अवलोकन गर्नु हाम्रा लागि अनिवार्यजस्तै थियो । अन्यथा हाम्रो अस्ट्रेलिया यात्रा एक किसिमले निरर्थक बन्न सक्थ्यो । त्यसैले हामी न्यु क्यासल हुँदै १६ मेको अबेर साँझतिर क्यानबेरा पुग्यौं । त्यसपछिका दुई दिन क्यानबेराका महत्त्वपूर्ण स्थानहरू घुम्ने र हेर्नेमा बितायौं । विशेषगरी नेसनल म्युजियम अफ अस्ट्रेलिया, पार्लियामेन्ट हाउस, अस्ट्रेलियास्थित नेपाली दूतावास, रोयल मिन्ट, वार मेमोरियलजस्ता क्यानबेरा सिटीका आकर्षणका केन्द्रहरूमा पुग्दा अनेकौं देशका पर्यटकहरू पनि भेटेका थियौं ।

राजधानी क्यानबेरा क्षेत्रको लेक बर्ले ग्रिफिनको किनारामा रहेको नेसनल म्युजियम अफ अस्ट्रेलिया दर्शकहरूको आकर्षणको केन्द्र रहेछ । त्यसमा अस्ट्रेलियाका आदिवासी र टोर्स स्ट्रेट आइज्ल्याण्डको संस्कृति र १७८८ इ. देखिको अस्ट्रेलियाको इतिहासका साथै वातावरणसँग मानवीय जीवनको घुलमिलसँग सम्बन्धित विभिन्न सामग्रीहरूको सङ्कलन रहेछ । त्यहाँ प्रदर्शनमा राखिएका पुराना र अनौठा खालका अनेकौं वस्तुहरूको अवलोकनले हामीलाई अस्ट्रेलिया सभ्यताको विकासक्रमको सङ्क्षिप्त जानकारी मिलेको थियो । अर्को महत्त्वपूर्ण गन्तव्य क्यानबेराको क्यापिटल हिलस्थित पार्लियामेन्ट हाउस थियो । अस्ट्रेलियाको पार्लियामेन्टलाई सरकारी हिसाबले पार्लियामेन्ट अफ द कमन वेल्थ र साथै फेडरल पार्लियामेन्ट पनि भनिन्छ । त्यसमा मोनार्क अफ अस्ट्रेलिया, सिनेट र हाउस अफ रिप्रिजेन्टेटिभ्स रहन्छन् । त्यसको ढाँचा वेष्टमिनिस्टर पद्धतिसँग मिल्दो छ । माथिल्लो सदन सिनेटमा ७६ जना सदस्यहरू र तल्लो सदन हाउस अफ रिप्रिजेन्टेटिभ्समा १५० जना सदस्यहरू रहने व्यवस्था छ । हामी बडो कौतूहलका साथ पार्लियामेन्ट हाउसमा प्रवेश गर्ने क्रममा सामान्य सुरक्षाजाँचपछि सजिलै प्रवेश आज्ञा प्राप्त गर्‍यौं । अरु दर्शकहरूले जस्तै हामीले सिनेट, हाउस अफ रिप्रिजेन्टेटिभ्स र सभाहलका साथै अन्य महत्त्वपूर्ण ठाउँहरू हेर्ने अवसर पाएका थियौं । अस्ट्रेलियामा सिक्काहरूको व्यवस्थापनका लागि क्यानबेराको डेकिन भन्ने ठाउँमा रोयल अस्ट्रेलियन मिन्ट (Royal Australian Mint) सञ्चालित रहेछ । त्यो अस्ट्रेलियाको राष्ट्रिय सिक्का निर्माण केन्द्र रहेछ, जहाँ विभिन्न परिमाणमा ठुलो सङ्ख्यामा सिक्काहरू काटिँदा रहेछन् । ५ सेन्ट,

१० सेन्ट, २० सेन्ट, ५० सेन्ट र १ डलरका कपर, निकेल र आल्मुनियमबाट सिक्काहरू बन्दा रहेछन् । त्यसैगरी सुन र चाँदीका बहुमूल्य सिक्काहरू पनि प्रदर्शनमा राखिएको देखियो । त्यसभित्र हेर्दै जाँदा हामीले सिक्का काट्ने प्रविधि पनि सरसर्ती देख्ने अवसर पाएका थियौं । मिन्टपछि वार मेमोरियल जानेतर्फ हामी अगाडि बढ्यौं । क्यानबेराको क्याम्पवेलमा अष्ट्रेलियन वार मेमोरियल (Australian War Memorial) को भीमकाय संरचना रहेछ । त्यो क्षेत्र पार्लियामेन्ट हाउसको सामुन्ने केही दूरीमा रहेको पाइयो । राष्ट्रिय वार मेमोरियलका रूपमा रहेको त्यसमा विश्वयुद्धको स्मरण गराउने सङ्ग्रहालय र पुरातात्त्विक वस्तुहरूको ठुलो मात्रामा सङ्कलन गरिएको रहेछ । त्यो वार मेमोरियल विशेष गरी विश्वयुद्धमा ज्यान गुमाएका अस्ट्रेलियाका लडाकुहरूको स्मरणमा बनाइएको र उनीहरूप्रति समर्पित रहेको झलक पाइयो । त्यसपछिको हाम्रो अर्को गन्तव्य अस्ट्रेलियाको क्यानबेरामा रहेको नेपाली दूतावास थियो । अस्ट्रेलियामा नेपालको कूटनीतिक उपस्थितिको प्राथमिक प्रतिनिधित्व दूतावासबाट हुने व्यवस्था रहेको छ । दूतावासको पहिलो काम अस्ट्रेलियामा रहेका नेपालीहरूलाई सहयोग गर्ने, सांस्कृतिक र आर्थिक सम्बन्ध सुधार्ने र नेपाल र अस्ट्रेलियाबीच पर्यटन प्रवर्धन गर्नु हो । हामीले कान्वेराको ओमेलेमा रहेको नेपाली दूतावासलाई बाहिरबाट सरसर्ती हेर्न मात्र पायौं किनभने शनिबारको दिन भएकाले दूतावास बन्द रहेछ । त्यसपछि हामी त्यसै नजिक रहेका अरु देशका भव्य संरचना भएका दूतावासहरू हेर्दै क्यानबेरा सिटीतर्फ लाग्यौं । क्यानबेरा सिटी, सिड्नी सिटी र मेलबर्न सिटीको तुलनामा सामान्य रहेको पाइयो । क्यानबेरापछि १८ मेमा मेलबर्नतर्फ फर्कने क्रममा ह्युम हाइवेमा रहेको होलब्रुकमा केही समय बितायौं । होलब्रुक दक्षिणी न्यु साउथ वेल्सको ग्रामीण नगर रहेछ । त्यो ठाउँ अस्ट्रेलियाको सबमेरिन टाउनका नामले प्रसिद्ध रहेछ । त्यो ठाउँ भेडाको ऊन उत्पादन, अन्नबाली उत्पादन र पशुपालनका लागि प्रसिद्ध रहेछ । त्यस ठाउँमा एउटा सबमेरिनको नमुनाका साथै सबमेरिन म्युजियम पनि रहेछ ।

अस्ट्रेलियामा रहने भनिएका आधाजसो दिनहरू बितिसकेका थिए । त्यसैले मरन्डा फिर्ता भएको भोलिपल्टैदेखि हामी मेलबर्न र त्यस वरपरका महत्त्वपूर्ण स्थानहरू घुम्ने, हेर्ने प्रयोजनमा बडो सक्रियतासाथ लाग्न थाल्यौं । त्यसक्रममा हामी ह्विटलसीमा रहेको फलफूल, खाद्य वस्तुहरू, तरकारी र अन्य दैनिक प्रयोगमा आउने स्थानीय सामग्रीहरू पाइने मन्डे मार्केटमा पुगेको प्रसङ्ग पनि स्मरण गरेको छु । वास्तवमा भन्दा मेलबर्न सिटी नै हाम्रो आकर्षणको मुख्य केन्द्र बनेको

थियो । बडो उत्सुकताका साथ मरन्डा स्टेसनबाट मेट्रो चढेर अनेकौँ स्टेसनहरू पार गर्दै हामी फ्लिन्डर्स स्ट्रिट स्टेसनमा उत्रियौँ । त्यहाँ रहेका अनेकौँ रूटका लागि तयार भएका मेट्रोहरूको घनघन आवाज सुन्दै हामी अगाडि बढ्दै गयौँ । तब हामीले गगनचुम्बी भवन, व्यापारिक मलहरू, अनेकौँ सार्वजनिक प्रतिष्ठानहरू, होटल-रेष्टुराँहरू साथै गुडिरहेका सार्वजनिक र निजी यातायातका साधनहरू हेर्दै मेलबर्न सिटीको चमक र वैभवलाई तारिफ गरेका थियौँ । साँझपख यारा नदीको किनारी भागमा भएको झलमल्ल प्रकाशमा फोटोहरू खिच्यौँ । प्रिन्स ब्रिज, स्यानड्रिज ब्रिज, क्विन्स ब्रिजहरूको भव्यता पनि हेऱ्यौँ । मेलबर्न क्यासिनोको चहलपहल हेर्दा त हामी चकित परेका थियौँ । यताउता घुम्दै गर्दा रात परेको थाहै भएनछ । हामीले त्यस रात एउटा नेपाली रेष्टुराँमा खाना खायौँ र मरन्डा फिर्ता भयौँ ।

मेलबर्न सिटीको विशालता र भव्यतालाई एक दिनको छोटो समयमा अवलोकन बिलकुलै सम्भव थिएन । त्यसैले त्यसका लागि अर्को दिन पनि छुट्याउनै पऱ्यो । पहिलो दिन जसरी नै हामी मरन्डा स्टेसनबाट मेट्रो चढेर फ्लिन्डर्स स्ट्रिट स्टेसनमा उत्रियौँ । हामी बडो जोडतोडले महत्त्वपूर्ण स्थानहरू हेर्ने र घुम्नेमा रमाउन थाल्यौँ । त्यस क्रममा हामी क्विन भिक्टोरिया मार्केट (Queen Victoria Market) पुग्यौँ । त्यहाँ फलफूल, सागपात, खाद्य वस्तुहरू, कपडा, इलेक्ट्रोनिक सामानलगायतका अनेक प्रकारका वस्तुहरू विक्रीका लागि राखिएका रहेछन् । अस्ट्रेलियन डलरमा थोरैजस्तो मूल्य राखिएको भए पनि त्यसलाई नेपाली रूपैयाँमा रूपान्तरण गर्दा हरेक वस्तु हाम्रा लागि निकै महङ्गो पर्दा रहेछन् । तैपनि केही सामानहरू किन्न हाम्रा साथीहरू लागि परिरहेका देखिन्थे । भिक्टोरिया मार्केटबाट निस्केपछि व्यापारिक मलहरू, सहरी रौनक, भीमकाय महलहरू हेर्ने र घुम्ने क्रम चल्दै रह्यो । त्यसैबेला मार्बल स्टेडियम (Marvel Stadium) ले पनि हाम्रो ध्यान खिचेको थियो । त्यो स्टेडियम अस्ट्रेलियाका प्रमुख स्टेडियमहरूमध्ये एउटा रहेछ । त्यो स्टेडियम खेलकुद कार्यक्रमका साथै अन्य मनोरञ्जन र सांस्कृतिक कार्यक्रमका लागि प्रयोग गरिने रहेछ । कार्यक्रमको समयमा त्यहाँ ५६,३४७ दर्शकहरू बस्न सक्ने क्षमता रहेछ ।

मेलबर्न सिटीको किङ स्ट्रिट र फ्लिन्डर्स स्ट्रिटको कुनामा रहेको सि लाइफ मेलबर्न अक्वारियम (Sea Life Melbourne Aquarium) पनि दर्शकहरूको आकर्षणको केन्द्र रहेछ । त्यहाँ प्रवेश गर्नका लागि हामीले तोकिएको शुल्क

बुझ्काएर टिकट लियौं । अक्वारियम प्रवेश गरेपछि त्यहाँ सङ्कलन गरिएका सामुद्रिक प्राणीहरूको दृश्यले हामीलाई आश्चर्य पारेको थियो । त्यहाँ जेली फिस, सार्क, सीहर्स, गोहीहरू, पेन्गुइनलगायत सयौं प्रजातिका माछाहरू राखिएका थिए । त्यहाँ राखिएका प्राणीहरूलाई सरसर्ती हेर्दै जाँदा हामीलाई डेढ घन्टा बितेको पत्तै भएन । पेन्गुइन राखिएको ठाउँमा किङ पेन्गुइन र जेन्टो पेन्गुइनहरू खेलिरहेका देखिन्थे । त्यसैबिच त्यहाँ प्रदर्शन गरिएका पेन्गुइनहरूको विकास सङ्घर्षको ऐतिहासिक डकुमेन्ट्री हेर्दा दर्शकहरू मन्त्रमुग्ध भएका देखिन्थे । त्यहाँ ५५० प्रजातिका १० हजारको सङ्ख्यामा प्राणीहरू रहेको जानकारी पाइयो । त्यसै दिन बेलुकीपख हामी मेलबर्न स्काइडेक (Skydeck) चढ्नका लागि टिकट लियौं । त्यस स्काइडेक दक्षिणी गोलार्द्धको सबैभन्दा अग्लो अवलोकन डेक मानिँदो रहेछ । तीन सय मिटरको उचाइबाट मेलबर्न सिटी र त्यस वरपरका स्थानहरूको सहज दृश्यावलोकन हुँदो रहेछ । साँझमा जताततै बिजुली बत्ती झलल बलेको चम्किला दृश्यहरू हेर्दा छुट्टै आनन्दको अनुभूति मिल्दो रहेछ । युरेका टावरको ८८औं तलामा रहेको त्यस स्काइडेकमा पेय पदार्थ र खानेकुराको बार पनि सञ्चालित रहेछन् ।

अस्ट्रेलियामा हामीले घुमे, हेरेका साथै अनुभव गरेका अरू ठाउँहरू एवम् सन्दर्भ पनि उल्लेख गर्नु प्रासङ्गिक हुनेछ । बालाराट सिटीको अवलोकन गर्दै जिलङतर्फ लाग्दा बाटोमा हामी क्रायल क्यासल (Kryal Castle) पुगेका थियौं । बालाराट क्षेत्रमा पर्ने त्यस क्यासल मध्यकालीन साहसिक पार्क मानिँदो रहेछ । आजकल त्यसलाई रिसोर्ट साथै वैवाहिक कार्यक्रम र सभा समारोहका लागि प्रयोग गरिँदो रहेछ । द जस्टिङ एरिना, द टर्चर म्युजियम, द विजार्डस् वर्कसप र द रोयल ब्यान्क्वेट हलजस्ता त्यहाँका मुख्य आकर्षण रहेछन् । क्रायल क्यासल घुमे, हेरेपछि हामी जिलङ बोटानिक गार्डेनतर्फ अगाडि बढ्यौं । त्यो गार्डेन १८५१ इ. मा २०० एकडमा रहने गरी सुरू गरिएको रहेछ । त्यहाँ विश्वभरबाट ल्याइएका अनेकौं प्रजातिका, अनेकौं रङ्ग र बास्नाका अनौठा बिरूवाहरू सङ्कलन र संरक्षण गरिएका रहेछन् । शान्तपूर्ण वातावरणमा अनेकौं किसिमका बोटबिरूवाहरू हेर्न पाउँदा हामीलाई गजब अनुभव भएको थियो ।

अस्ट्रेलिया बसाइका अन्तिम दिनहरूमा हामीले विशेषगरी समुद्री बीचहरू, तिनीहरूको व्यवस्थापन तथा उपयोग सम्बन्धमा हेर्ने र बुझ्ने कार्यक्रमलाई विशेष महत्त्व दिएका थियौं । कतिपय बीचहरूको ऐतिहासिकता एवम् तिनीहरूको

सामरिक महत्त्वबारे पनि केही जानकारी पाउन सकेका थियौँ । त्यस क्रममा हामीले भिक्टोरियाका एन्जल सी र त्यस नजिकको लाइट हाउस, टोर्क्वे सर्फ बीच, पोर्ट फिलिप हेड्स मेरिन नेसनल पार्क, वेस्टर्न पोर्ट फेरिज, केप स्यान्क बोर्ड वाक, सेन्ट किल्डा बीच, ब्राइटन बीच, बाथ हाउस, लुना पार्क आदि घुम्यौँ, हेर्‍यौँ । स्मरणीय के पनि छ भने केप स्यान्क बोर्डवाकपछि साँझपख हामीले क्यारूम डाउन्समा रहेको भिक्टोरियाको सबैभन्दा ठुलो हिन्दु मन्दिर श्री शिव-विष्णु मन्दिरको दर्शन गरेका थियौँ । त्यहाँ ठुलो सङ्ख्यामा नेपाली र भारतीय दर्शनार्थीहरूको घुइँचो लागेको थियो ।

एन्जलसी नजिकैको ग्रेट ओसन रोड चकलेट र आइसक्रिम फ्याक्ट्रीभित्र प्रवेश गरेको क्षण पनि उल्लेख्य रहेको छ । त्यहाँ प्रवेश गर्न टिकट लिनुपर्ने रहेछ । प्रवेशपछि त्यहाँ उत्पादन भएका चकलेट र आइसक्रिम चाख्न पाइने व्यवस्था रहेछ । हामीले विभिन्न प्रकारका चकलेट र आइसक्रिमको स्वाद लियौँ साथै तिनको तयारी प्रविधिको पनि सामान्य जानकारी लियौँ । २६ मेका दिन हामी यारा नदी, यारा भ्यालीतर्फ लाग्दै गर्दा कङ्गारू ग्राउण्ड मेमोरियल पार्कको टावर अफ रेमेम्ब्रेन्स पुग्यौँ । त्यस टावर प्रथम विश्वयुद्धमा ज्यान गुमाएका योद्धाहरूको सम्झनामा निर्माण गरिएको रहेछ । त्यस टावरबाट दृश्यावलोकनपछि हामी यारा भ्यालीको रमणीय वातावरण हेर्दै त्यहाँको चकलेट र आइसक्रिम फ्याक्ट्री प्रवेश गर्न पुग्यौँ । त्यहाँ पनि चकलेट र आइसक्रिम चाख्न र किन्न पाइँदो रहेछ ।

अस्ट्रेलियाबारे मेरा केही तथ्यगत जानकारी र अवलोकनबाट भएका अनुभूतिहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गर्न लागेको छु । अस्ट्रेलियालाई विश्वका देशहरूमा ज्यादै उच्च तहको जीवनस्तर भएको देश मानिँदो रहेछ । त्यहाँ प्रतिव्यक्ति आय ६६ हजार अमेरिकी डलरजस्तो रहेको पाइन्छ । आर्थिक वृद्धि, उच्च रोजगारी, विदेशी लगानीमा वृद्धि साथै नयाँ बजारको विकास हुँदै गएको दृष्टिले अस्ट्रेलिया विश्वको ज्यादै धनी देशमध्येको गणनामा आउँदो रहेछ । त्यहाँको साक्षरता दर ९९ प्रतिशत हुनुले शैक्षिक विकासमा समेत अस्ट्रेलियाको स्थान उच्च रहेको मान्न सकिन्छ । अस्ट्रेलियामा सडक यातायातलगायत सबै किसिमका यातायात र सञ्चार सुविधाको पर्याप्तताजस्तै अनुभव गर्न सकिन्छ । अमेरिका-इरान युद्धका कारण उत्पन्न इन्धन सङ्कटका कारण भिक्टोरिया सरकारले २०२६ को अप्रिल र मे महिनाभर बस, ट्रेन, मेट्रो,

ट्रामजस्ता सार्वजनिक यातायात निःशुल्क सञ्चालन गरेबाट लोककल्याणकारी राज्यको उदाहरण पेस गरेको देखिन्छ । हरेक क्षेत्रमा जनतालाई प्राथमिकतामा राख्ने, हरेक क्षेत्रमा ऋण प्रवाह गर्नेजस्ता कार्यले पनि लोककल्याणकारी राज्यको थप पुष्टि मिल्छ । धनी र गरिब भन्ने व्यवहार खासै देखिएन । सिटीहरूमा मात्र कहींकतै केही मात्र माग्नेहरू देखिँदा रहेछन् ।

धेरैजसो मानव बस्तीहरूमा एकैनासका भुइँतले घरहरू, कतै एकतले घरहरू र सहरहरूमा अग्लाअग्ला भवनहरू खडा गरिएका छन् । घर किन्ने र विक्री गर्ने काममा सरकारी एजेन्सीहरूमार्फत काम हुँदो रहेछ । सरकारी इजाजतविना पुराना घरहरूको बाहिरी आवरण बदल्न नपाउने नियम रहेछ । कमाउने, खाने र घुमफिर गर्ने साथै कामलाई सम्मान गरिने प्रचलन रहेछ । त्यहाँको जनजीवन सभ्य, सुसंस्कृत, अनुशासित साथै महिला, बालबालिका, वृद्ध र असक्तहरूलाई हरेक ठाउँमा प्राथमिकता दिइने खालको रहेछ । हरेक व्यक्तिमा कानुनको पालनालाई आफ्नो दायित्व ठान्ने भावना रहेछ । कानुनको अवज्ञा गर्ने व्यक्ति कठोर सजायको भागी हुने रहेछ । एक अर्थमा भन्दा त्यहाँ असल संस्कार र पद्धतिको विकास भएको रहेछ । क्रिस्चियन, मुस्लिम, हिन्दु, बुद्धिस्ट आदि धर्मावलम्बीको बसोबास रहे पनि धर्मका नाममा झैझगडा होइन, सहिष्णुताको व्यवहार हुँदो रहेछ । त्यहाँका प्रवासी नेपालीले ठाउँठाउँमा कम्युनिटी सेन्टरहरू खोलेका रहेछन्, जहाँ नेपालीहरू भेला हुने, केटाकेटीलाई नेपाली भाषा पढाउने साथै तिनीहरूको व्यक्तित्व विकासका लागि अन्य अतिरिक क्रियाकलापहरू हुँदा रहेछन् । पुराना ऐतिहासिक र पुरातात्त्विक महत्त्वका किल्ला, क्यासल, लाइट हाउस, घर, भवन आदिको उचित संरक्षण र सम्भार गरिँदो रहेछ । समुद्र किनारमा अनेकौं बीचहरू व्यवस्थित गर्ने, पानीजहाज, डुङ्गा, फेरी आदि सञ्चालन गर्ने ठाउँठाउँमा पार्कहरू, बोटानिकल गार्डेनहरू र सङ्ग्रहालय निर्माण गर्नेजस्ता कार्यबाट राज्यले ठुलो आर्थिक उपलब्धि हासिल गर्दो रहेछ । जनतालाई पायक पर्ने ठाउँहरूमा खाद्य वस्तुहरू, फलफूल, तरकारी, कपडा, औषधि, इलेक्ट्रोनिकलगायतका आवश्यकीय सामग्रीहरू खरिद गर्नका लागि ठुलाठुला कोल्स, उलवर्थस्, डि.एफ.ओ., मल आदि सञ्चालित रहेछन् । मेलबर्नमा खोलिएको बहुउद्देश्यीय च्याडस्टोन सपिङ सेन्टर (Chadstone Shopping Centre) अस्ट्रेलियाको सबैभन्दा ठुलो सपिङ सेन्टर मानिँदो रहेछ । सरकारले त्यहाँका आदिवासीहरूप्रति विशेष संरक्षणको नीति अबलम्बन गरेको रहेछ । अस्ट्रेलिया विश्वका अनेकौं देशका मानिसहरूको बसोबास स्थल रहेछ । त्यसैले त्यहाँको जनजीवन अनेकौं धर्म, भाषा, संस्कृति र परम्पराको समागम स्थलजस्तै

रहेछ । विभिन्न देशका पर्यटकहरूको आकर्षण स्थलका रूपमा पनि अस्ट्रेलियाको पहिचान र प्रसिद्धि बनेको रहेछ । बसोबास, भाषा, नियमकानुन र सरकार, धर्म, खेलकुद, बसाइँसराइजस्ता क्षेत्रहरूमा आज पनि अस्ट्रेलियामा बेलायतको व्यापक प्रभाव परेको रहेछ । त्यहाँ स्थायी बसोबास गरी व्यवस्थित जीवन बिताउन सक्षम भएका नेपाललगायतका विदेशीहरू समुज्ज्वल भविष्यको आशामा सन्तुष्ट देखिन्छन् । तथापि राम्रो रोजगारी, शिक्षा आर्जन र स्थायी बसोबास (PR) को प्रतीक्षामा कुरिरहेका भने असमञ्जस्य अवस्थामा गुज्रिरहेका हुँदा रहेछन् ।

करिब एक महिनाको अस्ट्रेलिया बसाइका दिनहरू बितेको पत्तै भएन । हाम्रो फिर्ती टिकट भएको १ जुनका दिन हामी मेलबर्न एयरपोर्टबाट कतारको दोहा हुँदै २ जुनका दिन काठमाडौँ उत्रने तयारीमा थियौँ । नाति सोभित र नातिनी ज्वाइँ सरोजले हामीलाई मेलबर्न एयरपोर्टबाट बिदाइ गर्दाको अवस्थामा हामी सबै अत्यन्त भावुक बनेका थियौँ । जेजसरी पनि मन बुझ्काएर भारी हृदयका साथ छुट्नु परेको क्षण थियो । निर्धारित समय रातको ११:०० बजेतिर कतार एयरवेजको भीमकाय जहाजले हामीलाई मेलबर्नको धर्तीबाट उठाएर आकाशमा सयर गराउन थाल्यो । जहाजबाट लामो यात्रा गर्नु थियो । रात छिप्पिँदै थियो । मेरो मनमा भने अनेकौँ तर्कनाहरू खेलिरहेकाले राम्रो निद्रा पर्न सकेन । अस्ट्रेलियामा देखेको भौतिक विकास, समुन्नत सभ्यता, धनाढ्य संस्कृति र मनोरम दृश्यहरू सिनेमाको पर्दामा आएजस्तै मेरो मनमस्तिष्कमा घुमिरहेका थिए । आफ्नो देशको अवस्था पनि सोच्दथेँ र त्यस किसिमको विकासको चुलीमा कहिले पुग्ला भन्ने उत्सुकताले छट्पटाउथेँ । मलाई लाग्यो हाम्रो देशमा भिजन, दृढता, इच्छाशक्ति र त्याग भएका शासकहरूको खडेरी परेको छ । व्यवस्था बदलिन्छ तर शासकहरूको मनोवृत्ति र कार्यशैली पुरानै भएकाले अवस्था बदलिँदैन । देशका होनहार युवाहरू रोजगारीका लागि विदेश पलायन हुन बाध्यजस्तै छन् । तिनीहरूका आफ्नै कथाव्यथा छन् । परिवारसँग भेट हुने संयोग जुट्न मुस्किल छ । आफ्नै मातृभूमि र बाबुआमा पनि बिरानो हुँदै गएका छन् । देशका यस्ता यावत् समस्याहरू समाधान गर्दै नेपालमा समुन्नतिसहितको नयाँ युग थालनी गर्न एउटा सक्कली राजनेताको उदय हुनैपर्छ । यस्तैयस्तै चिन्तनमा डुब्दै गर्दा निराशाबीच केही आशाका किरणहरू पनि झुल्कन्थे । त्यसैबीच कहिले झकाउने त कहिले ब्युँझने गर्दागर्दै पट्यारलाग्दो लामो यात्रा पार गरेर हाम्रो जहाज दोहा एयरपोर्टमा अवतरण भएछ ।

ooo

संस्मरण

हीरक जन्मोत्सवका सन्दर्भमा

लोकसेवा आयोगको जन्म - एक संस्मरण.



✍डा. लक्ष्मीकान्त पन्थी

मेरो जन्म सन् १९५१ को जून १ तारिखमा -तदनुसार वि.सं. २००८ जेठ १८मा) भएको हुँदा मैले 'लोकसेवा आयोग'लाई अनुज भन्नु उचितै होला । किनभने नेपालमा लोकसेवा आयोगको जन्म उही वर्षको जून १५ तारिखमा - तदअनुसार २००८ सालको असार १ गते) भएको थियो ।

म लगभग १० वर्षको हुँदा नै नेपालमा लोकसेवा आयोगको जन्म कसरी हुनआयो ? भन्ने कुरा पृष्ठभूमिसहित आफ्नै पिता -पितृव्यहरूबाट सुनेको थिएँ । त्यसबेला मैले सुनेअनुसारको विवरण यस्तो थियो – तत्कालीन इष्ट इन्डिया भनिएको हाम्रै छिमेकी देशको राजधानी दिल्लीमा आजभन्दा लगभग २०० वर्ष जति पहिले यसप्रकार घटना भएको थियो – त्यहाँको शहरिया जीवनमा रहेबसेका सम्पन्न व्यक्तिहरूका घरमा जूठाभाँडा माझेर आफ्नो जीवन पालन गर्दै एक गरीब परिवारकी एकल महिला पनि बस्थिन् । उनको एउटा सानो छोरा पनि थियो । त्यसलाई पनि उनले लालनपालन गर्दै रहिन् । ठूलाबडा जागिरे व्यक्तिहरूका घरमा जूठाभाँडा माझ्दै कुचो बढार्दै जीवन चलाएकी ती महिलाको मनमा मेरो सानो छोराले पनि पढोस् र सुखी जीवन चलाउन सकोस् भन्ने भावना मनमा जागेकोले ५ वर्षको सानो छोरालाई साथमा लिएर उनी एक सानो आफू बस्ने गरेको टोलको एक मास्टरलाई चिनेकी हुनाले त्यही मास्टरले पढाउँदै रहेको बोर्डिङ स्कूलमा पुगेर -म जस्तो गरीबको छोरोलाई कृपा गरेर पढाइदिनुहोस् भनी अनुरोध गरिछन् । ती मास्टरले पनि त्यो बालकलाई देखाउँदै गरीबी जीवन चलाएकी महिलाको एकमात्र छोरो भनेर सिफारिस गरेछन् । त्यो सबै कुरा सुनेपछि बोर्डिङ

स्कूलका प्रिन्सिपलले पनि एक गरीब बालकले पनि यो स्कूलमा पढ्न पाउनुपर्छ भन्ने दयामय भावनाले त्यहाँ पढाउन मञ्जुर गरेछन् । अनि त्यहाँ शिशुकक्षामा भर्ना गरेर त्यसलाई पढाउन शुरू गरेछन् ।

क्रमशः ३/४ वर्षसम्म पढ्दै गरेको त्यो शिशु अत्यन्तै प्रतिभाशाली देखा पऱ्यो । कक्षामा पनि सर्वप्रथम हुँदै राम्रोसँग उत्तीर्ण भयो । अनि पढाइ हुनसक्ने कक्षा ८ सम्मको पढाइ गरिसकेछ । अब त्यसपछि पढ्नुपर्ने माध्यमिक विद्यालयमा यो बालकले पढ्न पाओस्, त्यसका लागि सिफारिस गरिदिनुहोस् भनी त्यो बालककी आमाको अनुरोधलाई स्वीकार गरी माध्यमिक विद्यालयका प्रिन्सिपललाई बोर्डिङ स्कूलका हेडमास्टर आफैँ पुगेर सिफारिस गरेछन् । अनि त्यो बालकलाई माध्यमिक विद्यालयमा भर्ना गरेर पढाउनका लागि त्यहाँका प्रिन्सिपल पनि राजी भएछन् । यसरी माध्यमिक विद्यालयमा प्रवेश पाएको त्यो बालकले त्यहाँका कक्षाहरूमा सर्वप्रथम भएर उत्तीर्ण हुन सफल भएछन् । उनले लगनशील भएर पढेको र त्यसको राम्रो परिणाम ल्याउन सफल भएको देखेर पुरस्कृत पनि भएछन् ।

अब उनलाई त्योभन्दा माथिल्लो इन्टरमिडियट कक्षा पढाइ हुने महाविद्यालयमा पढ्नका लागि पनि पहिलेकै समस्या भयो । यसबेला पनि उनकी आमाले छोरोलाई साथमा लिएर माध्यमिक विद्यालयको प्रिन्सिपललाई हात जोडेर कलेजको प्रिन्सिपलसम्म पुगेर आफैँ सिफारिस गरिदिनुहुन विनम्रतापूर्वक अनुरोध गरिछन् । उनको आर्थिक दुरवस्थालाई पनि बुझेका प्रिन्सिपलले ती दुवै बालक र उनकी आमालाई पनि इन्टरमिडियट कलेजसम्म सँगै लिएर गएछन् र त्यहाँ उसको वस्तुस्थिति बताउँदै पढाइदिन सिफारिस गरेछन् । सबै कुरा बुझेपछि त्यहाँका प्रिन्सिपलले त्यो बालकलाई इन्टरमिडियट कलेजमा भर्ना गर्न र पढाइदिन मञ्जुर गरेछन् । त्यो बालक विद्यार्थीले ज्यादै खुशीले त्यहाँ पढेर हरेक कक्षामा पहिले जस्तै उत्तीर्ण गरेछ ।

यही उपाय गरी प्रिन्सिपलबाट सिफारिस गरिएको पत्र लिएर आफूले उत्तीर्ण गरेका सबै कक्षामा सर्वप्रथम भएका लब्धाङ्क तथा प्रमाणपत्र देखाएर त्यो विद्याथी डिग्री कलेजमा पनि भर्ना भयो र त्यहाँ पनि मिहिनेत गरेर पढी सर्वप्रथम भएर उत्तीर्ण हुन सफल भयो । यसरी बि.ए. कक्षासम्म पूरा गरेपछि

त्यो विद्यार्थीकी आमाले अब मेरो छोराले पनि जागिर खाओस् भन्ने आशय व्यक्त गरिछन् । उसले पनि अब कतै जागिर खानुपर्छ भन्ने विचारले दरखास्त दिने विचार गरेछ ।

यस्तो विचार गरी उसले धेरै ठाउँमा जागिर पाऊँ भन्ने ब्यहोरा लेख्दै दरखास्त बुझाउँदै गरेछ । ती सबै दरखास्त दिएका अफिस र आफ्नो दरखास्त दर्ता गरेको मितिसहित दर्ता नं. पनि सानो डायरीमा टिपेर राख्ने गरेछ । परन्तु ऊ कतै पनि जागिर पाउने लिस्टमा नाम निकाल्न सफल भएन । किनभने त्यहाँ उसका लागि भनसुन गरिदिने कोही थिएन । उसले जागिर पाएन ।

यस्तो अवस्था आइपरेको र जागिर खान असफल भएकोले उदास बनेको त्यो विद्यार्थी अब आफ्नै बुद्धिअनुसार स्कूल पढ्दाको प्रिन्सिपलसँग सल्लाह लिन पुगेछ । उसले आफ्ना दरखास्तहरू दर्ता गरेको डायरी पनि देखाएछ । त्यो डायरी हेर्दा प्रिन्सिपलले १५० भन्दा बढी दरखास्त दिएको र कतै पनि नाम ननिस्केको थाहा पाएछन् । अनि प्रिन्सिपलले पनि त्यो विद्यार्थीतिर फर्केर भनेछन् कि - 'बाबू ! तिमी सुल्टो बाटो मात्रै हिँड्यौ, अब कसरी जागिर पाउनू !' यति मात्रै भनेर उनी चूप लागेछन् ।

त्यसपछि उसले आफ्नो विचार यसप्रकारले परिवर्तन गरेछ कि - अब साँच्चै म उल्टै बाटो हिँड्नुपर्छ भन्ने निश्चय गरेछ । अनि ऊ एकदिन दिउँसै १२ बजेको समयमा राजधानीमा घर भएको कुनै प्रतिष्ठित उच्च पदाधिकारीको घरमा बार्दलीतिरबाट भित्र पसेर कुनै देखिने ठोस सामान जस्तै -गाग्री, अथवा कुनै ओजनदार वस्तु उचालेर बाहिर निस्कन लाग्दा नजिकबाट देख्ने छिमेकीहरूले 'चोर चोर' भन्दै हल्ला चलाएपछि उसलाई पुलिसले पक्रिएछ । अनि पुलिसले किन यस्तो काम गऱ्यौ ? भनेर सोध्दा 'यो काम मैले जानेरै गरेको हुँ, पुलिसले पक्रिएकोमा म खुशी नै छु' भनेछ । यस पछि पुलिसले उसको बयान लेख्न खोज्दा त्यस ठाउँमा बयान लेखाउन उसले मानेन । त्योभन्दा 'माथिल्लो तहको हाकिमको अगाडि मात्र बयान लेखाउँछु, मलाई त्यहाँ पुऱ्याऊ' भन्ने अनुरोध गरेछ । त्यसपछि त्यहाँ पनि बयान लेखाउन मञ्जुर नगरी 'सबैभन्दा माथिल्लो तहको प्रमुख प्रशासक -मन्त्रीको अगाडि पुऱ्याएमा बयान लेखाउँछु' भनेकोले त्यहाँ पुऱ्याएपछि उसले आफ्ना सबै

सर्टिफिकेट र जागिरका लागि दरखास्त दिएका अफिस र दर्ता नं. समेत देखाएछ । यति सबै बयान लेखाएपछि त्यहाँको मन्त्रिमण्डलमा यो कुरा पुग्यो । यस विषयमा ठूलो छलफल भएपछि यस्तो निर्णयमा त्यो मन्त्रिमण्डल पुगेछ कि - अब हाम्रो देशमा एक 'पब्लिक सर्भिस कमिसन' गठन गर्नुपर्छ ।

यति भैसकेपछि त्यहाँ उक्त कमिसन खुल्यो र त्यसको पहिलो प्रमुख पदाधिकारीमा त्यही व्यक्तिले नियुक्ति पाएको थियो ।

अब नेपालमा पनि २००७ सालसम्म जनताले जागिर खान राणाजीहरूको कृपाले मात्र पाउने, फेरि त्यो पाएको जागिर पनि एक वर्षभित्रै पजनीमा पार्ने र खुस्काइदिने अव्यवस्था भएको हुनाले यसै विषयलाई मनन गरेर २००८ साल असार १ गते पहिलो पटक 'पब्लिक सर्भिस कमिसन' भन्ने नामबाटै लोकसेवा आयोगको जन्म भएको हो ।

२०१५ सालमा बनेको संविधानले उक्त संस्थाको नाम परिवर्तन गरी 'लोकसेवा आयोग' भनिएको र यो संस्थाले आज पचहत्तर वर्ष पुग्दासम्म आफ्नो काम भन्नाले सरकारी सेवामा योग्यताअनुसार कर्मचारी छनोट गर्ने काम गरिरहेको छ र पछिसम्म पनि इमान्दारीसाथ गर्दै रहने कुरामा हामी सबै विश्वस्त छौं ।

यो संवैधानिक आयोग हो । वर्तमान संविधानको भाग २३ अर्न्तगत रहेका धारा २४२, २४३ र २४४मा लोकसेवा आयोगको गठन हुने व्यवस्था, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्थाहरू गरिएको छ । यो आयोग अधिकारसम्पन्न स्वायत्त संस्था हो । यसले तटस्थ एवम् निष्पक्ष भएर आफ्नो कार्यसम्पादन गर्दछ । यो संस्थाको गठन पहिले राजा वा राष्ट्राध्यक्षबाट हुने गरेको थियो भने अहिले संवैधानिक परिषद्को सिफारिसमा गठन हुने चलन छ । लोक सेवा आयोगमा एकजना अध्यक्ष र चारजना सदस्य गरी कुल पाँचजना पदाधिकारीहरू रहने व्यवस्था छ। लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने प्रावधान छ। यसको अध्यक्ष पदमा प्रशासनिक अनुभव भएका ख्यातिप्राप्त विद्वान् व्यक्तिलाई नियुक्त गरिन्छ । त्यस्तो व्यक्ति सरकारी सेवाबाट निवृत्त भएको, अनुभवी र ६५ वर्ष ननाघेको हुनुपर्दछ । लोक सेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास

प्रतिशत सदस्य बीस वर्ष वा सोभन्दा अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरूमध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेका व्यक्तिहरूमध्येबाट नियुक्त गर्नुपर्ने व्यवस्था संविधानले गरेको छ । सचिव पदमा भने नेपाल सरकारले राजपत्राङ्कित विशिष्ट श्रेणीका पदाधिकारीलाई त्यहाँ खटाउँछ ।

२००८ साल असार १ गतेदेखि हालसम्म लोकसेवा आयोगमा नियुक्त हुनुभएका स्वनामधन्य अध्यक्षहरू यसप्रकार हुनुहुन्छ ।

क्र.स	पद	नाम/थर	अवधि	
			देखि	सम्म
१.	सभापति	सरदार श्री नगेन्द्रमान सिंह प्रधान	२००८-०३-०१	२०१२-०७-०२
२.	सभापति	बडाकाजी श्री मणिकलाल राजभण्डारी	२०१२-०७-०३	२०१४-०६-१९
३.	सदस्य	श्री भगवतीप्रसाद सिंह	२०१२-०७-०३	२०१४-१०-१२
	का.मु. सभापति		२०१३-१०-१३	२०१६-०३-१४
४.	अध्यक्ष	श्री अनिरुद्रप्रसाद सिंह	२०१६-०४-०१	२०१७-०९-०१
५.	अध्यक्ष	राजा श्री तारकबहादुर शाह	२०१७-१२-२४	२०२२-१२-१३

क्र. स	पद	नाम/थर	अवधि	
			देखि	सम्म
६.	सदस्य	श्री केशरबहादुर के.सी.	२००९-०१-०१	२०१२-०८-०६
	सदस्य		२०१७-१२-२४	२०१८-११-१९
	अध्यक्ष		२०२२-१२-२४	२०२७-०२-०४
७.	सदस्य	श्री डम्बरबहादुर सिंह	२०२०-०८-१०	२०२७-०२-०४
	अध्यक्ष		२०२७-०२-०५	२०३२-०८-०६
८.	अध्यक्ष	सरदार प्राध्यापक श्री यदुनाथ खनाल	२०३२-०८-२५	२०३४-१०-१६
९.	अध्यक्ष	मी.सु. श्री कृष्णबम मल्ल	२०३४-१०-२०	२०४०-०४-१८
१०.	अध्यक्ष	मी.सु. श्री प्रद्युम्नलाल राजभण्डारी	२०४०-०८-०१	२०४६-०७-३०
११.	सदस्य	श्री सत्यनारायण झा	२०४०-०८-०१	२०४६-०८-३०
	अध्यक्ष		२०४६-०८-०१	२०४८-०४-२२
१२.	अध्यक्ष	प्रा. श्री गणेशराज सिंह	२०४६-०५-०७	२०५१-०७-०३
१३.	सदस्य	श्री सन्तबहादुर राई	२०४८-०५-०७	२०५१-१०-०३
	अध्यक्ष		२०५१-१०-१४	२०५८-०७-१७

क्र. स	पद	नाम/थर	अवधि	
			देखि	सम्म
१४.	सदस्य	श्री योगेन्द्रनाथ ओझा	२०५२-०९-२१	२०५८-०९-२०
	अध्यक्ष		२०५८-०९-२३	२०६१-०६-३०
१५.	अध्यक्ष	श्री तीर्थमान शाक्य	२०६१-०९-२६	२०६५-१२-०९
१६.	सदस्य	डा. कयोदेवी यमी	२०६५-११-०५	२०६५-१२-०९
	का.वा. अध्यक्ष		२०६५-१२-१०	२०७०-०१-२४
	अध्यक्ष		२०७०-०१-२५	२०७१-११-०४
१७.	अध्यक्ष	श्री उमेशप्रसाद मैनाली	२०७१-१२-११	२०७७-१२-१०
१८.	अध्यक्ष	श्री माधवप्रसाद रेग्मी	२०७८-०३-१०	२०८३ जेठ
१९.	कार्यवाहक अध्यक्ष	श्री माधव बेल्वासे	२०८३ असारदेखि	हालसम्म

यसरी योग्यता, निष्पक्षता र स्वच्छतालाई मूल आदर्श मानी कार्य गर्दै आएको लोक सेवा आयोग वर्तमान समयमा झैं भविष्यमा पनि आफ्नो योग्यता र क्षमता प्रदर्शन गरेर सरकारी सेवामा प्रवेश गर्ने नेपालीहरूका लागि आस्था र विश्वासको संस्था रहिरहने अपेक्षा लिइएको छ ।

रामहिटी, काठमाडौं

०००

जेब्राक्रस



✍सरू सुधा

जो
पुग्न सक्छन् गन्तव्यमा
समयभन्दा पहिले
मिहिनेतभन्दा छिटो
सङ्घर्षभन्दा अगाडि

उनीहरू
अधिकारको चस्मा लगाउँछन्
जसबाट देख्न सकिँदैन कर्तव्यको प्रतिच्छाया

देख्दैनन् कमिलाहरू
भुसुनाहरू
झुपडीहरू
हिलो र धुलोको सुगन्ध

देख्छन् केवल हात्तीहरू
घोडाहरू
महलहरू
सिङ्गमरमर र ग्रेनाइटको चमक

उनीहरू
पर्खनुको महानता बुझ्दैनन्

जिउँछन् पर्खाउनुको आनन्दमा
दिनुको पवित्रता थाहा छैन
पिउँछन् लिनुको मज्जा
भोकको मिठास थाहा छैन
फ्याँक्छन् अपचको डकार

चिन्दैनन्
तिर्खाको स्वाद
जाडोका पसिना
गर्मीको सिरेटो
दुःखको सुवास
अभावको गरिमा

त्यसैले त
रोकिन सक्दैनन् उनीहरू
उन्नतिको सडकमा कोरिएको
मानवताको जेब्राक्रसमा एकैछिन ।

रेसुङ्गा नगरपालिका-७, तम्घास, गुल्मी ।


०००

थाहा पाउनुभयो ?

किरण पुस्तकालय, गुल्मीबाट 'हाम्रो पुरुषार्थ' राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाका १११ अङ्क निस्किसकेका छन् । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?

कविता

महासागरको तटमा उभिएर



✍हरि पथिक

शान्त सौम्य रूपमा बगिरहेछ यो महासागर
आफ्ना दुई किनाराबीच अविरल बगिरहेछ
यसभित्र पनि कति छालहरू आवतजावत गर्दा हुन्
कति लहर चल्दा हुन् , ज्वार भाटाको प्रहार हुँदो हो
भित्रभित्रै जलभुमरी पर्दो हो !
कहिलेकहीँ अप्रत्याशित रूपमै उद्दण्ड सुनामी पनि आउँदो हो !
वारिको किनारबाट पारिको किनार सहसा देख्न सकिन्न
विशाल महासागरका दुई किनारहरू - किनाराका फड्के साक्षी हुन्
फगत निरीह साक्षी मात्र
तर पनि अविरल रूपमा आफ्ना दुवै किनाराबीच
युगौँदेखि बगिरहेछ यो महासागर !
यसैगरी बगिरहंदा हुन् अरू महासागरहरू पनि
आन्ध्र महासागर, हिन्द महासागर, प्यासिफिक महासागर !
र बाँकी सबै महासागरहरू !
कति विशाल छ यो आफैंमा - अथाह गहिराइ छ यस्को
बाह्य रूपमा बिल्कूलै अशान्त नदेखिए पनि
यसले पनि त नाना चक्रव्यूहहरू झेलेको छ आफैमा
आखिर यो .महासागर र यो मनमा के-के समानता वा भिन्नता होला ?
मानव-मनको विशालता र गहिराइ पनि त
झनै कति दूर क्षितिजपारि अनन्तसम्म विचरण गर्छ !

कस्ले पो मापन वा अवलोकन या जोख-तौल नै गर्न सक्यो र !
यो मनको महासागरमा विराजमान -
अपरिमित कल्पना र सिर्जनाका अजश्र श्रोतहरूलाई !
महासागरले पनि त मनले जस्तै र मनले पनि महासागरले जस्तै
मनले पनि त आफ्ना यावत् कथा व्यथाहरू
सुख-दुख, हर्ष- विस्मात् र उत्पीडन क्रन्दन
एवं तमाम संवेदनाहरू !
आफैंभित्र लुकाइरहन्छ आफ्ना सारा रहरहरू,
उकुसमुकुस र कहरहरू ! अधुरा सपनाहरू ! !
कटु यथार्थ निफन्ने ती दर्दनाक भोगाइहरू !
कैय्यौं विषम परिस्थितिमा पनि बाहिरिन वा पोखिन दिंदैन ।
आफैमा बोकेर एकनास बगिरहन्छ।
बिद्रोह प्रेरित आगो पनि विवशताको जल आचमन गरेर !
चिस्याउंदै निभाउंदै खुम्चिंदै फैलिंदै - -
सहनशीलता धैर्य क्षमा करुणा र ममताको आँचल पहिरी
त्यागको एक अनुपम नमुना बनेर ।
म यो महासागरको जल आफ्ना अन्जुलीमा उठाएर
हृदयभरिका पीडा र जलन पखाल्न सकूँ !
जीवनको एक कहालीलाग्दो पाटोको पटाक्षेप गर्न सकुँ !
आग्रह पूर्वाग्रह तृष्णा वा घृणाले पारेका घाउहरू पुर्न सकूँ !
के यो संभव छ ?
यदि मानव-मन र महासागरबीच खासै धेरै फरक छैन भने
समग्र आसक्ति दुराग्रह एवं प्रतिशोधबाट मुक्त भई सोंच्दा
शायद यो संभव छ ।
मेरो यही जिकिर र उत्सुकताप्रति त्यो महासागरले पनि
आफ्नो मौन समर्थन जनायो ।

-काठमाडौं

ooo

नियात्रा

रेसुङ्गा र ऐँसेलु

✍रमेशमोहन अधिकारी



२०८२ साल असार २८ गते ब्युँझँदा हामी तल्लो टक्सार गुल्मीमा थियौँ । हिजो बाग्लुङको खर्बाङबाट दक्षिणतिर लाग्नासाथ बले टक्सारमै बास बस्न खोजेका थियौँ । त्यहाँका कुनै पनि लजमा आठ जना अट्ने नदेखेपछि हामी फेरि तल्तिरै लाग्नुपरेको थियो । बेलुकाको सात बजे त हामी त्यहाँबाट गुडेका थियौँ । बाटो पनि त्यति राम्रो होइन । बेलुकाको समय । यता कुनै खेल भएकाले खेलाडीहरूले लजहरू भरिएका रहेछन् । बाटो सोध्दै अगाडि बढिरह्यौँ । पानी पनि परिरह्यो । बाटो झुक्किएर हो कि तल्लो टक्सार आइपुग्नै दुई घण्टा लाग्यो । बल्ल एउटा भूतपूर्व सैनिक भोजनालय एन्ड लजमा नौ बजे आइपुगिएको थियो । सुत्दाओर्दा ११ बजेको थियो ।

उठ्न पनि ढिला हुने भइहाल्यो । बिहान साढे छ बजे बाटो लाग्यौँ । बाटामा चिया खाएका भरमा हिँडेका हामीलाई तीन घन्टा लाग्यो तम्घास आइपुग्न । तम्घास आउनाको कारण म थिएँ । यसको महत्त्व खास मेरा लागि थियो । साथीहरू रिडी मात्र ताकिरहेका थिए । रिडी पुग्न यति समय लाग्ने थिएन । दुई घण्टाअगाडि नै पुग्न सकिन्थ्यो । यहाँ आउनाको एउटा कारण थियो गुल्मीको सदरमुकाम तम्घासको अनुहार हेर्नु । यसभन्दा पनि महत्त्वपूर्ण कारण भने किरण पुस्तकालय हेर्नु थियो ।

वि.सं. २०२५ मा स्थापित किरण पुस्तकालय नेपालका पुराना पुस्तकालयहरू मध्ये एक रहेछ । यस पुस्तकालयको साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ'को प्रकाशन २०३५ सालदेखि निरन्तर भइरहेको रहेछ । मैले सुरूकै अङ्कहरू हेर्न पाएको रहेछु । म ठुलो मामाको घर विश्रामपुर जाँदा त्यहाँ पहिलो अङ्क

पढेको हुँला । त्यतिखेर मामाको जेठो छोरा अर्थात् मेरो दाजु प्रदीप भट्टराई पाल्पामा सरकारी कर्मचारी हुनुहुन्थ्यो । आदरणीय कपिल घिमिरे 'मधुपर्क' को सम्पादक हुँदा चन्द्रनिगाहपुरको सूर्योदय पुस्तकालयमा पनि 'हाम्रो पुरुषार्थ'का केही अङ्क आइपुगेका थिए । यसरी किरण पुस्तकालयभन्दा पनि यसको प्रकाशनसँग म कसरी कसरी जोडिएको रहेछु । पछि २०७५ सालमा चितवनका साहित्यकार दाजु पूर्णप्रसाद अधिकारीसँग चिनजान भएपछि मैले यस पत्रिकाको 'रुरु क्षेत्र विशेषाङ्क' समीक्षाका लागि पाएको थिएँ । यसै क्रममा सम्पादक शशि पन्थीसित फोन सम्पर्क हुन पाएको थियो र पछि हामी फेसबुकमा पनि साथी भएका थियौँ । यसकारण मलाई तम्घासले बोलाइरहेको जस्तो लागिरहेको थियो ।

डुल्नु भनेको बाटबाटै हिँडिरहनु वा गुडिरहनु मात्र होइन, चिनेका वा नचिनेका मानिसहरूसँग भेट्नु, बोल्नु वा अन्तरक्रिया गर्नु पनि हो । त्यसैले मैले यस यात्रा क्रममा शशि पन्थीज्यूलाई भेट्ने, किरण पुस्तकालय हेर्ने र सम्भव साथीहरूसँग चिनजान गर्ने सोचाइ बनाएको थिएँ । संयोग; शशि पन्थी काठमाडौँ जानुभएको रहेछ । उता जाँदा स्वास्थ्यको नियमित जाँच पनि गराउने र बुटवल पस्तै आउने भनेपछि भेट त नहुने नै भयो । एकछिन खिन्नता बोध भयो । तुरून्तै उहाँले भन्नुभयो, "म नभए पनि साथीहरू हुनुहुन्छ, जानुहोला ।" उहाँले दीन पन्थीको नाम र मोबाइल नम्बर दिनुभयो । मैले तुरून्तै दीन सरलाई फोन लगाइहालेँ । उहाँसँग शशि सरले कुरा गरिसक्नुभएको रहेछ, सजिलो पनि भयो ।

मैले नेपालका धेरै ठुला पुस्तकालय हेर्न पाएको छैन । त्रिभुवन विश्वविद्यालयीय कीर्तिपुर पुस्तकालय, मदन पुरस्कार पुस्तकालय तथा सिक्किम साहित्य परिषद्द्वारा सञ्चालित पुस्तकालय मात्र हेरेको छु मैले । काठमाडौँको बासिन्दा भएको भए कम्तीमा नेपालका अन्य ठुला पुस्तकालयहरू हेरेको हुन्थेँ हुँला । मैले देखेका ठुला पुस्तकालय काठमाडौँ उपत्यकाका वा सिक्किमको पनि राजधानी गान्तोकका थिए । सङ्घीय राजधानीबाहिर मैले देखेका पुस्तकालयहरूमध्ये गैरसरकारी स्तरबाट सञ्चालितमध्ये यो नै ठुलो पुस्तकालय हो । स्थापना कालदेखि एकोतार लागिरहेका शशि पन्थी, दीन पन्थीजस्ता शैक्षिक तथा साहित्यिक क्षेत्रमा समेत स्वनामधन्य व्यक्तित्वहरूको

कम्ती पसिना र समयले यो पुस्तकालय यत्तिको भएको पक्कै होइन ।

हामी यहाँ आइपुग्दा शालीन व्यक्तित्व दीन पन्थी अरु एक दुई जना साथीसहित मुख्य ढोकामै पर्खिरहनुभएको रहेछ । हामीले मूल द्वारमा लेखिएकाले यसै भवनलाई किरण पुस्तकालय भन्ठानेका थियौँ । यस भव्य भवनमा बैङ्क पो छ त ? के भएको हो भन्ठानेर छक्क परेँ म । मलाई लाग्यो एउटा भवन रहेछ, जसका केही कोठा किरण पुस्तकालयले लिएर चलाएको रहेछ । कसरी भाडा तिरेको होला ? भाडा तिर्ने रकम कहाँबाट आउँदो होला ? यस्तो देख्ता नयाँ मानिसहरू छक्क परिहाल्छन् वा भ्रममा पर्न सक्छन् भन्ठानेर होला, पाका र मिजासिला दीन सरले भन्नुभयो, "यो भवन हाम्रो हो । हामीले सहजताका लागि भुइँतला भाडामा दिएका हौँ । हाम्रो ठुलो खर्च यो भाडाले धान्दैन, अलि अलि भए पनि भरथेग हुन्छ ।" उहाँले अझ भन्नुभयो, "यहाँ बैङ्क हुनाले हामीले पुस्तकालयको सुरक्षाका लागि छुट्टै गार्ड राख्नुपरेन । यसका साथै परिसर र तलका कोठाहरू सफा गर्ने व्यक्ति पनि राख्नुपरेन । हामीलाई फाइदा भनेको यत्ति हो ।"

दीन सरसँग हामी पहिलो तलामा उक्ल्यौँ । यहाँ रहेछ वाचनालय र पुस्तकालय । बसेर पढ्ने ठाउँ । कार्यालय छुट्टै । मसित सीमित पुस्तक हुनाले मैले शशि पन्थी सर र पुस्तकालयलाई गरी मेरो नियात्रासङ्ग्रह 'संयात्राको संयोग' दुईओटा मात्र दिन सकेँ । जसको हातमा सुम्पिएँ, उहाँलाई नै व्यक्तिगत रूपमा दिन सकिनँ । अलि अप्ठ्यारै लाग्यो । यहाँ हामी एक घण्टा जति बस्यौँ । यस क्रममा परिचय गरियो सबैसँग । पुस्तकालयका कार्यालय र पुस्तकालयलाई नै अलि गहिरिएर हेरियो ।

मैले झलक्क सम्झेँ, हामीले वि.सं.२०३७ मा रौतहटको चन्द्रनिगाहपुरमा स्थापना गरेको पुस्तकालय 'सूर्योदय'लाई । म सरिक भएर स्थापना भएको कुनै संस्था निष्क्रिय हुँदै समाप्त भएको छ भने त्यो सूर्योदय पुस्तकालय नै हो । वि.सं.२०३७ देखि वि.सं.२०५७ सम्म राम्रै गरी चलेको पवित्र संस्थालाई गैरसरकारी संस्थाका रूपमा बदली नाफामूलक संस्थाको विकास गर्न सूर्योदय प्रतिष्ठानमा बदलिने र स्थानान्तर गर्ने भनी केही साथीहरूले गरेको हठका कारण बिस्तारै पुस्तक पनि धमिरा र सेपका आहार भए । जग्गा पनि

मासियो । संस्था नै समाप्त भयो । यो दुर्घटना मलगायत व्यक्तिगत वा राजनीतिक स्वार्थ नबोक्नेहरूका लागि अश्वत्थामालाई भन्दा बढी पीडामय भएको छ ।

पुस्तकालयबाट बाहिर निस्केर उहाँहरूले नै अर्डर गरिदिनुभएको होटलमा खाना खायौँ । यहाँको खानाको मूल्य सस्तो हो वा उहाँहरूले भनिदिनुभएकाले हो, सादा खानाको प्रतिव्यक्ति दुईसय रूपियाँ रहेछ ।

विष्णु गौतमले "समय मिले रेसुङ्गा पनि पुग्नुपर्छ है !" भन्नुभएको थियो, साथीहरूले टाढा छ भनिरहेका थिए । दीन सरहरूले भन्नुभयो, "गाडीमा पन्ध्र मिनेटमा पुगिन्छ । त्यसपछि एकहजार खुड्किला उक्लिनुपर्छ ।" सुरूमा त केही साथीहरूको मन हचक्क भइहाल्यो खुड्किलाका कुराले । मैले भनेँ "नजिकमै रहेछौँ, जाऔँ ।" सबै साथी सहमत भए । मलाई पिरलो थियो सीताराम सरको । उहाँलाई ज्वरो आइरहेको थियो तैपनि उहाँले आँट्नुभयो । उहाँले आँटिसकेपछि अरूले पछि हट्ने कुरो गर्नै भएन । होटलवाला भाइले देखाइदिएकै बाटाबाट हामी अगि बढ्यौँ । नभन्दै प्रकृतिको रमणीयता पान गर्दै हामी रेसुङ्गाको फेदीमा पन्ध्र मिनेटमै पुगिहाल्यौँ ।

फेदीमै रहेछ पोखरी बाटाको पश्चिमपट्टि । पूर्वोत्तर रहेछ रेसुङ्गा जाने बाटो । यहींबाट सुरू हुन्छन् खुड्किलाहरू पनि । दिउँसोको एघार बजेको छ । घाम मज्जाले चर्केको छ । हामी उक्लिनु छ खुड्किले बाटो । खुड्किलाहरूको उचाइ भने ठिकै छ । डन्डीहरू लगाइएका छन् दुबैपट्टि । बनेलु बाटो । प्रकृतिले आफैँ सिर्जना गरेका वनस्पतिहरू छँदै छन्; नियोजित रूपमा लगाइएका वनस्पति पनि छन् । यी बाटाका दुबै किनारामा लगाइएका छन् । सायद यी वनस्पति यहाँको वातानुकूल छन् । यसरी लगाइएका वनस्पति माथि मन्दिरसम्मै छन् । तिनमा खसु, लाली गुराँस, अँगेरी, बाँझ, रानी भलायो, काली काठ, चुत्रो, म्याल, मलयागिरि, काउलो, मुसलगेडी, ओखर, नासपाती आदि छन् ।

घाम चर्किए पनि बनेलु वातावरण, वानस्पतिक सौन्दर्य आदिले शोभा बढाएका छन् । जस्तासुकै निठुरीको हृदय पगाल्ने क्षमता यिनमा छ । यी वनस्पति हाम्रा प्राण हुन् । यिनै हाम्रा प्रेरणा हुन् । हामी यिनै प्रकृतिका माझबाट

हिँडिरहेका छौं मानवनिर्मित सिमन्टे खुड्किलाहरूमा । हामीमध्ये कति साथी तिल्मिलाएका होलान् भनेर प्रकृतिले हामीलाई छहारी त प्रदान गरेकै छन् । यी वनस्पतिले हामी कतिपयलाई भन्दै पनि छन्, "जीवन सरल रेखा मात्र होइन, बक्र रेखा पनि हो । खुड्किलै खुड्किला उक्लिरह्यौ भने सूर्यनारायणले तिमीहरूलाई माया मात्र गर्ने छैनन् । बार नाघेर आऊ, घेरा नाघेर आऊ अनि मात्र तिमीलाई आनन्द मिल्ने छ, शान्ति मिल्ने छ ।"

वनस्पतिको यो आवाज सबैभन्दा पहिले सीताराम सरले सुन्नुभएछ । ज्वरो आइराखेको भए तापनि, सकिनसकी उकालो लागिरहे तापनि उहाँले भन्नुभयो, "यत्रो वनमा आइसकेपछि लटरम्म फलेको चुत्रो देखेपछि नखाई को हिँड्छ ?" उहाँले कति वर्षपछि चुत्रो फलेको फेला पार्नुभएको रहेछ । घेरा नाघेर बाटाकै छेउको चुत्रोको बोटनेर गएर टिप्दै खान थाल्नुभयो । अरु साथी हिँड्दै रहे । हामी अलि माथि गएर पर्ख्यौं । उहाँको धोको आफू मात्र सन्तुष्ट हुनु थिएन । साथीहरूका लागि पनि ल्याइदिनुभयो । चुत्रो टिपेको भन्दा अलि माथि गरुडको प्रतिमूर्ति रहेछ । त्यहीं रहेछ रामकुवा पनि । यस कुवाको सम्बन्ध रामायणका नायक रामको नामसँग मात्र रहेनछ । यस कुवाको सम्बन्ध ऋष्यशृङ्ग ऋषिसँग समेत जोडिने रहेछ ।

'श्रीमद्वाल्मीकिरामायण' अनुसार विभाण्डक ऋषिका छोरा ऋष्यशृङ्ग सुरूमा बुबासँगै र पछि छुट्टै आश्रममा बसेका रहेछन् । 'नेपालका धार्मिक स्थलहरू' अनुसार यो स्थान कोशी नजिक थियो । समय क्रममा अङ्ग देशका राजाकी छोरी शान्ताको लागि योग्य वर खोज्ने क्रममा ऋष्यशृङ्गको नाम आएछ । कोहीसँग सम्पर्क नभएका ऋषि कोसँग फकिएलान् त भन्ने सोची राजाले वेश्याहरूलाई पठाउनु उपयुक्त ठानेछन् । ती वेश्याहरू लामो बाटो पार गरेर बडो कष्टसाथ उनीसमक्ष पुगेछन् । बुबाभन्दा अर्को पुरूषसमेत नदेखेका ऋष्यशृङ्ग मधुर स्वरका धनी युवतीहरू देखेर छक्क परेछन् र के कामले आएका भनी सोधेछन् । उनीहरूले स्पष्ट कारण बताएपछि ऋषि उनीहरूसँगै अङ्गदेश पुगेछन् र राजाकी छोरीसँग विवाह गरी केही वर्ष आनन्दसँग बसेछन् । पछि ऋषिस्वभावका कारणले पत्नी तथा अरु केहीलाई समेत लिई रेसुङ्गामा आई बसेछन् । उनै ऋषिको आश्रम यहाँ हुनाले उनको नाम ऋष्यशृङ्ग अपभ्रंश भई रेसुङ्गा भन्ने नाम रहेको रहेछ ।

ऋष्यशृङ्ग र राम जोडिएको अर्को कथा भने अलि फरक छ । अयोध्याका राजा निस्सन्तान भएपछि पिर पर्नु स्वाभाविकै हो । कसरी सन्तान होलान् भनेर चिन्तत रहेकै अवस्थामा गुरु वशिष्ठले पुत्रेष्टि यज्ञ गर्न सुझाएछन् । जसरी पनि सन्तान चाहिने व्यक्तिले हरेक गर्छ । वर्तमानमा पनि सन्तान चाहनेले अरूका सन्तान प्राप्त गर्ने, दाजुभाइका सन्तानलाई नै आफ्नो ठानी सम्पूर्ण व्यवहार त्यहीअनुसार गर्ने, भाडामा अरू महिलालाई कृत्रिम गर्भाधान गराउने वा आफ्नी पत्नीलाई परपुरुषमार्फत गर्भाधान गराउने जस्ता तरिका अपनाएको पाइन्छ । आजभन्दा हजारौँ वर्षअघि पनि यस्ता केही प्रक्रिया अपनाइएका थिए भन्ने कुरा हामीले धार्मिक ग्रन्थहरूमा पढेका छौँ वा सुनेका छौँ ।

दशरथले चाहिँ सन्तान प्राप्तिका लागि पुत्रेष्टि यज्ञ गर्ने सन्दर्भमा यस प्रकारको यज्ञका जानकार ऋष्यशृङ्ग ऋषिलाई नै विशेष महत्त्वका साथ आमन्त्रण गरेका रहेछन् । दशरथका चारै छोरा राम, लक्ष्मण, भरत तथा शत्रुघ्न यही यज्ञका प्रभावले जन्मेका रहेछन् । रामहरू ठुला भएपछि ऋष्यशृङ्गलाई कृतज्ञता व्यक्त गर्न यहाँ आएका रहेछन् । किंवदन्तीअनुसार उकालामा तिर्खा लागेपछि रामले वाण प्रहार गरी कुवा निर्माण गरेका थिए रे । रेसुङ्गा मन्दिरका पूजारी कृष्ण पन्थी भन्नुहुन्छ, "यो कुवा खडेरीमा सुक्तैन मात्र होइन, पानी घट्ता पनि घट्तैन । यसै गरी बर्खामा टनाटन पनि हुँदैन । यो जहिल्यै एउटै अवस्थामा कायम रहन्छ ।"

कुवा नजिकै चुत्रो हामीले पनि खायौँ र हिँड्यौँ । केही खुड्किला अझ बाँकी थिए । माथि पुग्दा एउटा पुरानो मन्दिर देखियो । त्यसभित्र हामी पसेनौँ । दाहिने पट्टि पुजारी आश्रम रहेछ । सिधा अगाडि र यसै माथि राधाकृष्ण मूर्ति रहेछ । यहाँ एक जना पूजारी अनि एकाउन्टेन्ट जस्तो व्यक्ति पनि हुनुहुँदोरहेछ । यहाँसम्म एकहजार खुड्किला रहेछन् ।

यहाँभन्दा माथि पनि केही संरचनाहरू रहेछन्, जसमध्ये एउटा भ्यू टावर रहेछ । त्यसका लागि टिकट काट्नुपर्ने रहेछ । भ्यू टावर त्यति अग्लो होइन, खासै आकर्षक पनि होइन । तैपनि यस क्षेत्रमा यही एउटा भ्यू टावर हुनाले होला, अरू पनि चढेका रहेछन् । आकाश खुला हुँदा टाढा टाढाका दृश्य

देखिँदा रहेछन् । भ्यू टावर संरक्षणको पर्खाइमा रोइरहेको जस्तो लाग्यो । भ्यू टावरभन्दा दायाँतर्फ एउटा मन्दिर रहेछ । पशुपति मन्दिर हुन सक्छ ।

यी कुराहरू हेरेर हामी तलको मुख्य मन्दिरमा आयौँ । अघि यहाँ अर्के पूजारी हुनुहुन्थ्यो भने अहिले कृष्ण पन्थी हुनुहुन्थ्यो । उहाँसँग परिचय भएपछि भन्नुभयो, "हाम्रा यति धेरै ऋषिहरूले तपस्या गरेका पवित्र भूमिहरू छन् । संसारले मानेका पवित्र नदीहरू छन् । हामी आफ्नो ठाउँलाई वास्ता गर्दैनौँ र तलतिरै लाग्छौँ । यति पवित्र कृष्णगण्डकीमा नुहाउन हामी लाज मान्छौँ । हातगोडा पखाले जस्तो गर्छौँ र मुख पनि धोए जस्तो गर्छौँ । उता कुम्भमेलामा नदी डाइभर्ट गरेर बनाएको नहरमा नुहाएर मक्ख पर्छौँ । हामीले पहिले आफ्नो माटालाई माया गर्नुपर्छ । यहाँ एक दिन बस्नुभयो भने चरम शान्तिको अनुभव गर्नुहुन्छ । हतारमा आएर हतारमा जानुभयो भने केही पाए जस्तो अनुभव हुन्न । त्यसैले तीर्थमा फुर्सतले आउनुपर्छ, हतारले होइन ।"

उहाँले सही कुरा गर्नुभएको थियो तर वास्तवमै भन्नुपर्दा हामी नै पनि हतारमा थियौँ । साथीहरूको रिडी पुगेर रानीमहल पनि आजै जाने चाहनाले हामी हिँड्नैपऱ्यो । घडीमा दुई बजिसकेको थियो र हामी यहाँका गुरुहरूसँग बिदा भएर हिँड्यौँ ।

आउँदैखेरि हामीलाई ऍंसेलुका झ्याङहरूले जिस्क्याएका थिए, "ए नौला यात्री हो ! तिमीहरूले हामी यहाँ छौँ भन्ने कुरा तम्घासतिर सुनेनौ ? अहिले पनि तिमीहरू किन यति निठुरी भएर कहिल्यै गाडी चढ्नै नपाएको जसरी हुइँकिरहेका छौ ? हामी बसौँदेखि तिमीहरूजस्ता नयाँ पाहुनालाई पर्खेका पर्खेकै छौँ । आओ ! हामीलाई ग्रहण गर । हामी उदार मनले तिमीहरूलाई तृप्त पार्ने छौँ । गुल्मीका हामी कस्ता छौँ ? थाहा पाएर जाओ ।" हामीले यसै पनि कल्याणकारी भावना भएका उनीहरूलाई हेर्नुपर्ने । त्यसमाथि उनीहरूले नै झपक्क गहना लगाएका सुन्दर महिलाहरूले जसरी आमन्त्रण गरेका । त्यसैले फर्कँदा हामीले उनीहरूका आतिथ्य स्विकाऱ्यौँ । उनीहरूको निष्काम मायालाई तृप्त हुन्जेल भोग गऱ्यौँ । यतिबिघ्न कल्याणीहरूलाई छोड्ने मन अवश्य थिएन हाम्रो । मिलन भएपछि बिछोड हुने अनिवार्यतालाई उनीहरूले पनि बुझे र हामीले पनि बुझ्यौँ । उनीहरूले पनि चित्त बुझाए र हामीले पनि बुझाउनै पऱ्यो । समयको खेलले उनीहरूबाट हामीलाई छुट्याएरै

छाड्यो ।

यसपछि रिडी र रानीमहल हेरेर पाल्पा बजार आइपुग्दा बेलुकाको आठ बजिसकेको थियो । यात्रा संयोजकहरू यता आउँदा नियमित जसो बस्ने होटलमा बस्यौं । झन्डै दस बजेतिर खाना खाइयो । भात र दाल तातै रहेछ । तरकारी र अचारहरू चिसा । फ्रिजबाट झिकेर दिएछन् । चिनेको ठाउँमा पनि व्यवसायीले यस्तो बदमासी गर्दा रहेछन् ।

यही होटलमा ब्युँझेका छौं यस यात्राको अन्तिम दिन अर्थात् जेठ २९ गते । आज पनि यात्रा सुरू गर्न ढिला भइसक्यो । साढे छ बजे मात्र प्रस्थान गर्न सक्यौं हामी । आज सबैभन्दा पहिले भैरव मन्दिर जानुपर्ने थियो । बिरामी साथीलाई मूल बाटापट्टिबाट सिँढीहरू उक्लन गाह्रो पर्थ्यो । त्यसैले सहायक बाटाबाट प्रवेश गर्ने भयौं । तल रोट पकाउने ठाउँबाट विष्णु गौतम र मैले एक एकओटा ढक्की लियौं । दुबै ढक्कीमा एक एकओटा रोट र केही फूलहरू थिए । एउटा ढक्कीको सामानको छसय रूपियाँ पर्ने रहेछ । हामी दुई जनाको ढक्कीको बाह्रसय रूपियाँ बुझाउनुपर्ने रहेछ । एउटा ढक्की भैरवका लागि र एउटा कालीका लागि रहेछ । यसपालि हामी आएको समय बिहान हुनाले यहाँ पूजा गर्न अनुकूलता थियो । पूजाको काम छिटै सकियो । साथीहरूका बीच केही कुरा भएको थियो वा थिएन, मैले थाहा पाएको थिइनँ । मैले सीताराम सरलाई भनैं, "आधा रोट मलाई रहन दिएर बाँकी अस्त्रका लागि छुट्याउनुहोस् ।" मैले नातिलाई सम्झेर त्यसो भनेको थिएँ । नातिले नौलो चिज देखेर रमाइलो मान्ला भन्ने लागेको थियो । सीताराम सरले दुबै थरी प्रसाद मिसाई भाग लगाइसकेर सोध्नुभयो, "तपाईंलाई यत्ति भए पुग्छ ?" मैले भनैं, "पुग्छ ।" उहाँले भन्नुभयो, "ढक्कीलाई पर्ने रकम तपाईंहरूलाई मात्र बेहोराउँदैनौं, समूहबाटै तिरिन्छ ।" मलाई कस्तो ग्लानि भयो, सबैको भागमा एकसय पचासभन्दा बढी पर्ने रकमको प्रसाद मतिर बढी आयो । मैले आफूले तिर्ने होला भन्ठानेर मात्र होइन, नातिको अनुहार झलक्क सम्झेर त्यसो भनेको थिएँ । लाजले एकछिन कोहीसित बोलिनँ ।

यसपछि हामी पाल्पा दरबार सङ्ग्रहालयतिर लाग्यौं । यो दरबार राजा मुकुन्द सेनको पालामा बनाइएको हो । त्यतिखेर यस दरबारमा नेपालको एकीकरणका नायक पृथ्वीनारायण शाह र उनका सन्तानले चलाएको

एकीकरण अभियानलाई कसरी असफल बनाउने भन्ने बृहत् छलफल हुन्थ्यो होला । यस दरबारको पटाङ्गिनीमा सैनिकहरूलाई उभ्याएर राष्ट्रियताको कसम खुवाउँदै लड्न प्रेरणा दिइन्थ्यो होला । अहिले भने यो सङ्ग्रहालयका रूपमा परिणत भएछ । धनकुटाको जस्तै यहाँको सङ्ग्रहालयमा पनि जातीय रीतिथिति झल्कने कुराहरू सङ्ग्रह गरिएका रहेछन् । यस क्रममा सानाठुला ढक्कीहरू, विभिन्न प्रयोगमा आउने माटाका भाँडाहरू, विभिन्न जातीय पहिरनहरू, गहनाहरू, ज्यावलहरू, काँसका थालहरू, तामाका भाँडाहरू, डोको, ठेकी, मान्द्रो, यज्ञमण्डप आदि रहेछन् । यसै गरी सिलौटो, जाँतो, फुसे घर, माच, चुरा, जुत्ता, खराउ, सारङ्गी, आग्लो, धनु, सोली, डालो, नाङ्लो रहेछन् अनि भान्सा तथा भान्सामा काम गर्दै रहेकी महिलाका प्रतीक रहेछन् । यसै गरी टम्म मिलाएर बनाइएका घरहरूको बस्ती, धार्मिक पुस्तकहरू, जितगढी जस्ता ठाउँहरू प्रतीकात्मक रूपमा देखाइएका रहेछन् । यसै गरी डालो बुन्दै गरेकी महिला तथा विभिन्न अङ्कका नोटहरू देखाइएका रहेछन् । एउटा कोठामा शाह वंशीय राजाहरूको फोटो रहेछ । मैले तिनै राजाहरूका माझमा एउटा फोटो लिइदिन एक जनालाई आग्रह गर्दा लिइदिएनन् । फोटो खिच्ने हो भने छुट्टै शुल्क तिर्नुपर्छ रे । साथीहरू कता पुगिसके ? म एक्लै छु । मैले टिकट लिएर आउन्जेल ढिलो होला भन्ठानेर मनलाई बल्ल बल्ल थुमथुम्याउँछु । नभन्दै साथीहरू बाहिरिइसकेका रहेछन् । हतार हतार निस्कन्छु सङ्ग्रहालय परिसरबाट । नजिकैको रणउज्जेश्वरी भगवती मन्दिर पुगेर, दर्शन गरेर फर्कने बेला भइसकेको रहेछ साथीहरूको । निशान भगवती मन्दिरमा मात्र हामी सँगै हुन्छौं ।

मन्दिरहरूको सन्दर्भमा मैले केही जिल्लाहरूमा एउटा विशेषता भेट्टाएको छु । शक्तिशालीहरूले जे गरे पनि पच्ने रहेछ । देवताको नामसँग उनीहरूको नाम वा उनीहरूको नामसँग देवताहरूको नाम जोडिने रहेछ । गुल्मीको मणिमुकुन्देश्वर महादेव मन्दिर वा पाल्पाको रणउज्जेश्वरी भगवती यही कुराका प्रमाण हुन् । गुल्मीमा सेनवंशी राजा मुकुन्द सेनका नामबाट महादेव मन्दिरको नाम रहेछ । यसै गरी पाल्पामा नेपालका एक बेलाका प्रधानमन्त्री भीमसेन थापाका भाइ उजिर थापाको नामबाट भगवती मन्दिरको नाम रहेछ ।

ooo

नियात्रा

बुकाचोगढीमा राष्ट्रनिर्माता !



✍**विनोद नेपाल**

२०८२ पुस ११ गते शुक्रबारको बिहान । उन्मत्त बैंसमा छ जाडो ।

राष्ट्रिय बाणिज्य बैक भूपू कर्मचारी संघको आयोजनामा छैटौं पदयात्रा कार्यक्रम छ आजै र लिइएको छ प्रथम पटक यात्रामा जोडिने निर्णय ।

सबेरै उठेर तयार हुन्छु । बिहान ६ बजे निस्कन्छु घरबाट, सल्लाहअनुसार ताराप्रसाद पौडेलजी आइसक्नुभएको छ नजिकै कार्यविनायक गणेश मन्दिर छेउ । हामी भेटिन्छौं र लाग्छौं बालाजु पार्क हुँदै माछापोखरी तर्फ ।

पुसको बिहान चिसो छ निकै, बैंसालु छ पुसे जाडो । बाक्ला कपडाको न्यानो ओढिरहेका छौं हामी ।

माछापोखरीबाट मयुरमा बस्छौं ६.१५मा गुड्छ गाडी ।
जगाती पुग्दा ८ बज्छ ।

सडक छेउ प्रतीक्षामा छन् यस पदयात्राका संयोजक शान्तिलाल श्रेष्ठ, उनी देखाउँछन् बाटो र भन्छन् 'अगाडि टेम्पो छ त्यसमा जानुस्', र भन्छन् 'केहीबेर अरू साथीहरूलाई कुर्छु र आउँछु म ।'

संयोजकको भूमिका यहिँदेखि निर्बाह गर्दैछन् उनी ।

\- - -

हामी टेम्पोमा बस्छौं । दुई जना मित्रहरू विनोद पोखरेल र भैरव हमाल त्यसमा छन् अघिदेखि, हामी दुई थपिएपछि टेम्पो अघि बढ्छ । 'अझै एकजना अटाउँथ्यो', आनाकानी गर्छन् चालक ।

हामी भन्छौं 'कति पैसा दिनुपर्छ हामी दिउँला नि, जाऊँ, हिड्नुस् ।'
उनी अघि बढ्छन् । म सोध्छु 'ब्लुबुक हुन्छ यसको ?',
चालक भन्छन् 'हुन्छ '
'अनि त्यसमा सिट सङ्ख्या ?'
'चारवटा'
'चालक समेत चार हैन त ?' म भन्छु । जवाफमा उनी भन्छन् 'हो ।'
'अनि बिमा पनि छ नि ?' म सोध्छु ।
'हो, छ ' उनी भन्छन् ।

म भन्छु 'अनि यसमा ६ जना बोकेर हिड्दा केही भैहालेमा ? क्षतिपूर्ति त ब्लुबुक अनुसारको सङ्ख्यामा मात्रै पाइन्छ नी, पैसाको लागि यस्तो जोखिम लिनुहुन्छ त ? पैसामात्र ठुलो होइन नि, दिन सधै उस्तै हुँदैन, नराम्रो दिनमा के पर्छ के ?'

मेरा कुरा सुनेर चालक मौन हुन्छन् ।

- - -

उमेरले युवक नै छन् उनी । शायद मेरा कुरा उनको व्यवसायको हिसावले अरूचिकर थियो तर उनले मैले बिमाको कुरा गरिसकेपछि त्यसको प्रतिवाद गर्ने प्रयत्न नै गरेनन् ।

मैले उनको नाम सोधेर कुराकानीलाई निरन्तरता दिने प्रयास गरँ, सोधँ
'तपाईको घर यतै हो ?'
उनले भने 'हो, यहीं हो, डोलेश्वर नेरै पर्छ',
'नाम नि ?'
उनले भने 'दीपक लामा ।'

- - -

झण्डै पाँच किलोमिटरको दूरी यात्रापश्चात् डोलेश्वर मन्दिर सामु पुगेपछि टेम्पो अडियो, हामीले प्रतिव्यक्ति रू. ५० का दरले भाडा दियौं र ओर्लियौं ।
हामी पुग्नु अघि नै धेरै साथीहरू पुगेका छन् यहाँ र एउटा होटल जहाँ खाजा खाने व्यवस्था छ, त्यहाँ भिडभाड छ । कसैले खाइरहेका, कोही खाइसकेका छन् खाजा । हामी मिसिन्छौं त्यतै र खाजा चिया खान्छौं । यसपछि डोलेश्वर महादेवको दर्शनका साथै डोलेश्वर मन्दिर परिसरको अवलोकन गर्दछौं ।

लुकेको यो पवित्र धार्मिक स्थल भारतको बद्रि-केदारमा बाढी-पहिरोले त्यहाँ

जनधनको क्षति गरेको झण्डै डेढ दशक अघिको घटना पछि यो ठाउँको, यस स्थानको महत्त्व बढेको हो । केदारनाथको शिरका रूपमा यस स्थानमा धार्मिक गतिविधि हुन थालेपछि यहाँसम्म पुग्ने सडकलगायत पूर्वाधार र मन्दिर निर्माण समेतका काम भए । यहाँ अहिले सरस्वती मन्दिर लगायतका मन्दिर छन् । यो एक पवित्र धार्मिक क्षेत्रको रूपमा विकसित भएको छ र यससँगै यस क्षेत्र आसपास बस्ती बाक्लिंदो छ भने स्थानीयले आयआर्जनका साथै जीविकालाई सहज पार्ने अवसर समेत पाएका छन् ।

- - -

सबैजना जुटिसकेपछि ९ बजिसक्दा हाम्रो टोली अघि बढ्छ कच्ची सडक हुँदै । झण्डै आठ किलोमिटर हिड्नुपर्छ भन्ने अनुमान गरिएको छ आजको गन्तव्य पुग्न र फर्कन ।

पुगिन्छ पाटी भन्ज्याङ । यस भन्ज्याङबाट पूर्वतर्फ काभ्रेका केही भाग देखिन्छ भने यता काठमाडौ उपत्यकाको केही भाग । उता पश्चिम दक्षिणतर्फ घ्याम्पेडाँडा देखिन्छ । हामी पूर्वतर्फ लाग्छौं र अब यहाँबाट प्रारम्भ हुन्छ, वायाँतर्फ हाम्रो गन्तव्य छिचोल्ने उकालो ।

सडक छ कच्ची अर्थात् भर्खर स्वरूप लिदै गरेको । त्यसैलाई समाएर हामी उकालो लाग्छौं, झण्डै ११.३० मा पुग्छौं गन्तव्य बुकाचो गढी ।

अग्लाअग्ला रुखहरू छन् यहाँ सल्ला आदिका र छन् बुट्यान, झाडी आदि पनि । लामो हिमश्रृङ्खला देखिन्छ उत्तरतर्फ । शान्त छ यो र प्राकृतिक सुन्दरतामा रमाउन चाहनेहरूका लागि उपयुक्त नजिकको सहज गन्तव्य रहेछ ।

'लौ यहाँ त राष्ट्रनिर्माताको भव्य सालिक पो रहेछ ! 'उता अर्कोपट्टि पुगेका साथीहरू हौसिँदै छन् ! यता टावरमा उक्लिएका हामीलाई साथीहरूको चर्को आवाजले उतै तान्दछ र आँखाहरू कौतूहल बोकेर उतै दौडन्छन् ।

साँच्चिकै हो पो रहेछ ! अब हामी ओर्लेर त्यतै लाग्छौं ।

यात्रा योजना पूर्वसम्म नामै नसुनेको यो गढीमा नेपाली सेनाले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको पूर्ण कदको सालिक स्थापना गरेको छ । यहाँ टावर छ दृश्यावलोकनका लागि र एक छेउमा मन्दिर छ, जुन मूर्तिविहीन देखिन्छ । थाहा हुन्छ यो विन्ध्यवासिनीको मन्दिर हो र यहाँ छिटै मूर्ति स्थापना गरिनेछ । भ्युटवार, मन्दिर, राष्ट्रनिर्माताको पूर्ण कदको सालिक यहाँका भौतिक

संरचना हुन् । यी भौतिक संरचनाहरूको संरक्षणका लागि केही व्यवस्था हुनुपर्ने आवश्यकता महसुस हुन्छ यतिखेर यहाँ पुग्दा ।

डाँडामा फोहर सुरु भैसकेको छ । प्लास्टिक र पानी, पेय पदार्थ र मदिराका बोतलको साम्राज्य बिस्तारै फैलंदो छ । सम्भवतः वनभोज आदिका लागि यहाँ पुग्ने क्रम प्रारम्भ भैसकेको छ, तर आफूले गरेको फोहर जथाभावी मिल्काउने असभ्यता यहाँ छरपस्ट छ । अनि महसुस हुन्छ न यसको व्यवस्थित सञ्चालन न त संरक्षण हुन नै सकेको छ ।

यहाँ आइपूँग्दा नेपाली सेनाले राष्ट्रनिर्माताको सालिक उभ्याउँने काम यसै गरेको होइन र यस स्थानको पक्कै केही ऐतिहासिक महत्त्व छ भन्ने अनुमान गर्न सकिन्छ । तर यस्तो ऐतिहासिक महत्त्वका साथ उजागर गर्न खोजिएको स्थानको संरक्षण र व्यवस्थापन पक्षमा नेपाली सेना, स्थानीय पालिका तथा सम्बद्ध पक्षहरूको ध्यान पुग्नैपर्ने देखिन्छ अन्यथा केही समयमै यहाँका भौतिक संरचनामा गरिएको लगानी व्यर्थ सावित हुनेछ ।

- - -

यहाँबाट केहीबेर काठमाडौ उपत्यकाको अवलोकन तथा फोटो खिच्ने काम गरेपछि हामी केही तल होटलमा पुग्छौं जहाँ खानाको व्यवस्था छ ।

मम कुन भाषाको शब्द होला यो ? अर्थ के होला यसको ? जिज्ञासा उत्पन्न भएको हो यहाँको यात्रा तय भएदेखि नै । अनि 'बुकाचो' को अर्थ सोधेको हुँ मैले उकालो उक्लंदा नै भेटिएका स्थानीय एक नेवार समुदायका र अर्का तामाङ समुदायका व्यक्तिसँग । यस भेगका रैथाने जाति तिनै हुन् तर उनीहरू दुबैले त्यसको अर्थ बताउन सकेनन् न त ऐतिहासिक महत्त्वका बारे नै उनीहरूले केही भन्न सके । तर नेपाली सेनाको पहलमा भएको राष्ट्रनिर्माताको सालिकसहितका भौतिक संरचना निर्माण कार्यले यसको केही महत्त्व पक्कै छ भन्ने लाग्छ ।

इतिहास जेसुकै होस् प्रकृतिसँगको सान्निध्य तथा दृश्यावलोकनका लागि यो स्थान उपयुक्त छ र यहाँ आइपुग्ने जोकसैलाई यसले प्रभावित गर्दछ ।

ooo

कविता

चोटहरू

✍हरि भट्टराई

चोटहरूलाई बुझ्न खोज्दै छु म,
मनमा परेका आघातहरूलाई बुझ्न खोज्दै छु म,
कसरी भए यी दोषी मनहरू ?
कसरी भए यी खोटी मनहरू ?
खै कसरी बुझूँ म मनका चोटहरूलाई ?
हनुमान्ले छाती च्यातेर राम र सीतालाई देखाए झैं
भगवान्प्रतिको दायित्व भक्तले पूरा गरे झैं
म आफ्ना छातीका चोटहरू देखाउन खोज्दैछु,
म आफ्नो छातीलाई रित्तो बनाउन खोज्दैछु,
छातीका चोटहरूलाई बुझ्न खोज्दै छु म ।
तर खै,
चोटहरू परिवर्तन हुँदैनन्,
केवल दुखाइरहन्छन् छातीहरू, चोटहरूले
पोलिरहन्छन् छातीहरूलाई, पीडा बनेर चोटहरूले
चोटहरू यथास्थितिमै छन्,
चोटहरू गतिहीन छन्, चल्दैनन्,
चोटहरू जस्ताका तस्तै छन्,
चोटहरूमा परिवर्तन आउँदैन,
चोटहरूले केवल शरीरहरूलाई गलाइरहन्छन्
चोटहरूले शरीरहरूलाई थिचिरहन्छन्,
मिचिरहन्छन् छाला चाउरी परुन्जेलसम्म चोटहरूले
थिचिरहन्छन् शरीरको अन्त्य नहुँदासम्म चोटहरूले।
चोटहरू भोटका नुनहरू र अमिलोका चुकहरू रहेछन्
यी नुन र चुकहरूले मनहरू भतभती पोल्दा रहेछन्
यी चोटहरूले पोलेका छातीहरू चहर्याउँदा रहेछन्,
दुख्दा रहेछन्,

आघात र बोझहरूमा चोटहरू रमाउँदा रहेछन्,
चोटहरूले निरीह शरीरमा कब्जा जमाउँदा
शरीरहरू शिथिल हुँदा रहेछन्,
शरीरहरू कमजोर हुँदा रहेछन्,
खुट्टाहरू लरखराउँदा रहेछन् चोटहरूले थिच्दा
बाहुहरू धेरै काँप्दा रहेछन् चोटहरू सक्रिय हुँदा
चाउरिएका छालाहरू चोटहरूसँग जुध्न सक्दा रहेनछन्
पुष्ट छालाहरू पनि कमजोर हुँदा रहेछन्
चोटका थिचाइहरूमा
काला र कमजोर छालाहरूको
केही जोर चल्दो रहेनछ चोटहरूसँग
चोटहरू बलवान् हुँदा रहेछन्
बलिया हस्तीहरूलाई पनि चोटहरूले दबाउँदा रहेछन्
परिवेशको अनुपयुक्तता नै चोटहरूका स्रोतहरू रहेछन्
गतिहीन, शक्तिहीन र धनहीनहरूमा
चोटहरू हावी हुँदा रहेछन्
चोटहरूले तिनीहरूलाई नै थिच्दा रहेछन्
गतिवान्सँग चोटहरू हार्दा रहेछन्
बलवान्सँग चोटहरू भाग्दा रहेछन्
शक्तिवान्सँग चोटहरू झुक्दा रहेछन्
धनवान्सँग चोटहरू शरण पर्दा रहेछन्
त्यसैले
चोटहरू पक्षपाती हुँदा रहेछन्,
चोटहरूसँग लड्न सक्नुपर्दो रहेछ
चोटहरू त केवल छातीभित्रका खोटहरू रहेछन्
चोटहरू के हुन् ? बुझ्न खोज्दै छु म
चोटहरू त केवल मनभित्रका खोटहरू रहेछन् ।

बगनासकाली २ पोखराथोक पाल्पा

ooo

निबन्ध

रित्तिएको आँगन र नफर्किने पाइला

✍राम झवाली



अघि बढिरहेको समयले कहिलेकाहीँ यस्ता घाउ दिन्छ, जसलाई औषधिले होइन, केवल आँसुले मात्र धोइरहन सकिन्छ । मानिसको जीवनमा सबैभन्दा ठूलो पीडा मृत्यु मात्र होइन; कहिलेकाहीँ बाँचेर पनि सबै कुरा गुमाउनु, आफ्नै घरमा पराइझैँ हुनु, आफ्नै मान्छेहरू टाढिँदै जानु, र सम्झनाहरूको भारी बोकेर दिन काट्नु अझ गहिरो पीडा हुन्छ ।

घरको आँगन उही हुन्छ । तुलसीको मठ उही हुन्छ । बिहानको घाम उही गरी ढोकामा आएर बस्छ । तर एउटा स्वर हराएपछि ती सबै वस्तुहरू निर्जीव लाग्न थाल्छन् । एक समय थियो–आँगन हाँसोले भरिन्थ्यो, चियाको बाफसँगै सपनाहरू उड्थे, आमाको पुकारमा घर गुञ्जिन्थ्यो । आज त्यही घरमा मौनताको बाक्लो कुहिरो छ । भित्ताहरू बोल्दैनन्, झ्यालहरू हाँस्दैनन्, र ढोकाले कसैको प्रतीक्षा गर्न छोडिसकेको छ ।

कुनै बेला बाबुको काँधमा बसेर संसार हेर्ने बालक, आज बाबुको तस्बिर अँगालेर रून बाध्य हुन्छ । कुनै बेला आमाको काखमा निदाउने सन्तान, आज आमाको पुरानो सारी समातेर रातभर आँसु बगाउँछ । समयले शरीरलाई ठूलो बनाइदिन्छ, तर अभावले मनलाई फेरि सानो बच्चा बनाइदिन्छ । त्यतिबेला आँसु लुकाउन सकिँदैन; किनकि सम्झनाको कुनै उमेर हुँदैन ।

सबैभन्दा धेरै दुख त्यतिबेला लाग्छ, जब कसैले अन्तिम पटक "फर्केर आउँछु" भनेको हुन्छ, तर त्यो फर्किने बाटो सधैँका लागि बन्द भइसकेको हुन्छ ।

ढोका खुल्लै रहन्छ, आँखा बाटोमै अडिन्छन्, तर पाइला कहिल्यै सुनिँदैनन् । प्रतीक्षाको पनि एउटा आयु हुन्छ, तर मायाको प्रतीक्षा कहिल्यै मर्दैन ।

कतिपय मानिसहरू जीवनभर अरूका लागि बाँच्छन् । आफ्ना रहरहरू चुपचाप गाडिदिन्छन् । आफ्ना चाहनाहरूलाई चुल्होको धुवाँसँग उडाइदिन्छन् । तर अन्त्यमा उनीहरूलाई सम्झने फुर्सद कसैसँग हुँदैन । उनीहरूको नाम केवल पुरानो फोटोको पछाडि लेखिएको मिति बन्छ । त्यो मिति हेर्दा मात्र कसैको मन एकछिन थर्थराउँछ, अनि फेरि सबै आ-आफ्नो व्यस्ततामा फर्किन्छन् ।

मानिस मर्छ भने एउटा शरीर मात्र हराउँदैन; एउटा संसार उजाड हुन्छ । एउटी आमा गुम्दा एउटा आश्रय हराउँछ । एउटा बाबु गुम्दा एउटा भरोसा ढल्छ । एउटा सन्तान गुम्दा एउटा भविष्य नै चिहानमा पुग्छ । एउटा साथी गुम्दा जीवनको एउटा अध्याय चुँडिन्छ । त्यसैले मृत्यु एउटा व्यक्तिको अन्त्य मात्र होइन, असंख्य सम्झनाहरूको अनन्त विलाप पनि हो ।

तर जीवनको सबैभन्दा ठूलो विडम्बना के हो भने संसार कसैको पीडामा रोकिन्न । घडी चलिरहन्छ । सूर्य उदाइरहन्छ । बजार खुलिरहन्छ । मानिसहरू हाँसिरहन्छन् । केवल एउटा मनभित्र भने समय सधैँका लागि रोकिएको हुन्छ । त्यहाँ अझै पनि त्यो अन्तिम भेट, अन्तिम मुस्कान, अन्तिम स्पर्श, अन्तिम बिदाइ बारम्बार दोहोरिइरहेको हुन्छ ।

आँसु कमजोरी होइन । आँसु त प्रेमको सबैभन्दा शुद्ध भाषा हो । जसलाई धेरै माया गरिन्छ, उसको अभावले नै धेरै रूवाउँछ । आँसुले बताउँछ—सम्बन्ध अझै जीवित छ; केवल मानिस टाढिएको हो ।

सायद यही कारणले मानिसले सबै कुरा बिर्सन सक्छ, तर हृदयले आफ्ना प्रियजनको आवाज कहिल्यै बिर्सँदैन । रातको गहिरो मौनतामा कहिलेकाहीँ लाग्छ—कसैले फेरि नाम बोलायो कि ! ढोका खुल्यो कि! आँगनमा फेरि ती पाइला परे कि! तर त्यो त सम्झनाले खेलेको एउटा निष्ठुर खेल मात्र हुन्छ ।

अन्ततः जीवनले सिकाउने सबैभन्दा कठिन सत्य यही हो—केही भेटहरू जीवनभरका लागि हुन्छन्, तर केही बिछोडहरू अनन्तकालका लागि । र ती बिछोडहरूले मनलाई यति धेरै चिर्छन् कि समयले घाउ सुकाए पनि त्यसको

दाग कहिल्यै मेटिँदैन ।

कहिलेकाहीँ रातको एकान्तमा, जब संसार निदाइसकेको हुन्छ, एउटा मन चुपचाप रुँदै भन्छ :

"यदि एकपटक मात्र फर्केर आउन मिल्ने भए, म संसारका सबै खुसीहरू साटेर पनि त्यो एउटा भेट किन्थेँ । तर समयले कहिल्यै आफ्ना निर्णय फिर्ता लिँदैन । त्यसैले बाँकी जीवन सम्झनाहरूलाई अँगालेर बाँच्नुबाहेक अर्को कुनै उपाय रहँदैन ।"

शिक्षक - राम मावि राम्दी, पाल्पा

ooo

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर जाने बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

भण्डारी बुक्स एण्ड स्टेशनरीज


फोन : ०१-४२४१४८५ / ९८४१२०२६९६ / ९८६१०५०८७०

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)

गुल्मीदेखि वृन्दावनसम्म धेरै कथा-प्रवचन गरेको छु ।

✍दामोदरशरण उपाध्याय



(९० वर्षीय श्री दामोदरशरण उपाध्याय गुल्मीको सत्यवती गाउँपालिका जुहाङमा जन्मेर गुल्मी, मटिहानी (महोत्तरी), ऋषिकेश आदि स्थानमा अध्ययन गरी हाल भारतको पवित्र पुण्यभूमि वृन्दावनको परिक्रमा मार्ग साक्षीधामका नजिक अध्यात्म कुटीरमा बस्नुहुन्छ । निरन्तर शास्त्रसाधना गरिरहने श्री दामोदरशरण गुल्मी जुहाङका प्रसिद्ध पण्डित कृष्णप्रसाद आचार्य र मेनका देवीका सुपुत्र हुनुहुन्छ । उहाँको निवास वृन्दावनमा पुगेर उहाँका परिवारका सदस्यहरूसहित लक्ष्मीदेवी पन्थी, सङ्गीता उपाध्याय पौडेल, विद्या पन्थी समेतकोको उपस्थितिमा वृन्दावनको बसाइबारे धेरै कुराहरू भए । त्यस अवसरमा हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थी द्वारा प्रस्तुत गरिएका जिज्ञासालाई लिएर दामोदरशरणले दिनुभएको आफ्नो जीवनको अनुभवसम्बन्धी कुराहरूलाई यहाँ संक्षेपमा प्रस्तुत गरिएको छ । - सम्पादक)

१. तपाईंको जन्म कहिले कहाँ भएको हो ?

- मेरो जन्म वि.सं. १९९४ सालको रामनवमीका दिन गुल्मीको जुहाङ भन्ने गाउँमा भएको हो । त्यो ठाउँ अहिले सत्यवती गाउँपालिकाअन्तर्गत पर्दछ ।

२. तपाईंका पिता-माताको नाम के हो नि ?

- मेरा पिताको नाम कृष्णप्रसाद आचार्य र माताको नाम मेनाका देवी हो । पिताजी पण्डित हुनुहुन्थ्यो । उहाँ कथावाचकको रूपमा प्रसिद्ध हुनुहुन्थ्यो ।

पिताजी पहिले बर्मामा बस्नुभएको रहेछ । म आठ वर्षको हुँदा माताजीको देहान्त भएको हो । मेरो मावल गुल्मीको ग्वादी भन्ने गाउँमा हो । अहिले अद्वैत संस्था रिडीका पीठाधीश ज्ञानेश्वर (देवेश्वर सरस्वती) ज्ञवाली मेरा जेठा मामाका छोरा हुनुहुन्छ ।

३. तपाईँले कहाँ कहाँ बसेर पढ्नुभयो त ?

- मैले २००७ सालदेखि २०१४ सालसम्म जनकपुर महोत्तरीको मटिहानीमा बसेर पढेको हुँ । त्यहाँ मैले मध्यमासम्म पढेको हुँ । त्यसपछि म भारतको उत्तराखण्ड ऋषिकेशमा बसेर पढेको हुँ ।

४. तपाईँले पुराणहरूको वाचन र कथा प्रवचन त निकै गर्नुभयो होइन ?



- गरेँ, धेरै नै पुराणहरू वाचन गर्ने र कथा भन्ने गरेँ । प्रवचन त कति गरियो कति, बताई साध्य छैन । गुल्मीका ग्वादी, रिडी, जुहाङ आदि ठाउँमा र पाल्पा जिल्लामा पाठ पारायण र कथा प्रवचन गरेँ । २०१८ सालमा रिडीमा १८ पुराण लगाएका थिए । त्यहाँ मैले पनि कथा भनेको थिएँ । बिहानै नित्यकर्म पूरा गरी व्यासासन चौकामा बसेर बिहानभरि पाठ गर्थेँ । १२ बजे मध्यान्हमा भोजन गरी दिनभरि कथा भन्थेँ । म पहिलेदेखि नै कान कम सुन्थेँ । चर्को स्वरमा पाठ पढ्ने र कथा भन्ने गर्थेँ । त्यतिबेला माइकको व्यवस्था थिएन । मान्छेहरू बहिराको पाठ र कथा टाढासम्म सुनिन्छ भन्थे । बहिराले अरूलाई पनि आफूजस्तै ठानेर जोडसित कथा प्रवचन गर्छन् भनी चर्चा गर्थे । भारतको वृन्दावनमा आएर त झन् धेरै कथा प्रवचन गरेँ ।

५. तपाईँ कहिलेदेखि वृन्दावनमा बस्न थाल्नुभएको हो ?

- म ४० वर्षदेखि वृन्दावनमा बसिरहेको छु । पिताजीको अन्त्येस्टि-काज-क्रिया पनि यहीँ गरेको हुँ । यहाँ धेरै कथा प्रवचनहरू गर्दै आएँ । मलाई धेरै मान्छेले चिन्छन् । अहिले त म बुढो भएँ - कथा प्रवचन मेरा छोरा

गर्छन् । उनीलाई टाढा-टाढासम्म कथा प्रवचनका लागि बोलाउँछन् । म यहीँ नजिक केही क्षणका लागि सत्सङ्ग स्थल र मन्दिरहरूको दर्शनका लागि घरबाहिर निस्कन्छु । मैले स्तोत्रमन्त्र भनेको, पाठ गरेको सुनेर कोही कोहीले टीका लगाइदिई दान दक्षिणा पनि दिन्छन् । आज साँझ पनि यसो मन्दिरतिर गएर फर्केँदा एकजनाले ५०० रूपैयाँ मलाई चढाए । त्यो पैसा अहिले यी मेरै हातमा छ । मैले श्लोक भनिरहेको सुनेर केही कुरै नगरी मेरो हातमा दक्षिणाको रूपमा थमाइदिए । मैले पढेको सुनेर भक्त प्रभावित भएको मैले अनुभव गरेँ । वृन्दावनमा मान्छेलाई भोकै बस्नु पर्दैन । यहाँ निःशुल्क भण्डाराहरू चल्छन् । को कहाँबाट आएको हो सोधखोज गर्नु पर्दैन । बिहान ११ बजे र साँझ ७ बजे सधैंभरि भण्डारा चल्छ । जीवनभरि पनि खान पाइन्छ, एक पैसा लाग्दैन । यहाँ भगवान् श्रीकृष्णको कृपाले कोही भोको रहँदैन । भगवान् भक्त वैष्णवलाई खानको दुःख हुँदैन । त्यसैले त भगवान् श्रीकृष्णले भन्नुभएको छ -

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः । ।

६. तपाईँले मेरा छोराले पनि प्रवचन गर्छन् भन्नुभयो । तपाईँको परिवारमा को को हुनुहुन्छ ? छोराछोरीहरू के कति छन् र कहाँकहाँ के के गर्दैछन् ?

- मेरा एक छोरा र दुई छोरी हुन् । छोराको नाम हरिशरण बालव्यास र छोरीहरूको नाम वन्दना र विष्णुप्रिया हो । मेरो छोरा श्री हरिशरण उपाध्यायले छ वर्षको उमेरदेखि नै कथा वाचनको क्षेत्रमा प्रथम बालव्यासको रूपमा स्थापित भएर ख्याति प्राप्त गरेका छन् । सम्पूर्ण भारत वर्षमा उनको विचरण र प्रवास छ । आचार्य गरेका उनले अनेकौं शास्त्र, दर्शन र महाकाव्यहरूको अध्ययन गरेका छन् । छ वर्षदेखि अहिलेसम्म ५०० भन्दा



बढी पटक श्रीमद्भागवत कथा, श्रीराम कथा र श्रीभक्तमाल कथाको रसास्वादन कथाप्रेमीहरूलाई गराइरहेका छन् । लेखनको क्षेत्रमा पनि उनी सिद्धहस्त छन् । उनले लेखेका "श्री राधाचरितामृतम्", "श्रीकृष्णचरितामृतम्" जस्ता महाकाव्यहरू प्रकाशित भइसकेका छन् । यसका साथै "वैदेही की आत्मकथा", "रसोपासना", "वृन्दावनको भक्त", "पवन पुत्र की आत्मकथा", "राधा बाग में - श्री हित चौरासी", "परम वियोगिनी विष्णु प्रियाजी", "भरत चरित, "चैतन्य चरित", "नारद भक्ति सूत्र", "अथ प्रेम माहात्म्य", "व्रज चौरासी कोस की यात्रा" आदि ग्रन्थहरू क्रमशः प्रकाशनमा आउने क्रममा छन् । भारतमा उनी सुप्रसिद्ध कथावाचक हुन् । उनी अहिले बिहारको दरभङ्गामा कथावाचनका लागि यजमानकहाँ गएका छन् । त्यहाँको कार्य पूरा गरेपछि उनी जनकपुरका महन्तले आयोजना गरेको उत्सवमा भाग लिएर वृन्दावन फर्कन्छन् । छोरीहरू पनि सत्सङ्गप्रेमी छन् । वन्दनाले भजन कीर्तन गर्छिन् । विष्णु प्रिया कथावाचनमा निपुर्ण छन् । मेरी धर्मपत्नी गोपीदासी मेरै सेवामा संलग्न छन् । बुहारी कमलाशरण हुन् । यिनी बुहारी तनुजाशरण उपाध्यायको नामले परिचित छन् । छोरा हरिशरण र बुहारी तनुजाशरणबाट जन्मेका दुई नातीहरू निम्बार्कशरण उपाध्याय र चैतन्यशरण उपाध्यायले अहिले पढ्दैछन् ।

७. तपाईँ वृन्दावनमै बस्न किन रुचाउनुभयो ?

- पहिले पहिलेका मानिसहरूले काशी, गया, कुरुक्षेत्र जस्ता ठाउँहरूलाई मुख्य मान्थे । हरिद्वार, ऋषिकेश, वृन्दावनतिर पनि साथी पाइए जाने भन्थे । म ऋषिकेशमा बसेपछि वृन्दावनमा आउने साथी भेटाएँ र यतै आएँ । वृन्दया वनम् वृन्दावनम् भएको छ । अर्थात् वृन्दाको वनलाई वृन्दावन भनिन्छ । समुद्रलाई वृन्दा भन्छन् । सबैको रक्षा गर्नेलाई पनि वृन्दा भन्छन् । यहाँ यमुना गङ्गाले वृन्दावनको फेरो लगाएकी छन् । सात समुद्रले यमुनाको स्तुति गर्छन् । पहिले अरू ठाउँ मुख्य थिए । अब वृन्दावन मुख्य भएको छ । विना पुण्य वृन्दावनमा मान्छे आउन्नन् । तपाईँहरू पनि पुण्यका प्रभावले यहाँ आउनुभएको छ । भगवान्को दर्शन गर्न सज्जनहरूको संगत गर्नुपर्दछ । पोखरीमा पानी नभएपछि चराहरू

आउँदैनन् । वृन्दावन राधाकृष्णको पवित्र धाम भएको हुनाले यहाँ भक्तहरूको भिड लाग्दछ । वृन्दावनमा राधाको जन्मभूमिलाई बर्साना भनिन्छ । कृष्णले मुरलीमा राधे राधे गाउनुहुन्छ । रा भनेका कृष्ण हुन् । धा भनेकी प्यारी हुन् । रा उच्चारण गर्दैमा धा भन्न नपाउँदै कृष्ण दौड्छन् । धा भनेको प्यारी भनेर दौडेको हो । कबीरले काशीमा राम राम सीताराम भन्छन् । यहाँ वृन्दावनमा सबैले राधे राधे भन्छन् । यमुनाको आश्रयमा बस्न उत्तम लागेर मैले यहाँ बस्न रोजेको हुँ । यमराज या धर्मराज र यमुना सूर्यका छोराछोरी हुन् । विश्राम घाटमा कृष्णले कंशलाई मारेर आराम गरेको हुनाले त्यस घाटको नाम विश्रामघाट भएको हो । बाँके विहारीको मन्दिर नजिकै मोती झिल छ । वृन्दावनमा बस्दा चार कुराहरू मुख्य हुन्छन् :-

श्रीमद् वृन्दावने रम्ये सारमेतत् चतुष्टयम्
सतांसङ्गो (१) हरेर्भक्ति (२) रजस्पर्शश्च (३)यामुनम् (४)

यमुनाको आश्रयमा बस्न पाउँदा जीवन धन्य बन्छ । यमुना विनाको वृन्दावन हुन सक्दैन । बाँके विहारीको मन्दिरमा बिहानमा श्रृङ्गार आरती हुन्छ । आरती भनेको प्रेम हो । यहाँ ठाडो टीका लगाउँदा, तुलसी ग्रहण गर्दा भगवान्को भक्त भइन्छ । वृन्दावन भगवान्का भक्तहरूको वासस्थान पनि हो ।

ooo

अक्षरहरू अजरामर हुन्छन् ।
अक्षरबाट शब्द बन्छन् ।
शब्दहरू वाक्यमा उनिएर पुस्तकमा रहन्छन् ।
पुस्तकमा मान्छेका ज्ञान, अनुभव सभ्यता, संस्कृति, इतिहास, कला र साहित्य अजरामर बनेर रहन्छन् ।
पठन संस्कृति बढाऊँ,
ज्ञानी, सभ्य, दक्ष र सुसंस्कृत मान्छे बनौं ।

पुस्तकालय परिचय

वन विज्ञान अध्ययन संस्थानभित्रको जैविक विविधता सङ्ग्रहालय, पुस्तकालय एवं अभिलेखालय ।



✍कृष्णप्रसाद दाहाल

नेपालको मुख्य हरित नगरीको पहिचान बनाउन सफल वागमती प्रदेशको राजधानी हेटौडा-१० मा रहेको त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान हेटौडा क्याम्पस हाताभित्र रहेको अन्तर्राष्ट्रिय जैविक विविधता सङ्ग्रहालय, पुस्तकालय एवं अभिलेखालय भवनभित्र रहेका दुईवटा पुस्तकालयलाई समेटेर यो पुस्तकालय चिनारी अंश तयार गरिएको छ ।



साहित्य, संगीत, संस्कृति र कला विषयका पुस्तक, पत्रपत्रिकाका अतिरिक्त वन, वन्यजन्तु, जैविक विविधता, जलाधार संरक्षण र जडीबुटी व्यवस्थापन, जलवायु परिवर्तन एवं तत्सम्बन्धमा अनुसन्धान गरिएका अध्ययन सामग्रीहरूलाई सङ्कलन एवं व्यवस्थापन गरी आम पाठक, अनुसन्धानकर्मी, अध्ययन एवं खोजकर्ता वनविज्ञान, वन्यजन्तु संरक्षण र वातावरणीय विज्ञानका अध्येताहरूलाई व्यावहारिक ज्ञान प्रदान गर्ने पवित्र उद्देश्यसहित यस पुस्तकालयको स्थापना गरिएको हो ।

तत्कालीन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको साविक मध्यमाञ्चल विकास क्षेत्र भ्रमणको क्रममा हेटौडामा यस प्रकारको अन्तर्राष्ट्रिय जैविक विविधता संग्रहालय, पुस्तकालय एवं अभिलेखालय स्थापना गर्न हुकुम भएबमोजिम वि.सं. २०४२ मा यस पुस्तकालयको स्थापना भई सञ्चालनमा आएको हो ।



यस पुस्तकालयमा करिब १५००० पुस्तकहरू सूचीकृत गरिएको छ । पुस्तकको रूपमा सूचीकृत नगरिएका कैयौं सङ्ख्यामा शोध ग्रन्थहरू, अन्तर्राष्ट्रिय जर्नलहरू, ठूलो सङ्ख्यामा पत्रपत्रिकाहरू रहेका छन् । अन्तर्राष्ट्रिय जैविक विविधता सङ्ग्रहालय एवं अभिलेखालयका प्रमुख डा.दामोदर गैरेका अनुसार " यस complex भित्र रहेको Reference Library मा झन्डै ७ हजार जति अति महत्वपूर्ण पुस्तकहरू सुरक्षित छन् भने अर्को पुस्तकालयमा रहेका झन्डै

१५ हजार पुस्तकसमेत गर्दा २२ हजार पुस्तक सुरक्षित रहेका छन् । उनको भनाइअनुसार पुस्तकालयभित्र रहेका भाषा, साहित्य, संगीत, कलाका पुस्तकहरू आम पाठकको रूपमा अपेक्षित मात्रामा पुग्न सकेका छैनन् । साथै पुस्तकहरू सुरक्षित त छन् तर कतिपय पुस्तकहरू छुट्याउनुपर्ने अवस्थासमेत छ । अध्ययन सामग्री र पुस्तकको कमी छैन, अझ पाठकको रुचिअनुसारका पुस्तकहरू थप्न सकिन्छ ।

वन विज्ञान अध्ययन संस्थान हेटौडा क्याम्पसका क्याम्पसप्रमुख डा.यमबहादुर के.सी.को कथन छ- "यो पुस्तकालयलाई नेपालकै जैविक विविधता एवं जलवायु अनुकूलन पुस्तकालयमध्ये उत्कृष्ट पुस्तकालय बनाउने पहल थालनी भएको छ । निकट भविष्यमै जर्नल सुविधा थप गर्ने र Digital facility समेत विस्तार गर्ने कार्यक्रम रहेको छ । "



हेटौडाको मुख्य केन्द्रविन्दु बुद्धचोकबाट दक्षिणतर्फ त्रिभुवन राजपथमै एक किलोमिटर दूरीमा रहेको यो पुस्तकालय प्राकृतिक हरियाली, शान्त वातावरण र स्वच्छ पर्यावरणीय परिवेशमा बसेर साहित्यसम्बन्धी राष्ट्रिय पत्रपत्रिका अन्य Journal हरू र प्राकृतिक स्रोत व्यवस्थापन (Natural Resource Management) सम्बन्धी सामग्रीहरू अध्ययनका लागि एक विशिष्ट पुस्तकालयको रूपमा रहेको छ ।

यस पुस्तकालयलाई राष्ट्रिय पुस्तकालयको रूपमा विस्तार गर्न सकिने तर्कहरू पनि छन् । पुस्तकालय पुस्तकालय जस्तो भएन भन्ने पनि छन् । किताब अध्ययन गर्ने, पठन संस्कृति हरायो भन्ने पनि छन् । यस सम्बन्धमा वन क्याम्पसकै पूर्व क्याम्पसप्रमुख कृष्णप्रसाद दाहालको भनाइ यस्तो छ : "यस पुस्तकालयले अड्डासार गरेको मात्रै ४० वर्ष भएको हो । पुस्ताकालय सञ्चालनको ऐतिहासिकतालाई हेर्ने हो भने विगत ७५ वर्षभन्दा लामो समयदेखि यो पुस्तकालय कुनै न कुनै रूपमा अविचलित भई सञ्चालनमा रहेको छ । मित्र राष्ट्र भारतको आर्थिक सहयोगमा सन् १९८५ मा यो भवन बनेपछि यस भवनमा पुस्तकालय स्थानान्तरण गरिएको मात्रै हो । यसबाहेक पुस्तकालयको पहुँच आम पाठक माझ विस्तार गर्न यस पुस्तकालयलाई CITY लाइब्रेरीको रूपमा विकास गर्नुपर्छ । यसका लागि आम अध्ययनकर्ताको सहजताको लागि स्थानीय सरकारको रूपमा रहेको हेटौडा उपमहानगरपालिकासँग सहकार्य गरिनु जरूरी छ । प्रदेश सरकारको साझेदारीमा वागमती प्रदेश स्तरीय अभिलेखालय र पुस्तकालयको रूपमा विस्तार गरी प्रदेश स्तरीय पुस्तकालयको रूपमा स्तरोन्नति गर्न सकिने छ ।



बाह्य दातृ निकायको आस गर्नुभन्दा सबै तहका सरकारसँग सहकार्य गर्नु उचित हुनेछ ।"

वन विज्ञान परिसरको पुस्तकालय पूर्णरूपमा सञ्चालन हुन नसकेको प्रसङ्ग बेलाबखत राष्ट्रिय टेलिभिजन एवं स्थानीय सञ्चारमाध्यममा आउने क्रम पनि जारी नै छ ।

सबै सुविधा भए पनि सुविधाको निरन्तरता नभएको पुस्तकालयका पाठक एवं क्याम्पसका विद्यार्थीहरूको रचनात्मक टिप्पणी रहेको छ । पुस्तकालयको अध्ययन हातामा भएका केही प्रतिनिधिमूलक विद्यार्थी कमलराज र देवी कार्कीको पुस्ताकालय सम्बन्धी धारणा यस्तो छ : "यस पुस्तकालयमा गर्मी सिजनमा पङ्खा चलाउन विद्युत् आपूर्ति नियमित छैन, online चलाउन पाइँदैन, कुनै अध्ययन सामग्री दुई चार पाना फोटोकपी गरौं भने फोटोकपी मेसिन राखिएको छैन । पढ्दै गर्दा दिउँसो १ बजे पुस्तकालय बन्द गर्ने सूचना आउँछ । खानेपानीको लागि विद्युतीय फिल्टर राखिएको छैन । पुस्तकालय कक्ष नजिकको शौचालयसमेत पूर्ण क्षमतामा प्रयोग भएको वा गरिएको छैन, जसले गर्दा शौचालय सरसफाइ अपेक्षित छैन । पुस्तकालय सञ्चालनको समयावधि वृद्धि गरिनु पनि पाठकको पक्षमा हुनेछ । यति मात्रै नभई पुराना पुस्तक छाट्ने र नयाँ संस्करणका पुस्तकहरू प्रत्येक वर्ष थप गर्दै जाने नीति लिइयो भने यो पुस्तकालयले थप सुन्दरता पाउने विश्वास व्यक्त गर्दछन् । पुस्तकालयलाई Reading Hub को रूपमा रूपान्तरण गर्न अन्य रचनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने धारणासमेत उनीहरूको रहेको छ ।"

पुस्तकालय सञ्चालनमा जनशक्ति अभाव रहेको छ । कार्यालय सहयोगी तहको १ (एक) जना कर्मचारीले पुस्तकालय कक्ष रुङ्नेभन्दा अन्य रचनात्मक कार्य गर्न सकिने अवस्था देखिदैन । पुस्तकालयलाई पुस्तकालयको रूपमा सञ्चालन गर्न तत्काल पुस्तकालय विषय नै अध्ययन गरेका जनशक्तिसहितको एक टीम (Team) पुस्तकालयमा खट्नु पर्ने अवस्था देखिन्छ ।

- **अध्यक्ष, मातृभूमि साहित्य समाज, मकवानपुर ।**

२०८३ आश्विन ०१

०००

पुस्तकालय व्यवस्थापनका लागि ऐन, नीति, नियमको आवश्यकता


- पुस्तकालयसम्बन्धी ऐन नीति नियमहरू नबनेर देशभरिका सार्वजनिक पुस्तकालयहरू अलपत्र अवस्थामा छन् ।
- पुराना पुस्तकालयहरू ढल्दै छन् । तिनीहरूको सञ्चालन र व्यवस्थापनमा कसैको ध्यान गएको छैन ।
- नयाँ पुस्तकालयहरू बन्दै छन् । तिनीहरू भविष्यमा कसरी चलाउने हो, स्पष्ट छैन ।
- समुदाय स्तरबाट सञ्चालित पुस्तकालयहरूको पनि भविष्य कस्तो हुने हो भन्ने निश्चित छैन ।
- राष्ट्रिय स्तरमा, प्रदेश स्तरमा र स्थानीय स्तरमा कहिले काहीँ पुस्तकालय सम्बन्धी गोष्ठी र सम्मेलनहरू यदाकदा भइरहेका छन् । ती गोष्ठी र सम्मेलनहरूले घोषणापत्र पारित गर्नुका साथै सुझावहरू पनि दिएका छन्, सरकारका विभिन्न निकायहरूमा प्रस्तुत पनि गरेका छन् । तिनीहरूको कार्यान्वयनमा कसैले उत्तरदायित्व वहन गरेको छैन ।
- यस वर्ष पनि सातै प्रदेशमा सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरूले शिक्षा मन्त्रालयसँगको सहकार्यमा सम्मेलनहरू गरे । घोषणापत्रहरू जारी भए । सुझावहरू प्रस्तुत गरिए । देशभरका पुस्तकालयलाई ज्ञान, शिक्षा, सूचना र सिकाइको दिगो केन्द्रका रूपमा विकास गर्न स्पष्ट नीति, प्रभावकारी कानुनी व्यवस्था गरी पर्याप्त स्रोत-साधन जुटाइदिनका लागि नेपाल सरकार पुस्तकालयहरूको सञ्चालन कार्यमा जिम्मेवार बन्नका निम्ति हामी हार्दिक अनुरोध गर्दछौं ।

-सचिव

नौलो सृष्टि : सानो दृष्टि

१. "अनुभूतिमा अमेरिका" पढेपछि

धेरै मान्छेहरूले यात्राको अवसर पाउँदैनन् । अवसर पाउनेहरू पनि धेरैले यात्रालाई मनोरञ्जन मात्र ठान्छन् र अनुभूतिहरूलाई मनमै थन्काइराख्छन् । केहीले मात्रै आफ्ना यात्राकालका अनुभूतिहरूलाई भाषामा टिप्ने जमर्को गर्छन् । टिप्नेहरूले पनि सबैले आफ्ना अनुभूतिलाई कलात्मक रूपमा प्रस्तुत गर्न सक्दैनन् । त्यसैले एउटा कलात्मक नियात्रा दुर्लभ हुन्छ । अझै कवितात्मक शैलीमा लेखिएको नियात्रा त सुनमा सुगन्धझैं सुदुर्लभ हुन्छ । यस्तै एउटा सुदुर्लभ कृति पढ्ने दुर्लभ अवसर भर्खर मलाई मिलेको छ । त्यस्तो सुदुर्लभ कृति हो कवि हिरण्यलाल ज्ञवालीको "अनुभूतिमा अमेरिका" नामक यात्रा काव्य ।



गुल्मीको थोर्गामा जन्मेका हिरण्यलाल ज्ञवाली चर्चित कवि र ख्यातिप्राप्त विद्वत् व्यक्तित्व हुन् । मेरा अनन्य मित्र ज्ञवाली काव्यकलामा सिद्धहस्त छन् । काव्य, कविता र समालोचनाको क्षेत्रमा चर्चित ज्ञवाली कविताको क्षेत्रमा विलक्षण प्रतिभा हुन् । उनका कविताहरूमा सरलता, सरसता, सौन्दर्य एवं कलात्मकता भरिएका छन् । सरल शैलीमा सुन्दर भावहरू भर्नु, उत्कृष्ट विचारहरू प्रकट गर्नु र कलात्मक रूप दिनु ज्ञवालीका आफ्नै विशेषताहरू हुन् । उनको यो काव्य "बिसौनी" कविता-संग्रह (२०५४) को लामो अन्तरालपश्चात् झुल्किएको छ । "देर से आए दुरूस्त आए" भनेझैं उत्कृष्ट कृति भएर आएको छ ।

"अनुभूतिमा अमेरिका"लाई यात्राकाव्य नाम दिइएको छ । यात्राका अनुभूतिहरू छन्दोबद्ध कवितामा पढ्न पाउनु दुर्लभ संयोग हो । यस्तो संयोग जुराइदिने काव्यका स्रष्टाको प्रतिभालाई हृदयदेखि सराहना गर्दछु । यस यात्राकाव्यमा विविध शीर्षकका सोह्रवटा अध्यायहरू छन् जसलाई सर्ग भन्न सकिन्छ ।

सर्गका हिसाबले यसलाई महाकाव्यको श्रेणीमा राख्न सकिए पनि श्लोकसंख्याले खण्डकाव्यकै श्रेणीमा राख्नुपर्ने हुन्छ । यस काव्यमा अनुष्टुप् छन्दका ९३८ श्लोकहरू रहेका छन् । काव्यका सबै श्लोकहरू सरल छन्, रसमय छन्, विचारपूर्ण छन्, अनुभूतिको तीव्रताले परिपूर्ण छन् र सबै मनमुग्धकारी छन् । काव्यले भावनाको गहिराइ र विचारको उचाइ दुबैलाई छुन सकेको छ । काव्यमा देशभक्तिको भावना प्रबल छ । काव्यको पृष्ठभूमिमै यस्ता पंक्तिहरू छन् । -

सम्झना घरको गर्छ यात्री टाढा गयो भने
सम्झेर जननीलाई सन्तति छन् सधैं रुने
बोकेर काँधमा झोला विदेशतिर धाउँदा
थाहा पाउँछ त्यो आफ्नो माटो अन्त नपाउँदा ।

यस यात्रा काव्यमा कविले अमेरिका यात्रा र त्यहाँको बसाइ-घुमाइका अनुभूतिहरू कविता बनी बगेका छन् । हुन त नेपालीको संस्कृति नै लाहुरे संस्कृति हो । प्रवासमा कमाउन जाने प्रवृत्ति झन् बढेर उतै रमाउन जाने भएको छ । नयाँ पिढी विदेशिने प्रवृत्ति यस युगको प्रवृत्ति बनेको छ । यस प्रवृत्तिमाथि यस काव्यमा कविले आफ्ना भावना पोखेका छन् । काव्यमा कतै गहिरो दार्शनिकता देखिन्छ -

बाह्य संसारमा जे छन् हुन् सबै वस्तु नाशवान्
भित्री संसारका वस्तु अविनाशी र सत्य छन् ।
भुईंमा नपरोस् झर्न सधैं बाँचिरहूँ भनी
फेर्दा हुन् पातले रंग झर्नुपर्दछ तै पनि । ।

काव्यको प्रारम्भतिर प्रतिकूल मौसमका समस्या, न्युयोर्क महानगरका व्यस्तता, त्यहाँका भौतिक उन्नति आदिका वर्णन छन् । त्यहाँ काम र दाम भएपनि राम र आराम नभएको कविलाई लाग्छ -

छैन राम र आराम काम दाम भए पनि

प्रस्तुत काव्यमा वर्तमान युगका वास्तविकताहरू चित्रित छन् । मान्छेहरू अमेरिका पुगेर पनि खुसी छैनन् । प्रशस्त पैसा कमाएर पनि मान्छे दुःखी छन् । सम्पन्नताका बीच पनि त्यहाँ मान्छे रोहिरहेका छन् भित्रभित्रै -

पढालेखा र पैसाले छन् सम्पन्न अवश्य नै
उदास चेहराबाट प्रष्ट झल्कन्छ दुःख नै
पैसाले किन्न मिल्दैन सुख शान्ति कतै पनि
धनीमानीहरू रुन्छन् दुःखी पीडित झैं बनी ।

अमेरिकामा मान्छेका नाता सम्बन्धहरू क्षणिक भएको त्यसमा प्रेम सम्बन्धभन्दा स्वार्थ बढी भएको, ससाना कुरामा पतिपत्नी बिछोड हुने गरेको जस्ता यथार्थ पक्षहरू काव्यले उद्घाटन गरेको छ । "अनुभूतिमा अमेरिका" काव्यमा अमेरिका पुगेपछि कविको मनमा राष्ट्रप्रेम झन् बढेको कुरा बताइएको छ । विकसित राष्ट्रमा पुगे पनि कविमा आफ्नै राष्ट्रको चिन्ता प्रबल देखिन्छ । त्यसैले यस काव्यको चिन्तनको केन्द्र देशप्रेम नै रहेको देखिन्छ । प्रस्तुत काव्यको शिल्प पक्ष निकै प्रबल छ । वार्णिक छन्दमा बगेको यस काव्यमा दार्शनिक गहिराइ र काव्यचातुर्यको प्रयोग प्रशस्त देख्न सकिन्छ । सर्वत्र अन्त्यानुप्रासको पालना गरिएको छ र कतै वृत्यानुप्रासको मिठो प्रयोग पनि देखिन्छ । समग्रमा यो कृति उत्कृष्ट छ, पठनिय छ । काव्यमा प्रतिभा, व्युत्पत्ति र अभ्यास तिनैको संयोग हुन पाएकोले काव्य परिपूर्ण छ, सम्पूर्ण छ । कविले केही चिन्ता, केही व्यङ्ग्य र केही आक्रोश पोख्दै रचना गरेका यी पंक्तिहरू नै यस काव्यका सार हुन् भन्ने मलाई लाग्छ-

जनशक्ति यहाँबाट पलायन भयो सब
हराउँदै गएको छ हाम्रो सम्पूर्ण वैभव
वृद्धाश्रम भयो देश युवा वर्ग नपाउँदा
नेपाल जननी रुन्छिन् चिन्ताग्रस्त भई सदा

राष्ट्र राष्ट्रियता भन्दै छाँटी आदर्श हिँड्छ जो
देशभक्ति फलाकेर राष्ट्रका निम्ति भिड्छ जो
उसैका सब सन्तान गएका छन् विदेशमा
कसैको मन देखिन्न किन आज स्वदेशमा


आफ्नै सन्तति नै छैनन् भने आज स्वदेशमा
राष्ट्र राष्ट्रियता भन्दै किन हिँड्नु र व्यर्थमा
विदेश सजिएको छ मुटुभित्र निरन्तर
दौरा सुर्वाल लाएर के देशभक्ति हुन्छ र ?

अन्तमा यस सर्वाङ्गसुन्दर र मार्मिक काव्यका स्रष्टा हिरण्यलाल ज्ञवालीलाई धन्यवाद दिन्छु र उनको सुस्वास्थ्य, दीर्घायु र सुयशको कामना गर्दछु ।

-दीन पन्थी

२. अन्तर्ध्वनि

उत्तमकृष्ण मजगैयाँ नेपाली साहित्यको इतिहासमा कविता, निबन्ध, कथा, संस्मरण र समालोचनासमेत प्रकाशित गरेका व्यक्ति हुन् । उनको झुकाव हाँस्यव्यङ्ग्यतर्फ बढी देखिन्छ । जय अवसरवाद शीर्षकको हाँस्यव्यङ्ग्य कविता-संग्रह २०५४ बाट प्रकाशित गरेको मजगैयाँको यो १३औं कृति हो । मनले भित्रभित्रै सञ्चार गरेको आवाजलाई प्रस्तुत कृतिभित्र विविध शीर्षकमा छन्दोबद्ध रूपमा प्रस्तुत गरेका छन् ।



कलाकृति शीर्षकमा द्रुतविलम्बित छन्दका छ श्लोकबाट प्रस्तुत कविता संग्रहको आरम्भ गरिएको छ । कवि कलालाई यसरी चिनाउँछन् :-

खुद खुलेसरी कोकिलको गला
हृदयमै परिपोषित यो कला
खोलिदिए नवचिन्तनको लय
तव कला पनि लाग्दछ चिन्मय

(कलाकृति : पृ.२१)

कवि राष्ट्र राष्ट्रियताको भावना तथा प्राकृतिक सौन्दर्यको मुक्त कण्ठले प्रशंसा गर्दछन् । यी भावहरू माटोको पुकार प्रकृतिसित कवि कामनाजस्ता कवितामा व्यक्त गरिएको छ भने हाम्रो देश स्वर्गतुल्य त हो नै तर कवि व्यङ्ग्यात्मक रूपमा यसरी व्यक्त गर्दछन् :-

पाएमा भागबण्डा गलत पनि सही बन्छ धन्धा सबैको
मानौं आदर्शजस्तै सबतिर महिमा चुप्प तैं चुप मै को
जो छन् दोषी उनैको जय जय गरिने चाल उस्तै छँदै छ
लोभी पापीहरूको तिकडम चुलिने देश हो स्वर्ग भैं छ ।

(देश यो स्वर्ग भैँ छ : पृ.२९)

आफूभित्र रहेको सिर्जनात्मक कलाका कारण प्राकृतिक सौन्दर्यको चित्रण गर्दै जीवन्त बन्ने कला आफूभित्र रहेको धारणा व्यक्त गर्दै कविले "जीवन्त बन्ने छ कला म भित्र" शीर्षकमा आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । त्यस्तै विसङ्गत वर्तमानमा कविले वर्तमान समयका विसंगति यथार्थ भावहरू यसरी प्रस्तुत गर्दछन् :

घरको सुखका लागि ऋण काढी कता कता
विदेशी भूमिमा खट्दै श्रम गर्दछन् गर्दछन् देवता
तर उन्मुक्ति भई देवी यता धन उडाउँछिन्
अरूकै साथमा रम्दै आफ्नो घर डुबाउँछिन् ।

(विसङ्गत वर्तमान : पृ . ७२)

तृष्णा न जीर्णा वयमेव जीर्णा

कालो नयातो वयमेव याता : को भावना जिजीविषामा व्यक्त गरिएको छ । "नत्र म मासिने छु" शीर्षकमा कविले आफूलाई खराब बाटोमा लाग्नबाट रोक्न प्रियेलाई आग्रह गरेका छन् । गृहस्थी जीवनमा अर्धाङ्गिनीका कार्य व्यापार र गृहस्थी सञ्चालनका विविध प्रसङ्ग "मेरी उनी"मा प्रस्तुत गरिएको छ । समाजमा विद्यमान विकृति विसंगतिप्रति कविको कलम कसरी विद्रोही बनेर निस्कन्छ भन्ने सन्दर्भ "विद्रोही कवि"मा प्रस्तुत गरिएको छ । छद्म भेषी र बहुरूपी चरित्रहरूप्रति कविले बहुरूपी शीर्षकमा व्यक्त गरेका छन् ।

कविको अन्तध्वनिले विदेश पलायन पुस्ताप्रति यस्तो जिज्ञासा प्रस्तुत गर्न पुगेको छ :-

आफ्नै गाउँ र ठाउँमा श्रम गरी खाइ अगाइन्न र ?
थोरै आर्जनमा रमाउन सके सम्मान पाइन्न र ?
हाम्रो यही झुपडी छ स्वर्गसरी नै चाहिन्न ठूलो घर
तिम्रै साथ रहेर मात्र मनको हट्ने छ चिन्ता डर ।


(छोडी नजाऊ पर ४२)

यसरी विविध शीर्षकमा ५२ वटा कवितामा कविले आफूमा सहज रूपमा व्यक्त

भएका संवेगहरूलाई छन्दोबद्ध रूपमा प्रस्तुत प्रस्तुत गरेका छन् । कला, सिर्जना, प्रकृतिप्रेम, समसामयिक सन्दर्भ, नेपालभित्र जरो गाडेर रहेका नातावाद, कृपावाद, व्यथिति तथा विसंगतिहरूलाई कविले अत्यन्त सरल र सहज ढंगबाट प्रस्तुत गरेका छन् । कवि कतै भावनाको अतल गहिराइमा डुबेका छन् भने कतै सामान्य चिन्तन प्रस्तुत गरेका छन् । प्रस्तुत कृति जस्तै अन्य कृति पनि प्रकाशित हुँदै जाऊन् कविको सिर्जनामा थप निखार आओस् ! शुभकामना ।

३.) काली गण्डकी सभ्यता

गुल्मीको काली गण्डकी गाउँपालिकामा उपल्लो कोरेङमा जन्मेका टीकाराम ढकालले शालिग्राम कुद्ने विश्वविख्यात काली गण्डकी नदी र यसको प्राकृतिक तथा धार्मिक परिवेशमा आधारित भई प्रस्तुत निबन्ध-संग्रह प्रकाशित गरेका छन् । काली गण्डकीको शिरोभाग पुलह क्षेत्रभित्र लुकेका महत्त्वपूर्ण विषयहरूबाट सुरू गरिएको प्रस्तुत निबन्ध-संग्रहमा जैमिनी क्षेत्र, सत्यवती क्षेत्र, रुरु क्षेत्र, कालीगण्डकी करिडोर, रुरुक्षेत्र, पाणिनि तपोभूमि, रेसुङ्गाक्षेत्र, रानीघाटजस्ता महत्त्वपूर्ण स्थलहरूको भौगोलिक, प्राकृतिक, धार्मिक र पौराणिक महत्त्वलाई यस संग्रहभित्रका निबन्धहरूमा उजागर गरिएको छ ।



यस सङ्ग्रहभित्रका निबन्धहरूको उठानमा पुलह क्षेत्रभित्र अनेकौं ऋषिमुनिहरूले तपस्या गरी सिद्धि प्राप्त गरेको प्रसङ्ग उल्लेख गर्दै यसको आसपासका कालिका मन्दिर र गलेश्वरधामको ऐतिहासिक महत्त्व पनि प्रस्तुत गरिएको छ । यस क्षेत्रको पौराणिक महत्त्वलाई पनि लेखकले निकै परिश्रमपूर्वक तयार गर्नुभएको छ । पुलह र पुलस्यस्त्यको आश्रम, जन्म, कर्मथलोसमेत रहेको यो क्षेत्र नेपाल र भारत क्षेत्रका अधिकांश ऋषि, महर्षिहरूको साधना सिद्धस्थल रहेको कुरा जनाउँदै पुलह क्षेत्रको ऐतिहासिक धार्मिक र पौराणिक महत्त्व प्रस्तुत गरिएको छ । यसभित्र अगस्ती ऋषि र विश्वकर्माको दोहोरो श्राप, गलेश्वर धामको

अवस्थिति यस क्षेत्रसँग जोडिएको मुक्तिक्षेत्र आदिका बारेमा चर्चा छ ।

दोस्रो शीर्षक "जैमिनी क्षेत्र र यसको महत्त्व" हो । यस क्षेत्रको भौगोलिक अवस्थाका साथै धार्मिक र पौराणिक महत्त्व पनि उल्लेख गरिएको छ । यस क्षेत्रभित्र पर्ने विश्रवाक्षेत्र, देवदहक्षेत्र र तिनीहरूका महत्त्वपूर्ण सन्दर्भ पनि प्रस्तुत छन् । यसका साथै पार्वती नर्तकीचौर प्यारीवाङ्ग, हाँडीकोट, माइकास्थान, कुशेखर्क, मधुबेनी गाइथुने गुफा, पूर्णग्रामजस्ता क्षेत्रहरूको परिचय र विश्लेषण गरिएको छ ।

तेस्रो शीर्षक "सतीदेवीको आत्मदाह र सत्यवती क्षेत्रको महिमा" रहेको छ यसभित्र दक्ष प्रजापतिक्षेत्र र महायज्ञ, गुमाउने फूलबारीको महत्त्वजस्ता क्षेत्रहरूको महत्त्व र महिमा विभिन्न जनश्रुतिहरूलाई आधार बनाएर चर्चा गरिएको छ ।

चौथो शीर्षक "रुरुक्षेत्रको महत्त्व र ओझेलमा परेका विषय" रहेको छ । यसभित्र रुद्रवेणीको राम मन्दिरक्षेत्र र यस क्षेत्रभित्र पर्ने शृङ्गेश्वर पर्वत र यसको महत्त्व पनि प्रस्तुत गरिएको छ ।

पाँचौं शीर्षक पाण्डवहरूको तीर्थयात्रा र स्वर्गारोहणक्षेत्रको प्रसङ्ग छ । यसभित्र अर्घाखाँची जिल्लामा अवस्थित उलुक छत्र मन्दिर राजा बर्बरिक र कृष्णको भेटका प्रसङ्गहरूको चर्चा गरिएको छ ।

छैठौं शीर्षकमा "काली गण्डकी करिडोर र ऐतिहासिक महत्त्व" छ । यसमा तानसेनदेखि तम्घास, रुद्रवेणी, पूर्तिघाट, मजुवा, बाग्लुङ जस्ता क्षेत्रमा जोडिने ७५ किलोमिटर मोटर बाटो निर्माणमा गरिएका प्रयास र संघर्षका कथाहरूको चर्चा गरिएको छ । तानसेन-रिडी-तम्घास मोटर बाटो र रिडी हुँदै बाग्लुङसम्म जोड्ने बाटोका साथै गैंडाकोटदेखि कोरलासम्मको बाटोको निर्माण र स्तरोन्नतिसम्मका प्रसङ्गहरू छन् । यस सन्दर्भमा सक्रिय सहयोगी र शुभेच्छुकहरूको (गुल्मी, पर्वत, बाग्लुङका) व्यक्तित्वहरूलाई समेत स्मरण गरिएको छ ।

सातौं शीर्षकमा ऐतिहासिक पर्यटकीय एवं धार्मिक स्थल रेसुङ्गाको चर्चा छ । यस शीर्षकमा यस स्थलका सन्दर्भमा विद्यमान व्यापक विषय सन्दर्भ प्रस्तुत गरिएको छैन । यस क्षेत्रको पौराणिक र ऐतिहासिक महत्त्व अपूर्ण छ । स्वामी शशिधर र उनीसँग जोडिएका प्रसङ्ग मात्र छन् ।

आठौँ शीर्षकमा पाणिनि तपोभूमि र रुरुक्षेत्र शीर्षक राखिएको छ । प्रस्तुत शीर्षकमा पतञ्जलिको जन्म र उनको योगदानको संकेत गरिएको छ । मूल शीर्षकको गहिराइमा (पाणिनि तपोभूमि र रुरु क्षेत्रको) लेखक पुग्न सकेका छैनन् । अध्येताहरूलाई मार्ग प्रशस्त गरिएको छ ।

नवौँ शीर्षक "रानीमहल तथा रानीघाटको महत्त्व" हो । यस शीर्षकमा उज्जैनका राजा भोजका छोरा तथा विक्रमादित्यका भाइ गोपीचन्द्र र गुरु गोरखानाथको प्रसङ्ग चर्चा गरिएको छ । यसभित्र रामदी धाम देवघाटको समेत संक्षिप्त प्रसङ्ग छ ।

यस कृतिको अन्तिममा दामोदर कुण्डदेखि रानीमहलसम्मका केही धार्मिक स्थलका रङ्गीन दृश्यहरू राखिएका छन् । स्रष्टाले आफ्ना भिन्न शीर्षकहरूमा काली गण्डकी क्षेत्रबाट सुरू भएको सभ्यताका सन्दर्भ यथाशक्य यथातथ्य प्रस्तुत गर्ने प्रयास गरेका छन् । प्रस्तुत कृति हरेक पाठक र अनुसन्धानकर्ताका लागि संग्रहणीय छ । जिज्ञासुहरूका लागि अनुसन्धानको मार्ग खुला गरिएको छ ।


४.) सन्त प्रेमी

किरण पुस्ताकालयको २१ औँ पुष्पका रूपमा "सन्त प्रेमी" उपन्यास फत्रेको छ । नेपाली साहित्यको इतिहासमा कथाकार उपन्यासकार कवि तथा समीक्षकका रूपमा स्थापित डा. हरिराज भट्टराईको यो आठौँ औपन्यासिक कृति हो । भिन्न २१ वटा शीर्षक अनुसारका कथाप्रसङ्गलाई अगाडि बढाएर रचना गरिएको यस उपन्यासमा अध्यात्म, इतिहास, राजनीति र समाजसुधारलाई समन्वय गरिएको छ ।

यस उपन्यासमा सन्त र शास्त्रीय चरित्रको माध्यमबाट समाजमा ओरालो लाग्दै गरेको सत्य, निष्ठा र पूर्वीय दर्शनको महत्त्वलाई उजागर गरिएको छ । शास्त्र र मर्यादाको संरक्षण गर्दै राष्ट्रको कल्याणका लागि जागृत रहने सन्देश पनि यहाँ प्रस्तुत गरिएको छ ।

उपन्यासमा दुई भिन्न प्रकृतिका चरित्र उभ्याइएको छ : ऊर्ध्वरेता अर्थात् साधना ध्यान र दृढ सङ्कल्पद्वारा सत्यनिष्ठा र उच्चतम चेतनाको प्रतीकका रूपमा उपस्थित गराइएको छ भने नायिकाको रूपमा माया प्रकृतिलाई ऊर्ध्वरेताको विपरीत चरित्रका रूपमा उपस्थित गराइएको छ । दुई विपरीत

ध्रुवका चरित्रः कठोर आध्यात्मिक संयम र सांसारिक तथा प्राकृतिक आकर्षणको अन्तर्द्वन्द्व देखाएर मानव जीवनको वास्तविक लक्ष्य प्रस्तुत गर्न खोजेका छन् ।



यस उपन्यासको पृष्ठभूमि निकै व्यापक दार्शनिक र सामूहिक धरातलमा तयार गरिएको छ यस उपन्यासको परिवेश कुनै काल्पनिक नभई नेपाली समाजको यथार्थ संक्रमणकालीन राजनीति विकृति र पूर्वीय दर्शनप्रति अनास्थाको अवस्था प्रस्तुत गर्न खोजिएको छ नेपाली समाजमा देखिएका सत्ता दाउपेच, राजनीतिक् अस्थिरता र लोलुपता, शासक र शक्तिशाली वर्गले व्यक्तिगत स्वार्थका लागि मन्त्र-तन्त्र र दाउपेचको सहारा लिने गरेको, नैतिक मूल्य मान्यतामा ह्रास हुँदै गएको र भौतिकवादी चिन्तन र पश्चिमी संस्कृतिको अन्धानुकरणले आफ्नो मौलिक पहिचान गुमाउँदै गएको विडम्बनापूर्ण परिस्थितिलाई पनि यस उपन्यासको पृष्ठभूमिमा प्रस्तुत गरिएको छ ।

उपन्यास सामान्य पाठकको पहुँचभन्दा बाहिर छ । यसभित्र प्रबल दार्शनिक र बौद्धिक चिन्तन प्रस्तुत गरिएको छ नीतिहरूमा सर्वश्रेष्ठ राजनीति आज कसरी अपराधीहरूको अखडा बन्यो भन्ने बलियो प्रश्न यहाँ उठाइएको छ । भाषिक प्रयोग केही भिन्न र क्लिष्ट छ । स्रष्टा भट्टराईको प्रस्तुत उपन्यासमा साधना भनेको संसार छोडेर भाग्नु होइन बरू संसारमै आफ्नो चेतनालाई उर्ध्वगामी बनाउनुपर्छ भन्ने सन्देश दिन खोजिएको छ । दार्शनिक र बौद्धिक दृष्टिबाट किरण पुस्ताकालयको यो प्रकाशन निकै वजनदार छ ।

-अकिञ्चन

ooo

यताउताबाट

Khabar City

जानकी साहित्य पुरस्कार कवि एवं निबन्धकार मिश्रितलाई

किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीको अध्यक्षता, लुम्बिनी प्रदेशका पूर्व मन्त्री एवम् वर्तमान सभासद् डिल्लीराज भुसालको प्रमुख आतिथ्यमा सम्पन्न ।



वि.सं. २०८३ भदौ २७ शनिवार १३:१२

गुल्मीबाट रामप्रसाद पन्थी : १६१औं मोतीजयन्ती समारोहमा कवि एवम् निबन्धकार काशीनाथ ज्ञवाली मिश्रितलाई किरण पुस्तकालय, तम्घास गुल्मीले कुशे औंसीका दिन "जानकी साहित्य पुरस्कार" प्रदान गरेको छ ।

समारोहमा रेसुङ्गा बहुमुखी क्याम्पस, गुल्मीका पूर्व क्याम्पसप्रमुखद्वय चन्द्रकान्त पन्थी, ढुण्डीराज पोखरेल, नेपाल सरकारका पूर्व सहसचिव देवीराम भण्डारी, रेसुङ्गा संरक्षण समितिका अध्यक्ष सुरेशचन्द्र भुसाललगायतका साहित्यानुरागी विशिष्ट महानुभावहरूको समुपस्थिति रहेको थियो ।

किरण पुस्तकालयका अध्यक्ष शशि पन्थीको अध्यक्षता, लुम्बिनी प्रदेशका पूर्व मन्त्री एवम् वर्तमान सभासद् डिल्लीराज भुसालको प्रमुख आतिथ्य, पुस्तकालयका सचिव चनक बहादुर कुँवरको सञ्चालन, गोपाल पन्थीको स्वागत मन्तव्य रहेको उक्त कार्यक्रमको पहिलो चरणमा दाताहरू डा. मनोज ढुङ्गाना, साहित्यकार सूब सेनलगायतका व्यक्तित्वद्वारा प्रदान गरिएका पुस्तकहरूमा प्रमुख अतिथिबाट टाँचा लगाई आम्दानी बाँध्ने काम गरिएको थियो ।

यसै गरी निजामती सेवाबाट अवकाशप्राप्त रेसुङ्गा न. पा. १ निवासी यज्ञश्वर पन्थीले पुस्तकालयलाई धागिथुम भगवती मन्दिरको एक थान तस्बीर प्रदान गरेका थिए । प्रा. भुवन अर्यालले मोतीराम रचित पिकदूत खण्डकाव्यका केही अंश वाचन गरेर सुनाएपछि बाल तथा वयस्क कविहरूका स्वकीय रचनाहरू प्रस्तुत गरिएका थिए । यसरी रचना प्रस्तुत गर्नेहरूमा बाल प्रतिभा विजया पन्थीदेखि लिएर वयस्क कविहरूमा नमोनारायण पन्थी, रामप्रसाद पन्थी र लक्ष्मण रिजाल रहेका थिए ।

कार्यक्रमको दोस्रो चरणमा जानकी साहित्य पुरस्कारका संस्थापक शंकर गौतमले स्वर्गीय जानकी गौतमले महिला अधिकार , मानव अधिकार, राजनीति, साहित्य र समाजसेवामा पुऱ्याएको योगदानको चर्चा गर्दै २०८३ को जानकी साहित्य पुरस्कार कवि एवम् निबन्धकार काशीनाथ ज्ञवाली मिश्रितलाई प्रदान गर्न पाएकोमा गौरवान्वित भएको उल्लेख गरेका थिए ।

त्यसैगरी पुस्तकालयका उपाध्यक्ष वरिष्ठ साहित्यकार दीन पन्थीले मोतीराम भट्टको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्दै सम्मानित व्यक्तित्व काशीनाथ ज्ञवाली मिश्रितले कविता र काव्यका साथै हास्यव्यङ्ग्य निबन्धका माध्यमबाट नेपाली भाषा र साहित्यको जगत्मा गरिएको योगदानकै कारण उक्त पुरस्कारका लागि छनोट गर्नुपरेको बताएका थिए ।

आफूलाई किरण पुस्तकालय गुल्मीले नगद रु दस हजार, प्रमाण पत्र र दोसल्लाबाट सम्मानित गरेकोमा खुसी लागे पनि विद्यालय तहमा लगभग सँगै अध्ययन गरेकी बहिनी जानकी ज्ञवाली गौतमकै नाममा स्थापित पुरस्कार

ग्रहण गर्नुपर्दा नरमाइलो महसुस भएको भन्दै स्वरचित बाढीको कहर र ढाडे बिरालो शीर्षकका दुईवटा कविता वाचन गरेर सुनाएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि भुसालले देशले विभिन्न कालखण्डमा विषम परिस्थितिको सामना गर्न परिरहेको र हाल रसुवालगायतका क्षेत्रमा आएको विनाशकारी बाढीका कारण धनजनको अपूरणीय क्षति भएको र सारा नेपाली एकजुट भएर मानवीय सेवामा जुट्नु नै आजको आवश्यकता रहेको बताए ।

कार्यक्रमको अन्त्यमा अध्यक्ष शशि पन्थीले मोतीराम भट्ट जस्तै ३९ वर्षको अल्पायुमा दिवंगत जानकी ज्ञवाली गौतमलाई स्मरण गर्दै जानकी साहित्य पुरस्कारका संस्थापक शंकर गौतमले आफ्नी धर्म पत्नीको स्मृति र सम्मानमा जानकी स्मृति प्रतिष्ठानको माध्यमबाट गुल्मी जिल्लामा जन्मेर नेपाली भाषा साहित्यको विकासमा लागेका व्यक्तित्वलाई सम्मानित गर्ने अवसर किरण पुस्तकालयलाई प्रदान गरेकोमा विशेष धन्यवाद ज्ञापन गरेका थिए ।

साभार - खबर सिटी, २०८३ भदौ २७ शनिवार

साभार - फित्कौली .com भदौ २८, २०८३

गुल्मीबाट रामप्रसाद पन्थीको सौजन्यमा

०००

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका हाम्रो पुरुषार्थका आजीवन ग्राहक, लेखक र कविहरूले

हिमालय बुक्स हाउस

मणिपथ, मिलनचोक, बुटवल

फोन नं. : ०७१५४१००९ मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

हाम्रो पुरुषार्थ (त्रैमासिक)

५० वर्ष पहिलेको समचार

विभिन्न कार्यक्रमहरूका बीच भानु-जयन्ती

(ध्वनि प्रतिनिधिबाट)

गुल्मी ,

यही आषाढ २९ गते स्थानीय किरण पुस्तकालयको आयोजनामा नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुष तथा आदिकवि भानुभक्तको १५८औँ जन्म-जयन्ती बडो धुमधामका साथ मनाइयो ।

यस अवसरमा विभिन्न कार्यक्रमहरूको आयोजना गरिएको थियो । प्रवचनमा डा. टीकाराम पन्थीले भन्नुभयो - आदिकवि भानुभक्त नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुष हुन् । उनी नभएको भए हाम्रो साहित्य वर्षौंसम्म पछाडि पर्ने थियो । श्री भीष्मप्रसादले भन्नुभयो भानुभक्तको विषयमा अनुसन्धान गर्न अझै बाँकी रहे तापनि उनी आदि महाकवि हुन् । यसै सन्दर्भमा प्रेमचन्द्र शर्माले उनका विभिन्न रोचक फुट्कर उदाहरणहरू दिनुभयो । यसपछि अल्छी गोपाल पाण्डेले पनि उहाँका विषयमा दुईचार कुराहरू दर्शाउनुभयो र प्रमुख जिल्ला अधिकारी श्री रामजीप्रसाद गुप्ताले जेसुकै तर्कहरू र दोषहरू उठे पनि भानुभक्तको देन अविस्मरणीय छ भन्नुभयो । सभाको सभापतित्व गुल्मी जी. पं. सभापति श्री वैकुण्ठबहादुरले गर्नुभएको थियो ।

स्मरणीय छ कि किरण पुस्तकालयले बितेको कात्तिक महिनामा देवकोटा-जयन्ती मनाएको थियो र त्यस समयदेखि कविजयन्ती मनाउने परम्परा तम्घासमा चलेको छ ।

प्रशासकको मनपरी तन्त्रले युवक साहित्यकारमा क्षोभ

वर्तमान प्रशासकबाट साहित्यको प्रगतिमा सहयोग पाउने आशा

(ध्वनि प्रतिनिधिबाट)

(प्रस्तुत समाचार केही समय पहिलेको भए तापनि अशिक्षित र धेरै पछाडि परेका जिल्लामा के कस्ता घटनाहरू घट्दछन् भन्ने स्पष्ट पार्न जनसमक्ष

राखिएको छ।)

गुल्मी ,

गत ज्येष्ठ ३० गते श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको ५२औँ शुभ जन्मोत्सवको शुभ उपलक्ष्यमा स्थानीय एक पुस्तकालयमा साहित्य गोष्ठीको आयोजना गरिएको थियो।

उक्त पुस्तकालयको आयोजनामा आयोजित साहित्य गोष्ठीमा तत्कालीन प्र. जि. अ. ज्यू (हाल यहाँबाट सरुवा हुनुभएको छ) बाट रचनाहरू जचाएर मात्रै पाठ गर्ने भनी जचाउँदा तीन रचनाहरूलाई गोष्ठीमा पढ्न दिइएन । यसले गर्दा स्थानीय नवोदित युवक साहित्यकारहरू त्यसै खिन्न भएका छन् ।

यी रचनाहरू साधारण थिए । कुनै विदेशी नेताहरूको गुणगान थिएन, दोहोरो अर्थ लाग्ने थिएन, कसैप्रति आरोप लगाइएको थिएन, केवल वास्तविकता र यथार्थलाई अङ्गालिएको थियो । अर्को कुरा साहित्यमा स्वच्छन्द विचार पोख्न नपाएकोमा साहित्यमा बन्धन लगाइयो, स्वतन्त्रताको दुरुपयोग भयो भन्ने कुरा पनि ठीक हुन आउँछ । प्रशासकबाट भएका यस्ता घटनाहरूले निश्चय पनि गहिरो छाप पार्दछ र यसरी आफ्नो प्रभुत्व जमाउन खोज्ने र राष्ट्रियता र राष्ट्रको मागलाई मेटाउने प्रयास गर्नेहरूलाई कतै यी अराष्ट्रिय त होइनन् भन्ने कुरामा पनि शङ्का पर्न जान्छ ।

गुल्मी जिल्लाको निमित्त आउनुभएका वर्तमान प्रमुख जिल्ला अधिकारीज्यूबाट तत्कालै देखाइएको उदार भावना, पुस्ताकालयले पाएको सहयोग र साहित्य गोष्ठीमा दिनुभएका प्रवचनहरूले अब गुल्मीको साहित्यले पनि प्रगति गर्छ कि भन्ने आशा लिइएको छ । उहाँको समयमा गुल्मेली साहित्य र समाजले के कति सहयोग र सेवा पाउँछ यो अझै हेर्न बाँकी नै छ ।

- साभार : **निष्पक्षध्वनि राष्ट्रिय साप्ताहिक**

वर्ष १, अङ्क १७, भैरहवा, २०२८

साउन १२ गते बुधबार (२८, जुलाई १९७१) बाट ।

ooo

पाठक-प्रतिक्रिया

श्रीमान् सम्पादकज्यू ,
हाम्रो पुरुषार्थ
किरण पुस्तकालय, तम्घास, गुल्मी ।

हाम्रो पुरुषार्थ त्रैमासिक ११० पढ्ने अवसर पाए । रंगीन कलरसहित ३५२ पेजमा छापिएको यो रेसुङ्गाक्षेत्र विशेषाङ्क अति महत्त्वपूर्ण लेख रचना र सचित्र प्रकाशित भएको रहेछ । रेसुङ्गको बारेमा जानकारी लिन, अनुसन्धान गर्न, कार्ययोजना तयार गर्न, भौगोलिक अध्ययन (Physical stady) गर्नको लागि निकै उपयोगी देखिन्छ । त्यसैले यो अङ्क संग्रहणीय र पठनीय अवश्य छ । "यो अमृत खसेको ठाउँ" भनेर सम्पादकीयको सुरुमै लेखिएको छ । त्यसैले रेसुङ्गाक्षेत्र दैवीय शक्ति (Super natural power) भएको ठाउँ भन्न सकिन्छ । यो किनपनि भन्न सकिन्छ भने विगत द्वन्द्वको समयमा प्रायः जिल्ला सदरमुकामहरूमा ठुलो सानो जनधनको नोक्सान हुँदा यो गुल्मी जिल्ला सदरमुकाममा कुनै क्षति भएन । जब यदुकानन्दले रेसुङ्गा छोडेर गए । रेसुङ्गा संरक्षण समितिको गठन हुनुपूर्व सन्तहरू आउने जाने गदर्थे नियमित बस्दैनथे । सन्तहरू नभएको अवस्थामा मेरा पिता हरिलाल पन्थीले यज्ञशालाको अखण्ड ज्योति कहिल्लै निभ्न दिनुभएन र हरेक श्रावण महिनाभर उहाँ शिवभक्त भई रेसुङ्गा यज्ञशालामा बाचुन्जेल शिवजीको आराधना गरिरहनु भयो । त्यसैले रेसुङ्गाक्षेत्रमा अलौकिक शक्ति छ ।

पौराणिक कालमा कोशीतटमा तपस्या गरेका विमाण्डक ऋषिपुत्र रेसुङ्गा कसरी आइपुगे भन्ने विषयमा लक्ष्मीकान्त पन्थीले आफ्नो लेखमा स्पष्ट पार्नुभएको छ भने रेसुङ्गा नाम ढुट मगर भाषाबाट पनि रेसुङ्गा रहेको पनि हुन सक्छ भनेर चक्र के.सी. ले आफ्नो लेखमा भिन्न कोणबाट लेख्नु भएको छ । किनभने यो क्षेत्रमा मगर बस्ती बाक्लो रहेको छ र यो अर्वाचीन कालको कुरा हुन सक्छ ।

. . . अर्थात रेसुङ्गा भन्ने दीन पन्थीको लेख उत्कृष्ट छ भन्नुमा अत्युक्ति हुन्न । कृष्णबहादुर कुँवर, देवीराम भण्डारी, देवीप्रसाद रिजालका तीनवटै लेखहरू होटेल पौवाले जन्माएका लेखहरू हुन् ।

खिलध्वज पन्थी र शङ्करप्रसाद गौतमका लेखहरू तथ्याङ्कका आधारमा लेखिएका महत्त्वपूर्ण लेखहरू हुन् । लक्ष्मण रिजालको कविताबाट रेसुङ्गा छर्लङ्ग देखिन्छ भने रामप्रसादको भजन उत्कृष्ट छ । अन्यलेखकहरूका रचना सबै उत्कृष्ट र विषय सुहाउँदा छन् । स्थायी स्तम्भका सामग्रीहरूपनि निकै राम्रा भएको अनुभव गरेको छु ।

चूडामणि पन्थी

रेसुङ्गा नगरपालिका-१, गुल्मी ।

ooo

श्री सम्पादकज्यू ,
हाम्रो पुरुषार्थ (त्रैमासिक)किरण पुस्तकालय
गुल्मी

हाम्रो पुरुषार्थ वर्ष ५३ , अंक ३ , पूर्णांक ११० (वैशाख - असार २०८३) रेसुङ्गाक्षेत्र विशेषांक समयमै हात पऱ्यो । व्यस्त समयका बाबजुद पनि प्रतिक्रिया लेख्न मन लग्यो ।

गुल्मी जिल्लाको अमूल्य रत्नका रूपमा रहेको रेसुङ्गाक्षेत्रसम्बन्धी विविध लेख, आलेख ,निबन्ध ,कविता, यात्रा-संस्मरण, व्यक्तिवृत्तसमेत समेटिएको प्रस्तुत अंक पठनीय र संकलनयोग्य देखियो । यसभित्र सिद्धहस्त लेखक/अन्वेषकहरूका साथै सिकारूका प्रयास पनि रहेका छन् । कतिपय लेखहरूमा शीर्षक फरक भए पनि विषयवस्तुको पुनरावृत्ति भएको देखिन्छ । अधिकांश लेख-रचनाहरू गहकिला रहेका छन् । डा . लक्ष्मीकान्त पन्थीको लेखले रेसुङ्गाको न्वारनदेखिको वृतान्त दिएको छ ।

.....अर्थात् रेसुङ्गा' शीर्षकमा दीन पन्थीले भावनाको माध्यमबाट तथ्यहरू गम्भीर रूपमा खोतलेका छन् । चन्द्रप्रकाश उपाध्यायले रेसुङ्गा नगरपालिकाभित्रका सामान्यदेखि विशिष्टसम्मका प्रतिभाहरूलाई चिनाएका छन् । जयदेव गौतमको लेखले रेसुङ्गाको स्मरण मात्र गर्न भ्याएको छ । हाम्रो पुरुषार्थमा २०६२ कार्तिक अंकमा प्रकाशित लेखहरूलाई पुनः प्रकाशित गरेर

विशेषांकहरूको विशेषता थपिएको छ । ब्रम्हचारी तदार्थानन्द (तारा गुरु)संगको साक्षत्कार र ताराप्रसाद पाण्डेसंगको अनुभव/अनुभूति उल्लेखनीय छ । गोपाल पन्थी र पुस्कर पन्थीको लेखमा रेसुङ्गा र गौशालाका गतिविधिहरू छन् । डा. सीता पन्थीका लेखमा रेसुङ्गाको मानवीकरण गरिएको छ । लक्ष्मण रिजालका लामा कविताभित्र साधकहरूको स्मरण छ । रामप्रसाद पन्थीको भजनमा दम छ । रेसुङ्गाको अपार महिमा छ ।

यसभित्रका स्थायी स्तम्भले आफ्नै महत्त्व बोकेका छन् । हरेक अंकमा नेपालका सार्वजनिक पुस्तकालयको जानकारी लिन पाइएको छ । **नौलो सृष्टि : सानो दृष्टि**मा नयाँ प्रकाशित कृतिहरूको संक्षिप्त समीक्षा छ ।

किरण पुस्तकालय र हाम्रो पुरुषार्थको सन्दर्भमा प्रस्तुत समाचार "यताउताबाट" पढ्न पाइएको छ । अत्यन्त खुशी लाग्छ ।

एउटा मुखपत्र सम्पादनमा हासिल गरेका मेरा अनुभवले बताउँछ : पत्रिका प्रकाशन त फलामका चिउरा चपाउनु जत्तिकै हो तर सम्पादक शशि पन्थी र उहाँको समूहले यसलाई सहज बनाएको देख्दा हृदयदेखि नै प्रशंसा गर्न मन लाग्छ । विशेषांक निकाल्दा शीर्षक भिन्न भिन्न भए पनि पेटबोलीका कुरा समान हुने हुँदा त्यतातिर पनि ध्यान दिन सके 'सुनमा सुगन्ध 'हुने थियो तर त्यो पनि त भन्न मात्र सजिलो छ । राष्ट्रिय स्तरको यस पत्रिकामा समावेश गरिने लेख रचनाहरूको औसत स्तर मिलाउन सम्पादक मण्डलले केही प्रयास गर्न आवश्यक देख्छु । हाम्रो पुरुषार्थ जिल्लाको गौरव हो । त्यसैले यो पत्रिकाले जिल्लाका अन्य विशेष स्थानको पनि स्मरण गरी विशेषांक निकाल्न सकोस् । निरन्तर प्रकाशनको शुभकामना ।

लक्ष्मी पन्थी अर्याल

रेसुङ्गा नगरपालिका-९, गुल्मी ।

ooo

हाम्रो पुरुषार्थका विशिष्ट/आजीवन सदस्यको परिचय

विशिष्ट सदस्य : १८



नाम : भवीन्द्र पन्थी
जन्ममिति : वि. सं. २०३९/०३/२९
ठेगाना : रेसुङ्गा नगरपालिका -२, धागिथुम गुल्मी ।
पिता/माता : लेखनाथ पन्थी / भीमकला पन्थी
पत्नी : शान्ता ज्ञवाली पन्थी
शिक्षा : स्नातक अध्ययनरत
अभिरुचि : फोटोग्राफी
संलग्नता : सचिव - धागिथुम भगवती टोलविकास समिति रे.न.पा.-२, गुल्मी । विशिष्ट सदस्य - किरण पुस्तकालय तम्घास गुल्मी, गोर्खा राइफल्स फ्रन्टियर्स फोर्सबाट सेवानिवृत्त ।
भ्रमण : नेपाल, भारत, बङ्गलादेश, भुटान
मोबाइल : ९८४१६०१६१५
इमेल : panthijhabindra149@gmail.com

आजीवन सदस्य : १५३



नाम : प्रेमबहादुर कार्की क्षत्री
जन्ममिति : वि.सं. २००८/११/०३
ठेगाना : गुल्मी दरबार गा. पा. - ०६, म्यालडाँडा, गुल्मी ।
पिता/माता : वीरबहादुर कार्की / छविकला कार्की
पत्नी : टोपकुमारी कार्की
शिक्षा : बी. ए.
अभिरुचि : पुस्तक अध्ययन
संलग्नता : सहकारी संस्थाको सञ्चालक, शिक्षा क्षेत्रमा ३८ वर्ष सेवा गरी निवृत्त ।
मोबाइल : ९७६७०३९३२६

हाम्रो पुरुषार्थका आजीवन सदस्यहरूको नामावली

क्र.सं. ग्राहकको नाम	ठेगाना
९८७. श्री भवीन्द्र पन्थी	रेसुङ्गा नगरपालिका-२, धागिथुम, तम्घास, गुल्मी । मो. नं. : ९८४१६०१६१५
९८८. श्री प्रेमबहादुर कार्की क्षत्री	गुल्मी दरबार गा. पा. -६, म्यालङाँडा, गुल्मी । मो. नं. : ९७६७०३९३२६

ooo

किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गरौं । त्यसका लागि तपाईहरूका सबै प्रकाशनहरू दिई सहयोग गर्न नबिर्सनुहोस् ।

किरण पुस्तकालय व्यवस्थापन समिति

२०८० साल फागुन ३० गते सम्पन्न ५६ औं पुस्तकालय सभाको अधिवेशनबाट निर्वाचित पुस्तकालय व्यवस्थापन समिति ।



शशि पन्थी
अध्यक्ष



दीन पन्थी
उपाध्यक्ष



चनकबहादुर कुँवर
सचिव



हिमकला राना
कोषाध्यक्ष



दानबहादुर के.सी.
सदस्य



गोपाल पन्थी
सदस्य



शङ्करप्रसाद गौतम
सदस्य



ढुण्डीराज पन्थी
सदस्य



रेशम कुँवर
सदस्य

पुस्तकालयको दैनिक सञ्चालनमा सहयोग गर्ने स्वयंसेवकहरू :



भवीन्द्र पन्थी
उपग्रन्थपाल



ज्ञानराज मरासिनी
सहायक ग्रन्थपाल



कविता पोखरेल
पुस्तकालय सहयोगी

ऐतिहासिक पावन तपोभूमि

रेसुङ्गाको बारेमा

विस्तृत जानकारी प्राप्त गर्न किरण पुस्तकालयद्वारा प्रकाशित "हाम्रो पुरुषार्थ"को रेसुङ्गाक्षेत्र विशेषाङ्क पढ्न नबिर्सनुहोस्।

